# बुद्ध र बुद्धपछि

2234229



प्रकाश वज्राचार्य

Downloaded from http://dhamma.digital

प्रकाशक :

सानुरत्न स्थापित

ज्याठा, काठमाडौं

प्रथम संस्करण : ३०००

बिक्रम सम्बत् : २०४८

नेपाल सम्बत् : १११२

ईस्वी सम्बत् : १९९२

(सर्वाधिकार लेखकमा सुरक्षित)

मुद्रक:–

नेपाल प्रेस

शुक्रपथ, काठमाडौं ।

फोन: २२ १० ३२

Downloaded from http://dhamma.digital

# बुद्ध र बुद्धपछि

## (बुद्ध–धर्मको उत्पत्ति र विकास)

प्रकाश बज्राचार्य

Downloaded from http://dhamma.digital



**श्री भीमरत्न स्थापित**

जन्म : १०१० सिल्लागा १२

मृत्यु : १०७८ थिलाथ्व ७

**श्रीमती हेरामाया स्थापित**

जन्म : १०१२ दिल्लाथ्व ७

मृत्यु : १०८८ सिल्लागा १३

**दिवंगत पिता भीमरत्न र माता हेरामाया स्थापितको पुण्य–स्मृतिमा धर्मदान ।**

**सानुरत्न स्थापित**
ज्याठा, छुस्याबहा

Downloaded from http://dhamma.digital

# भूमिका

जुन बेला ने. क. पा. (एमाले) ले राष्ट्रिय सभाको सदस्य हुन मलाई अनुरोध गरेको थियो, त्यसबेला छलफल गर्न भेटघाट गर्दा ने. क. पा. (एमाले) का अध्यक्ष मनमोहन अधिकारीज्यूले भन्नु भएको थियो- भिक्षुज्यू हामी तपाईलाई बौद्ध धर्मावलम्बिहरूको प्रतिनिधिको रूपमा राष्ट्रिय सभामा पठाउँदैछौं । तपाईंले बुद्ध धर्म सम्बन्धमा मात्र कुरा उठाउनु होला, राजनीतिको कुरा नगर्नु होला ।

विगत कालमा मुलुकमा जे-जस्तो अवस्था थियो त्यस सम्बन्धमा नेपालीहरू अनभिज्ञ छैनन् । नेपाललाई हिन्दू राज्यको रूपमा अथवा हिन्दू धर्मलाई मात्र मान्यता दिएर त्यसबेलाको संविधानले मुलुकमा अन्य धर्मका अनुयायीहरू प्रति संवैधानिक पक्षपात गरेको थियो । गत २०४६ सालको जन इच्छाले एक व्यवस्थाको अन्त्य गरी समयानुकूल व्यवस्थाको सूत्रपात भयो । तापनि, धार्मिक रूपमा विगत कालले अपनाएको हिन्दू राज्यको अनुदार धारणालाई वर्तमान नेपालको संविधान २०४७ ले पनि अनुसरण गरिनै रहेको छ । नेपाल कुनै एक धर्मावलम्बिहरूको मात्र नभै बहु धर्मका अनुयायीहरूको कर्म भूमि भएको कारणले 'धर्म निरपेक्ष' हुनु पर्ने, संविधानले विविध धर्मका अनुयायीहरूलाई समान रूपमा व्यवहार गर्नु पर्ने कुराको माग गर्न मैले आफु राष्ट्रिय सभाको सदस्य हुन स्वीकृति दिएको थिएँ ।

Downloaded from http://dhamma.digital

प्रतिनिधि सभा एवं राष्ट्रिय सभाका माननीय सदस्यज्यूहरूले समय-समयमा भेटघाटका अवसरमा बुद्ध धर्म सम्बन्धमा आफ्ना जिज्ञाशाहरू प्रकट गर्नु हुन्थ्यो– बुद्धको शिक्षा सम्बन्धमा, महायान, हीनयान (थेरवाद), वज्रयान, तन्त्रयानहरूको उत्पत्ति सम्बन्धमा बुझ्न चाहने इच्छा प्रकट गर्नु हुन्थ्यो। उहाँहरूको जिज्ञासालाई मौखिक रूपमा कुराकानीद्वारा मात्र मेटाउनुको सट्टा कुनै ग्रन्थकै माध्यमबाट "बुद्ध धर्म" सम्बन्धमा जानकारी प्राप्त गर्न दिने मेरो चाहनालाई प्रस्तुत पुस्तकका लेखक प्रकाश वज्राचार्यज्यूले सहर्ष स्वीकार गर्नु भएर बुद्ध धर्म प्रति आफु कर्तव्यनिष्ठ भएको देखाइ दिनु भएको छ।

प्रस्तुत पुस्तक 'बुद्ध र बुद्ध पछि', सोहि कारणले प्रतिनिधि सभा र राष्ट्रिय सभाका माननीय सदस्य ज्यूहरूलाई निःशुल्क वितरण गर्न प्रकाशनको व्ययभार बहन गर्ने अभिभार स्वीकार गर्नु हुनेहरू अ. धम्मवती, साहु सानुरत्न स्थापित एवं नेपाल प्रेस प्रति पनि म ज्यादै कृतज्ञ छु।

पुस्तक प्रकाशन कै सिलसिलामा अ. धम्मवतीसित कुराकानी हुँदा उहाँले एक हजार प्रति प्रकाशन गर्ने जिम्मा स्वीकार्नु भएको थियो। तर, धर्मकीर्ति विहार मै एक हजार वितरण गर्नु पर्ने भएकोले साहु सानुरत्न स्थापितज्यूसँग प्रकाशनमा सहयोग गर्न अनुरोध गरेको थिएँ। उहाँले सहर्ष एक हजार प्रति प्रकाशन गर्न त्यसका निमित्त व्ययभार बोक्न सहमति जनाउनु भयो। साथै, नेपाल प्रेस परिवारले पनि धर्मदानमा सहभागी बन्ने इच्छा प्रकट गर्नु भएर आफ्नो तर्फबाट पनि एक हजार प्रति छाप्ने कुरा सुनाउनु भयो। यसरी यो पुस्तक तीन

Downloaded from http://dhamma.digital

हजार प्रति प्रकाशित भएर तपाईंहरूको हातसम्म पुऱ्याउन सम्भव हुन गएको हो ।

प्रस्तुत पुस्तकका लेखक प्रकाश वज्राचार्य 'बुद्ध धर्म' सम्बन्धि अनुसन्धानमा लागि रहनु भएको एक जिज्ञासु व्यक्ति हुनुहुन्छ । अनुसन्धान र अन्वेषणबाट प्राप्त गरेका उपलब्धिहरू सम्बन्धमा पाठक-हरू आफैले निर्णय गर्नु हुनेछ नै, मेरो हार्दिक अभिलाषा छ, उहाँले आफ्नो प्रयासलाई निरन्तरता दिंदै रहुन् ।

बुद्ध धर्म सम्बन्धमा जिज्ञासा राख्नु हुने महानुभावहरूले आफ्नो जिज्ञासा व्यक्त गर्नु भएर, पुस्तक प्रकाशनमा आर्थिक भार बहन गर्नु हुने दाताहरूले आर्थिक सहयोग जुटाइ दिनु भएर र साथै मेरो अनुरोध-लाई स्वीकार गर्नु भएर पुस्तक लेखी दिनु भएकोमा उहाँहरू सबैको उन्नति-प्रगतिको कामना गर्दछु ।

संघाराम, ढल्को क्षेत्रपाटी
फो. नं. २१५०२०
श्रीघः बिहार, नघल
फो. नं. २२७१५०

भिक्षु अश्वघोष
सदस्यः राष्ट्रिय सभा

Downloaded from http://dhamma.digital

## ग्रन्थ भित्र

| | |
|---|---|
| पृष्ठभूमि | १ |
| सिद्धार्थ जीवनी | ४ |
| बुद्ध जीवनी | ८ |
| बुद्धको व्यक्तित्व र विचार धारा | ५३ |
| इतिहास | ६५ |
| बुद्ध परिनिर्वाण पछि | ६८ |
| थेरवाद र महासांघिकको भेद | ७१ |
| सम्राट् अशोक | ८२ |
| महायानको उदय | ९३ |
| आचार्य नागार्जुन र शून्यवाद | १०८ |
| सम्राट् कनिष्क | १११ |
| विज्ञानवादको उदय | ११७ |
| महायान र हीनयानको भेद | १२२ |
| आचार्य बुद्धघोष | १२८ |
| मन्त्रयानको उदय | १३० |
| तन्त्रयानको उदय | १३१ |
| सम्राट् हर्षवर्द्धन | १४३ |
| वज्रयानको विकास | १५३ |
| मुस्लिमहरूको आक्रमण | १७२ |
| अनुमानित समयक्रम | १८१ |

Downloaded from http://dhamma.digital

# पृष्ठभूमि

ईसाको ५०० वर्ष पहिले विश्व भरि नै एक प्रकारको वैचारिक क्रान्तिको लहर चलेको थियो। विश्वका विभिन्न सभ्य समाजहरूमा ज्ञानको खोजि गर्ने प्रवृत्ति बढेको थियो। ग्रीसमा सुकरात, चीनमा लाओत्से र कन्फ्यूशियस, भारतमा महावीर र बुद्धको प्रादुर्भाव त्यही ताका भएको थियो।

भारतमा वैदिक धर्म (हिन्दू धर्म) मुख्य रूपमा मानिन्थ्यो। तर अन्य मतालम्बीहरू पनि प्रशस्तै थिए। चार्वाकको नास्तिकवाद पनि प्रचलित थियो। ज्ञानको खोजिमा आफ्नो घरबार र सम्पत्ति त्याग्ने चलन आम थियो। ज्ञानको खोजिमा भट्कने घुमन्ते साधुहरू परिव्राजक कहलाइन्थ्यो। नांगै घुम्ने साधुहरू आजीवक कहलाइन्थ्यो। जैन धर्म मान्ने दिगम्बरहरू पनि नांगै हुन्थे र अचेलक कहलाइन्थ्यो। कोही शाश्वतवादी थिए, कोही नित्यवादी। ज्ञानको खोजिमा मानिसहरू तपस्या गर्थे, जङ्गलमा बस्थे, अरुहरूले नदेख्ने व्रत गर्थे, नांगै बस्थे, च्याँखको लुगा लगाउँथे, रौंको लुगा लगाउँथे, आफ्नो कपाल आफैले लुछ्दथे, श्वास फेर्न बन्द गर्थे, भूत प्रेतको स्थानमा बस्थे, मल मूत्र खाएर बाँच्थे, शरीरलाई कष्ट दिन्थे र अन्य त्यस्तै व्रतहरू राख्ने गर्दथे। ज्ञानको खोजिमा थरि-थरि मानिसहरू थरि-थरिका उपाय अपनाउँथे। कोही-कोही कुकुर जस्तै बस्थे- त्यस्तै सुत्थे, त्यस्तै खान्थे,

Downloaded from http://dhamma.digital

चार पाउमा हिड्थे । ज्ञानको खोजिमा लाग्नु एक किसिमको फेशन थियो ।

समाजमा ब्राह्मण र क्षेत्रीहरू शक्तिशाली थिए । क्षेत्री अरु बढी प्रभावशाली थिए । ब्राह्मण आदरणीय थिए । वैदिक धर्मका मात्र तीन वेद (ऋग्वेद, सामवेद, यजुर्वेद) बनिसकेका थिए, अथर्ववेदको रचना भइसकेको थिएन । ब्रह्मा र इन्द्र प्रमुख देउताहरू थिए । रूद्र (महादेव) र विष्णु गौण थिए । उपनिषद बन्दै थियो । राम, कृष्ण, गणेश आदि देउताहरू अस्तित्वमा आएका थिएनन् । उत्तरी र मध्य भारत वर्षमा आर्यहरूको बस्ति भएता पनि दक्षिणी र पूर्वोत्तर भूभागमा अनार्यहरू बस्थे । अनार्यहरू काला, होचा र चेप्टो नाकका थिए । तिनीहरूलाई असूर, दैत्य वा राक्षस भन्ने गरिन्थ्यो ।

कर्म काण्ड बलियो थियो । हिंसापूर्ण यज्ञ प्रचलित थियो । जातिभेद चर्को थियो । तल्ला जातिकालाई छुन मात्र होइन, हेर्न पनि अशुभ मानिन्थ्यो । दासप्रथा पनि चलेको थियो । रक्सी खानु साधारण मानिन्थ्यो; आइमाईहरू पनि रक्सी खान्थिन् । दिदी बहिनीसँग विवाह सामान्य थियो । माथिल्लो जातको भाषा संस्कृत थियो । साधारण बोलचालको भाषा प्रदेश अनुसार बेग्ला-बेग्लै थियो जसमा प्रसिद्ध मागधि थियो । कृषि प्रमुख व्यवसाय थियो । राजा र ब्राह्मणहरू पनि खेति गर्थे ।

कोशल र मगध शक्तिशाली राष्ट्रहरू थिए । वैशाली तेस्रो शक्तिशाली राष्ट्र थियो । भारतका अवन्ति र उज्जैन पनि विशाल राष्ट्रहरू थिए । राजाले राज्य चलाउँथे । तर कतिपय ठाउँमा प्रजातान्त्रिक

Downloaded from http://dhamma.digital

पद्धति थियो, संसदले राज्य चलाउँथ्यो। हरेक सांसदलाई "राजा" नै भनिन्थ्यो।

तत्कालीन प्रचलित विभिन्न धर्महरू मध्ये हाल वैदिक (हिन्दू) धर्म, जैन धर्म र बुद्ध-धर्म मात्र बाँकी छन्। जैन धर्मका धर्मगुरु महावीर बुद्ध भन्दा केही वर्ष मात्र जेठा थिए र बुद्ध परिनिर्वाणको केही वर्ष अगाडि मात्र महावीरको "परिनिर्वाण" भएको थियो। तर आफ्नो जीवन कालमा बुद्ध र महावीरको जम्का भेट कहिल्यै भएन। जैनहरूको आगम र बौद्धहरूको त्रिपिटकको अध्ययनबाट तत्कालीन समाजको भरभर्दो चित्रांकन गर्न सकिन्छ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# सिद्धार्थ जीवनी

कपिलवस्तु (वर्तमान् नेपालको तराईमा) शाक्य राज्यको राजधानी थियो। शाक्य राज्य सानो थियो र कोसल राष्ट्रको अधीनमा थियो। कपिलबस्तुका सांसद "राजा" शुद्धोदनकी दुइटी स्वास्नी थिए। दुवै दिदी बहिनी थिइन्। कान्छी स्वास्नी प्रजापतिबाट नन्द नामकी एक्ली छोरी थिइन्। जेठी स्वास्नी मायादेवी गर्भिणी थिइन्। त्यतिबेला सायद बच्चा जन्माउन माइत जाने चलन थियो। गर्भिणी मायादेवी आफ्नो माइत कोलिय राज्यको राजधानी देवदह गइरहेकी बेला लुम्बिनी (वर्तमान् लुम्बिनी, नेपाल) वनमा आराम लिन पुगिन्। सोही बगैंचामा उनले एउटा छोरो जन्माइन्। सो दिन ई. पू. ५८३ को बैशाख पूर्णिमाको दिन थियो।

छोरो जन्मेको पाँचौ दिन शुद्धोदनले बालकको नाउँ सिद्धार्थ राखे। बालकको गोत्र गौतम थियो। कुल शाक्य थियो। उनी सूर्यवंशी क्षेत्री थिए। जन्मको सातौं दिनमा आमा मायादेवीको मृत्यु भयो। सिद्धार्थको लालन पालन कान्छी आमा प्रजापतिले गरिन्। केही वर्षपछि प्रजापतिले एउटा छोरा पाइन् जसको नाम नन्दकुमार राखियो।

एक दिन, जब सिद्धार्थ एघार वर्षका थिए, राजा शुद्धोदन आफ्नो दलबलका साथ खेति गर्न गए। बालक सिद्धार्थ चाहिं एउटा

Downloaded from http://dhamma.digital



सिद्धार्थ जन्म

Downloaded from http://dhamma.digital



सिद्धार्थको गृहत्याग

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

रूखको छहारीमा बसेर आँखा चिम्ली प्रकृति र वातावरणलाई भित्री हृदयदेखि महसुस गर्न थाले। बालकको त्यो ध्यानमग्न मुद्रादेखि सबै प्रभावित भए।

सिद्धार्थ जन्मैदेखि गम्भीर थिए। चिन्तनशील थिए। दयालु थिए। ब्राह्मण सर्वमित्रको आश्रममा उनले शिक्षा हासिल गरे। सोह्र वर्षको हुँदा सिद्धार्थको विवाह मामा सुप्रबुद्धकी छोरी यशोधरासँग भयो। भनिन्छ कि यशोधरा सिद्धार्थ जन्मेकै दिन जन्मेकी थिइन्।

सिद्धार्थ समाजमा व्याप्त दुःखदेखी आन्दोलित थिए। समाजलाई दुःखबाट मुक्त गर्ने कुनै ज्ञानको बाटो उनी खोज्न चाहन्थे। कसरी समाजलाई, र समाजमा बस्ने मानिसहरूलाई दुःख मुक्त गर्न सकिन्छ भन्नेमा तल्लिन रहन्थे। उनन्तीस वर्षको उमेरमा आखिर सिद्धार्थले "आमा बाबुलाई रूवाई" गृहत्याग गरे। त्यतिबेला सिद्धार्थको एक मात्र सन्तान राहुल मात्र सात दिनका थिए। प्रचलित धारणा कि सिद्धार्थले रोगी, विरामी, मृत र साधु देखेर गृहत्याग गरेका थिए भन्नेको भरपर्दो प्रमाण मूल पालि साहित्यमा पाइँदैन। सिद्धार्थले कन्थक नामको घोडा चढी छन्दक सारथीलाई साथ लिई गृह त्यागेर गए। राजमुकुटलाई बिर्सी हातमा पात्र बोक्न गए। पीर र चिन्तामा बाँचि-रहेका विवश मानव समाजको लागि आफ्नो पत्नी, आफ्नो छोरो, आफ्नो परिवार, आफ्नो सम्पत्ति सबै त्याग गरेर निस्के। करुणाको एक दुर्लभ आदर्श थियो। त्यागको महानतम रूप थियो।

त्यो रात आफ्नो शाक्य राज्य, ससुरालको राज्य कोलिय र अर्को राज्य रामग्राम (वर्तमान नेपालको तराईमा) पार गरी बिहानी

Downloaded from http://dhamma.digital

पछ अनोमा नदी (वर्तमान् औमी नदी) मा आइपुगे। त्यहाँबाट सिद्धार्थले घोडा र सारथीलाई फर्कने आदेश दिए। आफ्नो केश आफ्नै तलवारले काटे। आफ्नो राजकीय गहना र तलवार दिएर सारथी छन्दकलाई कपिलवस्तु फर्काए। घोडा कन्थक त्यहीं मऱ्यो।

त्यहाँबाट सिद्धार्थ अनूपिया नामको आँपको वनमा पुगे। त्यहाँ उनले एक शिकारीसँग आफ्नो लुगा साटे। एक हप्तापछि उनी मगधको राजधानी राजगृह (वर्तमान राजगिर, विहार) गए। त्यहाँ सिद्धार्थले मागेर खानु पऱ्यो। त्यहीं नै उनको भेट मगध नरेश बिम्बिसारसँग भयो। त्यहाँबाट सिद्धार्थले पहिले आलार कालाम र त्यसपछि उद्दक रामपुत्र नामका ब्राह्मणहरू कहाँ ज्ञान आर्जन गर्न गए। त्यत्तिले चित्त नबुझी सिद्धार्थ उरुवेला प्रदेश (वर्तमान बोधगया, विहार) मा पुगे। त्यहाँको उरुवेला वनमा उनले पाँच तपश्वीहरू– कोण्डञ्ञ, वप्प, भद्दिय, महानाम र अस्सजीत–भेटे। ती मध्ये कोण्डन्य सिद्धार्थको नामाकरण गर्ने गुरु थिए। उक्त वनमा सिद्धार्थले तत्कालीन प्रचलित प्रायः सबै किसिमका तपस्या गरे। ६ वर्ष तपस्या गर्दा पनि केही फल पाएन र उल्टो उनको शरीर जीर्ण भयो। हाड र छाला मात्र बाँकी रह्यो। अन्ततः उनले ती तपस्या व्यर्थ ठानी आहार ग्रहण गर्न थाले, जसको कारण उनी तपभ्रष्ट भयो भन्ने आरोप लगाई उनीसँगै बस्ने पाँचै जना तपश्वीहरूले उनलाई त्याग गरेर गए। केही दिन पछि पूर्णा नामकी एक दासीले सिद्धार्थलाई रूखमुनि बसिराखेको देखिन् र देउता भन्ठानेर आफ्नी मालिक्नी सुजातालाई भन्न गइन्। सुजाताले पनि

Downloaded from http://dhamma.digital



सुजाताको खीर दान

Downloaded from http://dhamma.digital

वनमा गई सिद्धार्थलाई देउता भन्ठानेर खीर दान दिइन् । सिद्धार्थले सो खीर नजिकैको नैरञ्जना नदी (वर्तमान् नीलाजन नदी) को किनारमा बसी खाए । त्यसपछि सिद्धार्थलाई आफू एघार वर्षको छँदा खेतमा एक रूखमुनि बसी आँखा चिम्लेर प्रकृतिको अवलोकन गरेको याद आयो । सिद्धार्थले सोही उपाय प्रयोग गर्ने निधो गरे । साँझपख एउटा ठूलो पिपलको बोटमुनि बसे । त्यहाँ सोत्थिय नामको घाँसीले सिद्धार्थलाई आशनको लागि आठ मुठ्ठी कुश घाँस दान दिए । सोही आशनमा बसेर सिद्धार्थले रातभर आँखा चिम्ली प्रकृतिको अवलोकन गरे । आफ्नो चारैतिरको आवाज, गन्ध, स्पर्श सबै केलाएर हेरे । विपस्सना ध्यान गरे । र त्यही राति सिद्धार्थले प्रकृतिको रहस्य बुझे । दुःख किन हुन्छ बुझे । दुःख कसरी नाश गर्न सकिन्छ भनी ज्ञान लाभ गरे । बोधि ज्ञान प्राप्त गरे । त्यो रात ई. पू. ५२८ को बैशाख पूर्णिमाको रात थियो । सिद्धार्थ बुद्ध भए ।

Downloaded from http://dhamma.digital

# बुद्ध जीवनी

बुद्धत्व प्राप्तिको सात हप्तासम्म बुद्ध उरुवेला वनमै रहनु भयो । त्यो अवधिमा एकजना घमण्डी ब्राह्मणले बुद्धलाई भेटेका थिए तर आफ्नो अहंकारको कारण उनले बुद्धलाई चिन्न सकेन र बुद्धलाई वास्ता नगरी उनले आफ्नो बाटो तताए । त्यही अवधिमा उत्कल देश (वर्तमान् उडिसा, भारत) मा व्यापार गरी फर्किराखेका दुई दाजु भाइ व्यापारीहरू, तपस्सु र भल्लुकले बुद्धलाई भेटे । श्रद्धापूर्वक उनीहरूले बुद्धलाई सत्तु र मह प्रदान गरे । बिना कुनै उपदेश सुनेर नै उनीहरूले आफूलाई बुद्धको अनुयायी भएको घोषणा गरे । त्यसपछि बुद्धलाई अन्तर्द्वन्द भयो । के बुद्धको शिक्षा जन साधारणले बुझ्ने छन् त ?! बुद्धमा एक प्रकारको नैराश्यता जाग्यो । तर आफ्नो कमजोर मनलाई आफैले पराजित गरे । नौलो धर्मको प्रचार गर्ने अठोट गर्नु भयो । आफ्ना भूतपूर्व गुरुहरू आलार कालाम र उद्दक रामपुत्रहरूको मृत्यु भइसकेको हुनाले तपस्याको बेलामा साथ दिएका पाँच तपस्वीहरूलाई बुद्धले सम्झनु भयो । उनीहरूलाई भेट्न ऋषिपतन (सारनाथ) तिर लागि राख्नु भएको बेला बाटोमा उपक आजीवकलाई भेट्नु भयो । बुद्धले आफ्नो चिनारी दिंदा पनि 'बिना गुरु ज्ञान प्राप्त गर्न सकिंदैन' भन्दै उपक आफ्नो बाटो लागे । बाटोमा गंगा नदी तर्न पैसा नहुँदा बुद्धलाई एक माझीले पारी लगिदिन अस्वीकार गरे ।

Downloaded from http://dhamma.digital



बोधिज्ञान लाभ

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

बुद्ध सारनाथ पुग्नुभयो । त्यहाँ पुराना पाँच तपस्वीहरूलाई आफूले पाएको नौलो ज्ञानको प्रकाश दिनुभयो । धर्मको चक्र घुमियो । धर्मचक्र प्रवर्तन भयो । बुद्धले अति सरल शैलीमा आफूले प्राप्त गरेको "पहिले कहिल्यै नसुनेको धर्म"को व्याख्या गर्नुभयो– संसारमा दुःख छ, दुःखको कारण छ, दुःखको अन्त गर्न सकिन्छ र दुःख अन्त गर्न मध्यम मार्ग अपनाउनु पर्दछ । मध्यम मार्ग आठ छन्– ठीक धारणा राख्नु, ठीक सङ्कल्प लिनु, ठीक वचन बोल्नु, ठीक काम गर्नु, ठीक जीविका जिउनु, ठीक प्रयत्न गर्नु, ठीक जागरूकता राख्नु र ठीक एकाग्रता राख्नु । उपदेश पछि ती पाँचै जना प्रथम भिक्षु बने । बुद्ध उपदेशको पहिलो प्रवर्तन भएको सो दिन ई. पू. ५२८ को आषाढ पूर्णिमाको दिन थियो ।

त्यसको पाँचौं दिनमा बुद्धले प्रकृतिको अनित्यताबारे उपदेश दिनुभयो । अनित्य–दुःख–अनात्माको प्रवर्तन भयो । संसारमा सबै कुरा अनित्य (परिवर्तनशील) छन्, नित्य वस्तु (आत्मा) भन्ने केही छैन र त्यसैले दुःखको उत्पत्ति हुन्छ । बुद्धबाट अनात्म लक्षणको उपदेश सुनेपछि पाँचै जना भिक्षुहरू अर्हत् भए, निर्वाणमा पुगे । बुद्ध–धर्म अनुसार निर्वाणको अवस्था जीवनमै प्राप्त गर्न सकिन्छ ।

वाराणसीको एक विलासी युवक यश कुमारले पनि ज्ञानको खोजिमा महल त्याग गरेर सारनाथ पसे । त्यहाँ उनको भेट बुद्धसंग भयो र उनी भिक्षु बने । त्यो समाचार सुनेर यशका ५४ जना साथीहरू पनि भिक्षु भए । यसरी भिक्षु संघमा बुद्ध बाहेक ६० जना भिक्षुहरू भए ।

Downloaded from http://dhamma.digital

प्रथम धर्म प्रचार पछि वर्षायाम शुरु भयो । सो वर्षायाम बुद्धले सारनाथमै बिताउनु भयो । तीन महिनाको वर्षायाम पछि ६० जना भिक्षुहरूलाई बुद्धले आदेश दिनु भयो, "भिक्षुहरू ! बहुजन हितको लागि, बहुजन सुखको लागि शुरुमा पनि, मध्यमा पनि र अन्त्यमा पनि कल्याण हुने यस धर्मको प्रचार गर्न जाऊ ।" बुद्ध–धर्मको सुव्यवस्थित प्रसारको शुरुवात भयो ।

धर्म प्रचारको सिलसिलामा बुद्ध स्वयं उरूवेला जानु भयो । मार्गमा कपासिया भन्ने वनमा ३० जना राजकुमारहरू आफ्ना पत्नीहरू साथ वनभोज मनाउन आइरहेका थिए । ती मध्ये एकजना कुमारका पत्नी नहुनाले एउटी वेश्या ल्याएको थियो । दिउँसो सबै सुतिरहेको मौका छोपी वेश्याले उनीहरूको गहना चोरेर भागिन् । ब्युँझिए पछि सो कुराको पत्तो पाइयो र सबै ३० जना राजकुमारहरू चोरनीको खोजीमा वनका कुना काप्चा छाम्न लागे । त्यहीं तिनीहरूको भेट एउटा रूखमुनि बसिराख्नु भएका बुद्धसँग भयो र बुद्धको उपदेश सुनी तिनीहरू सबै भिक्षु बने ।

त्यहाँबाट बुद्ध उरूवेला पुग्नुभयो । उरूवेलाका तीन प्रसिद्ध ऋषिहरू – उरूवेला काश्यप, नदी काश्यप र गया काश्यप– हरूलाई बुद्धले उनीहरूका एकहजार अनुयायीहरू समेत भिक्षु बनाउनु भयो । ती भिक्षुहरूलाई लिएर बुद्ध मगधको राजधानी राजगृह पस्नु भयो र लट्ठिवन (वर्तमान जठियाँव गाउँ, राजगिर)मा बस्नु भयो । राजा बिम्बिसार आफ्ना भारदारहरू सहित लट्ठिवन पुगे । त्यहाँ बुद्धको

Downloaded from http://dhamma.digital



धर्मचक्र प्रवर्तनः बुद्धको प्रथम धर्म उपदेश ( पृष्ठ ६)

Downloaded from http://dhamma.digital

आदेश सुनेर बिम्बिसारले आफूलाई बुद्धको उपासक घोषणा गरे । अर्को दिन बिम्बिसारले **वेणुवन** नामको रमणीय बगैंचा बुद्धलाई दान दिए ।

राजगृहमै ज्ञानको खोजीमा भौंतारिरहेका **उपतिस्स** परिव्राजकले एक दिन भिक्षु **अस्सजीत**लाई देखी प्रभावित भई उहाँको गुरु को हो भनी सोध्न पुगे । अस्सजितले भने, "कारणबाट उत्पन्न हुने सबै विषयवस्तु र सो कारणलाई नाश गर्ने मार्ग भन्ने तथागत नै मेरो गुरु हो ।" उपतिस्स प्रभावित भए । उपतिस्स आफ्ना साथी **कोलित**लाई पनि लिएर वेणुवन पुगे र भिक्षु भए । कालान्तरमा उनीहरू बुद्धका प्रमुख शिष्यहरू क्रमशः **सारिपुत्र** र **मौद्गल्यायन** भनी प्रख्यात भए ।

मगधको **महातीर्थ** नामको गाउँको मालिक **पिप्पली** नामको ब्राह्मणले आफ्नो सारा सम्पत्ति त्यागी, चीवर लगाई ज्ञानको खोजिमा घरबाट निस्के । उनकी स्वास्नी **भद्रा** पनि ज्ञानको खोजिमा निस्किन् र अर्कै बाटो लागिन् । राजगृहतिर आइराख्ने पिप्पलीले एउटा रूखमुनि बसिराख्नु भएका बुद्धलाई देखेर सँगै बस्न गए । बुद्धले पिप्पलीको चीवरको तारिफ गरे । पिप्पलीले आफ्नो रेशमी चीवर बुद्धलाई दिएर बुद्धको खस्रो चीवर आफूले लगाए । बुद्धसँग चीवर साटेर लगाउन पाउने भाग्यशाली उही मात्र भए । पिप्पली भिक्षु बनेर **महाकाश्यप**को नामले प्रख्यात भए ।

धमाधम मानिसहरू भिक्षु हुन थालेपछि राजगृहमा बुद्धलाई निन्दा गर्ने पनि निस्के । आफ्ना छोरा वा पति गुमाउनेहरूले बुद्धको

Downloaded from http://dhamma.digital

कुरा काट्न थाले । तर यो होहल्ला एक हप्तामा नै शान्त भयो । त्यसताका भिक्षु हुने रहर चलेको थियो । राध नामको बूढो ब्राह्मणले आफूलाई कसैले भिक्षु नबनाएकोले वेणुवन बाहिर अनसन बस्नु पर्‍यो । पछि बुद्धले देखी राधलाई भिक्षु बनाउन लगाए ।


भिक्षुहरूलाई प्राप्त लाभलाई देखेर लोभी र अल्सीहरू अमाधम भिक्षु हुन थाले । बुद्धले थाहा पाई नियम बनाउनु भयो कि भिक्षु हुने व्यक्तिले आफूलाई रूखमुनि सुत्न, मागेर मात्र खान, थूत्रो कपडा मात्र लगाउन र गोमूत्रको औषधीमा मात्र भर पर्न तैयार राख्नु पर्दछ ।

उज्जैन (वर्तमान उज्जैन, भारत) को राजा प्रद्योतले जब बुद्धको बारेमा सुने, तब उनले आफ्नो विद्वान पुरोहित महाकात्यायन-लाई बुद्धलाई निमन्त्रणा गर्न राजगृह पठाए । राजगृह पुगेर कात्यायन भिक्षु बने । तर उनले बुद्धलाई उज्जैन लग्न सफल भएनन् । र आफू मात्रै भिक्षु भएर फर्के ।

त्यहीताका बुद्धलाई कपिलवस्तु भ्रमणको निमन्त्रण पनि बार-बार आइरहेको थियो । बुद्धको बाल्यकालका साथी कालुदायीले आई बुद्धलाई निमन्त्रणा दिन आए । कालुदायी स्वयं भिक्षु बने । बुद्धले निमन्त्रणा स्वीकार गर्नु भयो ।

राजगृहमा दुई महिना बसिसकेपछि फाल्गुण पूर्णिमाको दिन छापन्ना भिक्षु संघ सहित बुद्ध कपिलवस्तुको लागि प्रस्थान गर्नु भयो । ६० योजनको दूरी दुई महिनामा पार गरी वैशाख पूर्णिमाको दिन बुद्ध

Downloaded from http://dhamma.digital



बुद्धसँग अंश माग्दै गरेका राहुल

Downloaded from http://dhamma.digital

आफ्नो मातृभूमि कपिलवस्तु पुग्नु भयो । निग्रोधाराम भन्ने आश्रममा बुद्ध बस्नु भयो । शुद्धोदन सहित बुद्धका आफन्तहरू सबै बुद्धलाई दर्शन गर्न निग्रोधाराम पुगे । आफ्नै छोरा बुद्ध भएको खुसीले गद्गद् हुने शुद्धोदनले बुद्धलाई भोजनको लागि निमन्त्रण गर्न बिर्सेछन् । भोलिपल्ट कसैको भोजन निमन्त्रणा नहुनाले बुद्ध आफ्ना भिक्षु संघ सहित कपिलवस्तु शहरमा भिक्षा माग्न जानु भयो । शुद्धोदनले सो खबर पाउनासाथ हस्याँग फस्याँग गर्दै छोरालाई मागेर हिँडेकोमा विरोध जनाउन गए । बुद्ध र भिक्षु संघलाई भोजन गराउन आफ्नो घर लगे । त्यहाँ बुद्धलाई भेट्न सबै आए तर यशोधरा आइनन् । बुद्ध स्वयं यशोधराको खोपिमा गएर भेट्न जानु भयो । यशोधरा गौरवान्वीत भइन् ।

भोलिपल्ट बुद्धको भाइ नन्दकुमारको विवाहको दिन थियो । उनको विवाह आफ्नै दिदी नन्दाकुमारीसँग हुन लागेको थियो । सो दिन बुद्धले आफ्नो भाइलाई सँगै लग्नु भयो र भिक्षु बनाइदिनु भयो ।

बुद्ध कपिलवस्तु पुगेको सातौं दिनमा यशोधराले छोरा राहुललाई बुद्धकहाँ अंशबण्डा माग्न पठाए । सातबर्षको राहुल बुद्धकहाँ गई अंशबण्डा माग्न गए । बुद्धले राहुललाई श्रामणेर (भिक्षुको उम्मेदवार) बनाउनु भयो । सो कुरा थाहा पाई शुद्धोदन दुःखी भए । कारण अब उनको वंश चलाउने कोही बाँकी रहेन । शुद्धोदनको प्रार्थनामा बुद्धले बालकहरूलाई श्रामणेर बनाउँदा आमा बाबुको अनुमति लिनु पर्ने नियम बनाउनु भयो ।

Downloaded from http://dhamma.digital

बुद्ध पुनः राजगृह फर्कनु भयो। बुद्धका नाता कुटुम्ब पर्ने शाक्य राजकुमारहरूले पनि भिक्षु बन्नु पऱ्यो भनी सल्लाह गरे। यस अनुरूप **अनुरूद्ध**, **भद्दिय**, **आनन्द**, **भृगु**, **किम्बिल** र **देवदत्त** शाक्य कुमारहरू भिक्षु हुन घरबाट निस्के। अनूपिया वनमा पुगेपछि उनीहरू सँगै आउने **उपालि** भन्ने हजामले सबैंको मुण्डन गरिदिए। तर उपालि हजाम शाक्य कुमारहरूलाई मारेर आएको होला भनेर शंका गर्छ भनी घर फर्कन डराए। परिणामतः छ शाक्य कुमारहरूसँगै उपालि हजाम पनि बुद्धकहाँ गई भिक्षु हुन पुगे।

दोस्रो वर्षायाम बुद्धले राजगृहमा बिताउनु भयो। त्यो बेला एक दिन राजगृहको एक सेठले बुद्ध र भिक्षु संघलाई भोजनको लागि निमन्त्रणा दिए। बुद्धको स्वागतको लागि भव्य तैयारी गरिएको थियो। सो सेठकहाँ त्यहींबेला मगधको राजधानी **श्रावस्ती** (वर्तमान सहेत महेत, भारत) बस्ने सेठको अति धनाढ्य मित साथी **अनाथ–पिण्डिक** पनि आएका थिए। अनाथपिण्डिकले स्वागतको तैयारीको भव्यता देखि चकित भई कारण सोध्दा सेठले अर्को दिन भोजनको लागि बुद्धलाई निमन्त्रणा गरेको थाहा पाई उत्सुक भई बिहान सबेरै बुद्धलाई भेट्न गए। बुद्धबाट प्रभावित भई उनी बौद्ध उपासक बने र बुद्धलाई श्रावस्ती आउने निम्तो दिए। अनाथपिण्डिकले श्रावस्तीमा गई बुद्धको लागि एउटा रमणीय बगैंचा किने। सो उद्यान जुनलाई अनाथ-पिण्डिकले ठूलो धनराशी खर्च गरेर किनेको थियो ("जमीनमा असर्फी ओछ्याएर"), जेतवन विहारको नामले प्रसिद्ध भयो।

Downloaded from http://dhamma.digital



च्यामे सुनीतलाई बुद्धको उपदेश

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

वर्षायाम पछि बुद्ध पुनः कपिलवस्तु पुग्नु भयो। त्यसबेला बुद्धलाई बुद्धकी आमा प्रजापतिले आफ्नै हातले बुनेको चीवर भेट चढाउन ल्याइन्। बुद्धले व्यक्तिभन्दा संघको महत्व हुन्छ र त्यसैले सो चीवर भिक्षु संघलाई दान दिने निर्देशन दिनु भयो।

अनाथपिण्डकको निमन्त्रणा स्वरूप केही महिना पछि बुद्ध श्रावस्तीतिर प्रस्थान गर्नु भयो। श्रावस्तीमा एक भव्य महोत्सवको आयोजना गरी अनाथपिण्डकले बुद्ध र भिक्षु संघलाई जेतवन विहार प्रदान गरे।

एक दिन कोसलको नरेश प्रसेनजीत आफ्नो बहिनी सुमनासँग बुद्धको दर्शन गर्न जेतवन पुगे। त्यहाँ नवयुवक बुद्धलाई देखेर त्यस्तो युवावस्थामा बुद्धत्व प्राप्त गर्न सकिन्छ भन्नेमा राजालाई शंका लाग्यो। बुद्धले राजकुमार, साँप, आगो र भिक्षुलाई कम वर्षको भनी हेला गर्न नहुने उपदेश दिनु भयो। राजा प्रसेनजीत बौद्ध भए।

बुद्ध राजगृह फर्कनु भयो। त्यहाँ वर्षायामको बेला तीन महिनासम्म भिक्षुहरू एउटै स्थानमा बस्नु पर्ने नियम बनाउनु भयो। यसै अनुरूप बुद्धले तेश्रो वर्षायाम (वर्षावास) राजगृहमा बिताउनु भयो।

एकदिन राजगृहमा विहान सबेरै निस्केको बेला बुद्धले सुनीत नामको च्यामेलाई देख्नु भयो। च्यामेहरू विहान सबेरै घण्टी बजाएर बढार्न आउने गर्थे ताकि कसैले उनीहरूलाई नदेखोस्। बुद्धले आफूलाई

Downloaded from http://dhamma.digital

देखेकोले सुनीत थुरु थुरु काबे । तर बुद्धले उनलाई करूणापूर्वक उपदेश दिनु भयो । यसामे सुनीत भिक्षु भए ।

वैशाली राज्यमा एक पल्ट भयङ्कर अनिकाल पऱ्यो । बुद्धको प्रभावले सुकाल हुन सक्दछ भन्ने विचारले वैशालीका मल्ल राजाहरू (सांसदहरू)ले बुद्धलाई वैशाली आउने निम्तो दिए । बुद्ध वैशाली जानु भयो । बुद्ध आगमनको केहीकाल पछि दुर्भिक्षा हट्यो ।

बुद्ध पुनः राजगृह आएर बस्नु भयो । राजगृहमा छँदा बिम्बिसारको प्रार्थना अनुसार बुद्धले चोर, ऋणी र सिपाहीहरू भिक्षु बन्न नहुने नियम बनाउनु भयो । नत्र त्यतिबेला सजायबाट बच्न, ऋणबाट मुक्त हुन र युद्धबाट भाग्न मानिसहरू भिक्षु हुने गर्दथे ।

एक दिन सुप्रबुद्ध नाउँको एक जना माग्ने मान्छे भूखले चूर भई घुमिरहेको बेला वेणुवनमा भीड देखि त्यहाँ केही खान पाइन्छ कि भनी उतै तिर लागे । भित्र बुद्धको धर्म देशना भइरहेको थियो । उपदेश सुनेर प्रभावित भई भगन्ते सुप्रबुद्ध भिक्षु बने ।

केही दिनपछि बुद्ध अंग देशको भद्दिय (वर्तमान भदरिया, भागलपुर) नामक शहरमा जानु भयो । त्यहाँका महासेठ मेण्डकले आफ्नी सात वर्षकी नातिनी बिशाखालाई बुद्धकहाँ पठाए । उनी बौद्ध उपासिका बनिन् । त्यसपछि मेण्डक सेठ, जो पहिले नागा साधुहरूका चेला थिए, आफै बुद्धकहाँ गए । बुद्धदेखि प्रभावित भई उनी बौद्ध बने ।

Downloaded from http://dhamma.digital



नदीको पानी बारे कोलिय र शाक्यको विवाद ।
"पानी भन्दा रगत महँगो छ" भन्ने बुद्धको उपदेश ।।

Downloaded from http://dhamma.digital

घुम्दा घुम्दै एक दिन बुद्ध थून नामको ब्राह्मण गाउँ (वर्तमान थानेश्वर, भारत) पुग्नु भयो । त्यहाँका बासिन्दाहरू कसैले पनि बुद्धलाई भिक्षा नदिने अठोट गरे । पानीका सबै मुहान बन्द गरिदिए । त्यहाँ बुद्धलाई कसैले पानीसम्म पनि खुवाएन । तर कहिंबाट पानी ल्याउँदै गरेकी एउटी दासीले बुद्धलाई देखी पानी खुवाइन् । पछि घर पुगेपछि ती दासीलाई मालिकले कुटी कुटी मारिदिए ।

केही महिना पछि शुद्धोदन सिकिस्त भए । बुद्ध कपिलवस्तु पुगी मरणासन्न अवस्थामा पुगेका आफ्नो बुबालाई उपदेश दिनु भयो । केही दिन पछि शुद्धोदनको देहान्त भयो ।

बुद्ध पुनः अन्य राज्यहरूमा घुम्न जानु भयो । केही महिनापछि उहाँ पुनः कपिलवस्तु फर्कनु भयो । त्यतिबेला कपिलवस्तुका "राजा" महानाम शाक्यले बुद्धलाई आफ्नो गुरु भरण्डु कालामको आश्रममा बास बस्न लगाए । भोलिपल्ट महानामलाई बुद्धले उपदेश दिनुभयो । महानामको अगाडि आफ्नो बेइज्जत भएको ठानी भरण्डु कालामले आश्रम छोडी हिंडे ।

त्यति नै बेला शाक्य देश र कोलिय देशको बीचमा रोहिणी नदी (आधुनिक रोहिणी नदी) को पानीको बाँड फाँडलाई लिएर तनाव उत्पन्न भयो । दुवै देशका सैनिकहरू युद्ध गर्न नदीको दुवै किनारमा जम्मा हुन थाले । सो कुरा थाहा पाई बुद्ध त्यहाँ पुग्नु भयो र "पानी भन्दा रगत अमूल्य छ" भनी उपदेश दिई संभावित युद्धलाई टाल्नु भयो नत्र आफ्नै गृहराज्य शाक्य र ससुराली राज्य कोलियको

Downloaded from http://dhamma.digital

बीच युद्ध हुन लागेको थियो। कृतज्ञता स्वरूप दुवै पक्षका थुप्रै राजकुमारहरू भिक्षु बन्न पुगे।

आफ्नो परिवारका सबै लोग्ने मानिसहरू गुमाइसकेकी बुद्धकी कान्छी आमा प्रजापतिले आफूले पनि गृहत्याग गर्ने बिचारले बुद्धकहाँ भन्न गइन्। तर बुद्धले आइमाईहरूलाई भिक्षु संघमा भित्र्याउन अस्वीकार गर्नु भयो।

बुद्ध त्यहाँबाट वैशाली जानु भयो र पाँचौं वर्षायाम त्यहीं व्यतित गर्नु भयो। प्रजापति गौतमी आफ्ना साथीहरूलाई लिएर वैशालीसम्म गई उनीहरूलाई पनि संघमा भित्र्याउने माग राखी धर्ना दिन थालिन्। भिक्षु आनन्दको हृदय पग्ल्यो। आनन्दले बुद्धसँग भिक्षुणी संघ पनि बनाउन अनुरोध गरे। बुद्धले भिक्षुणीहरूको लागि पनि स्वीकृति दिनु भयो। प्रजापति प्रथम भिक्षुणी बनिन्। कालान्तरमा यशोधरा र बुद्धकी दिदी नन्दा पनि भिक्षुणी भइन्।

पछि बुद्ध श्रावस्ती पुग्नुभयो।

राजगृहमा भद्रा कुण्डलकेशा नामकी एउटी धनी युवती थिइन। एक दिन उनले फाँसी दिन लग्दै गरेको एक नवजवान डाँकालाई देखेर प्रेमले वशिभूत भई सोसँग विवाह गरिदिन आफ्नो बाबुलाई पिरोल्न थालिन्। बाबु चाँहिले सैनिकहरूलाई घूस खुवाएर सत्थुक नामको सो डाँकालाई छुटयाई घर ल्याई आफ्नो छोरीसँग विवाह गरिदियो। सत्थुकले आफ्नो पत्नीको गहना लुट्ने विचारले पत्नीलाई देउता स्थान जाने भनेर एउटा पहाडको टुप्पोमा लगी मार्न खोजे। भद्राले चाल पाई आफ्नो अन्तिम इच्छा भन्दै लोग्नेलाई अँगालो मार्ने निहुँमा

Downloaded from http://dhamma.digital



बुद्धकी आमा प्रजापतिद्वारा भिक्षुणी संघ बनाउने प्रार्थना

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

उल्टो सत्थुकलाई पहाडबाट धकेली मारिदिइन् । त्यहाँबाट गई उनी जैन धर्मकी साध्वी बनिन् र सबैसँग शास्त्रार्थ गर्दै हिड्न थालिन् । श्रावस्तीमा पुगेपछि उनलाई भिक्षु सारिपुत्रले शास्त्रार्थमा पराजित गरे । उनी भिक्षुणी भइन् । श्रावस्तीमा उनको अनौठो पूर्व जीवनीको बारे भिक्षुहरूले कुरा गरिरहेको सुनी बुद्धले भन्नु भयो, "संग्राममा लाखौंलाई जित्ने भन्दा आफैंले आफैंलाई जित्न सक्ने नै सच्चा बिजयी हुन् !"

त्यतिबेला श्रावस्तीमा व्यापार गर्न आइरहेका सुनापरान्त राज्य (वर्तमान मुम्बई, भारतको वरिपरि)का पूर्ण नामक ठूलो व्यापारीले बुद्धको उपदेश सुन्ने मौका पाए । उनी श्रावस्तीमै भिक्षु भए । केही दिन पछि उनले आफ्नो देशमा गई बुद्ध धर्म प्रचार गर्ने इच्छा व्यक्त गरे । बुद्धले सुनापरान्तका मानिसहरू रिसाहा र उग्र छन् भनी चेतावनी दिनु भयो । पूर्णले आफूले जस्तोसुकै अवस्थामा पनि उनीहरूप्रति घृणा व्यक्त नगर्ने दृढता व्यक्त गरेपछि बुद्धले पूर्णलाई आफ्नो देश फर्कन अनुमति दिनुभयो । केही महिना पछि धुप्रै मानिसहरूलाई बौद्ध बनाइसकेपछि भिक्षु पूर्णले बुद्धलाई सुनापरान्त भ्रमण गर्न आउन अनुरोध गरे । बुद्ध सुनापरान्त जानु भयो र त्यहाँको मंकुल पर्वतमा बस्नु भयो । बुद्धले आफ्नो छैठौं वर्षावास सोही ठाउँमा बिताउनु भयो ।

त्यतिबेला श्रावस्तीमा मर्ने मान्छेको नाउँमा श्राद्ध गर्ने चलन थियो । श्राद्धमा पशु बली दिइन्थ्यो । भिक्षुहरूले बुद्धकहाँ गई त्यस्तो

Downloaded from http://dhamma.digital

कार्यको औचित्य छ कि भनी सोध्न जाँदा बुद्धले उदाहरण सहित त्यस्तो कार्यको बिरोध गर्नु भयो ।

श्रावस्तीमै एकजना भिखारी ब्राह्मणले भीखमा आएको खाना आफ्नो आमालाई खुवाउने गर्दथे । सो कुरा थाहा पाई बुद्धले ब्राह्मणको प्रशंसा गर्नु भयो । ब्राह्मण भिक्षु बने ।

बुद्धको अति प्रशिद्धताको कारण अन्य धर्मावलम्बीहरूलाई ठूलो ईर्ष्या लाग्न थाल्यो । उनीहरूले बुद्धलाई बदनाम गर्ने षडयन्त्र रचे । सुन्दरी परिब्राजिका भन्ने आफ्नी एउटी राम्री अनुयायीलाई उनीहरूले बुद्धकहाँ बरोबर पठाउने गरिन् । दुई हप्ता पछि उनीहरूले सुन्दरीको हत्या गरी जेतवन नजिकै गाडि दिए । केही दिन पछि लासको पत्तो लगाइयो । 'बुद्धले सुन्दरीलाई मारिन्' भनी उनीहरू ऋयाली पिटेर हिंड्न थाले । बदनामी यति सहनु पऱ्यो कि बुद्धलाई एक हप्तासम्म जेतवन विहारमै बस्नु पऱ्यो । अरूले सुझाव दिदा पनि बुद्धले डराएर शहर छोडेर जान भने मान्नु भएन । सातौं दिनमा एउटा भट्टी पसलमा रक्सी खाई मात्तिएका सुन्दरीका हत्याराहरूको झगडा भयो र एक अर्काको पोल खोल्न थाले । जासुसहरूले तुरुन्तै सो कुरा राजाकहाँ जाहेर गरे । बुद्धलाई बदनाम गर्ने षडयन्त्रमा लागेका सबैलाई गिरफ्तार गरेर फाँसी दिइयो ।

एकपल्ट बुद्धले अनाथपिण्डिकलाई उपदेश दिनुभयो कि गृहस्थ-हरूको लागि चार विषय दुर्लभ छन्– न्यायपूर्वक कमाएको सम्पत्ति, प्रशिद्धी, दीर्घायु जीवन र राम्रो भविष्य । न्यायोचित कमाइको सम्प-त्तिले आफ्नो परिवार धाउनमा, मित्रहरूको मद्दत गर्नमा, आपतको

Downloaded from http://dhamma.digital

बेला उपयोग गर्नमा, कर तिर्नमा र असल व्यक्तिहरूको भलो गर्नमा प्रयोग गर्न सकिने कुरा बुद्धले बताउनु भयो ।

एकपल्ट एकजना दास भिक्षु भए र निर्वाण प्राप्त गरे । एक-दिन बुद्धसँग उनी भिक्षाटन गइरहेको बेला उनको पुरानो मालिकले उनलाई समात्न आए । बुद्धले सम्झाइ दिएपछि मात्र बल्ल उनले दास-लाई मुक्त गरे । पछि बुद्धले दासहरूलाई भिक्षु बनाउन नहुने नियम बनाउनु भयो ।

बुद्ध सुंसुमारगिरी (वर्तमान चुनार, भारत) जानु भयो । त्यहाँ अति वृद्ध दम्पत्ति नकुलपिता र नकुलमाताले बुद्धलाई देखेर आफ्नो छोरो भन्ठाने । बुद्धको उपदेश सुनेपछि ती बूढा बूढी बुद्धका अनुयायी बने । ती दयालु वृद्ध दम्पत्ति एक अर्कासँग औधी माया गर्थे र बुद्ध स्वयंले उहाँहरूको प्रशंसा गर्नु भएको थियो ।

बुद्ध पुनः श्रावस्ती फर्कनु भयो । त्यहाँ बुद्धलाई बात रोग लागेछ । त्यतिबेला उपवान् नामक भिक्षुले आफ्ना गृहस्थ साथी देवहितासँग औषधी मागेर बुद्धलाई निको पारे ।

वंश देशको राजधानी कौशाम्बी (वर्तमान कोसम गाउँ, इलाहाबाद) का तीन सेठहरू– घोषक, कुक्कुट र पावरिय– जेतवनमा आई बुद्धको उपदेश सुन्न आए । त्यसपछि उनीहरूले बुद्धलाई कौशाम्बी आउने निमन्त्रणा दिए । उनीहरू कौशाम्बी गई एक एक भव्य विहारको निर्माण गरे । पछि बुद्ध कौशाम्बी जानु भयो ।

बाटोमा कम्मासदम्म भन्ने गाउँमा (वर्तमान् मेरठ वरिपरि, भारत) मागंदिय भन्ने ब्राह्मणले बुद्धको रूप देखी प्रभावित भई

Downloaded from http://dhamma.digital

आफ्नी छोरी मागंदियालाई बुद्धसँग विवाह गरिदिने निधो गरे। छोरीलाई बुद्धकहाँ कन्यादान गर्न लगे। बुद्धले उपदेश दिएपछि मागं-दिय बौद्ध बने, तर मागंदियाले बुद्धप्रति ठूलो द्वेष राखिन्। केही दिन पछि मागंदियाको विवाह कौशाम्बी नरेश उदयनसंग भयो।

बुद्ध कौशाम्बी पुग्नु भयो र नवौं वर्षायाम त्यहाँ बिताउनु भयो।

सागत भिक्षु कौशाम्बीमा अति प्रख्यात थिए। एक पल्ट कसैले उनलाई रक्सी दान गरे। रक्सी खाएर बाटोमा ढलेपछि बुद्धले रक्सी सेवनलाई निषेध गर्नु भयो।

कौशाम्बीकी जेष्ठ महारानी श्यामावतिले बुद्धको उपदेशलाई धेरै रूचाइन्। बुद्धप्रति बदला लिनु पर्ने उनकी नयाँ सौतनी मांगदियाले उनलाई बदनाम गर्ने धेरै षडयन्त्र गरिन् र अन्त्यमा श्यामावतिलाई जिउँदै जलाइदिन सफल भइन्। अनि राजा उदयनको आँखा खुल्यो र आफ्नी स्वास्नी मागंदियालाई टुक्रा टुक्रा पारी मार्न लगाए।

कौशाम्बीमा एकपल्ट एकजना भिक्षु चर्पीमा जाँदा लोटाको बाँकी पानी खनाएर जान बिर्सेछ। त्यसको लगत्तै पछि अर्को ठूलो भिक्षु चर्पीभित्र पस्दा सो कुरा चाल पाएर पहिलो भिक्षुलाई भनेछ। अरूले थाहा पाई पहिलो भिक्षुलाई जिस्काए। त्यो भिक्षुका अनुयायी-हरूले पनि जिस्क्याउनेहरूलाई उल्टो लांछना लगाउन थाले। फल-स्वरूप बिस्तारै बिस्तारै भिक्षु संघभित्र ठूलो कलह उत्पन्न भयो। कलह यति ठूलो भयो कि बुद्ध स्वयंले सम्झाउन खोज्दा पनि भिक्षुहरू मानेनन्। अन्तमा बुद्धले त्यो ठाउँनै छोडेर पारिलेय्यक नामको एकान्त

Downloaded from http://dhamma.digital

जङ्गलमा दशौं वर्षायाम बिताउन जानु भयो। अनि पछि झगडालु भिक्षुहरू सुध्रे र बुद्धकहाँ माफि माग्न गए। एघारौं वर्षायाम बुद्धले राजगृहको दक्षिणमा एकनाला भन्ने ग्राममा बिताउनु भयो।

एकदिन पञ्चशाल भन्ने मगधको एउटा गाउँमा बुद्ध भिक्षाटन् जाँदा कसैले केही दिएन र बुद्धले त्यो दिन भोकै बिताउनु पर्‍यो।

एकपल्ट बुद्ध वेरंजा (वर्तमान मथुरा, भारत) तिर पुग्नुभयो। त्यहाँ एक दिन वेरंजा नामक ब्राह्मणले बुद्धलाई भेटेर बुद्धलाई किसिम किसिमले गाली गर्न थाले। पछि बुद्धले उपदेश दिनु भएपछि उनी स्वयं बुद्धका अनुयायी बने र आगामी वर्षायाम वेरंजामै बिताउने निमन्त्रणा दिए।

बुद्ध त्यहाँबाट मथुरा जानु भयो। मथुरामा एकदिन बुद्ध भिक्षाटनबाट रित्तो हात फर्कनु पर्‍यो। पछि एउटी बूढी आइमाईले देखी बुद्धलाई घर लगी भोजन गराइन्।

निमन्त्रणा अनुरूप बुद्ध वर्षायाम बिताउन पुन: वेरंजा पुग्नु भयो। तर निमन्त्रणा दिने वेरंजा ब्राह्मणले बुद्धलाई बिर्सेछ। त्यतिबेला वेरंजामा अनिकाल परेको थियो। सो बुद्ध र त्यहाँ भएका पाँच शय भिक्षुहरूलाई भिक्षा पाउन कठीन भयो। वेरंजामा बसिरहेका घोडाका व्यापारीहरूले घोडाहरूको खानाबाट निकालेर केही जौ भिक्षुहरूलाई दिन्थे। हरेक भिक्षुले सो जौ आफैंले पिंधेर काँचै खाएर अति कष्टका साथ वेरंजामा वर्षायाम बिताउनु पर्‍यो। बुद्धले भिक्षुहरूलाई बारम्बार उस्काउनु हुन्थ्यो। त्यस्तो खस्ता हालतमा बुद्धले आफ्नो बाह्रौं वर्षायाम वेरंजामा व्यतित गर्नु भयो। वर्षायाम पछि बुद्धले वेरंजा ब्राह्मण-

Downloaded from http://dhamma.digital

सँग बिदा माग्न गएको बेलामा मात्र ब्राह्मणले आफूले गरेको निमन्त्रणा सम्झे र अति लज्जित भए ।

बुद्ध त्यहाँबाट वाराणसी र श्रावस्ती हुँदै कपिलवस्तु पुग्नुभयो । कपिलवस्तुमा राजा महानामले दुव्लाएका भिक्षुहरूलाई महिनौंसम्म सन्तुष्ट हुनेगरी भोजन दान दिए ।

बुद्धले आफ्नो तेह्रौं वर्षायाम चालिय पर्वत (आधुनिक बुन्देल-खण्ड, भारत) मा बिताउनु भयो । त्यसपछि आफ्नो भ्रमणको सिल-सिलामा बुद्ध वैशाली पुग्नु भयो । वैशालीको सेनापतिको नाउँ सिंह थियो । उनी जैन थिए । उनले बुद्धको धेरै प्रशंसा सुनेका थिए र बुद्ध भेट्ने ठूलो लहर पालेको थियो । उनका गुरु निर्गन्थनाथ पुत्र (महावीर) ले उनलाई बारम्बार रोके । अन्तमा उनले बुद्धसँग भेटेर उहाँको उपदेश सुने । महावीरले बुद्ध विरुद्ध लगाइएका लांछनाहरू-लाई बुद्धले यति रमाइलोसँग उपदेश दिनु भयो कि सिंहले बुद्धको अनुयायी बन्ने घोषणा गरे । बुद्धले सिंहले जैन धर्मलाई चटक्कै छोड्न अगाडि राम्ररी सोच्न सल्लाह दिनु भयो । सिंह झन प्रभावित भए । उनले उपासक हुने दृढता व्यक्त गरेपछि बुद्धले जैन गुरुहरूलाई दिएर आइरहेको दान दक्षिणामा कमि नगर्ने सुझाव दिनुभयो । अर्को दिन सिंहले बुद्धलाई भोजनको निमन्त्रणा गरे । भोजनमा मासु पनि थियो जुन कुरालाई लिएर जैन गुरुहरूले बुद्धप्रति लांछना लगाउन खोजे । पछि बुद्धले आफूलाई भनेर किटान गरी नमारेको वा त्यस्तो नसुनेको वा त्यस्तो शंका नभएको मासु खानु हुने कुरा स्पष्ट पार्नु भयो ।

Downloaded from http://dhamma.digital

बुद्धले आफ्नो चौधौं वर्षायाम श्रावस्तीमा बिताउनु भयो। त्यहाँ बुद्धले भिक्षुहरूलाई दिनको एक छाकमात्र (अपरान्ह अगाडि) खाने नियम बनाउनु भयो।

आफ्नो पन्ध्रौं वर्षायाम बुद्धले कपिलवस्तुमा बिताउनु भयो। त्यहाँ एकदिन बुद्धका ससुरा सुप्रबुद्धले रक्सी टिल्ल खाई बुद्धको बाटो छेकिदिए। सुप्रबुद्धले आफ्नी छोरी यशोधरालाई छोडेर गएकोले बुद्धसँग द्वेष राख्दथे। बुद्ध फर्केर जानु पऱ्यो। केही दिन पछि सुप्रबुद्धको मृत्यु भयो।

पछि बुद्ध आलवी (वर्तमान कानपुरतिर) जानुभयो। त्यहाँ आलवक यक्ष नामक भयङ्कर व्यक्तिलाई बुद्धले आफ्नो अनुयायी बनाउनु भयो। बुद्धले सोह्रौं वर्षायाम आलवीमै बिताउनु भयो।

आलवीमै एकजना किसानको गोरू हराएको थियो। बुद्धलाई भेट्न जाने उनको ठूलो रहर थियो, तर गोरू खोज्ने काम बढी महत्वको थियो। बल्ल तल्ल गोरू भेट्टाएर हत्तपत्त बुद्ध भएको ठाउँमा गई उपदेस सुन्न पुगे। थकित र भोको सो किसानलाई देखेर बुद्धले पहिले उनलाई केही खवाउने आदेश दिनु भयो। उक्त किसानको पेट भरेपछि मात्रै बुद्धले उपदेश दिनु भयो भोको पेटमा उपदेश सुन्न सकिदैन भन्ने बुद्धको विश्वास थियो।

आफ्नो सत्रौं वर्षायाम बुद्धले राजगृहमा बिताउनु भयो। राजगृहमै एक बिहान बुद्धले सिगाल नामको युवकले नदीमा नुहाई तल, माथि र चारै दिशामा वन्दना गरिराखेको देखे। कारण सोध्दा सिगालले आफ्नो बुबाले मर्न अगाडि ६ वटै दिशालाई नमस्कार गर्ने

Downloaded from http://dhamma.digital

आदेश दिएर गएको कुरा सुनाए । अनि बुद्धले भन्नुभयो कि ६ दिशाको वास्तविक तात्पर्य आमा–बाबु (पूर्व), गुरु (दक्षिण), परिवार (पश्चिम), मित्रहरू (उत्तर), आध्यात्मिक गुरु(माथि) र नोकर (तल) हुन् र तिनीहरूलाई नमस्कार गर्नुको अर्थ हो तिनीहरूप्रतिको सही कर्तव्यको पालन गर्नु । बुद्धले तिनीहरूप्रति गरिनु पर्ने सामाजिक व्यवहारको विस्तृत उपदेश दिनु भयो । सिगालको आँखा खुल्यो ।

**तक्षशिला** (वर्तमान पाकिस्तानमा) को राजा **पुक्कुसातिले** बुद्धको प्रशंसा सुनेर बुद्धलाई भेट्छु भनेर **राजगृह** आएछ । राति एक जना कुम्हालेको घरमा बास बसेछ । सोही घरमा, सोही कोठामा बुद्ध पनि बास बस्न पुगेछन् । रातभरिको ज्ञानवर्द्धक छलफल पछि मात्र पुक्कुसातिले बुद्धलाई चिनेछ । अर्को दिन पुक्कुसाति भिक्षु बन्ने इच्छाले चीवरको लागि शहर जाँदा बाटोमा गाइले हानेर मारिदियो । घरपति कुम्हाले धनीयले पनि अर्को कोठामा बसेर राति बुद्धको उपदेश सुनिरहेका थिए । उनी पछि भिक्षु भए ।

एकपल्ट बुद्ध **सारनाथ** पुग्नु भयो । त्यतिबेला एकजना बिरामी भिक्षुलाई मासुको सूप खानु परेको थियो । **सुप्रिया** नामकी उपासिकाले बजारमा कतै मासु नपाएकोले आफ्नै जाँघका मासु काटी त्यसको सूप बनाई भिक्षुलाई खुवाईन् । बुद्धले सो कुरा थाहा पाएर मानिसको मासु कुनै पनि हालतमा खान नहुने नियम बनाउनु भयो ।

बुद्धले आफ्नो अठाह्रौं र उन्नाइसौं वर्षायामहरू **चालिय पर्वत**-मा बिताउनु भयो ।

Downloaded from http://dhamma.digital



कालामहरूलाई बुद्धको उपदेश

Downloaded from http://dhamma.digital

एकपल्ट चारिका गर्दै बुद्ध कोशल राज्यको केसपुत्र नामको गाउँमा पुग्नु भयो। त्यहाँका बासिन्दा कालामहरूले बुद्धसँग सोधे कि विभिन्न विचारका विभिन्न विद्वानहरूले आफ्नै विचार मात्र सही हो भन्छन्, कसलाई ठीक मान्ने ? तब बुद्धले भन्नु भयो, "कुनैपनि कुरा परम्परागत हो भन्दैमा, चलनबाट आएको हो भन्दैमा, ग्रन्थमा लेखिएको छ भन्दैमा, तर्क सम्मत छ भन्दैमा, शास्त्र सम्मत छ भन्दैमा, राम्रो देखिन्छ भन्दैमा, आफ्नो मतसँग मिल्छ भन्दैमा, आकर्षक व्यक्तिले भनेको हो भन्दैमा, गुरु आचार्यहरूले भनेको हो भन्दैमा आँखा चिम्ली स्वीकार नगर्नू ! तिमीहरूको आफ्नै स्वतन्त्र चिन्तनले सही सिद्ध भएमा मात्रै स्वीकार गर्नू !"

बीसौं वर्षायाम चाहिं बुद्धले राजगृहमा बिताउनु भयो।

त्यसैबेला सुदिन्न नामक भिक्षुलाई आफ्नो पुरानो घरमा भिक्षाटन गर्न गएको बेला उनको परिवारले उसलाई उनको पूर्व पत्नीसँग सुत्न लगाए। सो घटना थाहा पाएर बुद्धले मैथुन क्रिया गर्ने भिक्षुलाई संघबाट निष्काशन गर्ने नियम बनाउनु भयो।

त्यस्तै धनीय भिक्षुले आफ्नो विहार बनाउन राजकीय काठहरू राजाको स्वीकृति नलिई लगेको कुरा बुद्धले थाहा पाउनु भयो। चोरी गर्ने भिक्षुलाई संघबाट निकाल्ने नियम बन्यो।

पछि बुद्ध वैशाली जानु भयो। त्यहाँ एकदिन बुद्धले शरीर भित्रको घिनलाग्दो तत्वहरूबारे उपदेश दिनु भयो। सो उपदेश सुनेर कोही कोही भिक्षुहरूलाई आफ्नो शरीरदेखि यति घिन लाग्यो कि उनीहरूले आत्महत्या गर्नथाले! ती मध्ये कोहीले मिगलण्डिक भन्ने भिक्षुलाई

Downloaded from http://dhamma.digital

तलवारले आफ्नो टाउको काटिदिन अनुरोध गर्न थाले । मिगलण्डिकले पनि मर्ने इच्छा गर्ने त्यस्ता भिक्षुहरूको टाउको धमाधम काट्न थाले ! बुद्धले जब त्यो कुरा थाहा पाउनु भयो तब मान्छेको हत्या गर्ने भिक्षुलाई संघबाट निकाला गर्ने नियम बनाउनु भयो । अनि बुद्धले भिक्षुहरूलाई भेला गरी आनापान सति ध्यानको उपदेश दिनु भयो र भिक्षुहरूमा स्वघृणाको भाव हट्यो ।

त्यतिबेला **वग्गमुदा नदी** (वर्तमान बाहुमति नदी वैशाली) को किनारमा बस्ने भिक्षुहरू अति सुखी थिए । तिनीहरूले त्यहाँका बासिन्दालाई आफूमा दैवीय शक्ति छ, चमत्कार गर्ने शक्ति छ भनी फकाई आरामसँग खाई लाई बसेका थिए । सो कुराको जानकारी हुनासाथ बुद्धले तिनीहरूलाई बेस्सरी झपार्नु भयो । अनि आफूमा नभएको चमत्कारिक शक्तिको घोषणा गर्ने भिक्षुलाई संघबाट निकाला गर्ने नियम बन्यो ।

त्यही ताका कोशल राज्यको **जालिनी** जङ्गलमा **अंगुलिमाल** नामक ज्यानमारा डाँकाको आतङ्क मच्चिएको थियो । हजारौं मान्छे उनले मारिसकेका थिए । आफूले मारेका मृतहरूको कान्छी औंलाको हार बनाई उनी लगाउने गर्थे । एकपल्ट बुद्ध उक्त जङ्गलमा जानु भयो । अंगुलिमालले बुद्धलाई पनि मार्ने कोशिश गरे । तर बुद्धले उनलाई चित्त बुझ्ने गरी उपदेश दिई वशमा लिनु भयो । खुंखार हत्यारा भिक्षु बने । सारा शहर बुद्धप्रति कृतज्ञ भए । अंगुलिमाल भिक्षुको रूपमा धेरै प्रसिद्ध भए । पछि थुप्रै डाँकाहरू सजायबाट बच्न भिक्षु बन्न आएकोले डाँकाहरू भिक्षु बन्न निषेध गरियो । स्वयं अंगुलिमाल-

Downloaded from http://dhamma.digital



जसले रोगीको सेवा गरेको हुन्छ, उसले मेरो
सेवा गरेको हुन्छ–बुद्ध (पृष्ठ ३०)

Downloaded from http://dhamma.digital

लाई कालान्तरमा एउटा गाउँमा भिक्षा माग्न जाँदा ढुङ्गा मुढा प्रहार गरी मारिदियो ।

मेण्डक सेठकी नातिनी विशाखाको विवाह श्रावस्तीका सेठसँग भएको थियो । विशाखाले सो घरका प्रत्येक व्यक्तिलाई बौद्ध बनाइ-सकेकी थिइन् । बुद्ध र भिक्षु संघलाई कहिल्यै अभाव नहुने गरी उनी दान दिन्थिन् । एकपल्ट उनी मेलामा गई त्यहाँबाट जेतवन विहारमा बुद्धलाई भेट्न गइन् । आफूले लगाएको "महालता" आभूषण विहार-भित्र लगाउन नराम्रो देखिने हुनाले फुकालेर पोको पारेर लगिन् । विहारबाट फर्कंदा पोको लिन बिर्सेछिन् । भिक्षु आनन्दले सो पोको देखी कसैको होला भनेर सुरक्षित ठाउँमा राखिदिए । आफ्नो आभूषण सम्झेर विशाखाले पोको लिन पठाउँदा भिक्षु आनन्दले सो पोको छोइसकेको थाहा पाइसकेपछि सो गहना विशाखाले भिक्षु संघलाई नै प्रदान गर्ने निधो गरिन् । संघलाई गहना बेकामको हुनाले शहर भरि सो गहना लिलामको लागि घुमाइयो । त्यो गहना किन्न सक्ने क्षमता त्यतिबेला विशाखा बाहेक अन्य दुई जना मात्र श्रावस्तीमा थिए । अन्तमा कसैले नकिनेकोले विशाखा स्वयंले अपूर्व धनराशी तिरेर आफ्नो गहना आफैले किनिन् । सो धनबाट विशाखाले बुद्धको लागि पूर्वाराम भन्ने भव्य विहार बनाइ दिइन् ।

एकपल्ट बुद्ध र उहाँको सेवा गर्ने भिक्षु नागसमाल कतै गइ-रहेका थिए । एक दोबाटोमा पुगेपछि बुद्धले एकातिर जान चाहनु भयो तर नागसमाल अर्को बाटो जान चाहन्थे । अन्तमा नागसमालले आफूले बोकी आएको बुद्धको भिक्षापात्र भुईंमै राखी बुद्धलाई एक्लै

Downloaded from http://dhamma.digital

छोडेर आफ्नो बाटो लागे । बेलुकी बुद्धले भिक्षुहरूलाई बोलाई आफू वृद्ध भइसकेको कारणले आफूलाई नीजि सेवकको आवश्यकता परेको कुरा भन्नु भयो । त्यसबेलादेखि भिक्षु आनन्द बुद्धका नीजि सेवक भए र बाँकी पच्चीस वर्षसम्म छाँया जस्तै बुद्धको सँगसँगै रहे ।

बुद्धका विरोधी धर्मगुरुहरूले बुद्धलाई बदनाम गर्ने अर्को षडयन्त्र गर्न थाल्यो । सो अनुरूप चिचा माणविका भन्ने युवतीलाई प्रतिदिन बेलुका जेतवनतिर पठाउने गरिन् । चिचाको पेट ठूलो हुंदै आयो । एकदिन जेतवनमा श्रावस्तीका गण्यमान्य सबै भएको एक भव्य सभामा चिचा माणविका उठी सबैको अगाडि बुद्धले आफूलाई पेट बोकाइदिएको घोषणा गरिन् । तर केही क्षणपछि एउटा ठूलो हुरी आयो र चिचाले पेटमा बाँधिराखेको काठको मूढो भुईंमा खस्यो, र त्यहीं नै षडयन्त्रको भण्डाफोड भयो ।

एकदिन बुद्ध एउटा विहारमा भ्रमणमा जाँदा एकजना रोगी भिक्षु अशक्त भई मलमूत्रमा लछार–पछार भई खाटमा परिरहेको देख्नु भयो । बुद्धले तुरन्त तातोपानी मगाई आफ्नै हातले सो रोगीलाई सफा गरी आरामसँग बस्न लगाउनु भयो । अनि भिक्षुहरूलाई सो भिक्षुलाई कसैले वास्ता नगरेकोमा आफ्नो असन्तुष्टी जनाउनु भयो । बुद्धले घोषणा गर्नु भयो, "जसले रोगीको सेवा गर्छ, उसले मेरो सेवा गरेको हुन्छ ।"

त्यसपछि बुद्धले पच्चीस वर्षसम्म ठाउँ ठाउँ चहारी धर्म प्रचार गर्नु भयो । तर वर्षायाम प्रायः सबै (एक्काइसौंदेखि पैंतालिसौंसम्म) श्रावस्तीको जेतवन र पूर्वाराममा व्यतित गर्नु भयो ।

Downloaded from http://dhamma.digital



कृशा गौतमी

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

राजगृहमा वक्कलि भन्ने व्यक्ति बुद्धको तेजस्वी अनुपम रूपदेखि प्रभावित भई सँधै बुद्धको मुख हेरिराख्नको लागि भिक्षु बने। एकदिन बुद्धले वक्कलिलाई बोलाई भने, "मलाई हेरेर तिमीलाई के फाइदा हुन्छ? मेरो यो शरीर त मलमूत्रपूर्ण छ। ज्ञान लाभ गर्ने कोशिश गर। जसले धर्मलाई देख्दछ उसले मलाई (बुद्धलाई) देख्दछ!" कालान्तरमा आफूले केही ज्ञान पाउन नसकेकोले वक्कलिले आत्म-हत्या गरे।

श्रावस्ती कै एक गृहस्थी कृशा गौतमीको नवजात शिशुको मृत्यु भएको थियो। आफ्नो छोरो मरेकोले उनी बौलाहेकी थिइन्। मरेको बच्चा च्यापी ठाउँ ठाउँमा गई बच्चालाई जिलाइदिन अनुरोध गर्दै हिड्ने गर्थिन्। कुनै एकजनाले कृशा गौतमीलाई बुद्ध ठूलो वैद्य हुनुहुन्छ उहाँकहाँ जानू भनी सुझाव दिए अनुरूप उनी मरेको बच्चालाई लिई बुद्धकहाँ जिलाइदिन प्रार्थना गर्न पुगिन्। बुद्धले कृशा गौतमीको मनोवैज्ञानिक अवस्थालाई बुझी उनलाई बच्चा जिलाउनको लागि एक मुट्ठी तोरी त्यस्तो घरबाट ल्याउन आदेश दिनु भयो जहाँ कहिल्यै कोही नमरेको होस्! कृशा गौतमी नगरको घर घर दैलो दैलोमा पुगी त्यस्तो घर खोज्दै गइन् र असफल भइन्। अनि उनले बुझिन् कि उनको बच्चामात्र मरेको थिएन, सबैलाई मर्नु पर्नेछ र मरेपछि पुनः जिलाउन सकिदो रहेनछ। उनी बुद्धकहाँ गई आफूले अनित्य बुझेको कुरा भनिन् र भिक्षुणी भइन्।

धानञ्जानी ब्राह्मणी बुद्धकी अनन्य भक्त थिइन्। उनको लोग्ने भारद्वाज ब्राह्मणलाई सो कुरा पटक्कै मन परेको थिएन। एकदिन

Downloaded from http://dhamma.digital

उनको लोग्ने **भारद्वाज ब्राह्मणले** रिसले चूर भई बुद्धलाई "हिंसा"को विषयमा वाद विवाद गरेर हराउँछु भन्ने विचारले बुद्धसँग विवाद गर्न गए। बुद्धले भन्नुभयो,–"जीवन सुखमय पार्न हत्या गर्नुपर्छ, तर रिसको हत्या गर्नु पर्छ !" प्रभावित भई भारद्वाज भिक्षु भए। सो कुरा थाहापाई केही दिनपछि उनको भाइ **अक्कोसक भारद्वाजले** रिसले मुर्मुराई बुद्धकहाँ गई भएभरको गालि गर्न थाले। बुद्ध कति पनि नरिसाएको देखी अन्तमा आफै थाकेर अक्कोसक चुपलाग्नु पर्‍यो। अनि बुद्धले अक्कोसकलाई यदी कोही पाहुनालाई पसारेको भोजन पाहुनाले स्वीकार नगरे कसले खान्छ भनी सोध्दा ब्राह्मणले म आफैं खान्छु भने। अनि बुद्धले भन्नु भयो,– "त्यसरी नै तिमीले दिएको एउटा पनि गालि मलाई स्वीकार्य छैन। रिसाउने व्यक्तिमाथि नरिसाउने व्यक्तिको नै विजय हुन्छ।" अक्कोसकलाई चित्त बुझ्यो र उनी पनि भिक्षु भए।

त्यतिबेला श्रावस्तीमा घुम्न आइराख्ने **शुभ तोदेय्यपुत्र** ब्राह्मणले बुद्धको प्रशंसा सुनी बुद्धकहाँ भेट्न गए र ब्राह्मणहरूले श्रमण (भिक्षु) भन्दा गृहस्थ (ब्राह्मण) श्रेष्ठ छ भन्ने गरेको कुरा बताए। अनि बुद्धले सही विचारधारा भएमा दुवैले मोक्ष प्राप्त गर्न सक्ने कुरा बताउनु भयो। कुनै पनि ब्रह्मणले आफूले भन्ने गरेको ब्रह्म र स्वर्गको आफैले साँच्चै अनुभव गरेको छैन भनी बुद्धले भन्नु भयो। मोक्ष प्राप्त गर्न मैत्री, करूणा, मुदिता र उपेक्षाको आवश्यकता छ भनी बताउनु भयो।

एकपल्ट **यमेलु र यमेलुटेकुला** नामक ब्राह्मणहरू बुद्धकहाँ गइ उहाँको शिक्षा संस्कृतको प्रचार गर्ने आग्रह गर्न गए। बुद्धले

Downloaded from http://dhamma.digital



पटाचारा बुद्धको शरणमा

Downloaded from http://dhamma.digital

इन्कार गर्नु भयो र मातृभाषामा नै उपदेश दिनु उचित भएको कुरा भन्नु भयो।

पटाचारा भन्ने आइमाईको जीवनमा ठूलो आपत आइपरेको थियो। बीच बाटोमै उनले एउटा छोरा जन्माएकी थिइन्। त्यहीं उनको लोग्नेलाई सर्पले टोकेर मारेको थियो। केही क्षणमा नवजात छोरालाई चीलले टिपेर लग्यो। ठूलो छोरालाई त्यही बेला नदीले बगाएर लग्यो। पछि माइत फर्कदा सो घर पनि आगोले भष्म भइसकेको थियो। त्यसरी आफ्ना सारा परिवार गुमाइसकेपछि उनी बौलाइन्। सुधबुध हराएकी पटाचारा नाङ्गै हिड्थिन्। एकदिन मानिसहरूले लखेटेर ल्याएकोले उनी भागेर जेतवन भित्र पसिन्। त्यहाँ बुद्धले उनलाई आश्रय दिनु भयो। पछि उनी प्रख्यात भिक्षुणी भइन्।

सारिपुत्रको भाइ खदिरवनीय रेवत खैरको जङ्गलमा बस्थे। उनी अर्हत थिए। उहाँको निमन्त्रणामा बुद्ध आफ्नो भिक्षु संघ सहित एक महिनाको लागि सो वनमा बस्न जानु भयो। त्यहाँबाट फर्केर श्रावस्ती आउँदा विशाखाले त्यो ठाउँ कस्तो थियो भनी भिक्षुहरूसँग सोध्दा कसैले राम्रो कसैले नरमाइलो भनी भने। अनि बुद्धले सत्पुरुषहरू बस्ने ठाउँ सबै रमणीय हुन्छन् भनी टिप्पणी गर्नु भयो।

जीवक वैद्य बुद्ध र भिक्षु संघका वैद्य थिए। धुप्रै भिक्षुहरू बढी खानाले मोटाएको र अल्सी भएको महसुस गरी उनले बुद्धसँग भिक्षुहरूको लागि उचित नियम बनाईदिन आग्रह गरे। त्यसपछि बुद्धले भिक्षुहरूले व्यायाम गर्नु पर्ने र सर सफाई गर्नु पर्ने अरू धुप्रै नियमहरू बनाउनु भयो।

Downloaded from http://dhamma.digital

एकपल्ट बुद्ध भिक्षुहरू सहित कोशल राज्यमा कतै गइराख्नु भएको थियो। एक ठाउँमा आगो देखेर बुद्धले भिक्षुहरूलाई दुष्ट हुनुभन्दा आगोमा होमिनु जाति छ भनी उपदेश दिनु भयो। सो उपदेशमा वर्णित उपमाहरू सुनेर कोहीले ज्ञान लाभ गरे, कोहीले वान्ता गरे र कोहीले निरूत्साही भई भिक्षुत्व नै त्यागेर गए। सो कुरा थाहा पाई बुद्धले केही दिन पछि भिक्षुहरूलाई उत्साहित पार्न अर्को उपदेश दिनु भयो कि कुनै पनि भिक्षुले आँखा चट्काउँदा लाग्ने समय जति मात्रै सुविचार राख्दछ भने पनि उनी भिक्षु कहलाउन लायक छ।

एकपल्ट वर्षायाम पछि बुद्ध दक्षिणागिरीमा जान चाहनु भएछ। कोशल नरेश र अनाथपिण्डिकहरू चाँहि बुद्ध श्रावस्तीमै बसोस् भन्ने इच्छा राख्दथे। तर कसैले पनि बुद्धलाई रोक्न सकेको थिएन। अनाथपिण्डकको दासी पूर्णाले आफूलाई दासत्वबाट मुक्त गरिदिएमा बुद्धलाई श्रावस्तीमै बसाउने प्रयास आफूले पनि गर्ने जाहेर गरिन्। अनाथपिण्डिकले सो प्रस्ताव स्वीकार गरे। अनि पूर्णले गएर बुद्धलाई श्रावस्तीमै बस्नु हुन अनुरोध गरिन्। वर्षायाम पछि श्रावस्तीमै बसेमा पूर्णाले दासत्वबाट मुक्त हुने कुरा थाहा पाई, बुद्धले, पूर्णाको कुरा स्वीकार गर्नु भयो। पूर्णा दासत्वबाट मुक्त भइन् र पछि भिक्षुणी भइन्।

अर्कोपल्ट बुद्ध राजगृहमा छँदा पूर्ण नामक व्यक्तिले बुद्धसँग दर्शन सम्बन्धित कुरा गर्न आए। बुद्धले भन्नु भयो कि प्रायः गुरुहरूलाई रूप (पदार्थ,) वेदना, संज्ञा, संस्कार र विज्ञान (चेतना) को बारे ज्ञान छैन र अनित्यताको दर्शन गर्न सकेको छैन, 'म' र 'मेरो' भन्ने जगतमा केही पनि छैन।

Downloaded from http://dhamma.digital



कुमार काश्यप माता भिक्षुणी (पृष्ठ ३५)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

राजगृहबाट बुद्ध चम्पा (वर्तमान चम्पानगर, भागलपुर नजिक) मा पुग्नु भयो। त्यहाँ गग्गरा पोखरीको छेउमा बस्नु हुँदा बुद्धले एकजना झगडालु भिक्षुलाई देख्नु भएछ। त्यो भिक्षुले गर्दा एक भिक्षु पनि बिग्रन सक्दछ भन्ने विचारले सो भिक्षुलाई भिक्षु संघबाट निकाल्ने आदेश दिनु भयो।

एकपल्ट एउटी गर्भिणी भिक्षुणीलाई बुद्धको अगाडि ल्याइयो। छानबिन पछि उनी भिक्षुणी हुनुभन्दा अगाडि नै गर्भिणी भएको कुरा ठहर भयो। उनले विहारमै छोरो जन्माए। त्यो बच्चा पछि भिक्षु कुमार काश्यपको नामले प्रख्यात भयो।

राजगृहकी प्रसिद्ध वेश्या अढकाशी भिक्षुणी बनिन्। उनी पूर्ण भिक्षुणी हुन चाहन्थिन्। तर केही गुण्डाहरूले उनलाई श्रावस्ती नपठाउन बाटो छेक्ने गर्थे। फलत: बुद्धले एक दूतद्वारा उनलाई पूर्ण भिक्षुणी बनाउनु भयो।

एकदिन बुद्धले जेतवनमा उपदेश दिँदै हुनुहुन्थ्यो, "जसले मन स्वच्छ पार्छ, ऊ पानीमा ननुहाइकन पनि स्वच्छ छ।" सुन्दरिक भारद्वाज नामको एक श्रोताले बुद्धसँग सोधे कि बुद्धले शुद्ध हुनको लागि बाहुका नदी (वर्तमान धुमेल नदी, भारत) मा नुहाउनु भएको थियो कि थिएन। अनि बुद्धले नदीमा नुहाउँदैमा कोही शुद्ध हुँदैन भनी उपदेश दिनु भयो। सुन्दरिक भिक्षु भए।

एक बिहान भिक्षाटन गर्दै बुद्ध अग्गिक भारद्वाजले यज्ञ गरिर-हेको ठाउँमा पुग्नु भयो। त्यहाँ सो ब्राह्मणले बुद्धलाई "वसल" (नीच जातको चण्डाल) भनी भित्र पस्न दिएन। अनि बुद्धले उनलाई भन्नु

Downloaded from http://dhamma.digital

भयो, "वसल त्यो हो जसले हत्या गर्दछ, धोका दिन्छ; जो निर्दयी छ; कर्तव्यबाट भाग्छ। जन्मले कोही ठूलो वा सानो जातको हुँदैन, कर्मले नै ठूलो वा सानो जातको होइन्छ।" अग्गिक प्रभावित भए।

त्यतिबेला कसैलाई पूर्ण भिक्षु बनाउन १० जना भिक्षुहरूको अनुमति चाहिन्थ्यो। भिक्षु महाकात्यायन अवन्तिमा बस्दथे र उनले आफ्नो शिष्य सोणकुटी कर्णलाई भिक्षु बनाउन तीन वर्ष कुर्नु पर्‍यो किनकि अवन्तिमा धेरै थोरै भिक्षु थिए। त्यसपछि सोणकुटि कर्णले आफ्नो गुरुको आज्ञा लिई श्रावस्तीमा बुद्धको दर्शन गर्न आए। उनको प्रार्थनामा बुद्धले दुर्गम ठाउँहरूमा भिक्षु बनाउन पाँच जना भिक्षु भए पुग्ने, विशेष प्रकारको जुत्ता लगाउन सकिने आदि नियमहरू बनाउनु भयो।

एकदिन विशाखा बुद्धकहाँ गएर आफूले कमाएको धनमा धेरै कर तिर्नु पर्ने र राजा प्रसेनजीत धेरै बेफुर्संदी भएकोले कर सम्बन्धित विषयमा ध्यान दिन नसकेको व्यथा बताइन्। अनि बुद्धले विशाखालाई अरूहरूको अधिनमा बस्नु पर्नु पनि दुःख नै हो भन्नुभयो।

एकपल्ट चारिका गर्दै बुद्ध मगध देशको मातुला भन्ने गाउँमा पुग्नु भयो। त्यहाँ भिक्षुहरूलाई उपदेश दिनु भयो, "आफ्नो प्रकाश आफै बन। अरूको भरमा नपर। तिमी आफ्नो मालिक आफै हौ, स्वाबलम्बी बन।"

चारिका गर्दै बुद्ध मगधको अन्धकविन्द (राजगृह नजिकै) पुग्नु भयो। त्यहाँ बुद्धलाई पेट दुखेछ। भिक्षु आनन्दले भिक्षाटन गई बुद्धको लागि औषधी ल्याए। केही दिनमा बुद्ध निको हुनुभयो।

Downloaded from http://dhamma.digital

त्यस्तै एकपल्ट श्रावस्तीमा वर्षावास बिताउनु भएपछि बुद्ध धर्म प्रचारार्थ अन्यत्र जानु भयो। श्रावस्तीवासीहरूको लागि बुद्धको प्रतीक हुने गरी भिक्षु आनन्दले जेतवनमा बोधिवृक्षको एक हाँगा रोप्नु भयो। बुद्धको प्रतीकको रूपमा पूजा गर्ने सायद त्यो प्रथम शुरुवात थियो।

बुद्ध जब विदेह राज्यमा चारिका गर्दै हुनुहुन्थ्यो, तब मिथिलाको एक प्रसिद्ध ब्राह्मण ब्रह्मायुले बुद्धको शरीरमा ३२ लक्षण छन् भनेको हो होइन ठहर गर्न आफ्नो शिष्य उत्तरलाई जासुसी गर्न पठाए। सात महिनासम्म बुद्धको पछि पछि लागेपछि रहन सहन, व्यवहार र उहाँको शरीरका लक्षणहरूबाट प्रभावित भई ब्रह्मायुलाई भन्न आए। पछि बुद्ध मिथिला पुग्नु भयो र ब्रह्मायुले बुद्धको ३२ लक्षणको आफैंले दर्शन गर्न पाए। बुद्धको उपदेश सुनी ब्रह्मायु बुद्धका अनुयायी बने।

बुद्ध पछि राजगृह पुग्नु भयो। बुद्धलाई बदनाम गर्न नसकेर डाही भइराखेका परिव्राजकहरूले बुद्ध पक्के जादुगर हुनुपर्दछ, उसको मायाजालको विद्या थाहा पाउनु पर्‍यो भन्ने विचार राखी सरभ परिव्राजकलाई भिक्षु हुन पठाए। केही समय भिक्षु बनी भिक्षु नियमहरू कण्ठ गरी सरभले अब मैले पनि मायाजाल जानि लिएँ भनेर भिक्षुत्व छोडिदिए। शहर भरि "बुद्धको शिक्षा मैले बुझें, यसमा केही विशेषता छैन" भन्दै हिंड्न थाले। अनि बुद्ध स्वयं सरभ बसिरहेको आश्रममा गई सबैको अगाडि उनलाई चुनौति दिनु भयो। सरभले बोल्न सकेन। बुद्धले भन्नुभयो, "मैले देखाएको बाटोमा हिंड्ने कहिल्यै दुर्गतिमा पर्दैन।" बुद्ध गइसके पछि सबैले सरभको निन्दा गरे।

Downloaded from http://dhamma.digital

कपिलवस्तुमा नयाँ संस्थागार (संसद भवन) बनेको थियो। बुद्ध त्यतिबेला कपिलवस्तुमा हुनुहुन्थ्यो। शाक्यहरूको प्रार्थनामा बुद्धले सो संस्थाको उद्घाटन गर्नु भयो। त्यति नै बेला रोहिणी नामकी कुष्ठ रोगी कन्याले बुद्धलाई एक विहार दान दिइन्।

एक दिन श्रावस्तीको पूर्वाराम विहारमा बुद्ध घाम तापेर बस्नु भएको थियो। त्यतिबेला मालिस गरिराख्ने भिक्षु आनन्दले बुद्धको शरीर बूढो हुँदै गएको कुरा व्यक्त गरे। बुद्धले संसारका सबै कुरा अनित्य छन् भनी भन्नु भयो।

वैशालीमा सच्चक परिव्राजक नामका ठूलो विद्वान् थिए। उनी आफू जस्तो ज्ञानी कोही पनि छैन भनी घमण्ड गर्थे। उनका थुप्रै अनुयायीहरू थिए। वाद विवादमा उनलाई कसैले हराउन सकेको थिएन। एकपल्ट जब बुद्ध वैशाली पुग्नु भयो, उनी आफ्ना अनुयायी-हरूका साथ बुद्धलाई वाद विवादमा हराउँछु भनी घमण्ड गर्दै बुद्ध भएको ठाउँमा गए। त्यहाँ उनले बुद्धलाई के कुरामा उपदेश दिन्छौ भनी सोधे। बुद्धले "म अनित्यताको उपदेश दिन्छु, अनात्मवादको सिद्धान्त भन्छु" भन्नु भयो। तब सच्चकले "म त आत्मा मान्छु, 'म' नै आत्मा हो" भनी वकालत गर्न थाले। तब बुद्धले सोध्नुभयो, "यदि तिमी आफै आत्मा हो भने तिमी आफ्नै शरीरलाई किन नियन्त्रण गर्न सक्दैनौ? किन तिम्रो शरीर तिम्रो आदेश बिना बूढो हुँदै जान्छ?" सच्चक निरुत्तर भए। अन्तमा सच्चकले आफ्नो पराजय स्वीकार्नु पर्‍यो।

चारिकाको क्रममा बुद्ध भर्ग राज्यको सुंसुमारगिरी (वर्तमान् चुनार, भारत) पुग्नु भयो। कौशाम्बीको राजकुमार बोधि राजकुमार-

Downloaded from http://dhamma.digital

ले त्यहाँ एउटा भव्य महल बनाएका थिए जसको उद्घाटन गर्न बुद्धलाई निमन्त्रणा दिइयो। बुद्धले सो महलमा प्रवेश गर्नु भई भोजन गर्नु भयो। तब बोधि राजकुमारले "सुख प्राप्त गर्न दुःख सहनु पर्छ" भन्ने आफ्नो धारणा व्यक्त गरे। अनि बुद्धले आफ्नो जीवनी बताउँदै सुख प्राप्तिको लागि अति सुख वा अति दुःख होइन, मध्यम मार्ग उपयुक्त छ भन्नु भयो। "कुनै पनि व्यक्तिले जो श्रद्धावान् छ, स्वस्थ छ, छलकपटि छैन, मेहनति छ र बुद्धिमान् छ भने एकै दिनमा निर्वाण प्राप्त गर्न सकिन्छ", बुद्धले भन्नु भयो।

चारिका गर्दै बुद्ध राजगृहमा पुग्नु भयो। त्यहाँ उत्तरा नन्दमाता नामकी एक बौद्ध उपासिका थिइन्। उनका लोग्ने र सासु दुवैले बुद्ध रूचाउँदैनथे। अनि बुद्धको शिक्षा अनुसार तीन हप्ता व्रत बस्ने विचार गरी सिरिमा नामकी राजगृहकी वेश्यालाई आफ्नो लोग्नेकहाँ सुताई आफू व्रत बस्न गइन्। अन्तिम दिनमा लोग्ने स्वास्नीको भेट भयो र उनीहरू एक अर्का देखी मुस्काए। सिरिमालाई त्यो कुरा सह्य भएन। रिसको झोंकमा उनले उम्लीराखेको पानी उत्तरा माथि खन्याइ दिइन्। पछि पश्चातापले पीडित भई उनले उत्तरासँग माफी मागिन्। उत्तराले सिरिमालाई बुद्धकहाँ लगिन् र बुद्धको उपदेश सुनी सिरिमा उपासिका भइन्। अनि आफ्नो वेश्याको पेशालाई छोडी प्रत्येक दिन आठ भिक्षुहरूलाई भोजन दान दिने गर्न थालिन्। भोजनमा आउने एक भिक्षु एक दिन सिरिमाको रूपमा मुग्ध भए। त्यही राति सिरिमा मरिन्। बुद्धले उनको लास देखाएर सो भिक्षुलाई अनित्यताको बोध गराउनु भयो।

Downloaded from http://dhamma.digital

एकपल्ट बुद्ध वैशालीमा हुँदा भद्दिय लिच्छवीले बुद्धकहाँ आई भने कि बुद्धले सामान्यजनमात्र नभई अन्य मतावलम्बीहरूलाई पनि त्यतिका अनुयायी बनाउन सक्नुमा पक्कै उहाँको मायाजाल (वशीकरण मन्त्र) को हात हुनु पर्दछ ! बुद्धले भन्नुभयो, भद्दिय !" कसैले नौलो कुरा भन्दैमा पत्यार नगर्नू ; ग्रन्थमा छ भन्दैमा, तार्किक छ भन्दैमा, राम्रो छ भन्दैमा, मतानुकुल छ भन्दैमा स्वीकार नगर्नू ; भन्ने मान्छे राम्रो छ वा गुरुले भनेको भन्दैमा विश्वास नगर्नू । पहिले आफैंले विचार गर कि त्यो कुराले हित हुन्छ कि हुन्न, दुःख कम हुन्छ कि हुन्न । तिमी नै भन कि लोभ, द्वेष र मूर्खताले दुःख बढ्छ कि घट्छ ?" भद्दियले "बढ्छ" भन्नु पर्‍यो । अनि बद्धले भन्नु भयो कि ती नै कुरा गरी, ती नै वशीकरण मन्त्रले उहाँले अनुयायी बढाएका हुन् । भद्दिय धेरै प्रभावित भई आफूलाई बुद्धको अनुयायी घोषित गरे । तब बुद्धले भन्नुभयो, "भद्दिय, मैले तिमीलाई मेरो शिष्य बन त भनेको छैन ।" अनि भद्दियले टिप्पणी गरे, "मैले बुद्धको वशीकरण मन्त्र बुझें । यो मन्त्र सबैमा लागोस् !"

भारतको सुदूर दक्षिणमा व्यापार गर्न गएको एउटा जहाजको दुर्घटना हुँदा त्यसको एक यात्री सुप्पारक (वर्तमान सोपरा, मुम्बई) मा पुगेछ । नांगो भइसकेका त्यो यात्रीले काठको लुगा लगाए र दारुचिरिय नामले प्रख्यात भए । उनको आफ्नो घरबार सम्पत्ति भन्ने केही थिएन । मानिसहरूले उनलाई महान् साधु भन्ठाने । जब उनले बुद्धको बारेमा सुने, तब उनी बुद्धलाई भेट्न श्रावस्ती आए । बुद्धले

Downloaded from http://dhamma.digital

उनलाई बाटोमै उभिएर उपदेश दिनु भयो र उनले तुरुन्तै निर्वाण प्राप्त गरे। एक क्षण पछि एउटा गाईले हान्दा उनको मृत्यु भयो।

श्रावस्तीको प्रसिद्ध गणितज्ञ गणक मौद्गल्यायन ब्राह्मणले एक-दिन पूर्वाराम विहारमा गई बुद्धसँग उहाँको शिक्षा गणितसम्मत छ छैन सोध्न गए। बुद्धले आफ्नो शिक्षा गणितसम्मत भएको प्रमाण दिनु भयो। अनि ब्राह्मणले सोधे, "तब किन तपाईंका अनुयायीहरू कोही निर्वाणमा पुग्छन्, कोही पुग्दैनन् ?" बुद्धले भन्नुभयो, "ब्राह्मण ! म त मार्गदर्शक हुँ। म बाटो देखाउँछु। जसले मेरो मार्गको अनुगमन गर्छ ऊ निर्वाण पुग्छ, जो गर्दैन उसलाई म केही गर्न सक्दैन।" प्रभावित ब्राह्मण बुद्धको अनुयायी बने।

एकपल्ट जेतवनमा बुद्धले अनाथपिण्डिकलाई भन्नु भयो, "गृहस्थहरूको लागि चार सुख छन्–भोग्य पदार्थ हुनु, भोग गर्न पाउनु, अऋणी हुनु, निर्दोष जीवन बिताउनु।"

अरिट्ठ नामको भिक्षुले त्यतिबेला बुद्धको शिक्षा उल्टो सम्झेछ। तब बुद्धले उनलाई डाकेर सबैको अगाडि उभ्यारेर भन्नु भयो, "मेरो धर्म नदी पार गराउने डुङ्गा जस्तै हो। नदी पार गर्नमा यसको उपयोग छ, पार गरिसकेपछि पनि बोकेर हिड्नलाई होइन। त्यो मानिस पापीभन्दा पनि खतरनाक छ जसले गलत धारणा पालिराखेको हुन्छ।"

कोशल नरेश प्रसेनजीतले बुद्धको व्यक्तित्वबाट प्रभावित भई बुद्धको शाक्य कुलकी कोही कन्या विवाह गर्ने निश्चय गरे। सो आशयले उनले कपिलवस्तुमा सन्देश पठाए। कपिलवस्तुका राजा

Downloaded from http://dhamma.digital

महानामले नाईं भन्न सकेन । तर आफ्नो जातिय घमण्डको कारणले वासभखत्तिया नामकी दासीपुत्रीलाई शाक्यपुत्री भनी छल गरी प्रसेनजीतसँग विवाह गरिदियो । उनीहरूको तर्फबाट जन्मेको विडूडभ नामको छोरो १६ वर्षको हुँदा पहिलोपल्ट आफ्नो मामाको घर कपिलवस्तु पुगे । त्यहाँका शाक्यहरूले जातिय अभिमानको कारण उनलाई हार्दिक स्वागत नगरी देखावटि स्वागत गरे । विडूडभ फर्केपछि उनी बसेको ठाउँलाई दासपुत्र बसेको ठाउँ भनी शाक्यहरूले दूधले पखाली शुद्ध गर्न लगाए । संयोगवश त्यो कुरा विडूडभले थाहा पाए । अनि उनले ती घमण्डी शाक्यहरूको वंश नै सखाप पार्ने प्रतिज्ञा गरे । सो घटनाले गर्दा कोशल नरेश प्रसेनजीतले पनि वासभखत्तिया दासीपुत्री भनी थाहा पाए र उनलाई अलग्गै राखे । पछि बुद्धले प्रसेनजीतलाई सम्झाई बुझाई वासभखत्तिया र विडूडभलाई पुनः स्वीकार गर्न लगाए ।

चित्र नाउँको गृहस्थी मच्छिकासण्ड (वर्तमान मछली शहर, जौनपुर, भारत) का प्रसिद्ध विद्वान् थिए । बुद्ध-धर्मका पण्डित थिए । कतिपयलाई उनले भिक्षु बनाएका थिए । कतिपए भिक्षुहरूलाई उपदेश दिन्थे । एकपल्ट उनले वादविवादमा निग्रन्थ नाथपुत्र (महाविर)लाई समेत पराजित गरेका थिए ! बुद्धको अनुयायी बनेको तीस वर्ष पछि बल्ल चित्रले श्रावस्तीमा गई बुद्धलाई भेट्ने अवसर पाए । बुद्धले स्वयं उनको प्रशंसा गर्नु भयो । केही समयपछि चित्रको मृत्यु भयो ।

चारिका गर्दै बुद्ध कौशाम्बी पुग्नु भयो । त्यहाँ बुद्धको भाइ पर्ने भिक्षु देवदत्त पनि थिए । त्यहिं नै देवदत्तको मनमा प्रथम पटक

Downloaded from http://dhamma.digital

बुद्धदेखि इर्ष्या उत्पन्न भयो। आफूले पनि कसरी बुद्धले जस्तै प्रसिद्ध पाउन सकिन्छ भनेर जुक्ति गर्न थाले। देवदत्त त्यहाँबाट राजगृह गई राजकुमार अजातशत्रुलाई आफ्नो हातमा लिए। पछि बुद्ध राजगृह पुग्दा देवदत्त बुद्धकहाँ गई "तपाई बूढो हुनुभयो; त्यसैले म भिक्षु संघ चलाउँछु" भन्न गए। बुद्धले इन्कार गरेपछि देवदत्त रिसाएर फर्के।

केही महिना पछि देवदत्त को कुमन्त्रणामा अजातशत्रुले आफ्नो बुबा राजा बिम्बिसारलाई बन्दी बनाई मगध देशको शिंहासनमा आफूले कब्जा गरे। बन्दी बिम्बिसारलाई खाना दिइएन। उनकी पत्नीले उनलाई लुकाई लुकाई खाना लग्थिन्। सो अजातशत्रुले आमालाई पनि बुबा भेट्न जानमा बन्देज लगाइदिए। बुबाले हिंडडुल गर्न नसक्ने गरी पाइतालामा घाउ बनाइदियो। अन्तमा बन्दीगृहमै बिम्बिसारको मृत्यु भयो।

मगधको नरेश अजातशत्रु हुँदा भिक्षु देवदत्त अति शक्तिशाली भए। उनले बुद्धलाई मार्न बुद्ध आउने सबै बाटोमा हत्याराहरू तैनात गरे, र ती हत्याराहरूलाई मार्न अन्य सैनिकहरू खटाए। तर साँच्चै बुद्ध अगाडि पुग्दा चाहिं हत्याराहरू उहाँको व्यक्तित्वबाट प्रभावित भई उहाँलाई मार्न सकेन। षडयन्त्र असफल भयो।

अरूहरूको भरपर्न नहुने देखी देवदत्तले आफैले बुद्धलाई मार्ने विचार गरे। राजगृहको गृद्धकूट पर्वतमा एकदिन बुद्ध हिंडिराख्नु भएको बेला देवदत्तले माथिबाट एउटा ठूलो ढुङ्गा खसाले। बुद्धलाई ढुङ्गाले लागेन, तर त्यसको एक टुक्रा फुटेर आई बुद्धको खुट्टामा पर्‍यो। बुद्ध घाइते हुनुभयो। घाइते बुद्धलाई मद्दकुच्छी लगियो र

Downloaded from http://dhamma.digital

त्यहाँबाट जीवक वैद्यको आम्रवनमा । जीवक वैद्यले बुद्धको स्याहार सुसार गरे ।

बुद्धलाई मार्ने तेस्रो प्रयास स्वरूप देवदत्तले **नालागिरी** नामको मदमत्त हात्तीलाई बुद्धलाई कुल्चाउन पठाए । तर जब बुद्ध अगाडि पुग्यो, हात्ती शान्त भयो । त्यो षडयन्त्र पनि विफल भयो । त्यतिबेला-सम्म देवदत्त अलोकप्रिय भइसकेका थिए । जनताले देवदत्तको खुल्ला निन्दा गर्न थालेकोले राजा अजातशत्रु पनि उनलाई प्रत्यक्ष सहयोग गर्न हिच्किचाए । अनि देवदत्त आफ्ना साथीहरूलाई लिएर बुद्धकहाँ गई भिक्षु संघको लागि पाँच नियमहरू बनाइदिने माग राखे; यथा, भिक्षु जङ्गलमै बस्नु पर्दछ, मागेरै खानु पर्दछ, फालिएको लुगा नै लाउनु पर्दछ, रूख मुनि नै बस्नु पर्दछ र माछा मासु पटक्कै नछुनु पर्दछ । बुद्धले जसले मन पर्छ त्यसले ती नियम पालन गरे हुने तर सबैलाई पालन गर्न बाध्य तुल्याउन नसकिने कुरा बताउनु भयो । बुद्ध विलासी भए भनेर लांछना लगाउँदै भिक्षु देवदत्तले आफ्नै भिक्षु संघ खडा गर्ने घोषणा गरेर हिंडे । कोहीले देवदत्तको समर्थन पनि गरे । भिक्षु संघ टुक्रा भयो ।

केही दिनपछि बुद्धको आदेशमा **सारिपुत्र र मौद्गल्यायन** भिक्षु देवदत्तको संघ बसेको ठाउँ गयासीस पर्वतमा पुगे । देवदत्तले तिनी-हरूलाई पनि आफ्नो भिक्षु भन्न आएको भनी फुरंग भई तिनीहरूलाई नै धर्म उपदेश दिन लगाई आफू आराम लिन गए । सारिपुत्र र मौद-गल्यायनले उपदेश दिएर ती भिक्षुहरूको हृदय परिवर्तन गरिदिए । सो ती भिक्षु सबै सारिपुत्रहरूको पछि पछि बुद्धकहाँ गए । देवदत्तले

Downloaded from http://dhamma.digital

थ्युँ भंदा सो कुरा चाल पाएछ। सो घटनापछि देवदत्त यति बिरामी भयो कि नौ महिनासम्म उनी राम्ररी उठ्न सकेन।

मगध देश र कोशलको बिचमा काशी पर्दथ्यो । काशी कोशलको अधिनमा थियो। अजातशत्रुले आफू राजा हुँदा काशीमा हमला गरे। सो कुरा थाहा पाई प्रसेनजीतले पनि अजातशत्रुमाथि जाइलागे। तर पराजित भए। पराजित प्रसेनजीत फर्किराखेको बेलामा श्रावस्तीमा **मल्लिका** नामकी सुन्दरीलाई देखेर आशक्त भए। प्रसेनजीतले मल्लिकासँग बिवाह गरे। रानी मल्लिका बुद्धकी अनन्य भक्त थिइन्। पछि उनले बुद्धको लागि **मल्लिकाराम** नामको विहार दानमा दिइन्।

**बुद्ध राजगृह** जानुभयो। त्यहाँ निग्रन्थ नाथपुत्र (जैनगुरु महावीर) ले आफ्नो अनुयायी, बिम्बिसारको छोरा **अभय राजकुमार**-लाई भने, "तिमी गएर बुद्धसँग प्रश्न गर कि बुद्धले अरूले मन नपर्ने गरी कठोर वचन बोल्छ कि बोल्दैन। यदि बोल्छ भने उसले अरूलाई कठोर वचन बोल्नु हुन्न भनेको झूठो ठहरिन्छ। यदि बोल्दिन भनेमा उसले देवदत्तलाई कठोर वचन बोलेको सर्वविदित छ।" अभय राजकुमारले बुद्धसँग तर्क गर्ने विचारले बुद्धलाई आफ्नो घरमा भोजन डाके। भोजन पछि अभयले कुरा उठाए। अनि बुद्धले अभयको काखमा भएको बच्चा देखाउँदै सोध्नु भयो, "यदि बच्चाले काठको टुक्रा निलेमा के गर्छौ?" अभयले सो टुक्रा बच्चाको मुखबाट जबर्जस्ति हात पसारेर भएपनि निकाल्छु भने। अनि बुद्धले भन्नु भयो, "त्यसरी नै वहिले-

Downloaded from http://dhamma.digital

कहिं अरूको हितको लागि कठोर वचन बोल्नु पर्ने हुन्छ।" अभय बुद्धका अनुयायी बने। पछि उनी भिक्षु बने।

नौ महिनासम्म अशक्त बिरामी भएपछि **देवदत्त**लाई आफ्नो करनीबाट पश्चाताप भयो। बुद्धसँग माफि माग्न उनी **श्रावस्ती** पुगे। बुद्ध त्यतिबेला जेतवनमा हुनुहुन्थ्यो। जेतवनको बाहिर पुगेपछि जमीन भास्सिएर त्यहिं खाल्डोमा खसी देवदत्त मरे।

त्यसपछि बुद्ध **नालन्दा** पुग्नु भयो। त्यहाँ **दीर्घ तपस्वी** नामको जैन साधुले बुद्धसँग शरीर ठूलो कि मन ठूलो भन्ने विषयमा विवाद गर्न आए। बुद्ध मनलाई ठूलो मान्थे। दिर्घ तपस्वी तत्पश्चात जैन गुरु निग्रन्थ नाथ पुत्र (महावीर) कहाँ गई आफूले बुद्धसँग सम्बाद गरेको कुरा बताए। अनि **उपालि** नामको एक जैन विद्वानले आफूले बुद्धलाई वाद विवादमा हराउने घोषणा गरे। महावीरले रोक्दा रोक्दै पनि उपालि बुद्धकहाँ गई शास्त्रार्थ गर्न गए। बुद्धले विभिन्न तर्कद्वारा मन नै मुख्य हो भनी सिद्ध गरे पछि उपालि बुद्धका अनुयायी बने। बुद्धले उपालिलाई राम्रोसँग सोच विचार गरेर मात्र आफ्नो अनुयायी बन्ने सुझाव दिए। साथै उहाँको अनुयायी बन्दैमा जैन-हरूलाई दिइआएको दान दक्षिणामा कमि नगर्ने सुझाव पनि दिए। उपालि बुद्धको अनुयायी भएको थाहा पाएपछि जैनगुरु **महावीरले** रगत ओकले। त्यसपछि उहाँलाई **पावा** लगियो, जहाँ उहाँले देह त्याग गर्नु भयो।

एकदिन नालन्दामै **केवट्ट** भन्ने गृहस्थ आई बुद्धलाई ऋद्धी प्रदर्शन गरी आफ्नो धर्मको प्रचार गरेमा अझ बढी सफल हुने विचार

Downloaded from http://dhamma.digital

व्यक्त गरे । बुद्धले जादु र चमत्कारको प्रयोग नगर्न कुरा बताउनु भयो । बुद्धले उपमा दिई ईश्वरवादको पनि खण्डन गर्नु भयो ।

बुद्ध पुनः राजगृह पुग्नु भयो । त्यतिबेलासम्म राजा अजातशत्रुलाई आफ्नो बाबु मारेकोमा ठूलो पश्चाताप भइसकेको थियो । मानसिक अशान्तिले ग्रसित थिए । राजकीय वैद्य जीवकले अजातशत्रूलाई बुद्धकहाँ लगे । बुद्धको उपदेशबाट उनलाई ठूलो मानसिक शान्ति मिल्यो । उनी बुद्धका अनन्य भक्त भए ।

एकदिन विहान फुर्सदको समय बुद्ध पोट्ठपाद परिव्राजकको आश्रममा जानु भयो । पोट्ठपाद बुद्धप्रति श्रद्धालु थिए । उनको र बुद्धको बीच गहन दर्शनको कुराकानी भयो । कुराकानीको सन्दर्भमा पोट्ठपादले तत्कालीन दार्शनिक जगतमा प्रचलित दश प्रश्नहरू बुद्धको सामु राखे । ती हुन्– लोक नित्य छ ? लोक अनित्य छ ? लोकको अन्त छ ? लोकको अन्त छैन ? जीव र शरीर उही हो ? जीव र शरीर भिन्नै हुन् ? निर्वाण पछि पनि तथागत हुन्छ ? वा हुँदैन ? वा हुन्छ पनि हुँदैन पनि ? वा न हुन्छ, न हुँदैन ? तब बुद्धले भन्नु भयो कि ती प्रश्नहरूका समाधानले मानिसलाई केही फाइदा छैन; दुःख र दुःखबाट मुक्त हुने मार्गको उहाँ उपदेश दिनुहुन्छ; अनावश्यक दर्शनलाई उहाँ प्रोत्साहित गर्नु हुन्न । बुद्धद्वारा अनुत्तरित यी दश प्रश्नहरूलाई दश अव्याकृत भनिन्छ ।

बुद्धको महान् भक्त अनाथपिण्डिकको श्रावस्तीमा मृत्यु भयो । त्यतिबेलासम्म राजा प्रसेनजीतलाई तीन पल्टसम्म अजातशत्रुले युद्धमा हराइसकेको थियो । अनि एकदिन अनुग्गह तिस्स नामको

Downloaded from http://dhamma.digital

भिक्षुले कसरी लडाईं लडेमा अजातशत्रुलाई हराउन सकिन्छ भनी अर्को एक भिक्षुलाई बताइराखेको जासुसहरूले सुने। सो कुरा थाहा पाई राजा प्रसेनजीतले त्यसरी नै रणनीति अपनाई पुन: अजातशत्रुमाथि जाइलागे र विजयी भए। पछि अजातशत्रुलाई आफ्नो छोरी दिई मगध र कोशलको झगडालाई समाप्त गरे।

एकपल्ट जब **प्रसेनजीत** बुद्धकहाँ बसिराखेका थिए, उनले छोरी पाएको समाचार पाए। उनको मुख मलिन भयो। तब बुद्धले छोरी पनि छोराभन्दा कम हुँदैन भनी उपदेश दिनुभयो। केही दिनपछि प्रसेनजीतले १६ प्रकारका भयङ्कर सपना देखे र अरूहरूको सल्लाह अनुसार महायज्ञ गर्ने अठोट गरे। तर बुद्धले त्यस्तो यज्ञ फजुल हुने कुरा बताउनु भयो र ती सपनाका अर्थ पनि भन्नुभयो।

**यशोधरा** भिक्षुणीको मृत्यु ७८ वर्षमा भयो।

प्रसेनजीतकी महारानी **मल्लिका** एकपल्ट कुकुरसँग सुतिन्। पछि केही दिनमा उनको मृत्यु भयो।

त्यतिबेला कोशल राज्यको सेनापति **बन्धुल** थिए। एकपल्ट कोशलका भ्रष्ट न्यायाधीशहरूले गलत न्याय दिएको बेला हस्तक्षेप गरेर उनले सही न्याय दिए। अनि ती भ्रष्ट न्यायाधीशहरूले राजा प्रसेनजीतको कान भरेर बन्धुललाई मार्ने षडयन्त्र गरे। योजना अनुरूप बन्धुललाई सिमानामा युद्ध गर्न पठाइयो र फर्केर आइरहेको बेला उनलाई मार्न लगाइयो। बन्धुलको हत्या भएको कुरा उनकी पत्नीले त्यति बेला सुनिन् जब उनको घरमा बुद्ध भोजन गर्दै हुनुहुन्थ्यो। बन्धुलकी पत्नीले भोजन नसकेसम्म आफ्नो मनोभाव प्रकट गरिनन्।

Downloaded from http://dhamma.digital

सो देखी सारिपुत्रले उनको प्रशंसा गरे। राजाका जासुसहरूले राजा-कहाँ सो खबर पुऱ्याए। प्रसेनजीतले आफ्नो गल्ति महसुस गरे र माफी मागे। अनि बन्धुलके भतिजा दीघ कारायणलाई सेनापति बनाए। तर दीघ कारायणले मामा बन्धुलको हत्याको बदला लिने कठोट मनमनै गरेको थियो।

भिक्षु सुनक्खत्तलाई भिक्षु संघ मन परेको थिएन; भिक्षुहरूको सरल जीवन शैली रूचाएको थिएन। उनी वैशालीको पाथिकपुत्र नामको नांगा साधुसँग प्रभावित भएका थिए, जसले बुद्धलाई ऋद्धि प्रदर्शनको चुनौती दिएका थिए, तर जो बुद्धको आगमन पछि भागेका थिए। पछि सुनक्खत्त कुकुर जस्तै भई बाँचिराख्ने कोरक्खत्त नामको नांगो साधुसँग प्रभावित भएका थिए। अन्तमा सुनक्खत्तले चीवर त्यागी बुद्धको बदनाम गर्दै हिड्न थाले। अनि बुद्धले भिक्षुहरूलाई तथागतको दशबलबारे उपदेश दिनु भयो। वैशालीबाट बुद्ध मल्ल देशमा जानु भयो। त्यहाँ भग्गवगोत्त परिव्राजकको आश्रममा गई ईश्वरवादको खण्डन गर्नुभयो।

चारिका गर्दै बुद्ध शाक्य देशको मेदलुम्प भन्ने ठाउँमा पुग्नु भयो। त्यहाँ आफ्नो सेनापति बन्धुलको मृत्युद्वारा दुःखित राजा प्रसेनजीतले बुद्धसँग एकान्तमा भेट गर्न आएका थिए। आफ्नो राज-कीय सामान सबै नयाँ सेनापति दीघ कारायणलाई सुम्पी आफूमात्रै भित्र बुद्धकहाँ भेट्न गए। दीघ कारायणले मौका छोपी राजधानी श्रावस्ती फर्की राजकुमार विडूडभलाई राजा बनाए। प्रसेनजीतले बाहिर आउँदा सो कुरा थाहा पाएर सहयोगको लागि आफ्नो ज्वाईं मगध नरेश अजातशत्रुकहाँ गए। तर बाटैमा प्रसेनजीतको मृत्यु भयो।

Downloaded from http://dhamma.digital

राजा हुना साथै **विडूडभले** आफूलाई अपमान गर्ने घमण्डी शाक्यहरूलाई नाशगर्ने उद्देश्यले शाक्य देश तर्फ अगाडि बढे । सो कुरा थाहा पाई बुद्ध बाटोमा बसिराख्नु भयो । बुद्धलाई देखी विडूडभले वन्दना गर्न जाँदा बुद्धले आफ्ना नाता कुटुम्बहरूको छाँया शीतल हुन्छ भन्नु भयो । शाक्यहरूको सुरक्षा बुद्ध स्वयंले गरेको महशुस गरी विडूडभ फर्के । तर पुनः पछि आक्रमण गरी शाक्यहरूको नर संहार गरे । बच्चा, आइमाई कोही पनि बाँकि राखेनन् । राजा **महानामले** आत्महत्या गरे । यसरी बुद्धको कुल वंशको नाश भयो ।

शाक्यहरूको संहार गरेर फर्केका **विडूडभ अचिरवती नदी** (वर्तमान राप्ती) को किनारमा बास बसे । राति ठूलो आँधी र बाढी आई विडूडभ र अन्य सैनिकहरूलाई सखाप पारि दियो । त्यसपछि कोशल, काशी, शाक्य आदि देशहरू राजा अजातशत्रुको मगध अन्तर्गत पर्न गए ।

बुद्ध पछि **राजगृह** पुग्नु भयो । त्यतिबेला राजा अजातशत्रुले **वैशालीमा** हमला गर्न चाहेको थियो । वैशालीको शक्तिको रहस्य बुझ्नलाई राजाले आफ्नो मन्त्री **वस्सकारलाई** बुद्धकहाँ पठाए । वस्सकार ब्राह्मणले सो कुरा सोध्न जाँदा बुद्धले आफूलाई पंखा हम्काइ-राख्ने **आनन्दलाई** भन्नु भयो, "जबसम्म वैशालीका लिच्छवीहरू प्रजा-तान्त्रिक पद्धति अपनाई एक अर्कासँग सरसल्लाह गरेर कर्तव्य परायण भई राज्य चलाइराख्ने छन् तबसम्म उनीहरूको उन्नति भइराख्ने छन्।"

त्यहाँबाट बुद्ध **अम्बलट्ठिका** र **नालन्दा** हुँदै **पाटलिग्राम** (वर्त-मान पटना) पुग्नु भयो । मगधका मन्त्रीहरू **वस्सकार** र **सुनीध**

Downloaded from http://dhamma.digital

ब्राह्मणहरूले वैशालीको आक्रमण रोक्न पाटलिग्राममा नगर बसाउँदै थिए। बुद्ध आगमनको खबर सुनी उनीहरूले बुद्धलाई निमन्त्रणा दिई भोजन गराए।

त्यहाँबाट बुद्ध कोटिग्राम र नादिका हुँदै वैशाली पुग्नुभयो। त्यहाँ वैशालीकी प्रख्यात वेश्या आम्रपालीले बुद्धलाई भोजनको लागि निम्तो गरिन्। त्यही नै बेला वैशालीका लिच्छवी राजकुमारहरूले पनि बुद्धलाई भोजन गराउन चाहेका थिए। तर आम्रपालीले कुनै पनि आर्थिक लोभको कारण आफूलाई स्वीकृत भएको बुद्धको भोजनलाई अरूलाई दिन मानिनन्। आम्रपालीले ठूलो सत्कार सहित बुद्धलाई भोजन गइरान् र आम्रपाली वन बुद्धलाई प्रदान गरिन्। पछि उनी भिक्षुणी भइन्।

वैशालीमैं प्रजापति गौतमी भिक्षुणीले बुद्धलाई भेट्न आइन्। उनी अशक्त थिइन्। केही दिनपछि १२० वर्षको उमेरमा उनको देहावसान भयो।

त्यहाँबाट बुद्ध वेलुव ग्राम (वैशाली निर) पुग्नु भयो। सौंही ठाउँमा बुद्धले आफ्नो अन्तिम ४६ औं वर्षायाम बिताउनु भयो। त्यहाँ बुद्धलाई भयङ्करसँग पेट दुख्यो। तब अति अशक्त भइसकेका बुद्धले भिक्षुहरूलाई आफैले आफ्नो जीवन लक्ष्य प्राप्त गर्नु पर्ने उपदेश दिनु भयो।


वैशालीबाट बुद्ध श्रावस्तीमा जानु भयो। बुद्धको प्रमुख शिष्य सारिपुत्र त्यतिबेला आफ्नो गाउँमा थिए। त्यहिं उनको देहावसान भयो। त्यसको दुई हप्ता पछि अर्को प्रमुख शिष्य मोग्गल्यायनलाई राजगृहको एउटा डाँडामा डाँकाहरूले मारिदिए। आफ्ना मुख्य

Downloaded from http://dhamma.digital

शिष्यहरूको देहावसान पछि जीर्ण र अशक्त बुद्ध उक्काचेल, भण्डग्राम, हस्तिग्राम, आम्रग्राम, जम्बुग्राम हुँदै भोग नगर (वर्तमान बदराँव गाउँ, विहार) पुग्नु भयो। त्यहाँ बुद्धले घोषणा गर्नु भयो, "मेरो पछि विवाद उत्पन्न भएमा सो विषयलाई लिएर मेरो शिक्षा (धर्म) र नियम (विनय)सँग दाँजेर मात्रै ग्रहण गर्नू।"

त्यहाँबाट बुद्ध पावा (वर्तमान पडरौना गाउँ, गोरखपुर) पुग्नु भयो। त्यहाँ चुन्द नामक सुनारको घरमा उहाँले सुंगुरको मासुको भोजन गर्नु भयो। सो भोजन पछि उहाँको पेट असाध्यै दुख्न थाल्यो। तर पनि बुद्धले भिक्षुहरूलाई चुन्दलाई केही दोष नदिनू भन्नु भयो। त्यहाँबाट बुद्ध कुशीनगर (वर्तमान कसया गाउँ, गोरखपुर) जानु भयो। त्यहाँ सुभद्र परिव्राजकले बुद्धले अन्तिम श्वास फेरिरहेको थाहा पाई तुरुन्तै आई भिक्षु बने र उहाँ अन्तिम अनुयायी भए। अनि बुद्धले भिक्षुहरूलाई आफ्नो देहावसान पछि उहाँको धर्म र विनय नै भिक्षुहरूको गुरु हुने छ भनी घोषणा गर्नु भयो। साथै साना-तिना नियमहरू अवस्था अनुसार बदल्न सकिन्छ पनि भन्नु भयो। र साथै बुद्धलाई "बुद्ध" बनाउनमा मेरो ठूलो हात छ भनी घमण्ड गर्दै हिंड्ने छन्न भिक्षुलाई (सिद्धार्थको गृहत्याग गर्दाखेरिको सारथी) कसैले नबोल्ने र नटेर्ने "ब्रह्मदण्ड" दिने आदेश दिनु भयो। त्यसपछि बुद्धले देहत्याग गर्नु भयो। "परिनिर्वाण" हुनु भयो। ४५ वर्षसम्म ठाउँ-ठाउँ चहारी जीवनको नयाँ सन्देश दिने महामानवको ८० वर्षको उमेरमा देहावसान भयो। त्यो दिन ईसा पूर्व ४८३ को वैशाख पूर्णिमाको दिन थियो।

Downloaded from http://dhamma.digital



बुद्धको परिनिर्वाण

Downloaded from http://dhamma.digital

# बुद्धको व्यक्तित्व र विचारधारा

बुद्धले एकपल्ट एउटा जङ्गलमा गइरहेको बेला एउटा रूखका पातहरू टिपेर भिक्षुहरूलाई भन्नु भएको थियो कि जसरी जङ्गलका सम्पूर्ण पातहरूका अगाडि मुट्ठीमा भएका पात नगण्य छ त्यस्तै बुद्धसँग प्रकृतिसम्बन्धि असीमित ज्ञान छ तर उहाँले जीवनमा उपयोगी ज्ञानहरूको मात्र प्रकाश पार्नु भएको छ। अर्थात् दुःख र दुःखबाट मुक्त हुने उपाय मात्रको प्रकाशन उहाँले गर्नु भएको छ। बुद्ध बारम्बार भन्नु हुन्थ्यो कि उहाँको उपदेश चार शाश्वत सत्यहरूमा आधारित छन्। ती चार आर्य सत्यहरू हुन् - दुःख छ (दुःख सत्य); दुःखको कारण छ र मूल कारण तृष्णा हो (दुःख समुदय सत्य); दुःखको अन्त गरेर निर्वाण प्राप्त गर्न सकिन्छ (दुःख निरोध सत्य); दुःखको अन्त गर्न आठ मार्गहरू अपनाउनु पर्दछ (मार्ग सत्य)। दुःख अन्त गर्न कुनै पनि अति (extreme) मा लाग्नु हुँदैन, मध्यम मार्ग अपनाउनु पर्दछ। ती आठ मार्ग हुन्– ठीक धारणा पाल्नु (सम्यक दृष्टि), ठीक संकल्प गर्नु (सम्यक संकल्प), ठीक वचन बोल्नु (सम्यक वचन), ठीक काम गर्नु (सम्यक कर्म), ठीक जीविका गर्नु (सम्यक जीविका), ठीक प्रयत्न गर्नु (सम्यक प्रयत्न), ठीक जागरूकता राख्नु (सम्यक स्मृति) र ठीक एकाग्रता राख्नु (सम्यक समाधि)।

Downloaded from http://dhamma.digital

स्पष्ट छ कि बुद्धले दु:खबाट मुक्त हुनलाई नैतिकता, व्यक्तिगत प्रयत्न र विवेक बुद्धीको आवश्यकता भएको उपदेश दिनु भएको थियो। यो उपदेशलाई शील, समाधि र प्रज्ञामा प्राय: गरी विभाजित गरिन्छ। सही वचन, कर्म र जीविका सामाजिक आचरण (शील) हुन् भने सही प्रयत्न, जागरूकता र एकाग्रता समाधिको कुरा हो, जब कि सही दृष्टि र सही सङ्कल्प विवेक बुद्धीको विषय (प्रज्ञा) हो। शील (नैतिकता) र प्रज्ञा (बुद्धी) को यो समिश्रण बुद्ध-धर्मको मौलिकता हो।

बुद्धको दार्शनिक सिद्धान्तलाई साधारणत: तीन बुँदाहरू-अनित्य, दु:ख, अनात्म-बाट परिचित गराइन्छ। संसारका सबै कुरा अनित्य (परिवर्तनशील) छन्, नित्य वस्तु भन्ने केही छैन (अनात्मा) र त्यसैले दु:खको उत्पत्ति हुन्छ। उदाहरणार्थ कसैलाई एउटा कलम औंधि मन परेको होला। यसरी औंधी मन पर्नुबाट- तृष्णाबाट-दु:ख उत्पन्न हुन्छ, कारण अनित्य स्वभावको हुनाले कि त कलम कुनैबेला खतम हुन्छ, कि त कलम मन पराउने व्यक्ति खतम हुन्छ। फलत: बिछोड अवश्याम्भावी छ। त्यसैले कुनै पनि विषयवस्तुमाथि लिप्त हुने गरी तृष्णा राखनाले नै दु:ख हुन्छ। बुद्धको सम्यक दृष्टिको सिद्धान्त अनुसार कुनै पनि कुरा वा विषय वस्तुसँग बिछोड नै हुन नसक्ने गरिकन आशक्त हुनु हुँदैन चाहे त्यो बुद्ध-धर्म नै किन नहोस्! स्मरणीय छ कि बुद्धले आफ्नो धर्मलाई नदी तार्ने डुङ्गाको संज्ञा दिनु भएको थियो, अर्थात् यसलाई नदी तरिसकेपछि पनि बोकि राखनु मूर्खता मात्रै हो भन्नु भएको थियो।

Downloaded from http://dhamma.digital

बुद्धको विचारधारा अनुसार संसारमा जति पनि पदार्थ छन्, अथवा भौतिक वस्तु छन्, त्यो रूप हो; जीवको जीवन वा मानसिक क्रुया चाहिं नाम (चित्त, मन) हो। जीव त्यसैले नाम र रूपको सङ्गम हो। नाम (मन) मा पनि वेदना, संज्ञा, संस्कार र विज्ञान (चेतना) हुन्छ।

नाम (मन) र रूप (भौतिक पदार्थ) दुवै अनित्य छन्; क्षण क्षण बदलिरहेका छन्। यो निरन्तरता नैं पुनर्भव (पुनर्जन्म) हो। एउटा मैनबत्तीले अर्को बाल्दा जसरी बल्ने हो (तर पहिलोबाट दोस्रोमा कुनै नित्य वस्तुको प्रत्यागमन भएको छैन) त्यसरी नै बिना नित्य आत्मा पनि मृत्युपछि अर्को जन्म सम्भव छ भनी बौद्धहरू मान्दछन्।

कुनै पनि नाम वा रूप क्षण क्षण विनाश हुँदैछन् र त्यसको कारणले नयाँ उत्पन्न हुँदैछन् (जसरी एउटा बलिराखेको मैनबत्ती); र यही नै परमार्थ सत्य (Absolute Reality) हो। तर यो क्षणिकवाद अति नै छिटो भएको ले हामी कुनै पनि विषय वा वस्तु-लाई प्रत्यक्ष देख्छौ र मान्दछौ। यो चाहिं प्रज्ञप्ति सत्य (Relative Reality) हो।

बुद्धलाई महाकारूणीक भनिन्छ किनकि उहाँले सबैमाथि करूणा राख्नु हुन्थ्यो। मानव समाजको लागि नै उहाँले घरबार र परिवार छोड्नु भएको थियो, र सो कै लागि बुद्ध भइसक्दा पनि ४५ वर्षसम्म ठाउँ ठाउँ चहारी उपदेश दिनुभएको थियो। हिंसाका उहाँ कट्टर विरोधी थिए। शान्तिका उहाँ अग्रदूत थिए। तर उहाँ अन्यायलाई

Downloaded from http://dhamma.digital

सँधै सही बस्न वा शोषित भई बस्नका विरोधी थिए । 'अहिंसा परमो-धर्म' भन्ने उक्ति बुद्ध–धर्मको होइन ।

उहाँ अति नै मेहनति हुनुहुन्थ्यो । "अल्सी नबन्नू, मेहनत गर्नू" भन्ने उहाँको मूल उपदेश हो । अल्सी भिक्षुहरूलाई उहाँ बारम्बार उस्काउनु हुन्थ्यो । कुनै पनि कार्य सफल हुन मेहनत, बुद्धि (प्रज्ञा) र भाग्य (कर्म) को आवश्यकता पर्दछ भन्ने उहाँको बिचार थियो । अभिमान (जसमा आफूलाई अरूसँग दाँजिन्छ) को विरोध प्राय: सबैले, बुद्धले पनि, गरेका छन् । तर प्रगतिको लागि मेहनत र सोको लागि स्वाभिमान (जसमा आफूलाई आफैंसँग दाँजिन्छ) को आवश्यकता महसुस गर्ने बुद्ध अनौठो धर्मगुरु हुनुहुन्छ, र यो बौद्धहरूमा अधिष्ठान भन्ने अति आवश्यक गुणको रूपमा चिनिन्छ ।

उहाँ समाजको लागि बिउनु भएको थियो । स्वप्रशंसा उहाँलाई मन पर्दैनथ्यो । व्यक्ति पूजा र मूर्ति पूजाका उनी घोर विरोधी थिए । उहाँलाई हेर्नेलाई उहाँले उहाँको उपदेशलाई हेर्नू भन्नु हुन्थ्यो । उहाँलाई दिइएको दानलाई उहाँ संघलाई दिनू भन्नु हुन्थ्यो । त्यस्तो व्यक्तित्व उहाँको थियो ।

प्रज्ञा र विद्वतामा बुद्ध अद्वितीय थिए । प्रज्ञाको महत्व उहाँले जस्तो बुझ्ने धेरै कम थिए । उहाँले चाहेमा कुनै पनि विषयवस्तुलाई उहाँले आफ्नो प्रज्ञाको प्रयोग गरी बुझ्न सक्नु हुन्थ्यो । त्यसैले बुद्धलाई सर्वज्ञ पनि भनिन्छ । तर सबैबेला सबै कुराको सदैव ज्ञान हुने सर्वज्ञता कसैमा हुन सक्दछ भन्ने कुरामा प्राचीन बुद्ध–धर्मले मान्यता दिएको देखिदैन ।

Downloaded from http://dhamma.digital

तर बुद्ध बुद्धि-विलासीतालाई रूचाउनु हुन्नथ्यो। अनावश्यक तर्क वितर्क र वाद विवादमा उहाँको रूची थिएन। जगतको सृष्टि कहिले भयो, कसले गऱ्यो आदि दार्शनिक चिन्तन उहाँलाई निको लाग्दैनथ्यो। उहाँ भन्नु हुन्थ्यो जसरी एकजना वाण लागेर घाइते भएको व्यक्तिको प्रथम कर्तव्य सो वाणलाई निकाल्नु हो न कि सो वाणको निर्माता को हो, केबाट बनेको हो भनी अनावश्यक प्रश्नको उत्तर खोतल्नु हो, त्यसरी नै दुःखबाट ग्रसित मानिसको प्रथम कर्तव्य दुःख-बाट मुक्त हुनु हो न कि अनावश्यक दार्शनिक रहस्यहरूको पछि लाग्नु, अनावश्यक कुरा गर्नुभन्दा मौन रहनु उचित छ भनी उहाँ उपदेश दिनु हुन्थ्यो।

रोगी सेवामा बुद्धको योगदान अतुलनीय छ। उहाँले तत्कालीन प्रचलित औषधी र तिनका प्रयोग विधिलाई धेरै प्रोत्साहन दिनु भएको थियो। भिक्षुहरूलाई बनाइएका कतिपय नियमहरू औषधीको सम्ब-न्धमा लागु नहुने आदेश उहाँले दिनु भएको थियो। इतिहासका महानतम वैद्यको रूपमा उहाँलाई बौद्धहरू भैषज्य गुरुको रूपमा पनि पूजा गर्छन्। बुद्धले आफ्नै हातले रोगीको हेरचाह गर्नु हुन्थ्यो। उहाँ भन्नु हुन्थ्यो, "जसले रोगीको सेवा गर्दछ, उनले बुद्धको सेवा गर्दछ"!

हुन त बुद्धले राजनीतिमा कहिल्यै गम्भिर रूचि लिनु भएको देखिदैन, तर पनि राज्य व्यवस्था कसरी चलाउनु पर्दछ भन्ने विषयमा उहाँ स्पष्ट हुनुहुन्थ्यो। उहाँ तानाशाहीका विरोधी थिए। सामुहिक निर्णयबाट राज्य चलाउनु श्रेयस्कर छ भन्ने उहाँको धारणा थियो।

Downloaded from http://dhamma.digital

प्रशासनमा योग्य व्यक्तिलाई कदर गरिनु पर्छ भनी उहाँ बारम्बार भन्नु हुन्थ्यो । घुसखोरीका उहाँ कट्टर विरोधी हुनुहुन्थ्यो ।

आर्थिक नीतिबारेमा बुद्ध स्पष्ट थिए । उहाँ भन्नु हुन्थ्यो कि बेरोजगार रहेसम्म सामाजिक अपराधीहरू रहिरहन्छ । व्यापारीहरूले आफ्नो नाफाको आधी भाग व्यापारमै लगानी गर्नु उपयुक्त हुने, कर प्रणाली सजिलो हुनु पर्ने आदि आर्थिक नीतिहरू उहाँको उपदेशहरूमा यत्रतत्र पाइन्छन् ।

व्यक्तिगत रूपबाट बुद्ध अति आकर्षक थिए । उहाँ ३२ लक्षणले युक्त पुरुष मानिन्छ । त्यतिबेला ब्राह्मण विद्वान्हरू उहाँको शरीर ती लक्षणबाट युक्त छ छैन हेर्न पिछा गर्थे । उहाँको अति आकर्षक अनुहारलाई मात्रै सँधै हेरिराख्न वक्कलि भन्ने व्यक्ति भिक्षु भएका थिए । सुजाताले उनको व्यक्तित्व देखी उनलाई देउता ठानेकी थिइन् । बुद्ध भइसक्दा पनि मागंदिय नामको ब्राह्मणले बुद्धलाई आफ्नी छोरी विवाह गर्ने प्रस्ताव लिएर आएका थिए । स्पष्ट छ बुद्ध अति आकर्षित व्यक्तित्वका मालिक थिए ।

बुद्धको स्वर विशेष महत्वको छ । बौद्ध साहित्यहरूमा बुद्धको स्वरको ठूलो प्रशंसा गरिएको पाइन्छ । साहित्यबाट भान हुन्छ कि बुद्धको स्वर अति गम्भीर तर प्रभावशाली थियो । उहाँको आवाज सुनेपछि मानिसहरू सतर्क हुन्थे । उहाँको उपदेश दिने तरिका भिन्न भिन्न व्यक्तिलाई भिन्न भिन्न हुन्थ्यो । श्रोताको मनोविज्ञान बुझ्ने अद्भूत क्षमता बुद्धमा थियो र श्रोता अनुसार उहाँ उपदेश दिनु हुन्थ्यो ।

Downloaded from http://dhamma.digital



आर्थिक नीतिको उपदेश दिँदै बुद्ध

Downloaded from http://dhamma.digital

तर प्राय: गरी प्रश्नोत्तर र संवादको शैलीमा उपदेश दिन उहाँ रूचाउनु हुन्थ्यो ।

भाषालाई उहाँ सम्पर्कको माध्यम मान्नु हुन्थ्यो । भाषाप्रति उहाँ कट्टर हुनुहुन्नथ्यो । जुन भाषामा श्रोताले बढी बुझ्न सक्छ सोहि भाषाको प्रयोग उहाँ गर्नु हुन्थ्यो ।

बुद्ध हेतुवादी हुनुहुन्थ्यो । संसारका सबै विषय वस्तुका हेतु (कारण) छन् र त्यसैले सबै कुरा अनित्य छन्, परिवर्तनशील छन्, क्षण क्षण बदलिरहेका छन् । उहाँको यो अनित्यवाद यति सशक्त छ कि उहाँ कुनै नित्य, अजर, अमर, अपरिवर्तन आत्माको अस्तित्वलाई पनि स्वीकार गर्नु हुन्नथ्यो । बुद्ध कट्टर अनात्मावादी थिए । बुद्ध-धर्ममा कुनै पनि सम्प्रदायले नित्य र अमर आत्मालाई मान्दैन । प्रत्येक विषय वस्तुको कारण हुन्छ भन्ने बुद्धले कुनै महाकारणको रूपमा जगतको निर्माणकर्ता वा सर्वोच्च सञ्चालक ईश्वरलाई पनि मान्नु हुन्नथ्यो । बुद्ध अनिश्वरवादी हुनुहुन्थ्यो । विश्वको सृष्टिकर्ता, पालन-कर्ता वा संहारकर्ताको रूपमा कुनै पनि परमेश्वरलाई उहाँ मान्नु हुन्नथ्यो । विश्वको संरचना ईश्वरले गरेको, विश्व ईश्वरद्वारा सञ्चालित भएको आदि महान् ईश्वरको धारणा उहाँलाई स्वीकार्य थिएन । तर उहाँ भौतिकवादी पनि थिएनन् । चित्त (मन)को महत्व उहाँ बुझ्नु हुन्थ्यो । जानाजानी गरेको र अनजानमा भएको काममा उहाँ भेद गर्नु हुन्थ्यो । कुनै काम गर्दा वा हुँदा जीवमा भएको मानसिक अवस्था महत्वपूर्ण भएको कुरा उहाँ मान्नु हुन्थ्यो । बुद्ध अभौतिकवादी थिए । बुद्धको हेतुवादकै अनुसार असल कार्यको असल फल र खराब

Downloaded from http://dhamma.digital

कार्यको खराब फल निस्कन्छ । बुद्ध कर्मवादी थिए । कर्म फलमा विश्वास गर्थे ।

सम्भवत: बुद्धको सबभन्दा महत्वपूर्ण गुण उहाँको मानवतावादी सिद्धान्त हो । मानवतावादको कारणले नै अन्य धर्म गुरु वा नेताबाट बुद्धलाई अलग्ग छुट्याउन सकिन्छ । बुद्धको मानवतावादी विचारधारालाई समाज–आधारित र व्यक्ति–आधारित बिचारधारामा विभाजित गर्न सकिन्छ । बुद्धले प्रतिपादन गर्नु भएको दु:ख मुक्त हुने मध्यम मार्गहरूलाई पनि यी नै दुई धरातलमा विभाजन गर्न सकिन्छ । समाजमै बसेर, समाजलाई नै बदलेर व्यक्तिगत अभ्यासद्वारा दु:ख मुक्त होइन्छ भन्ने उहाँको सन्देश हो ।

समाजको महत्व बुद्धले जसरी बुझ्नु भएको थियो, सो अद्‌भूत छ । दु:ख मुक्त हुन, निर्वाण प्राप्त गर्न, सही सामाजिक जीवनको आवश्यकता भएको उहाँ उपदेश दिनु हुन्थ्यो । ठीक वचन (झूठो नबोल्नु, चुक्लि रगर्नु, बकवास नगर्नु, कडा नबोल्नु), ठीक कर्म (हत्या नगर्नु, नचोर्नु, व्यभिचार नगर्नु) र ठीक जीविका (बिष, शस्त्रास्त्र, मानिस आदि नबेच्नु) जस्ता नियमहरूलाई नै दु:ख मुक्तिको साधनमा समावेश गर्ने उहाँ अनौठो धर्मगुरु हुनुहुन्छ ।

भिक्षु संघको स्थापना जहाँ एकातिर धर्म प्रचारार्थ भएको थियो भने अर्को तर्फ यसले एक आदर्श समाजको नमुना पनि प्रस्तुत गर्दछ । भिक्षु संघ समाजबाट अभिन्न छैन, यो समाजको एक अङ्ग हो । समाजमा गृहस्थहरू व्यस्त छन् र अध्ययन गर्न यथेष्ट समय पाउँ– दैनन् । अध्ययनको सो कार्य भिक्षु संघले पूरा गर्दछ किनकि भिक्षु–

Downloaded from http://dhamma.digital

रूकमा गृहस्थको बोझ हुँदैन । अध्ययनबाट प्राप्त शिक्षालाई भिक्षु संघले समाजलाई उपदेश दिन्छ । बदलामा समाजले भिक्षु संघलाई भोजन दिन्छ, ताकि भिक्षुहरू भोजनको फिर र चिन्ताबाट मुक्त भई अध्ययन गर्न सकोस् । समाज र भिक्षु संघ यसरी एक अर्काका पूरक होओस् भन्ने बुद्ध चाहन्थे ।

आराम र मोजमस्तिको लागि मात्र भिक्षु हुनेहरूलाई बुद्ध बारम्बार चेतावनी दिनुहुन्थ्यो, "भिक्षुहरू ! नबिर्स कि तिमीहरूले राष्ट्र पिण्ड खाइरहेका छौ, समाजको अन्न खाइरहेका छौ । आफ्नो कर्तव्यबाट विचलित नहोऊ ।" भिक्षु संघ कामचोर र निकम्माहरूको मात्र जमघट नहोस् भन्ने बुद्ध अति सतर्क हुनुहुन्थ्यो । भिक्षु संघको कारण समाजमा खलबलि मच्चाउन दिन पनि बुद्ध सतर्क हुनुहुन्थ्यो । जब चोर डाँकाहरू सजायबाट बच्न भिक्षु बन थाले, हत्याराहरू फाँसीबाट बच्न भिक्षु बन थाले, भगुवा सैनिकहरू भिक्षु बन थाले तब बुद्धले त्यस्ता व्यक्तिहरूको भिक्षु संघमा प्रवेशमा रोक लगाउनु भयो । बुद्ध व्यवहारवादी क्रान्तिकारी थिए । समाजको महत्व र भिक्षु संघको भूमिकाबारे बुद्धको धारणा अध्ययन गर्न योग्य छ ।

भिक्षु संघमा भिक्षुहरूको व्यक्तिगत सम्पत्ति हुँदैनन् । प्रत्येक भिक्षुको आफ्नो चीवर र केही व्यक्तिगत सामान बाहेक अन्य सबै कुरा सामूहिक हुन्छन् । भिक्षु वर्षको हिसाबले जो जेठा छन् उनलाई मानिन्छ । एक भिक्षुले भिक्षु संघमा बसी कि आफ्नो आध्यात्मिक उन्नतिको लागि प्रयास गर्नु पर्दछ, कि समाजलाई मार्ग दर्शन गर्नु पर्दछ । यहाँनिर मनन योग्य कुरा के छ कि आफ्नो घरबाट त्यागेर

Downloaded from http://dhamma.digital

भिक्षु बनेता पनि एक भिक्षुले आफ्ना आमा बाबुको हेरचाह गर्नुबाट बञ्चित गराइएको छैन ।

जाति समानताको लागि बुद्धले क्रान्ति गरेको सर्वविदित छ । समाजमा नारीहरूको भूमिकाबारेमा पनि बुद्धको विचारधारा उल्लेखनीय छ । पुरुषहरूको दाँजोमा महिलाहरू पनि कुनै पनि क्षेत्रमा पछाडि छैनन् भनी उहाँले कोशल नरेशलाई उपदेश दिनु भएको थियो । समाजमा व्याप्त अन्धविश्वासहरूको उहाँले डटेर विरोध गर्नु भयो । दास प्रथाको उहाँ विरोधी हुनुहुन्थ्यो । जब जब मौका पाउनु भयो, उहाँले दासहरूलाई मुक्त गराउनु भयो । तर सायद तत्कालिन समाजमा प्रायः दासहरू आफै मुक्त हुन चाहँदैनथे किनकि दासत्वबाट मुक्त भइसकेपछि उनीहरू जीवन यापन गर्न सक्दैनथे ।

व्यक्ति आधारित बुद्धको मानवतावादी पक्षको अन्तमा उल्लेख गरिदैछ किनकि यही नै बुद्धको उच्चतम गुण हो भनी लेखकको मान्यता छ । मानव इतिहासको अध्ययनबाट स्पष्ट हुन्छ कि मानिस बौद्धिक गुलामिमा बाँचिरहेका छन् । उनीहरू ईश्वरद्वारा सञ्चालित मानिएका छन् । देवताहरूभन्दा हीन मानिएका छन् । धर्मगुरुहरूले बौद्धिक शोषण गर्दै आएका छन् । नेताहरूले बौद्धिक शोषण गर्दै आएका छन् । मानिसलाई श्रेष्ठतम जीव मान्ने, मानिसको विवेक बुद्धीलाई उच्चतम प्राथमिकता दिने ऐतिहासिक पुरुष बुद्ध हुनुहुन्छ । वस्तुतः बुद्धले बौद्धिक शोषणको विरुद्ध क्रान्ति गरेका थिए । मानिसलाई आफ्नो सामर्थ्यको अहसास जगाउने बुद्ध जस्ता महापुरुष मानव समाजको इतिहासमा अहिलेसम्म भएको छैन ।

Downloaded from http://dhamma.digital

बौद्धिक गुलामिको मानसिकताले ग्रस्त मानव समाजलाई सर्व-प्रथम "आफ्नो भाग्यको निर्माण कर्ता आफैं हो; आफ्नो नाथ आफैं हो, आफ्नो ज्योति आफैं बन।" भन्ने जस्ता उपदेश दिने व्यक्ति बुद्ध नै हुनुहुन्छ। कसैले भन्दैमा, कहिं पढ्दैमा आँखा चिम्ली विश्वास नगर, आफ्नो बुद्धीको प्रयोग गर भन्ने मानव बुद्धिका प्रशंसक बुद्ध हुनुहुन्थ्यो। स्वतन्त्र चिन्तनलाई बुद्धले अत्यधिक मान्यता दिनु भएको थियो। बुद्ध-धर्मले कुनै ग्रन्थमा लेखिएको भन्दैमा त्यसलाई प्रमाण मान्दैन र यस अर्थमा अन्य प्रचलित प्रायः सबै धर्महरूभन्दा यो बेग्लै छ। बुद्धले ईश्वरको अस्तित्व स्वीकार्नु भएन, तर प्राचीन बुद्ध-धर्मले देउताको अस्तित्व स्वीकार गरेको पाइन्छ। तर उनीहरू देउतालाई मानिसभन्दा तल्लो मान्दछन्! मानवलाई उच्चतम दर्जा दिने बुद्धद्वारा प्रतिपादित सिद्धान्त हालसम्म पनि बौद्धहरू मान्दछन्।

दुःख मुक्त हुन सामाजिक नियमहरूको पालनाको साथ साथै व्यक्तिगत उद्योग पनि गर्नु पर्दछ भन्ने बुद्धको उपदेश हो। सही दृष्टि-कोणको विकास गर्नु पर्ने, अठोट गर्ने सङ्कल्प शक्तिको विकास गर्नु पर्ने, मेहनति र प्रयत्नशील हुनु पर्ने, सधैं सचेत र जागरूक रहनु पर्ने र सही एकाग्रता (ध्यान) गर्नुपर्ने जस्ता मार्गहरू उहाँ देखाउनु हुन्छ। संक्षेपमा शील समाज-आधारित र समाधि र प्रज्ञा व्यक्ति-आधारित बुद्धका उपदेश हुन्। समाज र व्यक्तिको सापेक्षिक भूमिका बुद्धलाई स्पष्ट थियो। सधैं अप्रमादी भएर, सधैं जागरूक भएर बाँच भन्ने बुद्धको अन्तिम उपदेश हो। अन्धविश्वासले ग्रसित मानवलाई उहाँको सन्देश थियो कि विद्वानको संगत गर्नु, विद्या र कलाको सम्पादन गर्नु,

Downloaded from http://dhamma.digital

परिवारको उचित भरण पोषण गर्नु नै मङ्गल कार्य हो न कि थरि थरिका कर्मकाण्ड ।

बुद्धलाई आफ्नो शिक्षाप्रति पूर्ण विश्वास थियो, र पूर्ण विश्वास थियो मानव प्रज्ञा शक्तिमा । आफ्नो शिक्षा र मानव प्रज्ञाबारे उहाँलाई कुनै सन्देह थिएन । फलतः अन्य धर्मगुरुको बिल्कुल विपरित उहाँले आफ्नो शिक्षा प्रचार गर्न आफूलाई ईश्वर वा देवपुत्र, वा देवदूत भन्ने घोषणा गर्नु भएन । उहाँ वर्तमानलाई महत्व दिनु हुन्थ्यो र उहाँ यसै जीवनमा निर्वाण प्राप्त हुन्छ भन्नु हुन्थ्यो । परलोकबारे उहाँले धेरै चिन्तमा गर्नु भएको पाईंदैन । "आऊ ! आफैंले हेर !!" भनी उहाँ आफ्नो शिक्षाको प्रचार गर्नु हुन्थ्यो । त्यस्ता थिए बुद्ध ! उहाँ आफैं भन्नु हुन्थ्यो, "म मोक्षदाता होइन । म त मार्ग दर्शक हुँ !!"

Downloaded from http://dhamma.digital

# इतिहास

आफ्नो २६०० वर्षको इतिहासमा बुद्धको विचारधाराले विश्वका अधिकांश जनतालाई र एसियाका अधिकांश राष्ट्रहरूलाई प्रभावित पार्न सकेको कारण यो हो कि बुद्धको विचारधारा समय र अवस्था अनुसार परिवर्तनीय छ । भारतको वैदिक एवं जैन धर्म, तिब्बतको बोन धर्म, चीनको ताम्रो र कन्फ्यूशियस धर्मले विश्वजनीन रूप लिन सकेन हालांकि यी धर्महरू वर्तमान्मा पनि सक्रिय नै छन् । अन्य कतिपय धर्म, वाद एवं सिद्धान्तहरू आफ्नो चरम शिखरमा पुगेर पनि लोप भइसकेका छन् । देश, काल र परिस्थिति अनुसार आफूलाई परिवर्तन गर्न नसक्नाले यिनीहरू व्यापक हुन सकेनन् । उदाहरणार्थ वैदिक धर्मको चार वर्णाश्रमको धारणा भारत बाहिर फाप सिद्ध भएन र कुनै बेला इण्डोनेसिया समेत पुगिसकेको धर्म आज भारतमा मात्र सीमित रहनु पऱ्यो ।

आफ्नो परिनिर्वाणको समय बुद्ध स्वयंले ठाउँ र परिस्थिति हेरी साना–तिना नियमहरू परिवर्तन गर्न हुने कुरा भिक्षु आनन्दलाई बताउनु भएको थियो । भिक्षु संघको लागि विभिन्न नियमहरू समय र परिस्थिति अनुसार बुद्धले अलग अलग बेला बनाउनु भएको थियो । स्थान अनुसार नियम परिवर्तन हुने कुरा भिक्षु सोण कुटी कर्णलाई दुर्गम क्षेत्रहरूमा कम भिक्षुहरू मात्र बसेर पनि नौलो व्यक्तिलाई भिक्षु

Downloaded from http://dhamma.digital

बनाउनु हुने नियमबाट स्पष्ट हुन्छ । स्थान र समय अनुसार परिवर्तन हुन सक्ने बुद्ध–धर्मको विशेषता हो, र सोहि कारण बुद्ध–धर्मले बिना रगत बगाई, बिना लोभ लालच देखाई विश्वका अधिकांश जनतालाई आकर्षित गर्न सफल भएको हो । परिवर्तनशीलताको यो कारण बुद्ध–धर्मको विकासको क्रममा थुप्रै उतार चढावहरू आए, र थुप्रै सम्प्रदाय-बने , जुन कि स्वाभाविक थियो । यो विकासक्रम १२ औं शदाब्दीमा आएर चाहिं ठ्याम्मै रोकियो जब एसियामा इस्लाम धर्मको प्रभुत्व जम्यो । प्रायः व्यक्तिहरूले भारतमा बुद्ध–धर्मको लोप हुनुमा वैदिक (हिन्दू) धर्मको हात भएको विश्वास गर्दछन्, जुनकि ठूलो भ्रम हो । भारत र इण्डोनेसियाका देशहरूमा बुद्ध–धर्म लुप्त हुनुमा इस्लाम धर्मको प्रमुख भूमिका रहेको छ, न कि वैदिक धर्मको । यो कुरा सत्य हो कि वैदिक धर्म र बुद्ध–धर्ममा आरम्भ कालदेखि नै प्रतिस्पर्धा हुँदै आएको थियो, तर पनि दुबै सँगसँगै विकसित भएका थिए र एकले अर्कोलाई ठूलो प्रभाव पारेको थियो । वैदिक धर्मले बुद्धलाई कालान्तरमा स्वयं उनीहरूकै ईश्वर (अवतार) को रूपमा समेत स्वीकार गरिसकेको थियो । दुई धर्महरू बीच यति घनिष्ठ प्रतिस्पर्धा थियो कि कतिपय कुराहरूको शुरुआत कुन धर्मबाट भएको हो भनी किटान गर्न पनि कठीन छ । कुनै कुनै विषय र सम्प्रदायहरू यस्ता पनि छन् कि बुद्ध–धर्मका हुन वा वैदिक धर्ममा हुन् भनी छुटयाउन पनि कठीन छ ।

समय अनुरूप उत्पन्न भएका विभिन्न बौद्ध सम्प्रदायहरूलाई मूलतः दुई मुख्य सम्प्रदायहरूमा विभाजन गर्न सकिन्छ– महायान र

Downloaded from http://dhamma.digital

हीनयान (थेरवाद) । महायानले समय र परिस्थिति अनुसार आफूलाई धेरै बदल्न सक्यो र अधिकांश देशहरूमा यसले प्रभुत्व जमाउन सक्यो । तर परिवर्तन माथि परिवर्तन थपिँदै जानाले महायानमा यस्ता सम्प्रदायहरू पनि निस्के जसको विचारधारा बुद्धका मूल सिद्धान्तबाट ठ्याम्मै विपरित थिए । अर्कोतिर हीनयान कट्टरवादी थियो; समय र परिस्थिति अनुसार आफूलाई बदल्न चाहँदैनथ्यो र त्यसैले महायानले जस्तै समाजको ठूलो वर्गलाई यसले प्रभावित पार्न सकेन । हाल श्रीलङ्का, म्यान्मार (वर्मा), थाइलैण्ड, लाओस र कम्बोडियामा हीनयान सक्रिय छ । हुनत थेरवाद (हीनयान) मा पनि परिवर्तन नभएका होइनन् तर आफ्नो यथास्थितिवादी सिद्धान्तको कारण ठूलो परिवर्तन आउन सकेन । हीनयानको यथास्थितिवाद आज आएर एक किसिमले राम्रो पनि ठहरियो । यसको कारण बुद्धको मौलिक विचारधारा यसमा अध्ययन गर्न सकिएको छ । हीनयानको मूल ग्रन्थ त्रिपिटकको अध्ययन गर्दा स्पष्ट हुन्छ कि ती ग्रन्थहरूमा थुप्रै कुरा पछि थपिएका थिए । तर पनि मूल विचारधारा सुरक्षित नै राखिएको पाइन्छ । त्यसैले बुद्धको दर्शन, विचारधारा र जीवनीको सबभन्दा भरपर्दो आधार हाललाई हीनयानी (पालि) साहित्य नै भएको छ ।

महायान र हीनयान कसरी विकसित भए, बज्रयान तन्त्रयान-हरूको उदय कसरी भयो, त्यसको विवेचना क्रमिक रूपमा गर्ने छौं । हाललाई संक्षिप्तमा यति नै ज्ञान राखौं कि बज्रयान र तन्त्रयान दुबै महायानका शाखा हुन् । **हीनयान**को मूल लक्ष्य निर्वाण प्राप्त गर्नु हो । जबकि **महायान**को मूल लक्ष्य बुद्ध बन्नु हो । प्रत्यक्ष छ कि यी शब्दहरू-

Downloaded from http://dhamma.digital

हीनयान (तुच्छ वाहन) र महायान (महान् वाहन्)–महायानीहरूद्वारा प्रतिपादित भएका हुन् ।

ईसा पूर्व ४८३ को वैशाख पूर्णिमा मङ्गलबारको दिन ८० वर्षको आयुमा कुशिनगरमा तथागतको महापरिनिर्वाण भयो । तत्काल उपस्थित भिक्षुहरूमा ठूलो रूवाई चल्यो । तर भिक्षु अनुरुद्ध जस्ता अर्हतहरूले प्रकृतिको सबै कुरा अनित्य छन् भनी सबैको मन बहलाए ।

त्यतिबेला तत्कालिन जेष्ठतम भिक्षु महाकाश्यप पावा र कुशिनगरको बीच बाटोमा थिए । बुद्ध परिनिर्बाणको कुरा सुन्नासाथै उहाँ-सँगै हुने कतिपय भिक्षुहरू शोक सन्तप्त भए । तब बूढो भइसकेपछि भिक्षु भएका सुभद्र नामको वृद्धले भने, "वेश भयो ? यो नगर्नू, ऊ नगर्नू भन्ने त कोही रहेन ! अब हामी मुक्त भयौं !!" तब महा-काश्यपलाई लाग्यो कि बुद्धको परिनिर्वाण पछि बुद्ध–धर्मको भविष्य खतरापूर्ण छ । भिक्षु महाकाश्यप कुशिनगर पुगेपछि मात्रै बुद्धको अन्तिम दाह संस्कार गरियो ।

बुद्ध परिनिर्वाणको खबर सुन्नासाथ विभिन्न देशहरूले बुद्धको अस्थि धातु (हड्डीको अवशेष) माथि आफ्नो दावी प्रस्तुत गर्न थाले । सो कारण राज्य राज्यहरू बीच महासंग्राम हुने अवस्था आइपुग्यो । अनि द्रोण नामको एक ब्राह्मणले शान्तिको प्रवर्तक बुद्धको अस्थिको लागि युद्ध गर्नु ठूलो मूर्खता हुनेछ भनी सबैलाई सम्झाए पछि बुद्धको अस्थि धातु सबैले बाँडेर लिने निधो गरे । सो अनुसार मगध, वैशाली,

Downloaded from http://dhamma.digital

कपिलवस्तु, अल्लकल्प, रामग्राम (वर्तमान परासी, नेपाल), वेठदिप, पावा र कुशिनगर राज्यहरूले एक एक भाग पाए र ती सबैले आ-आफ्नो राज्यमा सो अस्थि राखी स्तूप बनाए। भागबण्डा सकिए पछि ढिलो पुग्ने पिप्पलीवन (वर्तमान पिपरहवा, नेपाल ?) का प्रतिनिधि-हरूले बुद्धको खरानी मात्र लिएर सन्तोष गर्नु पर्‍यो।

बुद्धको पालोमा लेखन क्रियाको विकास भइसकेको भएता पनि धार्मिक उपदेशहरूको सङ्कलन गरी ग्रन्थ लेख्ने चलन चलेको थिएन। बुद्धले विभिन्न समयमा विभिन्न अवस्थामा प्रवचन गर्नु भएका शिक्षाहरू एवं लागु गरिएका नियमहरूको विशाल भण्डारलाई बुद्ध परिनिर्वाण पछि सङ्कलन गरी एकै ठाउँमा राख्न अत्यन्त जरूरी थियो किनकि बुद्धने कसैलाई पनि आफ्नो उत्तराधिकारी नछोडी बुद्धको धर्म र विनयलाई नै आफ्नो उत्तराधिकारी घोषणा गरी परिनिर्वाण हुनु भएको थियो। तत्कालीन जेष्ठतम भिक्षु महाकाश्यपले सो कार्य सम्पादन गर्न गण्यमाण्य भिक्षुहरूको महाधिवेशन गर्ने निधो गरे। बुद्ध-धर्मको इतिहासमा यस्ता धेरै महाधिवेशनहरू भएका थिए जसलाई संगायना भनिन्छन्। मैले यहाँ थेरवादीहरूले गरेका प्रसिद्ध महाधिवेशन-लाई मात्रै संगायना शब्द प्रयोग गरेको छु र यस्ता ६ संगायनाहरू छन्। अन्य महासम्मेलनहरूलाई मैले महाधिवेशन शब्द प्रयोग गरेको छु।

बुद्ध परिनिर्वाणको तीन महिना पछि बुद्धको धर्मलाई स्थायित्व दिन भिक्षु महाकाश्यपको अध्यक्षतामा, राजा अजातशत्रुको संरक्षणमा राजगृहमा भिक्षुहरूको अधिवेशन बस्यो जुन प्रथम संगायनाको नामले

Downloaded from http://dhamma.digital

प्रख्यात भयो। सात महिनासम्म चलेको सो संगायनामा ५०० अर्हत् भिक्षुहरूले भाग लिएका थिए। सो संगायनामा भिक्षु आनन्दमाथि केही दोषारोपण पनि गरिएको थियो जसको समुचित स्पष्टिकरण आनन्दले दिएका थिए। सो सम्मेलनमा भिक्षु संघको लागि बुद्धले बनाउनु भएका नियमहरू हजामबाट भिक्षु बनेका उपालि भिक्षुले क्रमबद्ध रूपमा प्रस्तुत गरे। बुद्धका उपदेशहरू चाहिं २५ बर्षसम्म छायाँ जस्तै लगातार बुद्धको सँगै बसिराखेका भिक्षु आनन्दले क्रमबद्ध रूपमा प्रस्तुत गरे। सम्मेलनमा अनुरूद्ध, वंगीश, पूर्ण कात्यायन, कोट्ठित आदि भिक्षुहरूले पनि महत्वपूर्ण योगदान गरे।

बुद्धले विभिन्न व्यक्तिलाई विभिन्न किसिमले उपदेश दिनु भएको थियो। सो बुद्धका उपदेशलाई आफ्नै तरिकाले बुझ्नेहरूको पनि कमि थिएन। प्रथम संगायना सकिए पछि सोको जानकारी पाए-पछि पुराण नामको वयोवृद्ध अर्हत्ले सोमाथि टिप्पणी गर्दै भने कि संगायनामा सम्पादन भएको भन्दा भिन्नै कुरा उनले व्यक्तिगत रूपमा बुद्धबाट सुनेका थिए, र सोकै अनुरूप आफू चल्ने कुराको घोषणा गरे। स्पष्ट छ प्रथम संगायनाले बुद्धका सबै विचारधारालाई समावेश गर्न सकेको थिएन।

प्रथम संगायना पछि बुद्धको अन्तिम आदेश अनुरुप भिक्षु संघले छन्न भिक्षुलाई दण्ड दियो। सो दण्ड अनुरूप सबै भिक्षुले उनको बेवास्ता गरे। छन्नले आफ्नो गल्ती महसुस गरे र पश्चाताप गरे।

वैशालीको शक्ति उनीहरूको एकजुटतामा निहित रहेको कुरा

Downloaded from http://dhamma.digital

थाहा पाए पछि मगधको मन्त्री **वर्षाकार** ब्राह्मणले वैशालीका लिच्छवीहरूलाई फुटाउने षडयन्त्र रच्न थाले । सो अनुरूप उनी राजा **अजातशत्रु**-सँग झगडा गरी वैशालीका लिच्छवीहरूसँग मिल्न गए । त्यहाँ बसी उनले भित्रभित्रै लिच्छवीहरू बीच फुट पैदा गरे । आन्तरिक रूपमा वैशाली कमजोर भइसकेपछि राजा अजातशत्रुले आक्रमण गरी वैशाली-लाई जितिलिए र झन शक्तिशाली भए । कालान्तरमा अजातशत्रु उनकै छोरो **उदयभद्र**को हातबाट मर्नुपऱ्यो ।

प्रथम संगायनाबारे यो कुराको महत्व बुझ्नु आवश्यक छ कि त्यतिबेला धर्म (उपदेश) र बिनय (भिक्षु नियम) को मात्रै सम्पादन गरिएको थियो । अभिधर्म (बौद्ध दर्शन) को सम्पादन भएको थिएन । यो कुराको महत्वपूर्ण छलफल हामी केही क्षणपछि गरौंला । प्रथम संगायना पछि भिक्षु **आनन्द**ले बुद्ध-धर्मको ठूलो प्रचार गरे । **माध्या-न्दिन** र **शाणवाशी** नामका शिष्यहरूले उनलाई ठूलो योगदान गरे । पछि आनन्द गंगा नदीको तिरमा बस्न गए । जहाँ १२० वर्षको उमेरमा बुद्ध परिनिर्वाणको ४० वर्ष पछि उनको देहावसान भयो ।

बुद्ध परिनिर्वाणको १०० वर्षपछि पूर्व र पश्चिमका भिक्षुहरूमा मतभेद उत्पन्न भयो । पूर्वका, बिशेषतः वैशालीका, भिक्षुहरू प्रगतिशील थिए । बुद्धको उपदेश सकेसम्म बढि प्रचार गर्न र सर्वसाधारणलाई पनि भिक्षु जीवन सुलभ गराउन तिनीहरूले बुद्धले आफ्नो अन्तिम समयमा भन्नुभए जस्तै बुद्धले बनाउनु भएका केही सानातिना नियम-हरूमा परिवर्तन चाहे । गाउँ गाउँ नगर नगर चारिका गर्दै बुद्धको विचारधारा प्रचार गर्नु पर्ने हुनाले दश मागहरू तिनीहरूले राखेका

Downloaded from http://dhamma.digital

थिए, जुन कि पटक्कै अस्वाभाविक थिएन। ती मध्ये केही थिए—ठयाम्मै अपरान्ह (१२ बजे) भन्दा केही मिनेटसम्म ("आफ्नो टाउकोको छाँया खुट्टाले टेकेभन्दा दुई अंगुल लामो भएसम्म") भोजन गर्नु हुने, नगण्य मात्रामा भिक्षुहरूले नून बोक्न पाउनु पर्ने, थकाइको कारण एकै दिनमा अपरान्ह भित्रै दुई ठाउँमा भोजन गर्न पाउनु पर्ने, पैसा र सुन चाँदी छुन हुने, आदि थिए। यहाँ यो कुराको उल्लेख पनि सान्दर्भिक छ कि बुद्ध जीवित छँदा पनि भिक्षुहले स्वर्ण मुद्रा छुन पाउँछ पाउँदैन भन्ने कुरामा विवाद भएको थियो।

प्रगतिशील पक्षबाट राखिएका यी भिक्षु–विनयका परिवर्तनहरू परम्परावादीहरूले रूचाएन र फलतः भिक्षु संघमा विद्रोहको स्थिति आयो। तत्कालिन् वरिष्ठ भिक्षु **रेवत**लाई परम्परावादीहरूले आफ्नो पक्षमा लिए भने उनको शिष्य भिक्षु **उत्तर**लाई प्रगतिशील भिक्षुहरूले आफ्नो हातमा लिए। परम्परावादी वृद्धहरू एकातिर थिए भने प्रगतिशील युवाहरू अर्कोतिर थिए। फलत बुद्ध परिनिर्वाणको ठीक १०० वर्षपछि ई.पू. ३८३ मा शक्तिशाली मगधको राजा **कालाशोक**को संरक्षणमा परम्परावादी वृद्ध भिक्षुहरूले **दोस्रो संगायना**को आयोजना गरे। बैशालीमा (त्यतिबेला मगधको आधिपत्य भएको शहर) ७०० अर्हत्‌हरूको सहभागिता रहेको ८ महिना सम्म चलेको सो सम्मेलन परम्परावादी वृद्ध भिक्षुहरूको थियो र त्यसैले **स्थविर** (=वृद्ध) **वाद** वा **थेरवाद**को नामले प्रख्यात भयो। यहि थेरवाद मात्रै आज आएर बुद्धको मौलिक विचारधारा लिएर हाम्रो अगाडि उपस्थित छ। हीनयानको एकमात्र प्रतिनिधि आज हाम्रो सामु यही मात्र छ।

Downloaded from http://dhamma.digital

प्रगतिशील युवा भिक्षुहरू संख्यामा थेरवादीभन्दा बढी थिए। तिनीहरूले पनि आफ्नो छुट्टै महाधिवेशन कौशाम्बीमा राजा **मंडलीको** संरक्षणमा गरे। सो अधिवेशनमा बढी भिक्षुहरूको सहभागिता हुनाले त्यसबाट बनेको सम्प्रदायलाई **महासांघिक** भनियो। उक्त अधिवेशनको अध्यक्ष (सभापति) अर्हंत् भिक्षु **महादेव** थिए।

यसरी बुद्ध परिनिर्वाणको सय वर्षपछि भिक्षु संघ स्थविरवाद र महासांघिकमा विभक्त भए। स्थविरवाद वा थेरवाद हीनयानको मूल स्वरूप हो। महासांघिकबाट महायान सम्प्रदायको विकास भयो। महासांघिक सम्प्रदाय आफैं १२ औं शताब्दीमा लुप्त हुन गयो। यहाँनिर महासांघिकको आचार्य भिक्षु **महादेव**को विषयमा केही भन्नु आवश्यक छ। भिक्षु महादेव, महायान अनुसार, स्वयं अर्हंत् थिए। थेरवादीहरू भिक्षु महादेवलाई अति नै हीन भिक्षु ("आमासँग सुत्ने, बाबु मार्ने")को रूपमा प्रस्तुत गर्दछन्। भिक्षु महादेवले अर्हंत् सम्बन्धि आफ्नो नौलो विचारधारा प्रस्तुत गरेका थिए। तसर्थ भन्न सकिन्छ कि दोस्रो संगायनाको कारण भिक्षु विनयमात्र नभई दार्शनिक विवाद ("अर्हंत् सम्बन्धि") पनि थियो। भिक्षु महादेवका पाँच सिद्धान्तहरूले गर्दा थेरवाद र महासांघिक बीच मतभेद चर्केको कुरा स्वयं थेरवादले पनि स्वीकार गरेको छ। भिक्षु महादेव अनुसार अर्हंत्ले आफू अर्हंत् भइसकेको थाहा नहुन सक्दछ, थाहा नपाएर पाप गर्न सक्दछ र अर्हंत्मा शंका बाँकि रहन सक्दछ। थेरवादीहरूको अर्हंत्को अवधारणामा यो ठूलो आक्रमण थियो किनकि उनीहरूको आदर्श पुरुष — अर्हंत् — पूर्ण रूपले क्लेश मुक्त, पाप मुक्त, संस्कार मुक्त व्यक्ति थियो। हुन त

Downloaded from http://dhamma.digital

थेरवादी साहित्यले स्पष्ट हुन्छ कि "अर्हत" पूर्णतः संस्कार विहिन हुँदैनन् । भिक्षु सारिपुत्र स्वयं पनि आफ्नो संस्कारको कारण कुनै पनि सानो खाल्डोलाई उफ्रेर जाने स्वभावका थिए ।

अर्हत्को सम्बन्धमा केही कुराको विचार गर्नु उपयुक्त होला, किनकि महायान, वज्रयान आदिको विकासमा पनि "अर्हत्" को विषयले महत्वपूर्ण भूमिका निभाएको छ । अर्हत् वा अरहन्त त्यो व्यक्ति हो जो दुःखबाट पूर्णतया मुक्त भइसकेको छ, सांसारिक बन्धनबाट अलग्ग भइसकेको छ । बुद्धभन्दा पहिले पनि अर्हत् शब्दको प्रयोग हुन्थ्यो र सो शब्दले प्रकृतिको पूर्ण ज्ञान प्राप्त गरिसकेका, सांसारिक बन्धनबाट पूर्ण रूपले मुक्त भइसकेका व्यक्तिलाई जनाउँथ्यो । बौद्ध परिभाषा अनुसार अर्हत् त्यो व्यक्ति हो जसले पुनः अर्को जन्म लिंदैन, जो दुःखबाट मुक्त भइसकेको छ। अर्हत् क्लेशमुक्त व्यक्ति हो । अर्हत्बाट कुनै अकुशल कर्म हुन सक्दैन । अर्हत् निर्वाण प्राप्त व्यक्ति हो ।

कुनै पनि व्यक्ति क्लेशबाट मुक्त भइसकेपछि अर्हत् हुने हुनाले र क्लेश स्वयं मानसिक अवस्था मात्र हुनाले को व्यक्ति अर्हत हो को होइन, सोको जाँच गर्नु अति कठीन छ । जो व्यक्ति क्लेश मुक्त छ, अर्हत् छ, उसले आफैले आफू अर्हत् भएको घोषणा गर्दैन । किनकि त्यसो गर्नाले उसको घमण्डिपनाको, जुन एक किसिमको क्लेश नै हो, प्रकाशन गरेको हुन्छ । हुन त क्लेश रहित भइसक्दा पनि अर्हत्ले आफ्नो उद्गार व्यक्त गर्न सक्दछ जसका कतिपय उदाहरण थेरवादी साहित्यहरू थेरगाथा र थेरीगाथामा पाइन्छन्, तर अरूलाई आफू अर्हत् भइसकें भनी हिंड्नुलाई निको मानिंदैन । क्लेशमुक्त अवस्था पूर्णतः मानसिक

Downloaded from http://dhamma.digital

क्रिया हो, अन्य व्यक्तिले यसको अवबोध गर्न सक्दैन। अब प्रश्न उठ्दछ कि अर्हत् आफैले कसैलाई आफू अर्हत् भएको व्यक्त गर्दै हिड्दैन र अरूले अर्हत्लाई उसको व्यवहार हेरेर बाहेक अरू कुनै साधनबाट ऊ अर्हत् हो भनी किटान गर्न सकिदैन भने सच्चा अर्हत्-लाई चिन्ने नै कसरी ? अति श्रद्धाको कारण भनिन्छ कि अर्हत्हरू भार विहिन हुन्छन् र हिड्दा कुल्चिएको घाँस पनि दोब्रिदैन ! तर यी साक्ष्यहरू मात्र श्रद्धावश हुन, ठोस तथ्य होइनन्। हामी पाउँछौं कि बुद्धकै पालोमा पनि कतिपय व्यक्तिहरू अर्हत् हुन् वा होइनन् भन्नेमा विवाद हुने गर्दथ्यो र बुद्ध स्वयंले त्यसको समाधान गर्नु हुन्थ्यो। अर्हत्को मनोदशा र स्वभावबारे अर्हत् बाहेक अरूले (क्लेश मुक्त नहुनेले) व्यक्त पनि गर्न सकिदैन भने अर्हत्को सत्य विवरण कसरी पेश गर्न सकिन्छ त ? त्यसैले दोस्रो संगायनाको बेला अर्हत्बारे विवाद उठ्नु अस्वाभाविक थिएन।

थेरवादमा बुद्धकालीन प्रसिद्ध भिक्षुहरूको बाहुल्यता थियो। सारिपुत्र थेरवादका आधारस्तम्भ थिए। थेरवादीहरू सारिपुत्रलाई अत्याधिक महत्व दिन्छन्। बुद्धका अति प्रिय भिक्षु सारिपुत्रलाई बुद्ध-धर्मको प्रधान सेनापतिको रूपमा प्रस्तुत गरिन्छ। हुन त बुद्धभन्दा केही महिना अगाडि नै सारिपुत्रको परिनिर्वाण भएको थियो, तर पनि भिक्षु संघमा उनको विचारधाराले जबरजस्त प्रभाव पारेको थियो। सारिपुत्रले आफ्नो जीवन नवयुवक भिक्षुहरूलाई शिक्षा दिनमा व्यतित गरेका थिए। सारिपुत्रको प्रभावले गर्दा थेरवादीहरूको प्रमुख लक्ष्य अर्हत्पद प्राप्त गर्नु हुन गयो। सारिपुत्रको विचारधाराको विरोध

Downloaded from http://dhamma.digital

स्वरूप कसरी महायानको विकास भयो, सो कुराको छलफल पछि गरिने छ। शील, समाधि र प्रज्ञालाई थेरवादीहरू मुक्तिको मार्ग मान्दछन्। स्पष्ट छ यसले प्रज्ञालाई बढी महत्व दिन्छ र यो ज्ञान मार्ग हो। सारिपुत्र प्रज्ञामा सर्वश्रेष्ठ मानिन्छ।

भिक्षु **महाकाश्यप**को विचारधाराले पनि भिक्षु संघलाई प्रभाव पारेको थियो। महाकाश्यपले नै बुद्धको परिनिर्वाण पछि उहाँका उपदेश र नियमहरूको सम्पादन गरिएको संगायनाको अध्यक्षता सम्हालेका थिए। महाकाश्यप पहिले कट्टर ब्राह्मण थिए र उनी कट्टरता रूचाउँथे। बुद्धको सरल मध्यममार्गी विचारधाराबाट उनी त्यति प्रभावित थिएनन्। संघका अतिवादी भिक्षुहरू महाकाश्यपबाट प्रभावित थिए। तिनीहरू १३ कट्टर नियमहरूको पालन गर्नमा जोड दिन्थे। तिनीहरू नलेटिकन सुत्दथे, जङ्गल र मसानमा एकान्त बस्दथे। वर्तमानमा पनि यी कट्टर नियमलाई महत्व दिने भिक्षुहरू छन्।

भिक्षु **महाकात्यायन**ले अवन्ति (गुजरात) मा धर्म प्रचार गर्नमा आफ्नो जीवन बिताएका थिए। बुद्ध परिनिर्वाणको करिब १५० वर्षपछि अवन्तिमा **सम्मितिय** नामक थेरवादी सम्प्रदायको उदय भयो। सम्मितियहरू विश्वास गर्दथे कि जीवभित्र एक "अहं" हुन्छ जसलाई उनीहरूले "पुद्‌गल" भने। "पुद्‌गल" धेरै हदसम्म ब्राह्मणहरूको "आत्मा" सरह हो तर "पुद्‌गल"लाई उनीहरू अशाश्वत मान्थे। उनीहरू मान्थे कि अर्हत् भइसकेको व्यक्ति पछि अर्हत् नहुन सक्छ र गृहस्थहरू पनि अर्हत् हुन सक्छन्। सम्मितिय मात्रै त्यो सम्प्रदाय हो जसले आत्मालाई एक किसिमले मान्यता दिएको थियो। सम्मितियको

Downloaded from http://dhamma.digital

आत्मवाद धारणालाई बुद्धको मूल अनात्मावादी सिद्धान्तबाट मार्ग भ्रष्ट भएको मानिनु पर्दछ किनकि हालसम्म प्राप्त सबै प्रकारका बौद्ध साहित्यहरूले "पुद्गल"को धारणालाई कडा आलोचना गरेको छ। यो तथ्यलाई बुझ्नु आवश्यक छ कि बुद्ध–धर्म अनात्मावादी हो, र आत्मवादी दर्शन वा सम्प्रदायबाट यसको उत्पत्ति भएको मान्नु ठूलो भ्रम हो। कोही कोही कट्टर हिन्दूहरूले भन्ने गरेका कि बुद्ध उपनिषद्बाट प्रभावित थिए, बुद्ध–धर्म वैदिक धर्मको शाखा हो, आदि पूर्णतः गलत छ। बुद्ध–धर्मले अनित्य, परिवर्तनशील, अशाश्वत चित्त (विज्ञान वा मन) लाई मान्दछ। जबकि ब्राह्मणहरू नित्य, अमर, शाश्वत आत्मालाई मान्छन्।

भिक्षु आनन्दबाट प्रभावित बौद्ध सम्प्रदाय सर्वास्तिवादको उदय दोस्रो संगायनाको करिब ५० वर्ष जति पछि भयो। भिक्षु आनन्दको शिष्य मध्यान्तिकले काश्मीरमा र अर्को शिष्य भिक्षु शाणवासीले मथुरामा सर्वास्तिवादको प्रचार गरे। ती दुवैको शिष्य मानिने भिक्षु उपगुप्त सर्वास्तिवादका प्रसिद्धतम गुरु हुन्। उपगुप्त अति न विद्वान् थिए र उनलाई सर्वास्तिवादीहरू सारिपुत्रलाईभन्दा बढी महत्व दिन्छन्। सर्वास्तिवाद र महायानले भिक्षु उपगुप्तलाई सम्राट् अशोकको धर्म गुरु मान्छन् जुनकि भ्रामक हो। सम्राट् अशोक भिक्षु उपगुप्तभन्दा करिब एक शताब्दी पछिका हुन्।

सर्वास्तिवादीहरूलाई संस्कृत माध्यम हुने थेरवादी मान्न सकिन्छ। कुनै बेला सर्वास्तिवादीहरू अति प्रख्यात भइसकेका थिए। तर १२ औं शताब्दीतिर आएर यो गौरबशाली सम्प्रदाय लुप्त

Downloaded from http://dhamma.digital

हुनुपर्‍यो । कुनै बेला तिव्बत, चीन आदि देशहरूमा यो लोकप्रिय थियो र ती देशहरूबाट सर्वास्तिवादका महत्वपूर्ण ग्रन्थहरू भेटिएका छन् । भारतमा पनि सर्वास्तिवादीहरू अति प्रभावशाली थिए र कालान्तरमा महायानको विकास हुँदा यसले महायानलाई धेरै प्रभाव पारेको थियो ।

मूल थेरवादीहरू मागधि भाषा प्रयोग गर्दथे जुनकि त्यतिबेला सर्वसाधारणको भाषा थियो । संस्कृत विद्वत्‌जनहरूको भाषा थियो । मागधि भाषामा केही परिवर्तन थपिएपछि कालान्तरमा पालि भाषाको नाउँले प्रख्यात भयो । त्यसैले थेरवादी ग्रन्थहरु पालि भाषामा उपलब्ध छन् जबकि महायानी ग्रन्थहरू संस्कृतमा हुने गर्दछन् । केही ग्रन्थहरू मिश्रित संस्कृतमा पाइन्छ जसलाई "गाथा संस्कृत" भनिन्छ । सायद यो मध्य प्रदेशको भाषा थियो । भाषाको दृष्टिकोणले संस्कृत र पालिमा ठूलो मतभिन्नता पाईंदैन ।

मूल थेरवादी र सर्वास्तिवादीहरू मात्र भाषाको कारणले विभक्त भएका होइनन् । सर्वास्तिवादीहरू मान्थे कि सबै कुराको अस्तित्व छ (सर्व+अस्ति=सर्वास्ति); शरीर र मन दुवै सत्य हुन्, भूत, भविष्य, वर्तमान सबै सत्य हुन् । थेरवादीहरू वर्तमानको सत्ता-लाई मात्र सत्य मान्दछन् । अर्हत् सम्बन्धमा पनि यी दुईमा मतभेद छन् । अर्हत् व्यक्ति पुनः अर्हत्‌बाट पतन हुन सक्दछ भनी सर्वास्तिवादीहरू विश्वास गर्थे ।

यसरी विस्तारै बुद्ध-धर्मको क्षेत्र फैलिंदै गयो । बोधिज्ञान कुनै पनि व्यक्तिले प्राप्त गर्न सकिने हुनाले गौतम बुद्धभन्दा पहिले पनि

Downloaded from http://dhamma.digital

अरू मनुष्यहरू बुद्ध भइसकेको कुरा प्रचलनमा आयो । गौतम बुद्ध समेत सात बुद्धहरू विश्वमा आइसकेको धारणा बन्यो । ती हुन्– विपश्वी, शिखी, विश्वभू, ककुछन्द, कनकमुनि, काश्यप र शाक्यमुनि गौतम बुद्ध । यी मानुषी बुद्धको अवधारणाले सबै बौद्ध सम्प्रदायहरूलाई प्रभाव पाऱ्यो ।

दोस्रो संगायनाको संरक्षक कालाशोक (नन्दिवर्धन) पछि तेस्रो पुस्तामा (कालाशोक पछि महानन्दी, त्यसपछि महापद्मको पालोमा) मगधमा नन्दिवंशको पतन भयो । नन्दिवंश शक्तिशाली थियो । तिनीहरूको पालोमा मगध भारतवर्षको अति शक्तिशाली राज्य भइसकेको थियो । महापद्म (धनानन्द ?) को शासनकालमा चन्द्रगुप्त नामको मौर्यले मन्त्री चाणक्यको सहायताद्वारा नन्दिवंशको नाश गरेर मगधको सिंहाशनमा कब्जा गरे । त्यो ताका पश्चिमबाट ग्रीक सम्राट् सिकंदर (अलेक्जाण्डर) ले धमाधम पूर्वी राज्यहरूलाई जित्दै अगाडि बढिरहेका थिए । तर युवा ग्रीक सम्राट् सिकन्दरले पश्चिम–उत्तर भारतलाई जितिसकेपछि आफ्नै सैनिकको विद्रोहको सामना गर्नु पऱ्यो र पुनः आफ्नो मातृभूमि माक्दूनिया फर्कनु पऱ्यो जहाँ केही महिना पछि उनको मृत्यु भयो । तर त्यो घटनाको गहनछाप भारतिय संस्कृतिमा पनि पऱ्यो । करीब तीस इण्डोग्रीक राजाहरूले उत्तर पश्चिमी भारतमा शासन गरे, जसमध्ये राजा मिलिन्दले मात्रै भारतीय इतिहासमा अविस्मरणीय छाप छोड्न सक्यो र जसको चर्चा हामी केही क्षण पछि गर्नेछौं ।

सम्राट् चन्द्रगुप्त स्वयं सायद जैन थिए । उनको छोरो बिन्दूसार

Downloaded from http://dhamma.digital

थिए । उनको नाति थिए विश्व प्रसिद्ध सम्राट् अशोक । बुद्ध परिनिर्वाणको दुई शताब्दी पछि सम्राट् अशोकको प्रादुर्भाव भयो। त्यतिबेलासम्म भिक्षु संघ १८ सम्प्रदायहरूमा विभाजन भइसकेको थियो । ती मध्ये थेरवादी तर्फ १२ (जसमा पूर्व उल्लेखित सम्मितिय र सर्वास्तिवाद पनि समावेश छन्) र महासांघिक तर्फ छ सम्प्रदायहरू स्थापित भइसकेको थियो ।

त्यतिबेलासम्म बुद्ध–धर्मको ग्रन्थ त्रिपिटकले पूर्ण आकार ग्रहण गरिसकेको थियो । त्रिपिटक बौद्धहरूको आधार ग्रन्थ हो । हिन्दूहरूको वेद, मुस्लिमहरूको कुरान, इसाईहरूको बाइबल सरह त्रिपिटकको संरचना भयो । तर त्रिपिटक अन्य ग्रन्थहरूभन्दा यसकारण भिन्ने छ कि बौद्धहरू त्रिपिटकलाई देवरचित, स्वप्रमाणित मान्दैनन्, यसलाई प्राचीन ऐतिहासिक ग्रन्थ मात्र मान्दछन् । यहाँनिर पुनः स्मरण गरौं कि बुद्धले आफ्ना शिष्यहरूलाई कुनै पनि ग्रन्थलाई स्वप्रमाणित नमान्ने उपदेश दिनु भएका थिए ।

त्रिपिटकको विषयमा केही जानकारी दिनु यो उपयुक्त समय हो । त्रिपिटकको शाब्दिक अर्थ हो– तीन टोकरी । त्रिपिटकमा बुद्धको उपदेशलाई तीन प्रमुख ग्रन्थहरूमा विभाजित गरिएको छ; यथा सूत्र पिटक, विनय पिटक र अभिधर्म पिटक । सूत्र पिटकमा बुद्धका उपदेशहरू समाहित छन् ती मध्ये लामा घटनाहरू 'दिघ निकाय'मा, मझौला घटनाहरू 'मज्झिम निकाय'मा, छोटो उपदेशहरू 'संयुक्त निकाय'मा, एकदेखि एघारसम्म गणना गर्न सकिने छोटो उपदेशहरू 'अंगुत्तर निकाय'मा, र अन्य सानातिना उपदेश तथा घटनाहरू 'खुद्दक निकाय'

Downloaded from http://dhamma.digital

(जसमा धम्मपद, जातक, उदान, सुत्त निपात आदि समावेश छन्) मा संपादन गरिएको छ। विनय पिटकमा भिक्षु र भिक्षुणी संघका नियम, र ती नियमहरू कुन परिस्थितिमा प्रतिपादन गर्नु परेको थियो, सो को वर्णन छ। अभिधर्म पिटक पूर्णतः दार्शनिक ग्रन्थ हो र यसमा मन र पदार्थका विभिन्न रूप र सिद्धान्तबारे चर्चा गरिएको छ।

प्रथम संगायनामा धर्म (सूत्र पिटक) र विनय (विनय पिटक) को मात्र सम्पादन गरिएको हुँदा तेस्रो पिटक (अभिधर्म पिटक) विवादको विषय बनेको छ। थेरवादी परम्परा अनुसार अभिधर्मको उपदेश बुद्धले त्रायांतिश भूवन ("स्वर्ग")मा दिनु भएको थियो। आधुनिक विद्वानहरू यसलाई पत्यार गर्दैनन् र अभिधर्मलाई बुद्धभन्दा पछिल्लो कृति (प्रायःले यसलाई प्रथम संगायानको अध्यक्ष भिक्षु महाकाश्यपको कृति) मान्दछन्। अभिधर्मका सात विभागहरू मध्ये एक "कथावस्तु"प्रमाणित रूपले सम्राट् अशोकको गुरु भिक्षु तिष्यले रचना गरेका थिए। यहाँतिर यो पनि स्मरणीय छ कि जसरी थेरवादले अभिधर्मलाई त्रायांतिशमा विशेष परिस्थितिमा देशना गरिएको भन्नी मान्छन्, त्यसरी नै महायानले बुद्धले दोस्रो धर्मचक्र प्रवर्तन राजगृहमा र वज्रयानले तेस्रो धर्मचक्र प्रवर्तन धान्यकटकमा भएको उल्लेख गर्दछ। वस्तुतः आ-आफ्नो सिद्धान्तको प्रतिपादन गर्न सो लाई बुद्धवाचित सिद्ध गर्ने चाहना रहनु स्वाभाविक नै मान्नु पर्दछ।

सायद यही नै समयकालतिर पश्चिमी चीनको खोतनमा ई. पू. २११ तिर राजा विजय सम्भवको पालोमा काश्मीरको भिक्षु वैरोचनले सर्वप्रथम धर्म प्रचार गरे।

Downloaded from http://dhamma.digital

अब **सम्राट् अशोक** (ई. पू. २६९ – २२७) को बारे केही चर्चा गरौं। बुद्ध परिनिर्वाणको २१८ वर्षपछि ई. पू. २६५ मा राज्या-रोहण भई उनी भारतवर्षका सम्राट् भए। त्यतिबेला **पाटलिपुत्र** (वर्तमान पटना) एक भव्य नगर भइसकेको थियो र पाटलिपुत्र नै अशोकको राजधानी थियो। अशोक पराक्रमी, दुस्साहसी र निर्दयी थिए। उनले आफ्ना भाइहरूलाई मारेर सिंहाशन हडपेका थिए। एक पछि अर्को राज्यहरू जित्दै उनले एक विशाल भारतवर्ष (सायद वर्तमान भारतभन्दा पनि ठूलो) को निर्माण गरे। तर इतिहासमा उनको नाउँ सर्वविजेता राजाको कारणले होइन, सर्वशक्तिमान् धार्मिक राजाको रूपमा स्वर्ण अक्षरमा लेखिएको छ। आफ्नो राज्य विस्तार गर्ने क्रममा **कलिंग** (उडिसा)को युद्ध (ई. पू. २५७) को बेला रणभूमिको विभत्स दृष्य देखी क्रूर सम्राटको हृदय पग्ल्यो। त्यो दिन **बिजया दशमी**को दिन थियो। राज्याभिषेकको चार वर्षपछि **श्रामणेर निग्रोध**-को उपदेश सुनी उनी बौद्ध भए। उनले आफ्नो बाँकि जीवन धर्म प्रचार र समाज सेबा गर्नमा ब्यतित गरे। विभिन्न भूभागबाट अशोकका विभिन्न शिलालेखहरू भेट्टाइएको छ र तिनीहरूको अध्ययन गर्ने आधुनिक इतिहासकारहरू अशोकको कृति देखी चकित भएका छन्। उनी कुशल प्रशासक थिए। उनका प्रशासकीय अधिकृतहरू जन-मुखि थिए। अस्पताल र पशु चिकित्सालयको शुरुवात उनले नै गरे। बाटो वरिपरी वृक्ष लगाउने, ठाउँ ठाउँमा इनार, कुवा, आराम गृह, विश्राम गृह बनाउने काम उनले आफ्नो राज्यमा मात्र होइन छिमेकी राज्यहरूमा समेत गरे। छिमेकी राष्ट्रहरूले, ग्रीक अधिनस्थ एसियालि

Downloaded from http://dhamma.digital

राष्ट्रहरूले पनि, एक किसिमले अशोकको प्रभूता स्वीकार गरेको कुरा शिलालेखले दर्शाउँछ; र तिनीहरू सबैसंग अशोकको अति राम्रो सम्वन्ध थियो। यसरी धर्म–विजयीको रूपमा सम्राट् अशोक विश्व विख्यात भए।


सम्राट् अशोकको पालोमा थुप्रै मानिसहरू लोभ र इर्ष्याको कारणले भिक्षु संघमा प्रवेश गर्न थाले। जसको कारण भिक्षु संघ अशुद्ध भयो र कलह उत्पन्न भयो। भिक्षु संघ १८ सम्प्रदायमा विभाजित भइसकेको हुनाले भिक्षुहरूको एक आपसमा कुरा मिल्दैनथ्यो। भनिन्छ कि नौ वर्षसम्म भिक्षुहरू एकै ठाउँमा भेला भई उपोसथ गर्न सकेनन्। सम्राट् अशोकलाई सो निको लागेन र आफ्नो गुरु भिक्षु मोद्गलि पुत्र तिष्यलाई संघ शुद्ध पार्न आग्रह गरे। भिक्षु तिष्य पहिले एक ब्राह्मण थिए जसलाई भिक्षु सग्गवले विवादमा पराजित गरी बौद्ध बनाएका थिए। भिक्षु तिष्यले भिक्षुहरूसँग बुद्धको दार्शनिक विचार-धाराको बारेमा अन्तरवार्ता लिए। ती भिक्षुहरू जसले बुद्धलाई 'विभज्जवादी' माने तिनीहरूलाई बाहेक अरू सबैलाई भिक्षु संघबाट निकाला गरिदिए। बुद्धलाई 'विभज्जवादी' मान्नेहरू मूल थेरवादी हुन् र त्यतिबेला निस्कासित भएका भिक्षुहरू (भनिन्छ कि यसको संख्या ६० हजार थियो!) प्रमुखत: सर्वास्तिवादी थिए। त्यसपछि सम्राट् अशोकको संरक्षणमा ई. पू. २४८ मा पाटलिपुत्रमा भिक्षु मोद्गलिपुत्र तिष्यको अध्यक्षतामा मूल थेरवादीहरूको महा अधिवेशन बस्यो जसलाई तेस्रो संगायना भनियो। एक हजार भिक्षुहरूको सहभागिता रहेको सो संगायना नौ महिनासम्म चल्यो। त्यहीनै बेला

Downloaded from http://dhamma.digital

भिक्षु मौद्गलिपुत्र तिष्यले अन्य बौद्ध सम्प्रदायहरूको दर्शनलाई खण्डन गर्दै 'कथावत्थु' को रचना गरे। तेस्रो संगायनाको निर्णय अनुसार सम्राट् अशोकले विश्वभर बुद्ध-धर्म प्रचार गर्ने निधो गरे। श्रीलङ्का, म्यायन्मार (बर्मा), हिमालय भूभाग, पाकिस्तान, ग्रीक राज्यहरू (मिश्र, सिरिया, आदि) मा बौद्ध भिक्षुहरू धर्म प्रचारार्थ पठाइयो। अशोकको आफ्नै छोरा छोरी भिक्षु महेन्द्र र भिक्षुणी संघमित्रा चाहिं श्रीलङ्कामा गए र त्यतिबेला देखि नै श्रीलङ्का मूल थेरवादीहरूको केन्द्र बन्यो। त्यतिबेला श्रीलङ्कामा देवानांप्रिय तिष्यको राज्य थियो। उनले बुद्धको अस्थिधातु राखी प्रसिद्ध थुपाराम चैत्यको निर्माण गरे। अशोकले ठाउँ ठाउँमा गरी ८४,००० बौद्ध स्तुपहरू बनाउन लगाए। नेपालका बज्राचार्यहरूको बहालमा पाइने सेता स्तुपहरू यी नै "अशोक स्तूपहरू" हुन्। बुद्ध परिनिर्वाण पछि उहाँको अस्थिधातु राखेर तत्कालीन राजाहरूले जुन स्तूप बनाएका थिए, तिनीहरूलाई सम्राट् अशोकले उत्खनन् गर्न लगाई त्यहाँबाट अस्थिधातु झिक्न लगाए। सायद रामग्राम (वर्तमान परासि, नेपाल) को स्तूप भत्काइ-एको थिएन। भनिन्छ कि अशोकले आफूले निर्माण गरेका ८४,००० स्तूपहरूमा बुद्धको अस्थिधातु राखेका थिए। वास्तवमा बुद्ध स्वयंले जति बुद्ध-धर्मको प्रचार गरे त्यो भन्दा बढी प्रभाबपूर्ण ढङ्गले बुद्ध-धर्म प्रचार गरेको श्रेय सम्राट् अशोकलाई दिइन्छ।

सम्राट् अशोकले मध्यान्तिक भिक्षुको नेतृत्वमा धर्म प्रचारार्थ पठाएका दल काश्मीर र गन्धार (पाकिस्तान) मा यस्तरी सफल भयो कि शताब्दीऔंसम्म काश्मीर बुद्ध-धर्मको प्रमुख केन्द्र रह्यो।

Downloaded from http://dhamma.digital




**बौद्ध सम्प्रदायहरूको विकासक्रम**

Downloaded from http://dhamma.digital

Dhamma.Digital

Downloaded from http://dhamma.digital

यसै धर्म प्रचारको सिलसिलामा सिरिया, मिश्र, मासेडोन, साइरेन, इपिरस आदिमा भिक्षु महारक्षितले प्रचार गरे। यिनीहरू लाट्भिया, लिथुआनिया, एस्टोनिया (पूर्वी युरोपेली राष्ट्रहरू), प्यालेस्टाइन, माक्दोनियासम्म पुगेका थिए।

नेपालमा पनि यही समयमा (ई. पू. २४८) औपचारिक रूपमा बुद्ध-धर्मको प्रवेश भयो। सायद यसको श्रेय अशोकले हिमालय प्रदेशमा धर्म प्रचारार्थ पठाइएका भिक्षु मध्यमलाई जान्छ। त्यतिबेला नेपालमा किराँति राजा स्थुन्कोको शासन थियो। त्यही समयमा अशोकको छोरी चारुमतिले राजकुमार देवपालसँग विवाह गरी नेपालमै बसिन् र चावहिलको विहारको निर्माण गरिन्। पाटनका चार थूरहरूका त्यति नै बेला निर्माण भयो।

केही मात्रामा भए पनि बुद्ध-धर्मको प्रचार अशोकभन्दा पहिले नै नेपाल (काठमाण्डौ उपत्यका)मा भइसकेको हुन सक्दछ। पालि साहित्य अनुसार बुद्ध हिमालयतिर पनि एकपल्ट आउनु भएका थिए। नेपाली वंशावली अनुसार किराती राजा जितेदास्तिको पालोमा बुद्ध नेपाल आउनु भएको थियो। तर सम्भवतः बुद्ध काठमाडौं उपत्यका भित्र आउनु भएको थिएन। त्यस्तै सर्वास्तिवादी साहित्य अनुसार भिक्षु आनन्द नेपालमा पस्नु भएको थियो। तर यो कुरा पनि सन्देहात्मक नै छ। विडूडभले भगाएर पठाएका केही शाक्यहरू नेपाल पसेको हुन सक्दछ। कोलियहरू आई स्थानीय केलटोलमा कोलिय ग्राम बनाई बसेका थिए।

बर्मामा पनि बुद्ध-धर्मको प्रवेशबारे थुप्रै जनश्रुतिहरू छन्।

Downloaded from http://dhamma.digital

तर वास्तवमा त्यहाँ पनि सम्राट् अशोकले ई. पू. २४८ तिर पठाएका भिक्षुहरू सोण र उत्तरहरूले नै बुद्ध-धर्मको प्रसार शुरु गरेको हुनु पर्दछ ।

आधुनिक बंगलादेशमा पनि बुद्ध-धर्मको व्यापक प्रचार प्रसार भएको सम्राट् अशोक कै पालामा हो ।

सम्राट् अशोकले गरेको बौद्ध महाधिवेशनबाट निस्कासित सर्वास्तिवादी भिक्षुहरूले पनि नालन्दामा महाधिवेशन गरेर आफ्नो सङ्गठन सशक्त पारे ।

अशोकको पालो सम्ममा बुद्ध वचन ग्रन्थमा लेखिएको थिएन । न त महायान र हीनयान नै छुट्टिसकेको थियो । यहाँ यो कुरा मनन-योग्य छ कि दुवैले अशोकलाई बुद्ध-धर्मको महान् प्रचारकको रूपमा f न्छन् । चुंकि परम्परागत थेरवादी र त्यसबाट निस्केको सर्वास्ति-वादीहरूको सूत्र पिटक र विनय पिटक झण्डै उस्तै भएको, तर अभिधर्म पिटक भने फरक रहेकोले अभिधर्म पिटक नै तेस्रो संगायनाको प्रमुख कारण पनि हुन सक्दछ । स्मरणीय छ कि अभिधर्मको कथावत्थु तेस्रो संगायनामा थेरवादी भिक्षु मौद्गलिपुत्र तिष्यले लेखेका थिए ।

सम्राट् अशोकको मृत्युपछि भारतमा विस्तारै राजनैतिक अस्थिरता आउन थाल्यो । उत्तर पश्चिमी भागमा ग्रीक शासित राज्य-हरू पुनः शक्तिशाली हुन थाले । ती राज्यहरूमा पनि, बुद्ध धर्मको ठूलो प्रभाव परिसकेको थियो । विस्तारै विस्तारै पश्चिमी एसिया र यूरोपमा पनि बुद्ध-धर्मले प्रभाव पाऱ्यो । स्वयं जेसस क्राइस्ट बुद्धको विचारधारा देखि प्रभावित भएको कुरा विद्वानहरू मान्दछन् । बुद्धको

Downloaded from http://dhamma.digital

जीवनीमा घटेको कृशा गौतमीको घटना क्राइस्टको जीवनीमा पनि पाइन्छ। हंगेरीको राजधानी बुडापेस्ट"बुद्ध"शब्दबाट बनेको मानिन्छ। अफगानिस्तानमा बुद्धको उपदेश सुनिरहेको रोमन देउता हरक्यूलिसको मूर्ति भेट्टिएको छ। अर्कोतिर बौद्ध कला पनि ग्रीक र रोमन कलाबाट अत्याधिक प्रभावित भएको पाइन्छ। बुद्धको चित्ताकर्षक मूर्ति ग्रीक–रोमन शैलीको हो। ग्रीक र रोमनहरू मूर्तिकलामा प्रख्यात छन्, तिनीहरूकै प्रभावले गर्दा भारतमा मूर्तिकलाको विकास भएको हो।

भारतको उत्तर पश्चिमी भूभागमा करिब ३० जना जति ग्रीक राजाहरूले शासन गरे। ती मध्ये ई. पू. १५० तिरका इण्डोग्रीक राजा मिलिन्द (Minander) ले मात्रै भारतको इतिहासमा प्रभाव पारेको देखिन्छ। उनी ठूला तार्किक विद्वान् थिए, र बुद्ध–धर्म समेत अन्य धर्मका ज्ञाता थिए। ठूला ठूला विद्वान्हरूलाई वादविवादमा पराजित गर्थे। एकपल्ट राजधानी सागल (वर्तमान स्यालकोट) मा नवयुवक र प्रतिभावान् भिक्षु नागसेनसँग उनको भेट भयो। दुवैको शास्त्रार्थ भयो। राजा मिलिन्दले बुद्ध–धर्म सम्बन्धी ती नै प्रश्नहरू उठाए जुन प्रायः आधुनिक विद्वान्हरू पनि उठाउने गर्दछन्। नागसेनले यति स्पष्टसँग राजाको शंकाको समाधान गरिदिए कि राजा मिलिन्दले आफूलाई बुद्धको अनुयायी घोषित गरे। मिलिन्द र नागसेन मध्य भएको अति रोचक छलफल **"मिलिन्द प्रश्न"** नामक ग्रन्थको नामले प्रख्यात छ। थेरवादीहरू त्रिपिटक जस्तै यो ग्रन्थलाई पनि अति महत्वपूर्ण मान्दछन्। राजा मिलिन्द पछिका प्रायः इण्डोग्रीक राजाहरूले बुद्ध–धर्म नै अंगिकार गरे।

Downloaded from http://dhamma.digital

उत्तरी भारतमा चाहिं त्यतिबेला बुद्ध-धर्मको लागि नराम्रा दिन आउन लागेको थियो । सम्राट् अशोकको छैठौं पुस्ताको राजा **वृहद्रथको** पालोमा ग्रीकहरू पाटलिपुत्रसम्म पुगे, तर कलिंगको सहायताले वृहद्रथले ग्रीकहरूको आक्रमण सफल हुन दिएन । वृहद्रथ अपेक्षाकृत कमजोर हुनाले कलिंगले पाटलिपुत्रलाई पनि लुटे । केही समय पछि सैनिक प्रदर्शनको दिन, ई. पू. १८४ मा, प्रदर्शन हेरिराख्ने राजालाई सेनापति **पुष्यमित्रले** सबैको सामु तलवारले काटी मारिदिए । यसरी सेनाले सिंहाशन आफ्नो कब्जामा लिए । **शुंग वंशको** शुरुवात भयो ।

शुंग राजाहरू कट्टर ब्राह्मणवादी थिए । बुद्ध-धर्मप्रति सायद सबै शुंग राजाहरू असहिष्णु नभएता पनि प्रथम शुंग राजा पुष्यमित्र चाहिं बौद्ध विरोधी नै देखिन्छ । भनिन्छ कि उनले भिक्षुहरूको मारकाट गरेका थिए । एक सूत्रका अनुसार भिक्षुको टाउको ल्याउन सक्नेलाई शय दिनार पुरस्कार गर्ने घोषणा पनि उनले गरेका थिए । ब्राह्मण धर्मका कट्टर हिमायती पुष्यमित्रले अश्वमेघ यज्ञ पनि गरेका थिए । पुष्यमित्रले नै सायद मिलिन्दलाई मारेका थिए । पुष्यमित्र स्वयंले सायद पाँचवर्षमात्रै शासन गर्न पाए ।

शुंगकालमा ब्राह्मण धर्मको ठूलो विकास भयो । ब्राह्मण विद्वान् **पातंजलि** यही कालमा जन्मेका थिए । प्रसिद्ध हिन्दू ग्रन्थ **मनुस्मृतिको** रचना यही कालमा भयो । मनुस्मृतिमा नैतिक पक्षका कतिपय कुराहरू बुद्धको उपदेशबाट लिइएको देखिन्छ । तर बुद्ध-धर्म नि जन मानसमा भित्र सम्म पसिसकेको थियो । त्यसैले शुंगकाल मा

Downloaded from http://dhamma.digital

पनि जनताले बुद्ध–धर्मको विकासमा आफूले सक्दो सहयोग गरे। फलतः साँची र भरहूत जस्ता प्रसिद्ध स्तूपहरूको निर्माण यही कालमा भयो।

शुंगकाल पछि मगधमा कण्हवंशको शासन शुरू भयो। भारतीय इतिहासमा कण्हवंशकाल अस्पष्ट र अंधकार पूर्ण छ।

बुद्ध–धर्मको इतिहासको एक रोचक पक्ष यो छ कि प्रायः बौद्ध सम्प्रदायहरू बुद्ध–धर्म पहिलो ५०० वर्ष मात्रै देदिप्यमान हुने, पछि बिस्तारै लोप हुँदै जाने कुरामा विश्वास गर्दछन्। त्यसैले हामी देख्छौं कि बुद्धको पालामा थुप्रै मानिसहरू सजिलैसित अर्हत् हुन्थे, वा जीवनको लक्ष्य प्राप्त गर्थे। पछि आएर अर्हतहरूको संख्या झन् झन् कम हुँदै गयो। भिक्षुहरूको सो धारणालाई सायद शुंग कालमा बुद्ध-धर्मप्रति रहेको असहिष्णुताले पनि बल मिल्यो। समय झन् झन् निर्वाण प्राप्त गर्न प्रतिकूल हुँदै गएको महसुस गरियो। फलतः भविष्यमा मैत्रेय नामको बुद्धको प्रादुर्भाव हुने र समय पुनः अनुकूल हुने कल्पना बन्यो र यस जन्ममा पुण्य संचय गरेमा, सद्मार्गमा चलेमा, उनीहरू मैत्रेय बुद्धको पालोमा पुनः मनुष्य भई जन्म लिनेछन् र मैत्रेय बुद्धको उपदेशबाट पुनः अनुकुल भएको समयमा उनीहरूले पनि निर्वाण लाभ गर्ने छन् भन्ने विश्वास बन्यो। मैत्रेय बुद्ध हाल तुषिता भुवन ("सन्तुष्ट देवताहरू बस्ने ठाउँ") मा बसिरहेको र भविष्यमा पृथ्वीमा बुद्ध भई जन्मनु हुने विश्वास गरियो। गृहस्थहरूलाई मात्र होइन, भिक्षुहरूलाई पनि भविष्यप्रति आशान्वीत गराएको यो अनौठो उदाहरण हो।

Downloaded from http://dhamma.digital

बुद्धले चिन्तन गर्न अयोग्य ठानेका १० दार्शनिक विषयहरू–दश अव्यक्तहरू– यहाँ सान्दर्भिक हुन आउँछ । ती मध्ये अन्तिम चार –निर्वाण पछि तथागत हुन्छ, वा हुँदैन, वा दुवै हो, वा दुबै होइन – को विषय यहाँ पुनः उठाउन चाहन्छु । बुद्ध स्वयंले आफूलाई सम्बोधन गर्नु पर्दा **तथागत** भन्नु हुन्थ्यो र यसको अर्थ 'पहिले पनि भएको र पछि पनि हुने' लगाइएको छ । माथिका प्रश्नहरूलाई बुद्धले चिन्तन गर्न अयोग्य भन्नु भएबाट ज्ञात हुन्छ कि बुद्धले अन्य बुद्धहरूको प्रादुर्भावको बारे सायद मौन रहनु भएको थियो । तर कालान्तरमा एकभन्दा बढी बुद्ध भएको कल्पना गरियो । शुरुमा त्यस्ता ७ बुद्धहरूको कल्पना गरिएको कुरा माथि गइसकेको छ । तब आएर त्यस्ता २५ मानुषी बुद्धहरू भएको कल्पना गरियो । ती हुन्– दिपंकर, कोण्डन्य, मंगल, सुमन, रेवत, शोभित, अनोमदर्शी, पद्म, नारद, पद्मोत्तर, सुमेध, सुजात, प्रियदर्शी, अर्थदर्शी, धर्मदर्शी, सिद्धार्थ, तिष्य, पुष्य, विपश्वी, शिखी, विश्वभू, क्रकुछन्द, कनकमुनि, काश्यप र गौतम बुद्ध ।

शुरुमा बुद्धका सरल र साधारण उपदेशहरूले, क्लेश-मुक्त हुने दर्शनले जन साधारणलाई गहिरोसँग प्रभावित गर्न सकेको थिएन । साधारण मानिसहरू स्वभावतः ज्ञान दर्शनतिर त्यति चासो राख्दैनन् । उनीहरूलाई रमझम, देखावटिपना, रहस्य, रोमांच र काल्पनिक विषयहरूले बढी प्रभाव पार्छन् । बुद्धको पालामा जुन ज्ञानको खोजि गर्ने प्रवृत्ति देखा परेको थियो, सो हराउँदै गयो । बुद्धको समयपछि मानव समाज भक्ति मार्गतिर ढल्क्यो । बुद्ध–धर्मको चुनौति आइपरेकोले

Downloaded from http://dhamma.digital

ब्राह्मण धर्मले भक्तिप्रति बढी ध्यान दिए। फलतः भक्ति मार्ग बलियो हुँदै आयो।

यही नै बेला ब्राह्मण धर्ममा गीता, रामायण, महाभारत जस्ता प्रशंसनीय ग्रन्थहरूको रचना भयो। गीता महाभारतभित्रका एक ग्रन्थ भएता पनि सायद शुरुमा यसको रचना पृथक भएको थियो र कालान्तरमा यसलाई महाभारतमा गाभिएको थियो। रामायण र महाभारत जस्ता महाग्रन्थहरू बुद्धभन्दा पहिलेका होइनन् भन्दा आश्चर्य लाग्ला। हिन्दू धर्मको दश अवतारको धारणाले गर्दा बुद्ध राम र कृष्ण भन्दा पछिका हुन् भन्ने भ्रम कायम रहेको हो। वस्तुतः दश अवतारको धारणा धेरै पछि बनेको थियो जसको समुचित स्थानमा छलफल गरिने छ। त्यस्तै मुस्लीम आक्रमणले सबै बौद्ध आचार्यहरूलाई सखाप पारिसकेपछि कसरी बौद्धहरूलाई हिन्दूहरूले प्रभाव पार्दै लगे, सो को छलफल पनि पछि गरिने छ। अहिलेलाई यति नै थाहा पाऔं कि आधुनिक हिन्दू–धर्मका इतिहासकारहरूले पनि रामायण र महाभारतको रचना बुद्ध-पूर्व मान्दैनन्। रामको जन्मभूमि अयोध्या बुद्धकालमा 'साकेत' थियो। बौद्ध ग्रन्थ लंकावतार सूत्र अनुसार रावण बौद्ध थिए, जसले प्रष्ट पार्छ कि उनी बुद्धभन्दा पुराना थिएनन्। बौद्ध ग्रन्थहरूकै अनुसार राम, व्यास, पाण्डव आदिहरूको प्रादुर्भाव बुद्धको शय वर्ष पछि भएको थियो। बुद्धको पालोमा राम र कृष्ण भएको प्रमाण भेटिंदैन। रामायणमा बुद्धको उल्लेख भएको छ। गीतामा बुद्धको आहार सम्बन्धी सिद्धान्त प्रतिपादित छ। जहाँसम्म अवतारवादको कुरा छ, रामायण र महाभारतले बुद्धलाई अवतार मान्दैन।

Downloaded from http://dhamma.digital

महाभारतमा एक ठाउँमा छ अवतारहरू (वराह, नरसिंह, वामन, भार्गव राम वा परशुराम, राम, कृष्ण) र अर्को ठाउँमा १० अवतारहरू (हंस, कूर्म, मत्स्य, वराह, नरसिंह, वामन, भार्गव राम, राम, सात्वत वा कृष्ण, कल्कि) को उल्लेख छन्, तर बुद्धको उल्लेख छैन। गीतामा कृष्ण र राम बाहेक अन्य अवतारहरूको उल्लेख भएको पाईंदैन।

जे होस्, भक्तिवादको जोड बुद्ध पछि शुरु भयो। विष्णु लोकप्रिय हिन्दू देउता हुन आए। राम र कृष्ण महान् देउता भए। जन साधारणमा भक्तिको बढ्दो प्रभावको कारण बौद्ध सम्प्रदायहरूलाई यसले असर पाऱ्यो। अशोकको समयसम्ममा बनिसकेका १८ सम्प्रदायहरू मध्ये एक – **लोकोत्तरवादी** (बाहुलिक)- को उल्लेख यहाँ सान्दर्भिक छ। बुद्धलाई अलौकिक र लोकोत्तर मान्नाले नै यिनीहरूलाई लोकोत्तरवादी भनिएका हुन्। यिनीहरू बुद्धलाई पृथ्वीमा जन्मेका एक मानिसको रूपमा हेर्दैनन्, उनलाई दैवीय मान्छन्। यिनीहरूको मत अनुसार बुद्धलाई विश्राम वा निन्द्रा चाहिंदैन। बुद्ध चाहे जति बाँच्न सक्छन्। बुद्धले एक शब्द पनि भन्नु भएको थिएन, जति उपदेश छन् ती भिक्षु **आनन्दले** दिएका हुन्। भक्तिमार्गसँग आनन्दको सम्बन्ध रहेको देखिन्छ। मूल थेरवाद अनुसार आनन्द धेरै विद्वान वा प्रज्ञावान् थिएनन् र त्यसैले धेरैपछि मात्रै उनले अर्हत्पद प्राप्त गर्नसकेका थिए। उनले २५ वर्षसम्म बुद्धको सेवा वा "भक्ति" गरेका थिए। यसरी लोकोत्तरवादको रूपमा बुद्ध–धर्ममा पनि भक्तिको प्रवेश भयो। हुन त मूल त्रिपिटकमा पनि बुद्धलाई लोकोत्तर भनिएको छ तर त्यसको अर्थ

Downloaded from http://dhamma.digital

अलौकिक वा दैवीय नभई हिलोबाट निर्लिप्त हुने गरी पोखरी माथि फुलेको कमल झैं सांसारिक बन्धनबाट मुक्त भएर पनि संसारमै रहनु भएका बुद्धलाई जनाउँछ।

अशोक पश्चात् बुद्ध-धर्ममा भक्तिवाद झन् सशक्त रूपमा प्रवेश भयो। महासांघिकको एक सम्प्रदाय – **चैत्यवादी** – मध्य प्रदेशको तत्कालिन राजधानी **धान्यकटक** (वर्तमान धरणीकोट, गुन्टूर जिल्ला, मध्य प्रदेश) मा बस्दथे, र त्यहाँ स्थित महाचैत्यको कारणले यिनीहरू चैत्यवादी कहलाइएको थियो। चैत्यको पूजाले नै पुण्य कमाउन सकिन्छ भनी यिनीहरू विश्वास राख्दथे। भक्तिमा आस्था राख्ने सो सम्प्रदायमा अशोककाल पछि भक्तिवाद झन् बढ्यो र फलतः **अन्धक** ("आन्ध्र देशमा बस्ने") नामको भक्ति सम्प्रदाय बन्यो। यिनीहरू बुद्धको मलमूत्र पनि सुगन्धित मान्दथे।

ई. पू. १०० तिर अन्धक सम्प्रदायबाट ५ अन्य सम्प्रदायहरू बने– वैपुल्य, पूर्वशैलीय (धान्यकटकको पूर्वमा बस्ने), अपरशैलीय (पश्चिममा बस्ने), राजगिरिक, र सिद्धार्थक। यी नै सम्प्रदायहरू विकसित भई **महायान**को विकास भयो। **वैपुल्य**हरूले बुद्ध यस संसारमा आउनु नै भएको थिएन न त कुनै उपदेश दिनु भएको थियो; उहाँ त सदैव तुषिता भूवनमा बसिराख्नु हुन्छ भनी विश्वास गरे। विशेष परिस्थितिमा मैथुन कर्मलाई पनि यिनीहरू उचित ठान्थे। **पूर्वशैलीय**हरू अर्हतको वीर्य पतन हुन सक्दछ, अज्ञानता बाँकि रहन सक्दछ, अर्हत्को पतन हुन सक्दछ, व्यक्तिको भाग्य पहिले नै निश्चित भइसकेको हुन्छ, निर्वाणको चिन्तन पनि मानसिक बन्धन हो भनी

Downloaded from http://dhamma.digital

मान्दथे । **अपरशैलीय**हरू पनि त्यस्तै विश्वास गर्दथे । **राजगिरिक** र **सिद्धार्थक**हरू कट्टर कर्मवादी थिए, र विश्वास गर्दथे कि अर्हत्‌हरूको कहिल्यै अकाल मृत्यु हुँदैन । यिनीहरूको अनुसार यहाँ दिइएको दान मृत व्यक्तिहरूले उपभोग गर्न सक्छन् । श्राद्ध सम्बन्धि यो अन्तिम सिद्धान्त महत्वपूर्ण छ । सायद यसैको प्रभावको कारण थेरवादीहरूले 'पेतवत्थु' नामको त्रिपिटकको एक ग्रन्थको रचना गर्नु परेको थियो ।

माथि उल्लेखित बौद्ध सम्प्रदायहरूबाट नै महायानको विकास भयो । तर महायानले वास्तविक रूप धारण लिन अरू केही समय लाग्यो । वास्तवमा केही महत्वपूर्ण ग्रन्थहरू र गहन दर्शनको समावेश भएपछि मात्रै महायानको उत्पत्ति भएको हो । जसको छलफल हामी तल गर्नेछौं ।

बुद्ध-धर्मको इतिहासमा माथि उल्लेखित बौद्ध सम्प्रदायहरू बाहेक अन्य केहीको पनि उल्लेख आवश्यक छ । **उत्तरापथक**हरू गृहस्थ पनि अर्हत हुन सक्छन् भन्थे । **हेतुवादी**हरू साधारण मानिसले निर्वाण प्राप्त गर्न सक्दैन भन्थे । यसरी बुद्ध निर्वाण पछि थुप्रै सम्प्रदायहरू बनेता पनि अकस्मात् ईसाको शुरूमा नयाँ सम्प्रदाय बन्नु बन्द भयो । बरू भएका सम्प्रदायहरू एक अर्कामा विलिन हुँदै गए । सशक्त सम्प्रदायहरू मुस्लिम आक्रमणको कारण लुप्त भए । वर्तमानमा हीनयान तर्फबाट थेरवाद मात्रै बाँकि छ । महायानबाट चाँहि ठाउँ अनुसार विभिन्न सम्प्रदायहरू (लामा, जेन, आदि) बन्दै गए । बज्रयान चाँहि नेपालमा अद्यापि विद्यमान छ ।

बुद्ध-धर्ममा हावी हुँदै गएको भक्तिवादको प्रभाव स्वरूप

Downloaded from http://dhamma.digital

महावस्तु नामक ग्रन्थको रचना भयो। लोकोत्तरवादी (महायानी) हरूको यस ग्रन्थमा बुद्धको जीवनी मिश्रित संस्कृतमा अति अव्यवस्थित ढङ्गले प्रस्तुत गरिएको छ। बुद्धको जीवनीलाई सकेसम्म अलौकिक ढङ्गले प्रदर्शन गरिएको छ। बुद्धले आमाको कोखबाट जन्म नलिएको, कहिल्यै मैथुन धर्म नगरेको भनी यसले भन्छन्। बुद्धको आराधनाले पुण्य प्राप्त हुने कुरा पनि छ। यस ग्रन्थको रचना ई. पू. १५० तिर भयो, तर शयौं वर्षसम्म यसमा नयाँ कुराहरू थपिंदै गयो।

त्यतिबेला मुद्रण कलाको आविष्कार भएको थिएन। प्रायः ग्रन्थहरूको मूल प्रतिको नै प्रतिलिपि बनाउनु पर्ने हुन्थ्यो। धेरै प्रतिलिपि एकै पल्ट बनाउनु पनि असम्भव थियो। धेरैले त प्रसिद्ध ग्रन्थहरूको तारिफ मात्र सुनेका हुन्थे। जसले पढेका हुन्, ती मध्ये धेरै थोरैले मात्रै यसको प्रतिलिपि बनाउँथे। यसरी प्रतिलिपि बनाउनेहरूले पनि तत्कालीन प्रचलित धारणा र आफ्नो विचारधारा अनुसार सो ग्रन्थमा हेरफेर गर्दथे र नयाँ अध्यायहरू थप्दथे। यसैले प्रायः प्राचीन महान् ग्रन्थहरू एकै खेपमा रचना गरिएको हुँदैनथे, तिनीहरूको अन्तिम रूप शयौं वर्ष पछि मात्रै पूर्ण हुन्थ्यो। महावस्तुको मूल रूप ई. पू. १५० तिर बनेता पनि यसमा सन् ४०० तिरसम्म पनि कुराहरू थपिंदै थियो। पछि उल्लेख गरिने ती ग्रन्थहरूको सन्दर्भमा पनि, जुन प्रसिद्ध छन् तर रचनाकार स्पष्ट छैनन्, यही कुरा लागु हुन्छ।

महायानको उत्पत्ति हुन लागेको सो संक्रमण कालमा बुद्धका दुई काय (शरीर)हरूको महत्व पनि बढ्यो। जुन गौतम बुद्धको हामी कुरा गर्छौं, जसले लुम्बिनीमा जन्म लिए, बुद्ध गयामा ज्ञान लाभ गरे;

Downloaded from http://dhamma.digital

जो शुद्धोदनको पुत्र हो, उक्त मानवलाई बुद्धको **निर्माण काय** भनियो। बुद्ध एक पद थियो – त्यो व्यक्तिको लागि जसले बोधिज्ञान प्राप्त गरेको छ। त्यो व्यक्ति बुद्धको निर्माण काय हो। बुद्धको धर्म चाहिं बुद्धको **धर्म काय** हो। सबै बुद्धहरूको निर्माण काय अलग अलग हुन्छन्, तर उनीहरूले प्रतिपादन गर्ने धर्म एउटै हुन्छ र फलतः धर्म काय एउटै हुन्छ। यदि बोधिज्ञानले प्रकृतिको सत्य रूपको ज्ञान जनाउँछ भने उक्त प्रकृतिको सत्य रूप नै बुद्धको धर्म काय हो। बुद्धको धर्म कायले बुद्धले बुझेको प्राकृतिक सत्यतालाई जनाउँछ। धर्म–कायको झलक हामी थेरवादमा पनि पाउँछौं। बुद्धको रूपदेखि मोहित हुने भिक्षु वक्कलिलाई बुद्धले भन्नु भएको थियो– "जसले धर्मलाई देख्दछ उसले मलाई देख्दछ"। भिक्षुहरूलाई बुद्धले धर्मको 'पुत्र' भन्नु हुन्थ्यो।

**प्रज्ञा पारमिता** नामक अति प्रसिद्ध रचना महायानको मूल बीज थियो। यसका थुप्रै संस्करणहरू प्रचलित भएता पनि प्राचीनतम संस्करण ई. पू. १०० तिर दक्षिणी भारतमा रचियो। तत्कालिन् प्रस्फुलित हुन लागेको महायानको दार्शनिक धरातल यही ग्रन्थले तैयार पारिदियो। यसमा भिक्षु सुभूति र भिक्षु सारिपुत्रले बुद्धको सामू छलफल गरेको र त्यसमा भिक्षु सुभूतिको दृष्टिकोणलाई बुद्धले अनुमोदन गरेको वर्णन छ। **भिक्षु सुभूति** मूल पालि साहित्य अनुसार, अनाथपिण्डकका भाइ थिए र एकान्तवासीमा प्रमुख थिए। तर उनलाई पालि त्रिपिटकमा प्राथमिकता दिइएको थिएन। प्रज्ञा पारमिता ग्रन्थले सुभूतिलाई नायकको रूपमा प्रस्तुत गरी दार्शनिक

Downloaded from http://dhamma.digital

तार्किक रूपमा थेरवादी सारिपुत्रबाट नै महायानको सिद्धान्तको अनुमोदन गर्न लगाइएको छ। थेरवादीहरूको सर्वश्रेष्ठ प्रज्ञावान्‌लाई यस ग्रन्थले सर्वप्रथम दोस्रो दर्जाको प्रज्ञा भएको सिद्ध गरे। संसारका सबै विषयवस्तुहरुको अस्तित्व व्यवहारको लागि मात्र भएको, हेतुवाद (कारणबाट उत्पन्न सिद्धान्त) अनुसार यिनीहरूको वास्तविक सत्ता नभएको र यस सत्यलाई बुझनेले नै प्रज्ञा पारमिता पूर्ण गरेको भन्ने यसमा छ। यस सत्यलाई बुझ्नु नै 'महायान' हो भनी सर्वप्रथम महायान शब्दको प्रयोग भएको हामी यस ग्रन्थमा पाउँछौं। तर पनि विषय दृष्टिगत गरी भन्न सक्छौं कि महायान र हीनयानको स्पष्ट विभाजन त्यतिबेलासम्म भएको थिएन। यस ग्रन्थले बुद्धको शील, समाधि, प्रज्ञाको उपदेश मध्ये प्रज्ञालाई विशेष जोड दियो र भक्तिवादी भनिने महायान–सम्मत सम्प्रदायहरूमा यसले प्रज्ञासम्मत (तर्क सम्मत) दिशा दियो। बुद्धको धर्म–काय अर्थात् प्रकृतिको सत्य रूप भन्नुनै प्रज्ञा हो अथवा प्रज्ञा नै बुद्धको धर्म–काय हो। बिना प्रज्ञा बुद्धको प्रादुर्भाव हुन सक्दैन, त्यसैले प्रज्ञा नै बुद्धको माता हो – यी कुराहरूको यस ग्रन्थले प्रतिपादन गऱ्यो।

धर्म–काय झन झन गहन हुँदै गयो। धर्म–काय अनुसार बुद्धहरू एकभन्दा बढी भएको विश्वास गरियो। ती बुद्धहरूको आ-आफ्नै प्रभाव क्षेत्र भएको मानियो। कुनै पनि बुद्धले आफूले प्रभावित पार्न सक्ने जगत (अन्तरिक्ष) को भूभाग, जहाँका प्राणीहरूले उक्त बुद्धको उपदेशबाट मुक्ति प्राप्त गर्न सक्छन्, त्यसलाई उक्त बुद्धको बुद्ध–क्षेत्र भनियो। एक बुद्धले जति क्षेत्रसम्म आफ्नो उपदेशले मार्गदर्शन गर्न

Downloaded from http://dhamma.digital

सक्दछ, त्यो एक बुद्ध–क्षेत्र भयो । पृथ्वीमा जन्मेका सबै बुद्धहरूका एउटै बुद्ध–क्षेत्र छ ।

बुद्ध र बुद्धको धर्म सम्बन्धि यस्ता विचारधाराबाट बुद्ध र अर्हत् बीचको सम्बन्धमा दरार फराकिलो हुँदै गयो । वास्तवमा शुरुमा बुद्ध र अर्हत्‌हरू बीच फरक भएता पनि त्यसलाई त्यति गहनसँग लिइएको थिएन । पालि त्रिपिटकमा पनि बुद्ध र अर्हत् दुवै निर्वाण प्राप्त मानिन्छन्, ती दुईमा भएको भेदलाई महत्व दिँदैनन् । तर बुद्धमा अर्हत्‌भन्दा बढी गुण हुने कुरा चाहिं मूल पालि त्रिपिटकले पनि स्वीकार्दछ । बुद्धमा दशबल भएको, ३२ लक्षण भएको, ९ विशिष्ट गुण भएको, ३ विद्या भएको, तर अर्हत्‌हरूमा यी कुरा नहुने सिद्धान्त पहिले देखिनै सबैलाई स्वीकार्य थियो । पछि आएर महासांघिक पक्षले अर्हतलाई आफ्नो पदबाट च्यूत हुनसक्ने, शङ्कावाट पूर्ण मुक्त नहुने, अनजानमा वीर्य मोचन हुन सक्ने जस्ता कुराहरू उठाएका थिए । फलतः बुद्ध र अर्हत् बिच ठूलो भिन्नता देखियो । बुद्ध महान्‌तम थिए, अर्हत् साधारण । कुनै पनि मानिसले अर्हत् हुनुको कामना गर्नु नै अति गौण कुरा ("हीन") भयो । अर्हत् पूर्ण व्यक्ति भएन, बुद्ध मात्रै पूर्ण व्यक्ति भयो । अर्हत् बन्नु जीवनको लक्ष्य नभई, बुद्ध बन्नु नै जीवनको लक्ष्य भयो!

अर्हत हुन चाहने व्यक्तिले आफू चाँडै निर्वाण प्राप्त गर्ने इच्छाले ग्रसित हुने हुनाले उनीहरू पनि एक किसिमले 'आफू' वा 'म' को हिमायति भएको र त्यसैले उनीहरूले पनि बुद्धको अनात्मवादी दर्शन नबुझेको र बुद्ध शिक्षा राम्ररी नबुझेको भन्ने धारणाको विकास

Downloaded from http://dhamma.digital

भयो । फलतः 'अर्हत्' हुन खोज्नु हीन र बुद्ध हुन खोज्नु महान भन्ने धारणाको प्रचार भयो ।

**बोधिसत्व** त्यो व्यक्ति हो जो भविष्यमा बुद्ध हुन्छन् । बुद्धत्व भन्नु न प्रकृतिको सत्य बुझ्नु रहेको; र सो कुरा कुनै पनि व्यक्तिले बुझ्न सक्ने हुनाले नारी पुरुष सबैमा बुद्ध हुने बीज छ र त्यसैले बुद्धको अंकुर सबैमा छ । तर जो बुद्ध हुने निश्चित छन्, उनीहरू बोधिसत्व हुन् । स्वयं गौतम बुद्धले बुद्ध हुनुभन्दा अगाडि गर्नु भएका सबै क्रिया-कलापहरूलाई सबै बौद्ध ग्रन्थहरूले बोधिसत्वको कार्य मान्दछन् ।

बोधिसत्वले १० कुरामा पूर्णता हासिल गरिसकेपछि मात्र बुद्ध बन्ने धारणाको विकास भयो जसलाई १० पारमिता भनियो । ती हुन्– दान, शील, नैष्क्रम्य (क्लेश त्याग), प्रज्ञा, वीर्य (उत्साह), क्षान्ति (सहनशीलता), सत्य, अधिष्ठान (दृढता), मैत्री र उपेक्षा (तथस्त-भाव) । पछि महायानले जम्मा ६ पारमिता (दान, शील, क्षान्ति, वीर्य, ध्यान, प्रज्ञा) लाई मात्र महत्व दिए । हुन त प्रज्ञा पारमिता नै बुद्धत्व प्राप्तिको अन्तिम साधन हो, तर अन्य पारमिताहरूले बुद्धत्व प्राप्तिमा सुगमता प्रदान गर्छ भन्ने विश्वास गरियो । एकै जन्ममा यी सबै पारमिताहरू पूर्ण गर्न नसकिने हुनाले गौतम बुद्धले आफ्ना पूर्वजन्महरूमा यी पारमिताहरू पूरा गरेका थिए । बोधिसत्वका यी पूर्वजन्मका कथाहरू नै आज 'जातक' को नाउँमा प्रख्यात छन् । जातक कथाहरूको संख्या निश्चित छैनन्, तर थेरवादीहरू यस्ता ५५० वटा जातक भएको विश्वास गर्दछन् ।

Downloaded from http://dhamma.digital

गौतम बुद्धले दिपंकर बुद्धको पालोमा नै आफू पनि बुद्ध हुने अठोट गरेको विश्वास गरियो। त्यतिबेला गौतम बुद्ध सुमेध नामको ब्राह्मण ऋषि थिए। दिपंकर बुद्ध एकपल्ट रम्मक नगरमा जाँदा उहाँको खुट्टा हिलोमा नपरोस् भनेर सुमेध आफैं भूँइमा लेटिदिए। त्यतिबेला उनले आफूले पनि सबै प्राणीहरूलाई दुःख मुक्त गर्न सकिने गरी बुद्धत्व लाभ गर्ने अठोट गरे। स्वयं दिपंकर बुद्धले पनि भविष्यमा उनी गौतम बुद्ध हुनेछ भनी भविष्यवाणी गरे। सुमेध तब बोधिसत्व भयो। जातक कथाहरूको थालनी भयो। पारमिता पूर्ण भइसके पछि उनी बुद्ध भए। यसरी बुद्धले आफ्नो लागि होइन अरूको लागि बोधिज्ञान लाभ गरे। विश्वास गरियो कि सुमेधले चाहेको भए त्यति नै बेला अर्हत् भई निर्वाण प्राप्त गर्न सक्थे, तर उनले अरूको लागि सो पद त्यागी अथक प्रयत्न गरी बुद्ध बने।

थेरवादी पालि साहित्यमा उल्लेखित पूर्ण भिक्षुको यहाँ पुनः स्मरण गरौं। उनी भिक्षु भइसकेपछि आफ्नो सुदूर देश सुनापरान्तमा धर्म प्रचार गर्न जान चाहन्थे जहाँका मानिसहरू क्रूर र उग्र थिए। त्यतिबेला उनले उनलाई जस्तो सुकै भने पनि, जस्तो सुकै गरे पनि त्यहाँका मानिसहरूप्रति कहिल्यै द्वेष नराख्ने दृढता प्रकट गरे। बुद्धले उनको प्रशंसा गर्नु भयो। यो घटनाले सहनशीलताको पूर्णता वा क्षान्ति पारमिताको बोध गराउँछ। यहाँ भिक्षु पूर्णले मध्यम मार्ग भन्दा पारमितालाई श्रेयकर माने। पारमिता मध्यम मार्ग भन्दा उच्च भयो। पूर्ण अरूको लागि आफ्नो जीवन अर्पण गर्न चाहन्थे। उनमा बोधिसत्वको गुण थियो।

Downloaded from http://dhamma.digital

बोधिसत्वको महत्व बढेपछि करूणाको महत्व पनि बढ्यो। बुद्धमा महाकरूणा भएको मानियो। उनी जगतका सबै प्राणीलाई करूणा गर्छन्। उनमा प्रज्ञा र करूणाको अनौठो सम्मिश्रण छ। प्रज्ञाको कारण उनमा सबैको शान्त हुन्छ, करूणाको कारण उनले कसैलाई बेसहारा छोड्दैनन्। उनको प्रज्ञाले सबै कुरा अनित्य र त्यसैले भ्रामक ("शून्य") भनी देख्छन्, उनको करूणाले ती सबैलाई ओगटेको हुन्छ! प्रज्ञाको दाँजोमा प्रथम पल्ट करूणा आइपुग्यो!

गहन दर्शनको कुरा, प्रज्ञाको कुरा सबैले बुझ्ने होइनन्। तर दुःखबाट ग्रसित सबै छन्। यदि बुद्ध वा बोधिसत्वमा महाकरूणा छ भने उनले तिनलाई पनि, जो प्रज्ञाबाट वञ्चित छ, जसमा बुझ्न सक्ने क्षमता छैन, दुःखबाट मुक्त गरिदिनु पर्दछ। उनीहरूले पनि दुःखबाट मुक्त हुने अवसर पाउनु पर्दछ। यस्तो तर्कनाको विकास भयो। जसमा प्रज्ञा छ उनीहरू दुःखबाट मुक्त हुन्छन्, जसमा कम मात्र बुद्धि छ, उनले प्रज्ञावान्प्रति भरोसा गर्नु पर्दछ, श्रद्धा गर्नु पर्दछ जसबाट कि उनी पनि दुःख मुक्त हुन सकोस्। यसरी श्रद्धा वा भक्तिको माध्यमबाट पनि निर्वाण प्राप्त गर्न सकिन्छ भन्ने धारणा पुष्ट भयो। प्रज्ञा छोटो मार्ग हुन्, भक्ति लामो मार्ग हुन् – तर दुवैले जीवनको लक्ष्य प्राप्त गर्न सकिन्छ भनियो। प्राचीन बुद्ध–धर्ममा प्रज्ञाको दाँजोमा गौण रहेको श्रद्धा अब आएर महायानी धरातलमा प्रज्ञाको दाँजोमा आयो।

भक्ति मार्गमा अक्षोभ्य नामक बुद्ध प्रख्यात भयो। त्यो भन्दा बढी प्रख्यात भयो अमिताभ बुद्ध। यी बुद्धहरू मानुषी बुद्ध (पृथ्वीमा

Downloaded from http://dhamma.digital

जन्मेका) होइनन् । यिनीहरूको आफ्नै बुद्ध क्षेत्र छन् । अमिताभ सुखावति भूवनमा बस्नु हुन्छ जहाँ दुःखको नामोनिशान छैन । त्यहाँ प्रेत, असूर, नरक, पाप केही छैन । त्यहाँ कहिल्यै रात हुँदैन । उक्त ठाउँको वर्णन गर्दै ईस्वी सम्बत्को शुरुवातको वरिपरितिर सुखावति व्यूह नामक प्रसिद्ध महायानी ग्रन्थको रचना भयो । अमिताभ बुद्ध र सुखावति भूवन हालसम्म पनि लोकप्रिय छ । विशेषत: चीन र जापानमा अमिताभ धेरै प्रसिद्ध छ । सुखावति भूवनको कल्पना हिन्दूहरूको वैकुण्ठको कल्पना जस्तै हो । यो दुवै स्वर्गहरूको कल्पना एकै समय परिधिमा भएको हुन सक्दछ ।

भक्ति मार्गको उदयबाट एउटा नौलो र अनौठो सिद्धान्तको उदय भयो जसले थेरवाद र महायान दुवैलाई प्रभावित पारे– त्यो हो पुण्य अरूलाई हस्तान्तरण गर्नु । थेरवादीहरूको पुण्यानुमोदन यही नै हो । बुद्धले भन्नु भएको "आफ्नो भाग्यको विधाता आफै हो" भन्ने सिद्धान्तलाई एकको पुण्यले अर्कोलाई फाइदा हुन सक्ने र पुण्य एकले अर्कोलाई प्रदान गर्न सकिने यो नौलो विचारधाराले नयाँ मोड ल्याइ दियो । आफूप्रति श्रद्धा राख्ने, आफूप्रति भक्ति राख्ने, आफूभन्दा कमजोरलाई आफ्नो पुण्य प्रदान गरी उनीहरूको लागि पनि मुक्तिको मार्ग प्रशस्त गरिदिनु पर्दछ भनियो । पूर्णता प्राप्त गरिसकेको बोधिसत्वले आफूले कमाएको पुण्य पनि आफूसित सञ्चित गर्दैन, करूणाको कारण अरूलाई वितरण गरिदिन्छ । प्रज्ञाले पूर्ण भइसकेका बोधिसत्व कुनै पनि विषसँग – पुण्ययसँग पनि – आशक्त हुँदैन । उनी त्यतिबेला आफूले चाहेमा निर्वाणमा जान सक्छन्, तर जगत माथि करूणाको

Downloaded from http://dhamma.digital

कारण उनी त्यसो गर्दैनन् । त्यस्तो अवस्थामा उनीसँग दैवीय शक्तिहरू हुन्छन् । उनी सर्वंश हुन्छन् । उनले जुन रूपपनि धारण गर्न सक्दछ । उनी प्रति श्रद्धा हुनेलाई उनले सद्मार्गमा लग्न सक्छन् । आपत विपतको बेलामा परोक्ष मद्दत पनि गर्न सक्छन् । यस्ता मोक्षदाता बोधिसत्वहरूको कल्पना गरियो ।

एकभन्दा बढी बुद्ध भएझैं एकभन्दा बढी बोधिसत्व भएको पनि विश्वास गरियो । ती मध्ये प्रख्याततम हुन्– अवलोकितेश्वर वा अवलो-कन गरिराख्ने ईश्वर । यिनी आफ्नो असीम करूणाको कारण सदैव कसलाई उपकार गरौं भनी हेरिराख्छन् । अन्य बोधिसत्वहरूभन्दा अवलोकितेश्वर भिन्न यस प्रकारले छ कि उनले जगतका सबै प्राणीहरू मुक्त नभएसम्मन् आफू निर्वाण नहुने वा बुद्ध नहुने अठोट लिएका छन्; अन्यथा उनी कुनै बुद्धभन्दा भिन्न छैन । अवलोकितेश्वरलाई बुद्धको दाँजोमा पुऱ्याइएको पाइन्छ । करूणालाई नै व्यक्तित्व दिई अवलोकि-तेश्वर जस्ता मौलिक ईश्वरको कल्पना हुन सक्नु बौद्धहरूको लागि गौरवको कुरा हो । समाजमा मैत्री र करूणाको महत्व बुद्ध–धर्मले कतिसम्म बुझेको छ भनी यसले दर्शाउँछ ।

करूणाको प्रतिनिधित्व गर्ने बोधिसत्व अवलोकितेश्वर भए झैं प्रज्ञाको प्रतिनिधित्व गर्ने बोधिसत्व मञ्जुश्री पनि अति प्रसिद्ध छ । मञ्जुश्री काल्पनिक हो वा साँच्चैको व्यक्ति थियो भन्ने कुरा अस्पष्ट छ । प्रचलन अनुसार यिनी चीनका हुन् र सम्राट् मिङ–तिको पालोमा यिनी चीनको पञ्चशीर्ष पर्वत (बु–ताइ–शान) मा बस्दथे । नेपालको वंशावली अनुसार यिनी नेपाल आएर काठमाडौं उपत्यकामा बस्ति

Downloaded from http://dhamma.digital

बसाएर गएका थिए । सम्भवतः शुरुमा मञ्जुश्री काल्पनिक देउता थिए र छैठौं सातौं शताब्दीतिर मञ्जुश्री नामक विद्वान् चीनमा जन्मेका थिए । अन्य प्रख्यात बोधिसत्वहरूमा **समन्तभद्र, क्षितिगर्भ** प्रमुख छन् ।

ईस्वी सम्बत्को शुरुवातको केही अघि प्रसिद्ध ग्रन्थ **ललित-विस्तरको** रचना भयो । शुरुमा सर्वास्तिवादी (हीनयान) हरूले रचना गरेको यो ग्रन्थ पछि प्रसिद्ध महायानी ग्रन्थ भयो । यसमा बुद्धको जीवनी वर्णन गरिएको छ, जसमा भक्ति भाव प्रचुर मात्रामा पाइन्छ । श्रद्धालाई बुद्धबाट प्रशंसा गराइको छ । बुद्धलाई अलौकिक (दैवी) बनाइएको छ । आमाको गर्भमा पनि बुद्ध रत्नजडित भाँडोमा रहन्थे; जन्मनासाथ प्रत्येक दिशामा बुद्धले सात पाइला हिँडेका थिए; जहाँ जहाँ पाइला टेकेका थिए, त्यहाँ त्यहाँ कमल उत्पन्न भएको थियो; गुरु-कुलमा उनी गुरुलाई पनि सिकाउँथे; २९ बर्षको उमेरमा वृद्ध, रोगी, मृत र भिक्षु देखे; गृहत्याग गरी बुद्ध भए; अन्तमा धर्मदेशना गर्नु भयो । यी कुराहरू अतिशयोक्तिका साथ ललितविस्तरमा वर्णित छन् ।

कालान्तरमा बौद्धहरूले मानिआएका २५ मानुषी बुद्धहरूमा तण्हंकर, मेघङ्कर र शरणंकर नामक तीन मानुषी बुद्धहरू ती २५ बुद्धभन्दा पहिले भइसकेको बिश्वास गरियो र यसरी पृथ्वीमा अवतरण भइसकेका मानुषी बुद्धहरूको संख्या २८ पुग्यो ।

भारतमा भक्तिबादको प्रभाव बढिरहेको र महायानको जग बसिरहेको बेला श्रीलङ्कामा थेरवाद धेरै शक्तिशाली भइसकेको थियो ।

Downloaded from http://dhamma.digital

सो थेरवाद श्रीलङ्कामा सम्राट् अशोकको पुत्र भिक्षु महेन्द्रले लगेको थियो। राजा वट्टगामिणी अभय (ई. पू. १०१ – ७७) को पालोमा श्रीलङ्कामा भीषण अनिकाल पऱ्यो। भिक्षुहरूलाई बुद्ध-धर्म टिकाई राख्न कठीन भयो। अनिकाल पछि अनि भिक्षुहरूले सर्वप्रथम बुद्धको शिक्षालाई लिपिबद्ध गर्नु पर्ने महसुस गरे। त्यसैले ई. पू. ७९ तिर श्रीलङ्काको आलोक विहारमा भिक्षुहरूको महाधिवेशन बस्यो, जसलाई चौंथो संगायना भनियो। भिक्षु रक्खितको सभापतित्वमा भएको ५०० भिक्षुहरूले भाग लिएको सो सम्मेलनले सम्पूर्ण पालि त्रिपिटकलाई शयौं पल्ट पढेर शुद्ध गरी तालपत्रमा कुँडियो जुन तालपत्रहरू अद्यापि विद्यमान छन्। यसरी बुद्ध परिनिर्वाणको ४०४ वर्ष पछि मात्रै त्रिपिटक लिपिबद्ध भयो र यही त्रिपिटक नै आज हाम्रो अगाडि प्राचीनतम भरपर्दो बौद्ध ग्रन्थको रूपमा प्रस्तुत छ। थेरवादको त्रिपिटकमा जति घटबढ हुनु पर्ने हो सोको पूर्णविराम भयो। त्रिपिटक लिपिबद्ध भइसके-पछि त्यसमा अरू केही थपघट भएको छैन।

यही समयमा पश्चिम चीन हुँदै मंगोलियामा पनि बुद्ध-धर्म भित्रियो।

भारतमा चाहिं महायानको सिद्धान्त झन झन प्रचारित हुँदै थियो। निर्वाण प्राप्त गर्ने विषयमा भेद चर्कंदै गयो। अर्हतको निर्वाण र बुद्धको निर्वाणमा भेद स्पष्ट भयो। निर्वाण प्राप्त गर्ने तीन तरिकाको चर्चा भयो। पहिलो हो क्लेश मुक्त भई अर्हत् हुनु, दोस्रो हो बोधिज्ञान प्राप्त गरी बुद्ध बन्नु तर कसैलाई उपदेश नसुनाउनु (यस्ता बुद्धलाई प्रत्येक बुद्ध भनिन्छ), र तेस्रो हो बोधिज्ञान प्राप्त गरी जगतलाई

Downloaded from http://dhamma.digital

उद्धार गर्नु अर्थात् बुद्ध वा सम्यक सम्बुद्ध हुनु। यी मध्ये पहिलोलाई जीवनको लक्ष्य मान्नेलाई श्रावक यान, दोस्रो मान्नेलाई प्रत्येक बुद्धयान, र अन्तिम मान्नेलाई बुद्धयान वा बोधिसत्वयान भनियो। बुद्धयानलाई मान्नेहरूले नै आफूलाई पछि महायान भनेका हुन्। यिनीहरूको मूल लक्ष्य जगत उद्धार गर्ने बुद्ध बन्नु हो। माथिको वर्गिकरणको शुरुवात यिनीहरूबाट नै भएको हो।

सन् ७५ तिर भारतका भिक्षुहरू काश्यपमातंग र धर्मरक्षाले चीनमा बुद्ध–धर्मको प्रवेश गराए।

ईस्वी सम्बत्को प्रथम शताब्दीमा सद्धर्म पुण्डरिक ग्रन्थको रचना भारतमा भयो। शुरुमा वैपुल्यवादीहरूको रहेको यो ग्रन्थ पछि गएर महायानको अति प्रसिद्ध ग्रन्थ हुन गयो। चीन र जापान जस्ता महायानी देशहरूमा यस ग्रन्थलाई ठूलो आदर गरिन्छ। जसरी कमल (पुण्डरिक) पानीमा उत्पन्न भएर पनि पानीबाट निर्लिप्त रही माथि रहन्छ त्यसरी नै बुद्ध मनुष्य लोकमा प्रादुर्भाव भएर पनि त्यसबाट निर्लिप्त रहन्छ भन्ने यो ग्रन्थमा महायानको प्रचार गरिएको छ र हीनयानी विद्वान्हरूबाट पनि यसलाई स्वीकार गराइएको छ। यसका २५ अध्याय मध्ये अन्तिम ७ पछि मात्रै थपिएको मानिन्छ। यस ग्रन्थ अनुसार एकपल्ट गौतम बुद्ध राजगृहको गृद्धकूट पर्वतमा बसिराख्नु भएको थियो, त्यतिबेला (बुद्धत्व प्राप्तिको १३ वर्ष पछि) भन्नु भयो कि बुद्धको सच्चा ज्ञान बुझ्न अति कठीन छ। तब निर्वाण प्राप्त अर्हत्-हरु, सारिपुत्र समेत, चकित भए कि बुद्धले देखाउनु भएको निर्वाण त उनीहरूले प्राप्त नै गरिसकेका छन् भने बुद्धले त्यस्तो किन भन्नुभयो।

Downloaded from http://dhamma.digital

त्यहाँ उपस्थित पाँच हजार भिक्षु भिक्षुणीहरू बाहिर उठेर गए। अनि बुद्धले भन्नु भयो कि उहाँले एउटै मात्रै मार्गको उपदेश दिनु भएको छ र त्यो हो बुद्धयान। अनि बुद्धले दोस्रो धर्मचक्र प्रवर्तन गर्नु भयो। पहिलो धर्मचक्र प्रवर्तन कम बुद्धिहुनेहरूको लागि सारनाथमा गर्नु भएको थियो, दोस्रो प्रवर्तन बुद्धिमान्हरूको लागि मात्रै गृद्धकूटमा गर्नु भयो। बुद्धले पहिले उपदेश दिएको पनि सत्य हो तर त्यो जन-साधारणलाई बुद्ध-धर्ममा आकर्षित गर्न गरेका थिए। त्यो बुद्धको उपाय कौशल्य थियो। बुद्ध वास्तवमा सदैव गृद्धकूटमै बसिराख्नु भएको थियो। बुद्धले त अनादी कालमै बोधिज्ञान लाभ गरेका थिए। मानिसहरूलाई प्रभावित पार्न, उनीहरूलाई उत्साहित पार्न नै बुद्धले दिपंकरको घटना, गौतमको जन्म, बोधिज्ञान लाभ आदिहरूको रचना गरेका थिए। त्यो मिथ्यावादी होइन। त्यो महाकरूणा हो। दोस्रो धर्मचक्र प्रवर्तन अनुसार जीवनको लक्ष्य बुद्ध हुनु हो, अर्हत् हुनु होइन – यही नै बुद्धको शिक्षा हो। तब सारिपुत्रले आफू अर्हत् भइसकेको हुनाले बुद्ध हुन नपाएकोमा दु:ख व्यक्त गरे। तब बुद्धले सारिपुत्र पनि भविष्यमा पद्मप्रभ नामको बुद्ध हुने भविष्यवाणी गरे। त्यस्तै सुभूति, महाकाश्यप, मौद्गल्यायन, महाकात्यायन, पूर्ण मैत्रायणीपुत्र, आनन्द, राहुल, प्रजापति गौतमी र यशोधरा पनि पछि बुद्ध हुने छन् भनी भविष्यवाणी गरे।

यसरी सद्धर्म पुण्डरिक अनुसार थेरवाद पनि बुद्धले प्रतिपादित गर्नु भएको हो, तर त्यो केवल आकर्षणको लागि गरिएको उपाय-कौशल्य मात्रै हो। परमार्थ सत्य त बुद्धयान नै हो। यस ग्रन्थले बुद्ध-

Downloaded from http://dhamma.digital

लाई महान् वैद्यको रूपमा प्रस्तुत गर्दछ । बुद्धको यो रूप, जसलाई भैषज्य गुरु भनिन्छ, महायानी देशहरूमा अति लोकप्रिय छ । सद्धर्म पुण्डरिकमा मञ्जुश्री, अवलोकितेश्वर, समन्तभद्र आदि बोधिसत्वहरूको पनि वर्णन छ । यसरी बुद्धयानको जबर्जस्त समर्थन गरेर मानो यस ग्रन्थले महायानको विकासको ढोका खोलिदियो ।

तर महायानको महानायकको प्रवेश हुनु बाँकि नै थियो । त्यो कार्य दोस्रो शताब्दीमा नागार्जुन (सन् ७७–१८१) नामक प्रसिद्ध आचार्यको आगनबाट भयो । दक्षिणी भारतमा ब्राह्मण कुलमा जन्मेका नागार्जुनले, भनिन्छ कि, ९० दिनमा त्रिपिटक अध्ययन गरे । उनी वैदिक धर्मका ठूला ज्ञाता थिए । उनी एक प्रख्यात वैद्य र नेत्र चिकित्सक मात्र नभई प्रखर रसायन शास्त्री पनि थिए । महायानी बौद्ध ग्रन्थहरूले नागार्जुनलाई महायानको प्रथम आचार्य मात्र मानेका होइनन्, नागार्जुनलाई दीर्घजीवी र अत्यन्त रहस्यमय विद्वान्‌को रूपमा प्रस्तुत गर्छन् । वास्तवमा वज्रयानको आचार्य नागार्जुन र यी नागार्जुनलाई एउटै मान्नाले पनि धेरै भ्रम उत्पन्न भएको थियो । त्यसमाथि कतिपय पछिल्ला रचनाहरू पनि नागार्जुनबाट नै रचित मान्न लगाउने चलनले गर्दा झन रहस्य माथि रहस्य थपिंदै गयो । आधुनिक अन्वेषणले भन्छ कि नागार्जुन आन्ध्र प्रदेशका शातवाहन राजा गौतमीपुत्र यज्ञश्री (सन् १६२–१९६) का समकालीन थिए । नागार्जुन प्रायः दक्षिण भारतको श्रीपर्वतमा बस्दथे । उनी प्रकाण्ड विद्वान् थिए र महान् तार्किक थिए । उनका ग्रन्थहरूको अध्ययन पछि आधुनिक विद्वान्‌हरूले नागार्जुनलाई महान आश्चर्य र रहस्य, श्रेष्ठतम तार्किक,

Downloaded from http://dhamma.digital

अद्वितीय दार्शनिक, आदि भन्ने गरेको पाइन्छ। शून्यवादको मूल प्रज्ञा पारमिता सूत्रमा थियो, तर त्यसलाई दार्शनिक धरातलमा प्रतिस्थित गर्ने व्यक्ति नागार्जुन नै हुन्। उनी शून्यवादका प्रथम प्रवर्तक हुन्। शून्यवाद महायानी दर्शनको धरातल हो र यसको प्रतिपादन नागार्जुन-बाट भएपछि महायानको तिव्रतम गतिले विकास भयो। प्रमुखत: तीन ग्रन्थहरू नागार्जुनका अद्वितीय कृति मानिन्छन्। ती मध्ये शून्यवादको तार्किक विवेचना गरिएको माध्यमिक कारिका शून्यवादको मूल ग्रन्थ हो। पछि शून्यवादका विरोधीहरूको खण्डन गर्न विग्रह व्यावर्तनी भन्ने ग्रन्थको रचना नागार्जुनले गरे। उनको अर्को ग्रन्थ सुहृल्लेख हो जुनकि उनले आफ्नो मित्र राजा गौतमी पुत्र यज्ञश्रीलाई पत्रको रूपमा लेखेका थिए। शून्यवाद जस्तो गहनतम दर्शनका संस्थापकद्वारा नैतिक शिक्षालाई कति महत्त्व दिएको थियो भन्ने कुरा मित्रलाई नैतिक शिक्षा सिकाउँदै लेखेको सुहृल्लेखबाट स्पष्ट हुन्छ।

प्राय: आधुनिक दर्शनिकहरू नागार्जुनको शून्यवादलाई दार्शनिक दिमागको पराकास्था मान्दछन्। नागार्जुन शून्यवाद सम्प्रदाय, जसलाई माध्यमिक सम्प्रदाय पनि भनिन्छन्, का संस्थापक थिए। शून्यवादले बुद्धको मध्यम मार्गलाई लिन्छन्। शून्यवाद अनुसार बुद्धले बताउनु भएको हेतुवाद (प्रतीत्य समुत्पाद) अनुसार जगतका सारा विषयवस्तुहरूको आफ्नै अस्तित्व छैनन् र तिनीहरू हेतु (कारण) बाट मात्रै उत्पादित हुन्। त्यसैले शाश्वत र स्वतन्त्र सत्ता (अस्तित्व) बाट जगत शून्य छ। कुनै पनि विषय वस्तुको आफ्नै अस्तित्व छैन, कारण तिनको हेतुको विनाश भएपछि तिनीहरू पनि विनाश हुन्छन् र प्रत्येक

Downloaded from http://dhamma.digital

हेतुको पनि आफ्नो हेतु छ । हामीले मान्ने विषय वस्तुहरू वास्तवमा व्यवहारको लागि अस्तित्व भएको मानेका हुन्, जबकि सत्यतः तिनी-हरूको अस्तित्व छैन । जगत वास्तवमा माया (भ्रम) हो । कसैको पनि कुनैको पनि कुनै पनि बेला अस्तित्व छैन – यही नै शून्यवाद हो । निर्वाण पनि शून्यता हो र संसार पनि शून्यता हो, तसर्थ संसार र निर्वाणमा भेद छैन । जब कसैलाई शून्यवादको सच्चा ज्ञान प्राप्त हुन्छ, अर्थात् सबै विषयहरू अनित्य, परिवर्तनशील र स्वतन्त्र अस्तित्वहीन भनी बुझ्छन्, तब निर्वाण प्राप्त हुन्छ । यही नै महानतम प्रज्ञा हो । यही नै बुद्धको मूल शिक्षा हो । 'शून्य' अभावको सूचक होइन । अभावको कल्पना सापेक्षिक छ र त्यसैले यसले भावको अस्तित्व जनाउँछ । जबकि शून्य अन्तिम सत्य हो जुन निरपेक्ष छ ।

सन् २०० तिर नागार्जुनको शिष्य आर्यदेव भन्ने आचार्यको प्रादुर्भाव भयो । उनी सायद श्रीलङ्काबाट नागर्जुनसँग शास्त्रार्थ गर्न आएका राजकुमार थिए, जो पछि नागार्जुनकै शिष्य बने । उनी शून्यवादका प्रसिद्ध विद्वान्हरू मध्ये एक हुन् । भनिन्छ कि मातृचेट नामक एक ब्राह्मणलाई पराजित गर्न नालान्दाका भिक्षुहरूले श्रीपर्वतमा बस्ने नागार्जुनलाई निम्तो गरे । नागार्जुनले आफ्नो ठाउँमा आर्यदेव-लाई पठाए । तर दुर्घटनावश बाटोमा उनले एउटा आँखा गुमाउनु पर्‍यो जसको कारण उनको शास्त्रार्थ मातृचेटसँग हुन लाग्दा उनको हाँसो उडाइयो । तर जब उनले ब्राह्मणलाई पराजित गरे तब सबै उनीदेखि प्रभावित भए । उनले थुप्रै पण्डितहरूलाई शास्त्रार्थमा परा-जित गरेका थिए । फलस्वरूप एकजना पराजित पण्डितको अन्धभक्त

Downloaded from http://dhamma.digital

शिष्यले जङ्गलमा आर्यदेवको हत्या गरिदियो। शून्यवादको तार्किक विवेचना गर्ने चतुःशतक भन्ने रचना यिनका प्रसिद्ध ग्रन्थ हो।

त्यो ताका भारतको उत्तर पश्चिममा पश्चिमी चीनका कुषाण जातिका राजाहरूले राज्य गरिरहेका थिए। प्रथम कुषाण राजा कडफिसीज बौद्ध थिए। उनको छोरा चाहिं शैव थिए। उनका नाति थिए इतिहास प्रसिद्ध **सम्राट् कनिष्क** (सन् ७८–१०१)। कनिष्क पहिले कुनै इरानी धर्म मान्ने गर्दथे। उनी महान् विजेता थिए। चीनको पश्चिमी भूभागदेखि लिएर भारतको सुदूर दक्षिणसम्म उनले जितेका थिए। आफ्नो विजय अभियानमा भारतको पूर्वतिर बढे र पाटलिपुत्रलाई पनि जितिलिए। तर उनले पाटलिपुत्रलाई जितेर पनि पुनः त्यहिंको राजालाई सुम्पेर आफ्नो राजधानी **पेशावर** फर्के। कनिष्क अति कुशल शासक थिए। उनको राज्यमा चारैतिर समृद्धि थियो। भौतिक रूपमा सन्तुष्ट जनताहरू साहित्य, कला र दर्शनको उन्नति गर्नमा लागेका थिए। कनिष्कले पश्चिमी चीनका काशगर, खोतनहरू जितिलिंदा त्यहाँको नरसंहारदेखि वाक्क भई उनी बौद्ध भएका थिए। आफू बुद्धको अनन्य भक्त भएता पनि उनको राज्यमा जनताले आ-आफ्नो धर्म पालन गर्न पाउँथ्यो। जब उनले पाटलिपुत्र माथि विजय गरेर फर्के तब उनले पातलिपुत्रबाट बुद्धको कमण्डल (भिक्षा पात्र) र त्यतिबेला अशोकाराम विहारमा बसिराख्ने प्रख्यात बौद्ध साहित्यकार अश्वघोषलाई पनि आफूसाथै पेशावर लगे।

**अश्वघोष** (सन् ७८–१२७) साकेतमा जन्मेका एक कट्टर ब्राह्मण विद्वान थिए। उनी सायद भिक्षु पार्श्वले शास्त्रार्थमा हराएपछि

Downloaded from http://dhamma.digital

बौद्ध बनेका थिए । अश्वघोष एक महान् संगीतकार थिए र उनी गीत गाई बुद्ध–धर्मको प्रचार गर्थे । भनिन्छ कि उनले नयाँ वाद्यहरू पनि आविष्कार गरेका थिए । साथै उनी बुद्ध–धर्ममा प्रकाण्ड दार्शनिक र साहित्यकार थिए । उनले रचना गरेका बुद्ध जीवनीको महाकाव्य **बुद्ध-चरित**, बुद्धको भाइ नन्दकुमार भिक्षु हुँदाको घटनालाई अंगीत गर्ने काव्य **सौन्दरनन्द** र नाटक **सारिपुत्र–प्रकरण** प्रसिद्ध ग्रन्थहरू हुन् । उनी सर्वास्तिवादी (हीनयानी) थिए तर उनको प्रसिद्धतम रचना बुद्ध–चरित संस्कृतमा थियो र त्यसमा महायान सरह नै भक्ति भाव झल्किन्छ ।

तत्कालिन समाजमा महायानी विचारधाराको उत्पत्ति भइ-रहेको थियो । बौद्ध सम्प्रदायहरूमा त्यसैले ठूलो मतभेद थियो । ती मतभेदहरूको समाधान गर्न सम्राट् कनिष्कले आफ्नो गुरु भिक्षु पार्श्वको सल्लाह अनुसार सर्वास्तिवादी (हीनयानी) हरूको एक महा-अधिवेशनको काश्मिरमा आयोजना गरे । सन् १०० तिर भएको सो बौद्ध संगायनामा ५०० भिक्षुहरूले भाग लिए । त्यसको सभापति थिए भिक्षु वसुमित्र र उपसभापति थिए भिक्षु अश्वघोष ।

काश्मिरको सो सम्मेलनमा प्रथम पटक औपचारिक रूपमा निर्वाण प्राप्त गर्ने तीन तरिका छन् भनी स्वयं सर्वास्तिवादी (हीन-यानी) ले स्वीकार गरे । ती हुन् – श्रावक यान (आफू अर्हत् हुनु), प्रत्येक बुद्धयान (आफू प्रत्येक बुद्ध हुनु) र बोधिसत्व यान (आफू बोधिसत्व भई सबैको भलो गर्ने बुद्ध हुनु) । यसरी सम्राट् कनिष्कको पालोमा बुद्ध परिनिर्वाणको क्रण्डै ५५० वर्ष पछि महायान र हीनयानको स्पष्ट र

Downloaded from http://dhamma.digital

औपचारिक विभाजन भयो। आफू बोधिसत्व भई सबैको हीत गर्ने बुद्ध बन्नु पर्दछ भन्नेहरू महायानी भए। आफू अर्हत हुन खोज्नेहरू हीनयानी भए। आफू प्रत्येक बुद्ध (त्यस्तो बुद्धले उपदेश दिदैन, आफूमात्रै निर्वाण पुग्छ) हुन चाहनेहरूपनि त्यतिबेला थिए होला, तर इतिहासमा त्यो सम्प्रदाय विकसित हुन सकेन।

काश्मीरमा भएको सो संगायनाले धर्म प्रचारार्थ उत्तर र पश्चिममा धर्म प्रचारकहरू पठाए। मध्य एसिया, चीन, तुर्किस्तान, कोरिया, मङ्गोलिया, मंचुरिया, भियतनाम आदि ठाउँहरूमा बुद्ध-धर्म फैलनुमा उक्त संगायनाको विशेष भूमिका रहेको छ। यसरी सम्राट् अशोकले शुरु गरेको धर्म प्रचारलाई कनिष्कले व्यापक बनाइदिए।

काश्मीरको सो संगायनामा मुख्यतः सर्वास्तिवादीहरूको त्रिपि-टकमाथि भाष्य (टिका) लेख्ने कार्य भयो। विभाषा नामले प्रख्यात ती भाष्यहरू ताम्रपत्रमा लेखेर पत्थरका ठूला सन्दुकहरू भित्र हालियो। ती सन्दुकहरू भित्र राखी एक विशाल स्तूपको निर्माण गरियो। ती प्राचीन ताम्रपत्रहरू काश्मीरमा आजसम्म भेट्टिएका छैनन्। विभाषा-लाई प्रमुख ग्रन्थ मान्ने हीनयानी भिक्षुहरूलाई वैभाषिक भनियो।

यसरी बुद्ध-धर्मको इतिहासमा कनिष्कको पालामा अति महत्वपूर्ण घटनाहरू घटेका थिए। कनिष्कलाई त्यसैले "दोस्रो अशोक" पनि भनिन्छ। काश्मीरको संगायना पछि कनिष्कले काश्मीरलाई बौद्ध संघलाई दान दिएका थिए। कनिष्कले ४०० फिट अग्लो कनिष्क स्तूप र त्यसको सँगै कनिष्क महाविहार पनि पेशावरमा बनाएका थिए।

Downloaded from http://dhamma.digital

त्यतिबेलासम्म सायद पालि भाषा भारतमा अलोकप्रिय भइसकेको थियो। कनिष्कको पालामा भाषाले कोल्टो फेऱ्यो। पालिको ठाउँमा संस्कृत आयो। फलतः सर्वास्तिवाद र महायानका सबै साहित्यहरू संस्कृतमा लेखिन थालियो।

महायानमा भक्तिको पनि महत्व छ। फलतः सर्वप्रथम कनिष्कको पालोमा बुद्धको महाकरूणामयी, शान्त, सौम्य, र अत्याकर्षक व्यक्तित्व झल्काउने बुद्ध मूर्ति बने। ग्रीक र रोमन शैलीबाट प्रभावित सो मूर्तिलाई गान्धार शैली भनियो। हुन त बुद्धले मूर्ति पूजाको विरोध गर्नु भएका थिए, तर आज संसारमा सबभन्दा बढी मूर्ति बुद्धकै छन्।

कनिष्कको पालामा स्पष्टतः बुद्ध-धर्म महायान र हीनयानमा विभाजित भइसकेपछि महायानको द्रूततम गतिमा विकास भयो। यहाँ यो कुरा उल्लेखनीय छ कि महायानको बीज मानिने प्रज्ञा पारमिता ग्रन्थ दक्षिण भारतबाट निस्केका थिए। महायानको प्रवर्तक मानिने नागार्जुन पनि दक्षिण भारतका थिए। वस्तुतः दक्षिण भारतमा महायानको विकास भएको थियो। प्रज्ञा पारमिताको पनि मूर्ति बन्यो। प्रज्ञा पारमितालाई स्त्री रूप दिइयो। दक्षिण भारतमा द्रविड संस्कृतिको ठूलो प्रभाव थियो। द्रविडियनहरूमा मातृप्रधान समाज हुने गर्थ्यो र फलतः स्त्रीहरूलाई उच्च स्थान दिइन्थ्यो। आर्यहरू पितृ प्रधान समाजमा बस्दथे। बुद्ध-धर्मको प्रारम्भिक विकास आर्यहरूको समाजमा भएको थियो। त्यसैले प्रारम्भिक बुद्ध-धर्ममा स्त्रीहरूलाई विशेष महत्व दिइएको थिएन। थेरबाद अनुसार स्त्रीहरू बुद्ध हुन सक्दैनन्। तर दक्षिण भारतमा विकसित भएकोले महायानले

Downloaded from http://dhamma.digital

स्त्रीहरूलाई उच्च स्थान दियो। प्रज्ञा पारमितालाई स्त्रीको रूपमा कल्पना गरेको मात्र होइन, उनलाई सबै बुद्धहरूको आमा पनि बनाई दियो। स्त्रीहरू पनि बुद्ध हुन सक्ने भयो। त्यस्तै गरी मानिसलाई तारि दिने देवीहरूको निर्माण भयो र तिनीहरूलाई तारा भनियो।

बिस्तार बिस्तारै भारतमा महायान सुदृढ हुँदै आयो। हीन-यान कमजोर हुँदै गयो। भक्ति मन परेका जनतालाई महायानले आकर्षित गर्न सक्यो। संसारका सबै प्राणीहरू मुक्त नभएसम्म आफूले निर्वाण प्राप्त नगर्ने बोधिसत्व – अवलोकितेश्वर – प्रति नै लोकप्रिय भयो। उनी बुद्धको समकक्ष पुगे। अवलोकितेश्वरका अप्रै रूपहरू भएको मानियो। त्यतिबेला वैदिक धर्ममा विष्णु सर्वशक्तिमान देउता थिए। महायानले विष्णुभन्दा माथि अवलोकितेश्वर (हरिहर वाहन लोकेश्वर) माने। उनलाई सारा जगत र सारा ब्रह्माण्डको सृष्टि कर्ता पनि मानियो।

महायानको विकासको क्रममा दोस्रो शताब्दीमा केही महत्वपूर्ण महायानी ग्रन्थहरूको रचना भयो। समाधि (ध्यान) बाट प्रज्ञाको प्राप्ति हुन्छ भन्ने विवरण दिने समाधिराज सूत्रको रचना पनि यही समयमा भयो। बुद्धत्वसम्म पुग्न चाहिने दश भूमिहरूको वर्णन गर्ने प्रसिद्ध महायानी ग्रन्थ दशभूमिक सूत्रको रचना पनि सायद यही समयमा भयो। यस ग्रन्थको पुरा पाठ भेट्टिएको छैन। बोधिसत्वको स्वरूपको वर्णन गर्दै शून्यताको प्रतिपादन गर्ने रत्नकूट सूत्रको पनि रचना भयो। यस ग्रन्थको एक ठाउँमा त बुद्धलाईभन्दा बोधिसत्वलाई पूजा गरिनु पर्छ भनेर बुद्धले भिक्षु महाकाश्यपलाई भनेको उल्लेख छ।

Downloaded from http://dhamma.digital

यसरी बोधिसत्वलाई अत्यधिक महत्व दिने महायानमा सोहि ताका गण्डव्यूह नामक ग्रन्थको रचना भयो। यस ग्रन्थ अनुसार एक पल्ट बुद्धले जेतवनमा अनेकौं अद्‌भूत ऋद्धिहरूको प्रदर्शन गर्नु भयो। त्यहाँ समन्तभद्र, मञ्जुश्री आदि बोधिसत्वहरूको उपस्थिति थियो। त्यहीं उपस्थित सारिपुत्र, मोग्गल्यायन, महाकाश्यप आदि भिक्षुहरूले सो ऋद्धी हेर्न सकेन ! पछि समन्तभद्रले ऋद्धीको बारे उनीहरूलाई उपदेश दिए। मञ्जुश्रीको सहयोगले मात्र सारिपुत्रले सो ऋद्धी हेर्न पाए। यसरी सो ग्रन्थमा सारिपुत्र आदि थेरवादी भिक्षुहरूलाई कम बुद्धि भएको र मञ्जुश्री आदि बोधिसत्वहरू महान् भएको कुरा औंल्याएको छ। सोही ग्रन्थमा सुधन नामक युवक देश देशान्तर घुम्दै बोधिसत्व-यानको अन्वेषण गर्दै गएको, उनी मायादेवी, यशोधरा आदिसंग सम्वाद गर्दै मैत्रेय बुद्धकहाँ पुगेको, त्यहाँ बुद्धको विराट स्वरूपको दर्शन भएको र अन्तमा मञ्जुश्रीले उनलाई दिक्षा दिएको कुरा पनि उल्लेख छ। भक्ति मार्ग चरम अवस्थामा पुगेको त्यो बेला ईश्वरको थरि थरिका विराट् स्वरूपको कल्पना गरिन्थ्यो। वैदिक धर्मको गीतामा कृष्णले विश्वरूप लिएको पनि भक्ति मार्ग कै देन हो। बुद्ध–धर्ममा पनि बुद्धका थुप्रै विश्व रूपको कल्पना गर्न थालियो र पछि गएर बुद्धका यी रूप महायानको अभिन्न अंग हुन गएको कुरा तल वर्णन गरिने छ।

हीनयान पनि महायान भन्दा धेरै पछाडि चाहिं परेको थिएन। सन् १८० तिर तक्षशिलामा कुमारलात (कुमारलब्ध) भन्ने प्रख्यात हीनयानी विद्वान्को उदय भयो। पछि उनलाई कबन्ध देशमा लगियो जहाँ तत्कालिन राजाले उनलाई एक विहार दिए। उनी एक महान्

Downloaded from http://dhamma.digital

विद्वान् र साहित्यकार थिए । उनको उल्लेख त धेरै पाइन्छ तर उनका साहित्यको निश्चित निर्धारण गर्न सकिएको छैन । कुमारलात आधुनिक युगमा बुद्धको सबभन्दा नजिक मान्न सकिन्छ । उनी सर्वास्तिवादी (हीनयानी) थिए । उनी अभिधर्मलाई बुद्धको वचन मान्दैनथे । बुद्धको उपदेश (सूत्र पिटक) नै उनलाई मान्य थियो । यस्ता मान्यता हुनेहरू-लाई **सौतान्त्रिक** भनिन्थ्यो र कुमारलातले यो सम्प्रदायलाई धेरै लोकप्रिए बनाइदियो । श्रीलङ्काका बौद्धहरू हाल पनि सौत्रान्तिक विचारधाराद्वारा प्रभावित छन् जबकि म्यानमार (बर्मा) का बौद्धहरू अभिधर्ममा विशेष चासो राख्दछन् । त्यसैले उनीहरू वैभाषिक ('विभाषा' अनुसार अभिधर्म मान्ने) सँग नजिक छ ।

महायानमा चाहिं शून्यवादको दुन्दुभी बजिरहेको थियो । तेस्रो शताब्दीको अन्ततिर मात्रै यसको विरोधमा कोही उठ्न सके । आचार्य **मैत्रेयनाथ** (सन् २७०–३५०) ती मध्ये प्रमुख हुन् । हालंकि मैत्रेय-नाथको साहित्यको स्पष्ट विवरण प्राप्त हुन सकेका छैनन् तापनि मैत्रीय बोधिसत्वबाट भाषित मानिएका कतिपय उपदेशहरू मैत्रेयनाथका हुन् भन्ने कुरामा आधुनिक विद्वानहरूलाई कुनै शंका छैन । मैत्रेयनाथका कृतिहरूमध्ये **महायान सूत्रालंकार** प्रसिद्ध छ जसमा प्रज्ञाको महत्वबारे विवेचना छ । मैत्रेयनाथले नै **योगाचार** नामक अति प्रसिद्ध बौद्ध सम्प्रदायको स्थापना गरेका थिए । दार्शनिक जगतमा **विज्ञानवादी** कहलाइने यी योगाचारीहरू भन्दछन् कि शून्यवादको दर्शन आफैमा ठीक छ तर शून्यलाई अनुभूति गर्ने मन (वा चित्त वा विज्ञान) को अस्तित्वको कमसेकम स्वीकार्नु पर्दछ ।

Downloaded from http://dhamma.digital

शुंग र काण्व राजाहरू पछि सन् २७५ तिर उत्तरी भारतमा गुप्त राजाहरूको शासन शुरु भयो। करीब तीन सय वर्षजति रहेको गुप्तकाललाई भारतको स्वर्णिम काल मानिन्छ। बुद्ध-धर्मको पनि त्यसबेला ठूलो विकास भएको थियो।

चौथो शताब्दीको शुरूमा मैत्रेयनाथको शिष्य असंग (सन् २८०-३६०) को आगमनले विज्ञानवादलाई ठूलो टेवा मिल्यो। उनी विज्ञानवादका सबभन्दा प्रसिद्ध आचार्य हुन्। त्यसबेला गुप्त कालका चौथो राजा समुद्रगुप्तको शासन थियो। असंग पेशावरमा जन्मेका ब्राह्मण थिए। वैदिक ज्ञानले परिपूर्ण भइसकेपछि उनले काश्मीरमा गएर विभाषाको अध्ययन गरे। पछि मैत्रेयनाथको शिष्य बनी विज्ञानवादका अनुयायी बने। असंगले लेखेका कृतिहरू मध्ये योगाचार भूमि शास्त्र प्रख्यात छ। आफ्नो गुरुको ग्रन्थ महायान सूत्रालंकारमा पनि व्याख्याहरू थपेर त्यसलाई महान् ग्रन्थ बनाउने श्रेय असंगलाई नै छ। यस ग्रन्थको अन्तमा असंगले निर्वाण प्राप्त गर्न दश तहहरू पार गर्नु पर्दछ भन्दै दश भूमिको वर्णन गरेको छ। हीनयानले निर्वाण प्राप्त गर्न चार तहहरू (श्रोतापन्न, सकृदागामी, अनागामी, अर्हत्) मानेकोमा महायानीहरू यी दश भूमिहरू (मुदिता, विमला, प्रभाकरी, अर्चिष्मती, सुदुर्जया, अभिमुक्ति, दुरंगमा, अचला, साधमती, धर्ममेघ) मान्न थाले।

असंगका दुई भाइहरू थिए– बसुवन्धु र विरञ्चिवत्स। बसुवन्धु ठूला विद्वान् थिए। उनी सर्वास्तिवादी (हीनयानी) थिए। उनले काश्मीरमा गई वर्षौंसम्म भेष वदलेर आचार्य संघभद्र (सन् २८०-३६०) सँग सर्वास्तिवादी दर्शनको अध्ययन गरे। संघभद्रले सर्वास्तिवादका दुई

Downloaded from http://dhamma.digital

महान् ग्रन्थहरूको रचना गरेका थिए। बसुबन्धुले हीनयानका थुप्रै ग्रन्थहरूको रचना गरे जसमध्ये **अभिधर्मकोष** प्रसिद्धतम हो। यही ग्रन्थको कारण चीन र जापानमा बुद्ध धर्म सुदृढ भएको मानिन्छ। **परमार्थ सप्तति** नामक उनको रचना देखी मुग्ध भई तत्कालिन राजा **स्कन्धगुप्त**ले उनलाई तीन लाख असर्फी दान दिएका थिए र सो धनबाट बसुबन्धुले अयोध्यामा बौद्ध विहारहरू बनाएका थिए। बसुबन्धु ठूला तार्किक थिए र वाद विवादमा निपुण थिए। उनलाई "दोस्रो बुद्ध"को संज्ञा समेत दिइएको छ। वृद्धकालमा उनी दाइ असंगको प्रभावले विज्ञानवादी (महायानी) भए। तब उनलाई पहिले आफू हीनयानी छँदा महायानको विरोध गरेको सम्झेर पश्चाताप गर्न थाले। पश्चाताप स्वरूप उनले विज्ञानवादका ग्रन्थहरू लेख्न थाले जसमा विज्ञानवादको सर्वश्रेष्ठ दार्शनिक व्याख्या गर्ने ग्रन्थ **विज्ञप्तिमात्रतासिद्धि** पनि एक हो। बसुबन्धुको मृत्यु ८० वर्षको आयुमा अयोध्यामा भयो।

बसुबन्धुका शिष्य आचार्य **स्थिरमति**ले पनि विज्ञानवादका थुप्रै ग्रन्थहरू लेखे।

मैत्रेयनाथ, असंग र बसुबन्धुको कारण यसरी महायानका एक नयाँ शाखा निस्क्यो जसलाई असंगले **योगाचार** भने, बसुबन्धुले **विज्ञानवाद** भने। योगाचार यस कारण भनियो किनकि यिनीहरू समाधि (योग) द्वारा सत्यको ज्ञान प्राप्त हुनेमा विश्वास गर्दथे। योगाचार सम्प्रदायलाई हिन्दूहरूको सांख्य दर्शनले प्रभावित पारेको थियो। दार्शनिक दृष्टिकोणले यसलाई **विज्ञानवाद** भनियो किनकि यिनीहरू **विज्ञान** (मन वा चित्त) लाई प्रमुख मान्थे। यो सम्प्रदाय

Downloaded from http://dhamma.digital

वास्तवमा नागार्जुनको शून्यवादको विरुद्ध स्थापित भएको थियो। शून्यवादले सारा जगतलाई शून्य माने भने विज्ञानवादले कमसेकम उक्त शून्यताको बोध गर्ने मन (विज्ञान) को सत्तालाई मान्नु पर्दछ भन्ने तर्क निकाले। अर्थात् मन बाहेक अरू सबै शून्य छन्। मनले नै यो जगतको श्रृष्टि भएको हो। मन नै प्रमुख हो। विज्ञानवादको यो सिद्धान्त हिन्दूहरूको अद्वैतवादसँग धेरै मिल्छ। अद्वैतवादले पनि ब्रह्म (आत्मा) नै सत्य हो अरू सबै मिथ्या हो भन्छन्। त्यसैले अद्वैतवादको प्रसिद्ध आचार्य शङ्कराचार्यलाई उनका विरोधी हिन्दूहरूले "प्रछन्न बौद्ध" (लुकेको बौद्ध) भन्ने गर्दछन्। तर अद्वैतवाद र विज्ञानवादमा एक महत्त्वपूर्ण फरक छ। अद्वैतवादको ब्रह्म (आत्मा) नित्य, अजर, अमर हो, जबकि विज्ञानवाद अनात्मावादी हो। विज्ञानवाद अनुसार विज्ञान (मन) परिवर्तनशील र क्षणीक हो। यसरी क्षणीक चित्तलाई मान्ने विज्ञानवादीहरूले पहिलेका कर्म र चित्तहरू बसिराख्ने ठाउँ भनी आलय विज्ञानको धारणा निकाले। आलय विज्ञानलाई आधुनिक अर्धचेतन मनसँग तुलना गर्न सकिन्छ। बुद्धको प्रारम्भिक शिक्षामा पनि मन नै प्रमुख हो भन्ने शिक्षा भेटिन्छन्।

चौथो शताब्दीतिर लंकावतार सूत्र नामको अति प्रसिद्ध महायानी ग्रन्थको रचना भयो। यस ग्रन्थले विज्ञानवादको उपदेश दिन्छ। यसमा लंकाको राजा रावणलाई बुद्धले उपदेश दिनु भएको छ। रावणलाई विद्वान् दार्शनिकको रूपमा प्रस्तुत गरिएको छ। यस ग्रन्थमा बौद्धहरूले मासु खानु हुँदैन भनी प्रतिपादन गरिएको हो। त्यसैले जहाँ एकातिरथेरवादीहरू आफूलाई नै मारेको भनी आफूले नदेखेको, नसुनेको,

Downloaded from http://dhamma.digital

थाहा नपाएको मासु खानु हुन्छ भन्छन् भने महायानीहरू मासु पटक्कै खाँदैनन् । पछि तन्त्रयानी, बज्रयानी आदिले मासु खान थाले । लंकावतार सूत्रको अन्तिम अध्यायमा बुद्ध परिनिर्वाण पछि राम, व्यास, कौरव, पाण्डव, चन्द्रगुप्त आदिहरूले आगमन हुन्छ भनिएको छ ।

लंकावतार सूत्रले रावणलाई बौद्ध विद्वान् मानेको छ । सम्भवत: रामायणको रावण बौद्ध थिए र सो ग्रन्थमा वर्णित युद्ध वैदिक धर्म र बुद्ध-धर्मको प्रतिस्पर्धा स्वरूप उत्पन्न भएको थियो । रावण भारतको दक्षिणमा बस्ने अनार्य जातिका राक्षस हुन् । स्मरणीय छ कि महायानको विकासमा दक्षिण भारतका द्रविडियन (अनार्य) हरूको ठूलो हात थियो । स्पष्ट छ कि रावण बुद्ध भन्दा पछिका थिए । उल्लेखनीय छ कि रामायणको एक प्राचीन रूप दशरथ जातकको नाउँमा बौद्ध साहित्यमा पनि पाइन्छ, र त्यसमा रावणको उल्लेख छैन ।

हिन्दू र जैन साहित्यहरूले बुद्ध-धर्मलाई चार सम्प्रदायहरूमा विभाजित गरेको पाइन्छ । ती हुन्- वैभाषिक, सौत्रान्तिक, माध्यमिक र योगाचार । यी चारै सम्प्रदायहरू त्यतिबेलासम्म स्थापित भइसकेका थिए । पहिलो दुई हीनयानी हुन् र पछिल्लो दुई महायानी हुन् । **वैभाषिकहरू** काश्मीर संगायनामा रचित "विभाषा" लाई मान्ने सर्वास्तिवादीहरू हुन् । यिनीहरू अभिधर्मलाई प्रमुख मान्छन् । मन र पदार्थ दुवैलाई सत्य मान्छन् । **सौत्रान्तिकहरू** सूत्त पिटकलाई महत्त्व दिन्छन् । यिनीहरू अभिधर्मलाई बुद्ध वचन नमान्ने सर्वास्तिवादीहरू हुन् । यिनीहरू पदार्थको सत्तालाई मान्छन्, तर पदार्थ प्रत्यक्ष छैन भन्छन् । **माध्यमिकहरू शून्यवादी** हुन् । यिनीहरू मन र पदार्थ दुवैलाई

Downloaded from http://dhamma.digital

असत्य मान्छन् । योगाचार सम्प्रदाय विज्ञानवादी हुन् । यिनीहरू पदार्थलाई असत्य, मन मात्रै सत्य भनी मान्छन् । अबौद्ध साहित्यहरूले यसरी विभाजन गरेको चार बौद्ध सम्प्रदायहरू हेर्दा मूल थेरवादी त्यति बेलासम्म भारतमा कमजोर भइसकेको स्पष्ट हुन्छ ।

महायानले बुद्धको धर्मकाय र निर्माण कायलाई मानेको कुरा पहिले नै छलफल गरिसकेको छु । विज्ञानवादको उदय पछि बुद्धका तीन शरीर (त्रिकाय) भएको मानियो । धर्मकाय र निर्माण काय बाहेक बुद्धको संभोग कायको पनि कल्पना गरियो । निर्माण काय बुद्धको मानवी शरीर हो । सिद्धार्थ, शाक्यमुनि बुद्धको निर्माण काय हो । भिन्ना भिन्नै बुद्धको भिन्ना भिन्नै निर्माण काय हुन्छन् । संभोग काय बुद्धको सूक्ष्म शरीर हो । यो शरीर बुद्धले बेला बखतमा प्रदर्शन गर्ने गर्दछन् । महायानबारे बुद्धले दोस्रो धर्मचक्र प्रवर्तन गरेको बेला यही शरीर प्रदर्शन गर्नु भएको थियो । यो शरीरमा बुद्धको शरीरबाट अनगिन्ति रश्मी आगोको ज्वाला आदि निस्कन्छन् । विभिन्न बुद्धको संभोग काय भिन्ना भिन्नै हुन्छन् । संभोग काय गीतामा कृष्णले विश्व रूप देखाए सरह हो । तत्कालिन समाजमा वस्तुत: देउताहरूको संभोग काय (विश्व रूप) को अवधारणा अति प्रचलित थियो । मूल थेरवादमा पनि बुद्धको यस्तो शरीरको आभास मिल्दछ । पालि साहित्य अनुसार बुद्धले श्रावस्तिमा ऋद्धी प्रदर्शन गर्दा यस्तै शरीरको प्रदर्शन गर्नु भएको थियो । धर्म काय बुद्धको धर्मको शरीरिकरण हो । सबै बुद्धको धर्म काय एउटै हुन्छ ।

महायान र हीनयानबारे विस्तृत भेदको बारे छलफल गर्नु यो

Downloaded from http://dhamma.digital

उपयुक्त समय हो। यी दुई सम्प्रदायहरू निम्न कुरामा भिन्न छन्-
१) महायानले बुद्धयान वा बोधिसत्त्वयानको मात्रै महत्त्व स्वीकार्दछ, यसको मुख्य उद्देश्य बुद्ध हुनु हो, यसको आदर्श व्यक्ति बोधिसत्व हो; हीनयानले बुद्धयान, प्रत्येक बुद्धयान र श्रावकयान तीनै वटा मार्गलाई मान्यता दिन्छ, यसको मुख्य उद्देश्य निर्वाण प्राप्त गर्नु हो, यसको आदर्श व्यक्ति अर्हत् हो। २) महायानले भक्तिलाई जोड दिन्छ, हीनयानले ज्ञान (प्रज्ञा) मा जोड दिन्छ। ३) महायानले बुद्धलाई देउता सरह मान्दछ र बुद्धको त्रिकाय भएको विश्वास गर्दछ, हीनयानले बुद्धलाई मानिस मान्दछ र बुद्धको निर्माण काय मात्रै मान्दछ। ४) महायानीहरू निर्वाण प्राप्त गर्न दश भूमि भएको विश्वास गर्दछ, हीनयानीहरू यस्ता चार अवस्था मात्रै भएको मान्छन्। ५) महायानले बाहिरी संसारलाई मिथ्या मान्छन्, र दर्शन शास्त्रतिर बढी जोड दिन्छन्; हीनयानले संसारलाई पनि सत्य मान्छन्, र व्यवहारलाई बढी जोड दिन्छन्; ६) महायानको निर्वाण अवस्था सुखमय छ, हीनयानीहरू निर्वाणको अवस्थालाई दु:ख र सुख दुवैको अभावको अवस्था मान्दछन्।

चौथो शताब्दीको अन्ततिर महायानको ग्रन्थ सुवर्ण प्रभास सूत्रको रचना भयो। यसमा महायानको सिद्धान्तलाई सरल भाषामा व्याख्या गरिएको छ। जापानको बुद्ध-धर्मलाई यस ग्रन्थले धेरै प्रभावित पारेको छ।

भारतको मगधमा चन्द्रगुप्त (द्वितीय) विक्रमादित्यको शासन छँदा चीनको सम्राट् फू-चिएनले पश्चिमी चीनको खोतन राज्यमा

Downloaded from http://dhamma.digital

आक्रमण गरे । त्यति बेला खोतनको कुचा शहरमा **कुमारजीव** (३४४-४१३) नामक बौद्ध विद्वान् बस्दथे जसको ख्याति चारैतिर फैलिएको थियो । कुमारजीवको पिता भारतका थिए, आमा चाहिं कुचा कै थिइन् । आमा जीवाले पछि बुद्ध-धर्म स्वीकारेर भिक्षुणी बनेकी थिइन् र छोरो कुमारजीवलाई बौद्ध दर्शन अध्ययन गराउन काश्मीर लगेकी थिइन् । काश्मीरमा भिक्षु बन्धुदत्तसँग बौद्ध दर्शन सिकेर उनी कुचा फर्केका थिए । उनी यति प्रख्यात भयो कि चीनको राजाले कुमारजीव-लाई चीन पठाउन कुचाको राजालाई अनुरोध गरे । सो कुरा अस्वीकृत भएपछि कुचामा नै हमला गरी चीन सम्राट्ले कुमारजीवलाई सन् ४०१ मा आफूसँगै चीन लगे र ठूलो सम्मानका साथ राखे । कुमार-जीवको नेतृत्वमा ८०० विद्वान्हरूको अनुवादक दलको गठन गरे । कुमारजीवले संस्कृतका थुप्रै मूल ग्रन्थहरूलाई चीनी भाषामा अनुवाद गरेर चीनमा बुद्ध-धर्मको ठूलो प्रचार गरे । चीनका सम्राट्ले उनको अनुवाद कार्यमा ठूलो सहयोग गरे । कुमारजीवले थुप्रै अन्य बौद्ध विद्वान्हरू पनि चीनमा डाकी अनुवाद कार्य गर्न लगाए । यही ताकामा चीनको भिक्षु **मुण्डोले** सन् ३७२ मा सर्व प्रथम **कोरियामा** बुद्ध-धर्मको प्रचार गरे ।

त्यतिबेला **गुणवर्मन्** नामको बौद्ध विद्वान् काश्मीरबाट धर्म प्रचारार्थ श्रीलङ्का गए र त्यहाँबाट **जावा** (इन्डोनेसिया) पुगे । जावामा उनले बुद्ध-धर्मको खुब प्रचार गरे । जावाको राजा बौद्ध बने । त्यति नै बेला जावामा बाहिरी आक्रमण भयो । तर सो आक्रमणलाई गुणवर्मन्को सहयोग लिई राजाले विफल तुल्याइदिए । भिक्षु गुणवर्मन्-

Downloaded from http://dhamma.digital

को कीर्ति चीनमा पनि पुग्यो। चीन सम्राट्ले गुणवर्मन्लाई चीनमा डाके। सन् ४२१ तिर गुणवर्मन् चीन गए र त्यहाँ कुमारजीवलाई अनुवाद कार्यमा मद्दत गरे। त्यस्तै त्यही ताकातिर भारतीय भिक्षु **गुणभद्र** पनि चीन गएर धर्म प्रचार गर्न गए। त्यस्तै **पुण्यत्रात, बुद्धयश, संघदेव गौतम, धर्मयश,** आदि मगधका विद्वान् भिक्षुहरू चीनमा गई अनुवाद कार्य गरी बुद्ध-धर्म प्रचार गरे।

भारतिय दर्शनको एक महान् विद्वानको उदय यही बेला भयो। मध्यकालीन **न्याय शास्त्र** (तर्क शास्त्र) को जन्मदाता **दिग्नागको** जन्म (३४४–४२५) आन्ध्र प्रदेशको काँचीमा एक ब्राह्मण परिवारमा भयो। वेदमा पारंगत भइसकेपछि उनी वात्सिपुत्रीय (वृजिपुत्रक) नामक हीनयानी सम्प्रदायमा दिक्षित भए। भिक्षु **नागदत्त** उनका गुरु थिए। पछि दिग्नागले महायानको विज्ञानवाद स्वीकार गरे र उनी आचार्य **वसुबन्धुका** शिष्य भए। उनले विज्ञानवादलाई तर्कको दृष्टि-कोणले सही ठहऱ्याउँदै थुप्रै ग्रन्थहरू लेखे जसमा **प्रमाण समुच्चय** प्रख्याततम हो। दिग्नाग बौद्ध तर्क शास्त्रका संस्थापक हुन्। उनी ठाउँ-ठाउँमा घुमी शास्त्रार्थ गर्दै हिँडदथे। शास्त्रार्थमा न्याय शास्त्रको ठूलो हात हुन्थ्यो। फलतः ब्राह्मणहरूले पनि पछि उनको न्याय शास्त्र अपनाएर लिए। संस्कृतको प्रसिद्ध कवि **कालिदास** दिग्नागका समकालीन हुन्।

कुमारजीव चीन पुगेको समयतिर चीनको **फाहियान** (३७०–४५८) नामक भिक्षुले तत्कालिन चीनमा बुद्ध–धर्म अस्तव्यस्त भइरहेको महसुस गरी भारतमा गई भिक्षु विनयको मौलिक ग्रन्थको खोज गर्ने उद्देश्यले

Downloaded from http://dhamma.digital

आफ्नो यात्रा शुरु गरे। पश्चिमी चीनको खोतनमा उनी पुगे। खोतन राज्य त्यतिबेला महायानी थियो। त्यहाँबाट उनी काशगर पुगे जहाँ उनले बुद्धको पिक-दानको दर्शन गरे। त्यहाँबाट उनी पेशावर पुगे जहाँ कनिष्कले बनाएका विशाल स्तूपको उनले दर्शन गर्न पाए। त्यहाँबाट उनी नगरहार गए जहाँ कि बुद्धको टाउकोको हड्डी राखी स्तूप बनाइएको थियो, त्यहाँबाट उनी अफगानस्तान पुगे जहाँ महायान र हीनयानका तीन हजार भिक्षु थिए। तदनन्तर पंजाब हुँदै मथुरा पुगे जहाँ बुद्ध-धर्म उन्नत अवस्थामा थियो। त्यसपछि उत्तर भारतमा गए जहाँ जनताहरू पञ्चशीलको पालन गर्दथे। आफ्नो यात्रा विवरणमा फाहियानले तत्कालिन भारतको र बुद्ध-धर्मको उन्नत अवस्थाको विस्तृत व्याख्या गरेको छ। फाहियानले तीन वर्ष भारतीय भाषा सिक्नमा बिताए। भारतमा छ वर्ष रही उनले ठाउँ-ठाउँ घुमी ग्रन्थहरू सङ्कलन गर्दै श्रीलङ्का गए जहाँ उनले २ वर्ष बिताए। त्यसपछि एक व्यापारीको जहाजमा बसेर चीन फर्के। बाटोमा १३ दिन सम्मको भयङ्कर आँधीमा जहाज फँस्यो र फाहियानलाई उनले अथक मेहनत गरी ल्याएका ग्रन्थ र मूर्तिहरू समुद्रमा फाली देला भनेर पीर लाग्यो। उनले त्यतिबेला आफूलाई रक्षा गर्न अवलोकितेश्वरको प्रार्थना गरेका थिए। जहाजमा परेको प्वाल भेट्टिएकोले उनलाई कसैले केही गरेन। ९० दिनको यात्रा पछि जावामा पुग्यो। जावामा त्यतिबेला बुद्ध-धर्म कमजोर थियो र ब्राह्मण धर्मको बोलबाला थियो। सायद भिक्षु गुणवर्मन् त्यतिबेलासम्म जावा पुगेको थिएन। ५ महिना जावामा बिताई अन्तमा उनी चीनमा फर्के। यसरी शुद्ध धर्मको खोजीमा

Downloaded from http://dhamma.digital

करिब ३० देशहरूको भ्रमण गरी बुद्ध–धर्मका ग्रन्थ र मूर्तिहरू चीनमा लग्ने फाहियानको यात्रा समाप्त भयो ।

फाहियानको भारत भ्रमणको बेला मगधको नरेश **चन्द्रगुप्त विक्रमादित्य** (द्वितीय) थिए । उनको मृत्युपछि सन् ४१३ मा उनका छोरा **कुमार गुप्त महेन्द्रादित्य** राजा भए । यिनले नालन्दामा विश्व प्रसिद्ध **नालन्दा विश्वविद्यालय**को स्थापना गरेर बुद्ध-धर्मको विकासमा महान् योगदान दिए । बुद्ध-धर्मको प्रचार प्रसारमा नालन्दा विश्वविद्यालयको केन्द्रिय भूमिका रहेको छ । त्यहाँ हजारौं शिक्षक र हजारौं विद्यार्थीहरू हुने गर्थे । विभिन्न राजाहरूले त्यहाँ विहारहरू थप्दै गए । त्यहाँ विशाल छात्रावास पनि थियो । नियम कानून कठोर थियो र सबै अनुशासनमा बस्दथे । प्रमुखत: महायानको शिक्षा दिने भएता पनि त्यहाँ बुद्ध-धर्मका सबै सम्प्रदायहरू लगायत वेद, दर्शन, व्याकरण, भाषा, चिकित्साशास्त्र, आदिका पनि पठन-पाठन हुन्थ्यो । चीन, तिब्बत, जापान, कोरिया, लगायत विभिन्न राष्ट्रका विद्यार्थीहरू त्यहाँ पढ्न आउँथे । शयौं गाउँहरूको आम्दानीबाट सो विश्वविद्यालय चल्दथ्यो । ग्रन्थहरूको विशाल पुस्तकालय पनि त्यहाँ थियो ।

दिग्नागको कारण विज्ञानवादमा तर्क शास्त्र घुसेपछि शून्यवादमा पनि तर्क शास्त्रले प्रभावित पार्न थाल्यो । फलस्वरूप भिक्षु **बुद्धपालित** (सन् ४५० तिर) नामक शून्यवादको विद्वानले प्रतिपादन गरे कि अरूसँग शास्त्रार्थ गर्दा विपक्षीसँग यस्तो प्रश्न सोध्नु पर्दछ जसको उत्तर दिदा विपक्षी आफै फँसोस् । यसरी वादविवाद गर्ने शून्यवादीहरूलाई **प्रासंगिक** सम्प्रदाय भनियो । बुद्धपालित यस

Downloaded from http://dhamma.digital

सम्प्रदायका संस्थापक हुन् ।

त्यही कालमा थेरवाद (हीनयान) का महानतम आचार्यको पनि प्रादुर्भाव भयो । बुद्धगया नजिकैको कुनै गाउँमा ब्राह्मणकुलमा पाँचौ शताब्दीको शुरूवात तिर **बुद्धघोष**को जन्म भयो । कुशाग्र बुद्धिका बुद्धघोषले छिटै नै ब्राह्मण ग्रन्थहरूमा निपुणता प्राप्त गरे । विद्याको घमण्डले चूर भई उनी ठाउँ ठाउँ घुमी शास्त्रार्थ गर्थे । एकपल्ट मगधको एक विहारमा उनले पातंजलिको योगसूत्रबारे यस्तो प्रवचन दिए कि सब भिक्षुहरू छक्क परे । त्यहीं एक विद्वान् वृद्ध भिक्षु **रेवत**को उपस्थिति थियो । रेवतले, जो स्वयं बुद्ध-धर्म र ब्राह्मण-धर्मका महान् ज्ञाता थिए, विचार गरे कि ती ब्राह्मण युवक भिक्षु बनेमा बुद्ध-धर्मको ठूलो कल्याण हुनेछ । वृद्ध भिक्षुले जानाजानी दर्शनको कुरा निकाले र बुद्धघोष वाद विवादमा फँसे । बुद्धघोषको सारा घमण्ड चूर भयो । उनी रेवतको शिष्य भिक्षु बने ।

त्यतिबेला भारतमा पालि भाषा र थेरवाद दुवैको हालत राम्रो थिएन । महायान बलियो हुँदै थियो । हीनयान तर्फ सर्वास्तिवादमात्र बलियो थियो । तिनीहरू सबैले संस्कृत भाषाको प्रयोग गर्थे ।

त्यही बेला **बुद्धदत्त** नामको थेरवादी भिक्षुले भारतमा थेरवाद-लाई पुनः सुदृढ पार्ने विचार गरेर श्रीलङ्का पुगे । बुद्धको मूल विचारधारालाई जोगाइराखेको थेरवाद श्रीलङ्कामा अति प्रचलित थियो । भारतको उरईपुरमा जन्मेका बुद्धदत्तले श्रीलङ्कामा बसी थेरवादको अध्ययन गरी भारत फर्केर विभिन्न ग्रन्थहरूको रचना गरे । ती मध्ये अभिधर्मको व्याख्या लेखिएको **अभिधम्मावतार** प्रसिद्ध छ ।

Downloaded from http://dhamma.digital

यता भारतमा भिक्षु बुद्धघोषले अट्ठसालिनी नामको अर्थकथा (व्याख्या, टिका) लेखे। अनि उनका गुरु रेवतले उनलाई त्रिपिटकका सम्पूर्ण अर्थकथाहरू श्रीलङ्कामा विद्यमान् रहेको र ती अर्थकथाहरू श्रीलङ्का गई पालि (मागधी) भाषामा अनुवाद गरेर आउन भने। गुरुको आज्ञा अनुसार भिक्षु बुद्धघोष श्रीलङ्का जाँदा बाटोमा डुङ्गामा श्रीलङ्काबाट फर्कीरहेका भिक्षु बुद्धदत्तलाई भेटे।

बुद्धघोष श्रीलङ्का पुगेको बेला त्यहाँ महानामले राज्य चलाइ-रहेको थियो। बुद्धघोषले सम्राट् अशोकको पुत्र महेन्द्र भिक्षुले स्थापना गरेर गएको अनुराधपुरको महाविहारमा बसी सिंहली भाषा सिके। उनले त्यहाँका भिक्षुहरूलाई आफू श्रीलङ्का आएको उद्देश्य बताए पछि भिक्षुहरूले उनलाई परिक्षणको लागि दुई पालि गाथाहरू दिई तिनको व्याख्या गर्नको लागि भने। बुद्धघोषले तिनको व्याख्या गर्दै सम्पूर्ण त्रिपिटकको निचोड हुने गरी विशुद्धि मार्ग नामक ग्रन्थको रचना गरे। शील, समाधि र प्रज्ञा नै बुद्ध शिक्षाको निचोडको रूपमा प्रतिपा-दन गर्ने महान् ग्रन्थ विशुद्धि मार्ग थेरवादीहरूको लागि त्रिपिटक सरह नै पवित्र ग्रन्थ हो। भनिन्छ कि त्यो ग्रन्थ देखेर श्रीलङ्काका भिक्षुहरूले बुद्धघोषलाई मैत्रेय बुद्ध भनी माने ! तब बुद्धघोष अगाडि श्रीलङ्काका सबै ग्रन्थहरू राखियो। फलस्वरूप बुद्धघोषले सम्पूर्ण त्रिपिटक र तिनका व्याख्या गरिएको अर्थकथाहरूलाई सिंहली भाषाबाट पालिमा अनुवाद गरेर भारत ल्याए। यही अति बिशाल पालि साहित्य नै वर्तमान थेरवादको आधार हो। बुद्ध–धर्मको इतिहासमा यो भिक्षु बुद्धघोषको अविस्मरणीय देन हो। उक्त महान भिक्षुको निधन

Downloaded from http://dhamma.digital

कम्बोडियामा भयो जहाँ उनी धर्म प्रचारार्थ गएका थिए । त्यतिबेला भिक्षुहरूमा धर्म प्रचार गर्ने ठूलो जोश थियो । बताइन्छ कि हुइसेन भन्ने भिक्षु धर्म प्रचार गर्न सन् ४८५ तिर मेक्सिकोसम्म पुगेका थिए !

महायानको चरण कालमा पाँचौ शताब्दीको अन्ततिर मन्त्रयानको उदय भयो । मन्त्र ती शाब्दिक उच्चारणहरू हुन् जुनबाट कुनै कार्यको सिद्धि हुन्छ । मन्त्रको अवधारणा पुरानो हो । प्रामाणिक मानिने थेरवादको पालि त्रिपिटकमा पनि यसको उल्लेख छ । थेरवादले पनि परित्राणको पाठ गरेमा दुर्विघ्न हट्ने कुरा भनेको छ । वास्तवमा यही नै धारणाले विकसित भएर महायानमा मन्त्रयानको उदय भयो । मन्त्रयान अनुसार जगतमा इन्द्रियले भ्याउने पदार्थहरूभन्दा बाहेक अदृश्य शक्तिहरू पनि छन् । ती शक्तिहरूलाई विशेष शब्दको उच्चारणले वशमा लिन सकिन्छ । ती शब्द उच्चारण नै मन्त्र हुन् । शुरुमा यी मन्त्रहरूको उच्चारण कुनै अदृश्य शक्तिलाई वशमा पारी अर्को विध्वंशकारी अदृश्य शक्तिको दमन गर्न प्रयोग गरिन्थ्यो । त्यसैले भूत, प्रेत र विघ्न बाधा हटाउन मन्त्रको प्रयोग गर्ने प्रथा चल्यो । सासाना सूत्रहरू पनि धारणीको नाममा मन्त्रकै प्रयोग गर्न थालियो । जब मन्त्रलाई मान्यता दिनेहरूको संख्यामा वृद्धि भयो तब मन्त्रलाई अन्य महत्वपूर्ण कुराहरूको साधन पनि मानियो । पछि गएर मन्त्रद्वारा सबै कुरा सिद्ध गर्न सकिने विश्वास गरियो । स्वयं बुद्धत्व पनि मन्त्रद्वारा नै प्राप्त गर्न सकिने भनियो । मन्त्रको व्यवस्थित रूप निस्कियो । मन्त्रको नियमहरू निस्कियो । पुरुष शक्तिलाई वशमा पार्ने मन्त्रहरू "हुँ"

Downloaded from http://dhamma.digital

वा "फट्" मा अन्त्य हुने, स्त्री शक्तिको मन्त्र "स्वाहा" मा अन्त्य हुने र अन्य शक्तिका मन्त्रहरूको "नम:" मा अन्त्य हुने कुरा भनियो। सर्वसाधारण जनता मन्त्रबाट क्रमश: प्रभावित हुँदै गए किनकि यसमा जीवनको लक्ष्य प्राप्त गर्ने सजिलो बाटो भनी मन्त्रलाई अगाडि ल्याइएको थियो। मन्त्रयानका आचार्यहरूले जनतामा विश्वास पैदा गर्न कतिपय मन्त्रहरू बुद्ध र बोधिसत्वले नै प्रदान गरिएको भनियो। मन्त्रयानको विकासको क्रममा महावैरोचन सूत्र नामको ग्रन्थको रचना भयो जसमा मन्त्रको महत्व र तिनको भूमिकाबारे विस्तृत छलफल गरिएको छ। मन्त्रको महिमाको वर्णन गर्दै सद्धर्म पुण्डरिक, लंकावतार सूत्र आदिमा अध्यायहरू थपियो।

जब मन्त्रयान जनतामा लोकप्रिय हुन थाल्यो तब मन्त्रयानका आचार्यहरूले बुद्धत्व प्राप्त गर्ने दुईटा मार्ग भएको सिद्धान्त निकाले। ती हुन्– पारमिता नय र मन्त्र नय। मन्त्रयान भन्दा पहिलेका बौद्ध सम्प्रदायहरूले देखाउने गरेको बुद्धत्व प्राप्त गर्ने मार्ग पारमिता नय हो। बुद्धत्व प्राप्त गर्न विभिन्न पारमिताहरूको पूर्णता हासिल गर्नु पर्छ भन्ने त्यतिबेलासम्मको सिद्धान्तलाई पारमिता नय भनियो। मन्त्रद्वारा पनि बुद्धत्व हासिल गर्न सकिन्छ र यो मन्त्र नय हो भनी मन्त्रयानीहरूले भन्न थाले।

मन्त्रयानको स्वतन्त्र अस्तित्व धेरै समयसम्म रहन पाएन। आफ्नो उत्पत्ति र विकासको एक शताब्दी भित्रै मन्त्रयान काँचुलि फेरेर तन्त्रयानको रूपमा परिवर्तन भयो। तन्त्रयान मन्त्रयानको विकसित रूप हो। शब्द उच्चारण (मन्त्र) बाहेक हावभाव (मुद्रा)

Downloaded from http://dhamma.digital

बाट पनि अदृश्य शक्तिहरूलाई आफ्नो वशमा गर्न सकिन्छ भन्ने यिनी-हरूको सिद्धान्त हो। बुद्धले भन्नु भएको कि कुनै पनि कुरा सिद्ध गर्न काय (शरीर), वचन र मनले गर्नु पर्दछ भन्ने उपदेशको आधारमा मन्त्रलाई वचन, ध्यान वा समाधिलाई मन र मुद्रालाई शरीरबाट व्यक्त गरिने क्रियाको रूपमा तन्त्रयानले मान्छन् ।

सन् ५०० तिर गुह्य समाज तन्त्र नामक अति प्रसिद्ध ग्रन्थको रचना शुरु भयो । तथागत गुह्यक पनि भनिने यो ग्रन्थलाई तन्त्रयानका जनक नै मान्न सकिन्छ । मूलतः यसमा योगसिद्धिका ५ भूमिहरूको वर्णन गरिएको छ र ती भूमिहरू प्राप्त गर्ने साधन स्वरूप मन्त्र, मण्डल, यन्त्र, पूजा विधि आदिको वर्णन गरिएको छ ।

तन्त्रको कुरा अकस्मात प्रारम्भ भएको मान्नु ठूलो भूल हुनेछ । यसको इतिहास अति प्राचीन छ । विश्वका सबै सभ्यताका मानिसहरू प्राचीन कालदेखि नै कुनै न कुनै रूपमा तन्त्रयानलाई मान्यता दिन्थे । भविष्यवाणी, जादू, इन्द्रजाल, अलौकिक पूजाहरू पहिलेदेखि नै प्रचलित हुन् । प्राचीन कालदेखि नै अदृश्य शक्तिहरूलाई आफ्नो वशमा पारी आफ्नो इच्छा अनुसार काम गराउन सकिन्छ भनी विश्वास गर्नेहरू थिए । उनीहरू साधारण समाजले असभ्य मानिएका कतिपय अनुष्ठानहरू गर्दथे । उनीहरू यी कुरा गोप्य तवरमा गर्दथे किनकि उनीहरूको क्रियाकलाप समाजलाई ग्राह्य थिएन । त्यसैले उनीहरूको अस्तित्व प्रत्यक्ष रूपमा बाहिर प्रकट भएको थिएन । उनीहरू आफ्नो विद्या आफ्ना भरपर्दो शिष्यलाई बाहेक अरूको सामु प्रकट गर्दैनथे । यसरी सुषुप्त अवस्थामा रहेको तान्त्रिक अनुष्ठानहरू

Downloaded from http://dhamma.digital

छैठौं सातौं शताब्दीमा आएर अचानक प्रकटमा आए र खुब विकास गर्न थाले ।

त्यो समय सामाजिक जिज्ञासाले कोल्टो फेरेको समय थियो । बुद्धको कालमा ज्ञानको खोजीमा जिज्ञासा राख्ने समाजले त्यसपछि भक्ति मार्गतिर बढी जिज्ञासा राखेको थियो । सो पछि सामाजिक जिज्ञासा चमत्कार, जादू, मन्त्रतिर ढल्क्यो र फलतः तन्त्रयानको विकास भयो । सो तन्त्रयानले धार्मिक सम्प्रदायहरूलाई यति प्रभावित पारे कि प्रायः सबै धर्महरू यसबाट प्रभावित भए । बुद्ध–धर्म, वैदिक धर्म र जैन धर्म सबैमा तन्त्र पाइन्छन् । ती मध्ये जैन तन्त्र र वैष्णव तन्त्र त्यति विकसित हुन सकेन । वैदिक (हिन्दू) धर्मको शिवलाई मान्ने सम्प्रदायको तन्त्र, शैव तन्त्र, अति प्रख्यात भयो । हिन्दू धर्ममा शिव वा महादेव उच्चतम देवताको रूपमा विकसित भयो । यो भन्न कठीन छ कि हिन्दू तन्त्र र बौद्ध तन्त्रमा कुन चाहिं पहिलो हो । तन्त्रयानको विकासको क्रममा हिन्दू र बौद्ध तन्त्रहरूको यसरी सामुहिक विकास भयो कि कुनै कुनै विषयवस्तुमा यी दुईको भेद गर्न पनि कठीन छ । यो कुरा पनि रोचक छ कि तन्त्रयान विशेषतः अनार्यहरूमा बढी लोकप्रिय भयो । भारतको दक्षिणी भाग, बंगाल, आसाम, नेपालका अनार्य जातिहरूमा यसको जग बलियो भयो । स्वयं शिव (महादेव) पनि सायद अनार्य थिए ।

तन्त्रयानलाई बुद्ध धर्मको विकृत रूप मान्नेहरू पनि छन् । तर तन्त्रयानको कुरा मूल थेरवादमै थियो, यो कुरा हामीले बिर्सनु हुन्न । त्रिपिटकमा आटानाटिय सूत्रमा भूत प्रेतको आराधना गर्ने उपदेश

Downloaded from http://dhamma.digital

बुद्धबाट दिलाइएको छ। **पेत वत्थु** नामक ग्रन्थमा किसिम किसिमका प्रेतहरूको वर्णन छ। ऋद्धि चमत्कारको कुरा पालि साहित्यमा पनि यत्रतत्र पाइन्छन्। तन्त्र मन्त्रको यही नै बीज छैठौं सातौं शताब्दीमा त्यस्ता चमत्कारप्रति बढी आकर्षित भएको समाजलाई आकर्षित गर्न बौद्ध तन्त्रयानको रूपमा उदय भयो।

मन्त्रयानलाई विस्थापित गरी तन्त्रयानको विकास हुन सकेको एउटा प्रमुख कारण यो हो कि तन्त्रयानमा विभिन्न तान्त्रिक क्रिया-कलापहरूको साथसाथै गहन बौद्ध दर्शन पनि समावेश भयो। तन्त्रयानले योगाचार (विज्ञानवादी) को योग (ध्यान) लाई बुद्धत्व प्राप्तिको साधन माने भने माध्यमिकहरूको शून्यवादलाई दर्शनको मूल माने। यसरी तान्त्रिक क्रियाकलाप, योग र शून्यवादको अनौठो सम्मिश्रण तन्त्रयानमा भयो।

अदृश्य शक्तिलाई आफ्नो वशमा पार्ने उपाय (**शक्ति साधना**) बताइयो। यस अनुसार सर्वप्रथम जगत शून्य छ भनी बुझ्न सक्नु पर्दछ। यस्तो चित्त (मन) जसले शून्यतालाई बुझेको छ सोलाई **बोधिचित्त** भनियो। हरेक शक्तिको आफ्नो आवाज (शब्द) छ जसले उक्त शक्तिको प्रतिनिधित्व गर्दछ। जसरी चामलभित्र धान विद्यमान छ त्यसरी नै त्यो शब्दले उक्त शक्तिलाई प्रकट गर्न सक्दछ। शक्तिको बीज मानिने त्यो शब्द वा आवाजलाई बीजाक्षर भनियो। बोधिचित्त हुने व्यक्तिले बीजाक्षरको प्रयोग गरी चाहिने शक्तिको साधन गर्दछ। सारा जगत महाशून्य भनी बुझ्ने बोधिचित्तले आफूलाई पनि महाशून्यमा लीन गर्न सक्दछ। यदि सबै विषय सबै शक्ति महाशून्यमा लीन हुन सक्छ

Downloaded from http://dhamma.digital

भने त्यसको उल्टो महाशून्यबाट पनि भने बालको विषय वा शक्ति निकाल्न सकिन्छ । त्यसैले वीजाक्षर र तन्त्र मन्त्रको प्रयोग गरेर योगी आफैले यी शक्तिहरू महाशून्यबाट उत्पन्न गर्न सक्छन् । तन्त्रयानका यी योगीहरूले यी शक्तिहरूको प्रयोग गरी मृत्यु व्यक्तिलाई पनि जिलाउन सक्दछ भनी विश्वास गरियो । आजभोलि पनि वज्रयानका आचार्यहरूले मृत व्यक्तिलाई बोल्न लगाउने अनुष्ठान कहिलेकाहिं गरेको पाइन्छ र यसमा विश्वास गर्नेहरू अझै पनि छन् । वीजाक्षरको प्रयोगले शक्तिलाई यसरी साधन गरी सकेपछि उक्त शक्तिलाई आकार दिने काम योगीले गर्दछ । अदृश्य शक्तिलाई आकार दिदाले नै तन्त्रयानमा थरि थरिका अनौठा मूर्ति र चित्रहरूको विकास भएको हो । त्यसपछि योगीले आफूलाई उक्त शक्तिसँग लीन गर्दछ जुनकि यसकारण सम्भव छ किनकि दुवै शून्य हुन् । योगीको यो अवस्था नै समाधि वा साधना वा योग हो ।

तान्त्रिक साधनामा मन्त्र, वीजाक्षर, मुद्रा (हावभाव) को अतिरिक्त मण्डलको प्रयोग पनि प्राय:जसो गरिन्छ । मण्डल एक गोलो चक्का हो जसभित्र विभिन्न शक्तिहरू, देउताहरू, जगतसित तिनीहरूको सम्बन्ध आदि दर्शाइएको हुन्छ । ती शक्तिहरू चित्र वा वीजाक्षरद्वारा प्रतिनिधित्व गराइन्छ ।

योग र दर्शनप्रति गहन धारणा राख्ने तन्त्रयानको क्रियाकलाप बारे अब केही कुरा गरौं जुनकि त्यति रूचिकर छैन । बुद्धको शील, समाधि र प्रज्ञाको सिद्धान्तमा सर्वप्रथम शीललाई ठ्याम्मै अवहेलना गरेको तन्त्रयानले नै हो । समाजमा निको नमानिने कतिपय कुराहरू

Downloaded from http://dhamma.digital

यिनीहरू गर्दछन् र त्यसका औचित्यबारे विभिन्न तर्क पेश गर्दछन् । एउटा तर्क यो दिइन्छ कि नराम्रा विषयवस्तुहरूलाई अत्यधिक प्रयोग गरी ती सबै सारहीन छन् भनी बुझेर शून्यवादलाई बुझ्न सकिन्छ । अर्को तर्क यो दिइन्छ कि जो मुक्त अर्हत् छन् उनीहरू सांसारिक विषय वस्तुबाट छुट्टिसकेका छन् त्यसैले तिनीहरूको कुनै पनि क्रियाकलाप आपत्तिजनक छैन । कोही भन्छन्, जब जगत नै शून्य छ भने नैतिक अनैतिक कार्यको केही भेद नै छैन !

उदाहरणको लागि गुह्यसमाज तन्त्र अनुसार हात्ती, घोडा, कुकुर र मानिसको मासु पनि खानु हुन्छ । पशु हत्या, चोरी र असत्य बोल्न पाइने गरिएको छ । परस्त्रीहरूसँग यहाँसम्म कि आफ्नी आमा, बहिनी वा छोरीसँग पनि सुत्नुहुन्छ भनिएको छ । तान्त्रिकहरू सिद्धि (अलौकिक शक्ति) प्राप्त गर्नमा लाग्दथे । ती सिद्धिको प्रयोग गरी पानी पार्ने, शत्रु मार्ने, अरूलाई वशमा पार्ने, मित्रलाई फाट्ने, कसैलाई भगाउने काम गर्दथे । तान्त्रिकहरूमा प्रचलित गोप्य र रहस्यमय चक्र-पूजामा स्त्री पुरुषहरू एउटा देवीको चारैतिर बस्छन् र पछि प्रत्येक पुरुषले कुनै नारीलाई रातिको लागि छान्छन् । मसानमा बस्नाले, कुमारी कन्यासँग सुत्नाले, कुमारी कन्याको रगत पिउनाले, आदि जस्ता घृणित तरिकाहरूले तान्त्रिकहरू सिद्धि प्राप्त हुन्छ भन्थे । त्यतिबेला कुलिन परिवारहरूले आफ्नी छोरीलाई तान्त्रिहरूकहाँ सुत्न पठाउने समेत चलन थियो !

तन्त्रयानको **पंच मकार** अति विवादास्पद विषय हो । तान्त्रिक अनुष्ठानको लागि पंच मकार, अर्थात् मत्स्य, मांस, मुद्रा, मद्य र

Downloaded from http://dhamma.digital

मैथुन, आवश्यक छ भनी सबै धर्मका तन्त्रहरूले मानेको छ। तन्त्र अनुसार मासु माछा खानु पर्दछ, मदिरा पिउनु पर्दछ, कामभोग गर्नु पर्दछ र मुद्रा (हाँवभाव, शरीरको विशेष जेश्चर) को धारण गर्नु पर्दछ। यसरी तन्त्रयानसम्म पुग्दा बुद्धका सरल शिक्षा, नैतिक उपदेश आदिको ठीक विपरित कुरा तन्त्रयानमा उदय भयो। हुन त तन्त्रयानका हिमायतीहरूले पंच मकारको अर्थ माछा मासु नभई त्यसका गहन अर्थ भएको कुरा भन्छन्; यही अभिप्रायले पंच मकारको अर्थ भनी विभिन्न पछिल्ला ग्रन्थहरूमा दार्शनिक अर्थ व्याख्या गरिएका छन्। तर सायद समाजमा बढी आलोचना भएपछि पंच मकारका गहन अर्थको कुरा निकालिएको थियो किनकि पंच मकारको अर्थ भन्ने विभिन्न बौद्ध र हिन्दू तान्त्रिक साहित्यहरूमा यसका भिन्ना भिन्नै अर्थ दिइएको छ। त्यसमाथि पनि तन्त्रयानका आचार्यहरू र वर्तमान्का वज्राचार्यहरूले पंच मकारलाई माछा मासुको रूपमै जानेर आफ्नो व्यवहार, पूजा आजा र दिक्षा दिने कार्यहरूमा प्रयोग गरेको पाइन्छ।

वस्तुतः नैतिकताबाट टाढाका क्रियाकलापलाई लिएर आलोचना नहोस् भनी तान्त्रिकहरूले तिनीहरूको गहन र गोप्य अर्थ भएको कुरा निकालेको हुन सक्छ। आलोचनाबाट बच्न नै कतिपय तान्त्रिक कार्यहरू गोप्य तवरमा गरिन्छ। यसरी यो सम्प्रदाय गोप्य व गुह्य सम्प्रदाय हुन गयो। आफ्नो सिद्धान्त उनीहरूले पत्यार नगर्नेहरूबाट (वा आलोचना गर्नेहरूबाट) गोप्य राखे। तन्त्रयानको सिद्धान्त तर्कद्वारा, अध्ययनद्वारा बुझ्न सकिदैन यसलाई त केवल गुरूले नै राम्रोसित व्याख्या गरेपछि मात्र बुझिन्छ भनियो। गुरुले पनि योग्य शिष्यलाई

Downloaded from http://dhamma.digital

मात्रै, जसको तन्त्रयानमा आस्था छ, आफ्नो विद्या प्रदान गर्नु पर्दछ भनियो। त्यसैले तन्त्रयानमा गुरु नै सर्वश्रेष्ठ हो, गुरु बाहेक अरूबाट ज्ञान हासिल हुँदैन भनियो। गुरुलाई बुद्धको दाँजो समेत दिइयो। यसरी बुद्धले "मेरो धर्म गुह्य (गोप्य) होइन" भनी दिएको उपदेशको ठीक उल्टो धारणाको विकास तन्त्रयानमा भयो।

तन्त्रयानमा दुई सम्प्रदायहरू छन्। एउटा सम्प्रदाय **वामाचारिन** वा वामपन्थी हो। यिनीहरू स्त्रीलाई प्रमुखता दिन्छन्। मैथुन कर्ममा बढी जोड दिन्छन्। स्त्रीलाई **"शक्ति"** भन्छन्। यसैलाई हिन्दू तन्त्रमा **पार्वती** भन्छन्। उक्त "शक्ति"का भयानक रूप पनि भएको मान्छन्। हिन्दू तन्त्रबाट निस्केका **काली, दुर्गा** आदि देवीहरू "शक्ति"कै रूप हुन्। करूणाको कारण देवी देवताले कहिलेकाहिं भयङ्कर रूप पनि लिनु पर्ने हुन्छ (जसरी खस्न लागेको बच्चालाई आमाले हप्काउने हो) भनियो र त्यसैले तान्त्रिक देवताहरू प्रायः भयङ्कर रूपमा प्रस्तुत गर्न थालियो। यस्ता भयङ्कर रूपले मारलाई भगाउँछ पनि भनियो। यी वामाचारिन तन्त्रयान पछि गएर वज्रयानको रूपमा विकसित भयो। सायद यो सम्प्रदाय दक्षिण भारतबाट निस्केको थियो त्यसैले स्त्रीलाई प्रमुखता दिने द्रविड संस्कृतिको झलक यसमा पाइन्छ। तन्त्रयानको अर्को सम्प्रदाय **दक्षिणाचारिन** (दक्षिण पन्थी) हुन् जुनकि वामाचारिन भन्दा नरम मानिन्छन्। यसमा पुरुषलाई प्रमुख मानिन्छ र यसलाई **"उपाय"** भन्छन्। हिन्दूहरू यसलाई **शिव** भन्छन्। यो सम्प्रदाय आसाम र बंगालतिर विकसित भएका हुन्। यसले मैथुन कर्मलाई बढी जोड दिंदैन। चीनको मी-सुंग (गुह्यवाद) यसको प्रतिनिधि हो।

Downloaded from http://dhamma.digital

तन्त्रयानले निर्वाणलाई महासुखको अर्थमा लियो। अवलोकितेश्वरलाई तान्त्रिक देउता बनाइदियो। अवलोकितेश्वरको मन्त्रद्वारा आफूलाई कुनै पनिबेला हीत गराउन सकिन्छ भनियो। हिन्दू र बुद्ध–धर्मको प्रतिस्पर्धा स्वरूप सामान्य जनतालाई बढी से बढी आफूतिर आकर्षित गर्ने विभिन्न कुराहरू यसरी दुवैको तन्त्रमा थपिदै गयो। सजिलैसित र कम समयमा जीवनको लक्ष्य वा "महासुख" प्राप्त गर्न पाउने, त्यसको लागि आफूलाई मनपर्ने विषयवस्तुबाट बंचित भई पनि बस्नु नपर्ने हुनाले मानिसहरू तन्त्रयानतिर झन झन आकर्षित हुन थाले।

त्यतिबेला प्राय: गम्भीर बौद्ध विद्वान्हरू चाहिं चीनतिर धर्म प्रचारार्थ गइरहेका थिए। सन् ४८१ मा भिक्षु धर्मजात यश चीनमा गए। त्यसपछि नालन्दाका आचार्यहरू धर्मरुचि, रत्नमति र प्रज्ञारुचि आदि विद्वान्हरू छैठौं शताब्दीको शुरुमा चीनमा धर्म प्रचार गर्न गए।

उता चीनले पनि भारतका कुनै विद्वान् भिक्षुको खोजिमा सन् ५३९ मा एउटा सद्भावना मण्डल भारत पठाए। उक्त मण्डलले मगधका तत्कालिन राजा जीवगुप्त (प्रथम)संग एक विद्वान् भिक्षु चीन पठाउन आग्रह गरे। सो अनुसार परमार्थ (४९८–५६९) नामको विज्ञानवादको दार्शनिकलाई, जो उज्जैनमा जन्मेर पनि त्यतिबेला मगधमा बसिरहेका थिए, चीन पठाए जहाँ उनको राजकीय सत्कार भयो। चीनमा २४ वर्ष बसेर ३०० ग्रन्थहरूको अनुवाद गरी योगाचार सम्प्रदायको प्रचार गरी ७१ वर्षको आयुमा उनले चीनमै देहत्याग गरे। अश्वघोष, बसुबन्धु आदिको जीवनी लेखेर परमार्थले बुद्ध–धर्मको इति-

Downloaded from http://dhamma.digital

हासमा ठूलो काम गरेको छ । । त्यसपछि **जीनगुप्त, ज्ञानभद्र, जिनयश, धर्मज्ञान गौतम** आदि विद्वान्हरू चीनमा धर्म प्रचारार्थ गए ।

सन् ५२६ मा भारतीय भिक्षु **बोधिधर्म** चीनमा धर्म प्रचारार्थ गए । उनी शून्यवादका विद्वान् थिए । उनले चीनमा ध्यानको प्रचार गरे । यही ध्यान सम्प्रदाय नै पछि जापानमा पुगेर **जेन बुद्ध-धर्म**को नाउँले प्रख्यात भयो ।

यसरी छैठौं शताब्दीमा चीनमा बुद्ध-धर्म आफ्नो चरम सीमामा पुग्यो । चीन सम्राट् ऊ (५०२-५४९) ले बुद्ध-धर्म प्रचारमा यति योगदान गरे कि उनलाई चीनको "अशोक" मानियो । त्यतिबेला चीनमा बुद्ध-धर्ममा अन्धश्रद्धा पनि देखिन थालियो । सद्धर्म पुण्डरिक पढेर सन् ४६३ तिर भिक्षु **हुइ वी** समेत थुप्रैले आत्मदाह गरे । महात्मा **फूही** (४९७-५६९) ले चाहिं त्रिपिटकलाई एउटा बन्द बट्टामा राखेर घुमाएका सम्पूर्ण त्रिपिटक पढे जतिकै फल हुन्छ भन्ने धारणा निकाले र यही नै चीन र तिब्बतमा प्रख्यात **मानी**को रूपमा विकसित भयो । अर्कोतिर चीनमा विद्वान् भिक्षुहरूको पनि उदय हुन थाल्यो । भिक्षु **ई शिङ** (६८३-७४७) महान् खगोल शास्त्री थिए र उनले गणना गरेर एक सौर्य वर्ष ३६५.२४४ दिनको र एक चन्द्रमास २९. ५३०५९ दिनको हुने घोषणा गरे । आधुनिक विज्ञान अनुसार यिनीहरू क्रमशः ३६५.२५२ र २९.५३०५८७९ दिनको हुन्छ ।

भारतमा त्यतिबेला **भावविवेक** (५२८-५६०) नामको शून्य-वादी विद्वान्को उदय भयो । उनले शून्यवादी भिक्षु बुद्धपालितको

Downloaded from http://dhamma.digital

प्रासांगिक सम्प्रदायको विपरित स्वतन्त्र नामको शून्यवादी सम्प्रदायको स्थापना गरे। स्वातन्त्रले विपक्षीसँग तर्कगर्दा स्वतन्त्र प्रमाणहरू दिई विजय हुनु पर्दछ भन्नेमा विश्वास गर्दछन्।

बुद्धपालित र भावविवेकको एक शिष्य **कमलबुद्धि** थिए। कमलबुद्धिको शिष्य **चन्द्रकीर्ति** छैठौं शताब्दीको महान् शून्यवादी दार्शनिक थिए। दक्षिण भारतमा जन्मेका यी विद्वान् पछि नालन्दा विश्वविद्यालयका अध्यापक बने र थुप्रै ग्रन्थहरू लेखे।

त्यतिबेलासम्म वैदिक धर्मका प्रसिद्ध **पुराणहरू** (वायु, विष्णु, मार्कण्डेय, ब्रह्माण्ड, मत्स्य, कुर्म पुराणहरू) को रचना भइसकेको थियो। पुराणहरूको विकासले बुद्ध-धर्मको उत्तरोत्तर प्रगतिसँग प्रतिस्पर्धा गर्नमा हिन्दूहरूलाई ठूलो मद्दत गऱ्यो। ब्राह्मणहरूले यो सिद्ध गर्न कोशिश गरे कि पुनः प्रकाशित वैदिक (हिन्दू) धर्मले ती नै लक्ष्यको परिपूर्ति गर्न सक्दछ जो बुद्ध-धर्मले सक्दछ।

यही नै समयमा जापानमा कोरियाबाट बुद्ध-धर्मको प्रवेश भयो। सन् ५३८ तिर कोरियाको राजाले बुद्ध-धर्मको व्याख्या गर्दै जापानको राजालाई पत्र लेखे। केही वर्ष पछि जापानी उपराज **शोतोकू** (५७४-६२१) को पालोमा बुद्ध-धर्म लोकप्रिय भयो। उनलाई जापानको "अशोक" मानिन्छ। बुद्ध-धर्मले जापानमा आफ्नो प्रवेशकाल देखि नै त्यहाँको शिन्तो धर्मसँग प्रतिस्पर्धा गर्नु परेको थियो। पछि बुद्ध-धर्मले शिन्तोको पूर्वज-पूजा मात्र होइन, तिनका देउता पनि आफूमा समावेश गरी लियो र लोकप्रिय भयो।

Downloaded from http://dhamma.digital

छैठौं शताब्दीको अन्ततिर महायानको ग्रन्थ **करण्डक व्यूहको** रचना भयो। यस ग्रन्थमा अवलोकितेश्वरका गुणको वर्णन छ। उनको महाकरूणाले सबैको कल्याण गर्दछ भनिएको छ। उनको विराट रूपको कल्पना गरिएको छ। उनको आँखाबाट सूर्य चन्द्र, मुटुबाट नारायण, हातबाट ब्रह्मादीदेव, भ्रूबाट महेश्वर, दाँतबाट सरस्वती, खुट्टाबाट पृथ्वी उत्पन्न भएको भनिएको छ। यस ग्रन्थमा तन्त्रमन्त्रको पनि उल्लेख छ जसमा "**ॐ मणी पद्मे हुँ**" प्रसिद्धतम हो। सायद मणी पद्मा अवलोकितेश्वरकी पत्नी थिइन्। यो ग्रन्थ सन् ६१६ मा तिब्बती भाषामा अनुवाद भयो र तिब्बतिहरूमा "ॐ मणी पद्मे हुँ" मन्त्र अति लोकप्रिय भयो। यस ग्रन्थमा **आदिबुद्ध**को पनि उल्लेख छ जुनकि पछि थपिएका हुन् किनकि तिब्बती संस्करणमा यो पाइँदैन।

छैठौं शताब्दीको अन्ततिर आचार्य **धर्मपाल** (५४५-६३०) नामको थेरवादी विद्वान्को प्रादुर्भाव भयो। उनको जन्म आन्ध्र प्रदेशको काञ्चीमा भएको थियो। उनले पालि त्रिपिटकका कतिपय ग्रन्थहरूको अर्थकथा लेखे। वस्तुतः भिक्षु बुद्धघोषले त्रिपिटकका जुन ग्रन्थहरूको अर्थकथा लेखन बाँकि छोडेका थिए ती मध्ये प्रायः सबैको अर्थकथा धर्मपालले लेखे।

त्यही ताका सायद **धर्मपाल** भन्ने अर्को आचार्यको पनि प्रादुर्भाव भएको थियो। उनी पनि दक्षिण भारतका थिए। उनी एक मन्त्रीका अति मेधावी पुत्र थिए जो एउटा राजकीय भोजमा भाग लिइसके पछि संसारदेखि विरक्त भएर भिक्षु बने। पछि उनी नालन्दा विश्वविद्यालयका कुलपति बने। भिक्षु शीलभद्रलाई उनको शिष्य

Downloaded from http://dhamma.digital

मानिन्छ। धर्मपाल नामका थुप्रै प्रसिद्ध भिक्षुहरू हुनाले आधुनिक विद्वान्हरू भ्रमित भएको पाइन्छ। सायद माथिका दुवै धर्मपाल एकै व्यक्ति थिए।

त्यतिबेला भारतीय दर्शन चरमसीमामा पुग्न लागेको थियो। वैदिक धर्मका तन्त्रवर्तिका रचयिता कुमारिलको उदय भइसकेको थियो। त्यहीबेला चोल देशको उरुमलेइ गाउँमा धर्मकीर्ति नामक ब्राह्मणको जन्म भयो। वैदिक धर्मको दर्शनको अध्ययन गरिसकेपछि (भनिन्छ कि यसको लागि उनी कुमारिलको घरमा नोकर बनेका थिए) धर्मकीर्तिले नालन्दा विश्वविद्यालयका प्रसिद्ध आचार्य धर्मपाल-सँग विज्ञानवाद दर्शनको गहन अध्ययन गरे। धर्मकीर्तिलाई महान् तार्किकको रूपमा उनका विरोधीहरू पनि स्वीकार गर्दछन्। उनका तार्किक दर्शनका रचनाहरू **प्रमाण वार्तिक** र **न्याय बिन्दु** अति प्रसिद्ध छन्।

गुप्तकालका शासकहरू बिस्तार बिस्तारै कमजोर हुँदै थियो। स्कन्दगुप्तको पालादेखि भारतको पश्चिममा हूणहरूको आक्रमण शुरु भयो। हूणहरू शैव थिए र बौद्धहरूका कट्टर दुश्मन थिए। गुप्तवंश कमजोर भइसकेपछि मौखरीहरूले कन्नौज (कान्यकुब्ज) मा अलग्ग राष्ट्र स्थापना गरे। त्यस्तै थानेश्वरमा वर्धन वंशको राज्य बन्यो र तिनीहरू पनि शैव थिए। त्यतिबेला तन्त्रयानको कारण ब्राह्मणहरूमा शिव लोकप्रिय देउता भइसकेको थियो। त्यही वंशमा प्रभाकरवर्द्धन नामको सूर्यको पूजा गर्ने राजा बने। उनले आफ्नो छोरी राज्यश्रीको विवाह कन्नौजको राजा गृहवर्मासँग गरिदिए। प्रभाकर वर्द्धनको मृत्यु

Downloaded from http://dhamma.digital

पछि उनकी पत्नी यशोमती पनि लोग्नेसँगै सती गइन् । उनको छोरो राज्यवर्द्धन दुःखि मनले सिंहाशनमा बसे । अनि पछि देवगुप्त नामको राजाले कन्नौजमा आक्रमण गरी उनको ज्वाँई गृहवर्मालाई मारेको र बहिनी राज्यश्रीलाई बन्दी बनाएको खबर सुनेर उनले आफ्नो कान्छो भाइ **हर्षवर्द्धन** (६०६-६४७) लाई राज्य सुम्पी आफू बदला लिने नियतले देवगुप्तमाथि जाइ लागे । देवगुप्तलाई मारेर फर्केका राज्य-वर्द्धनलाई गौडको राजा शशांकले (दक्षिण भारतका गुप्त राजा नरेन्द्र गुप्त) धोखापूर्वक हत्या गरिदियो । यसरी १६ वर्षको उमेरमा आफ्ना परिवारका सबैलाई गुमाइसकेका हर्षवर्द्धन राजसिंहाशनमा बसे । त्यति बेला खबर आयो कि हर्षको बहिनी जेलबाट भागेर जङ्गलमा भट्कन्दै छन् । अनि हर्षको जीवनको दुईटै उद्देश्य रह्यो-आफ्नो बहिनीलाई खोज्नु र शशांकलाई मार्नु । आफ्नो बहिनीको खोजीमा जङ्गलमा जाँदा उनी भिक्षु **दिवाकर** मित्रको आश्रममा पुगे । त्यहाँ एक भिक्षुले आई आत्महत्या गर्न लागेकी एउटा स्त्रीको बारेमा भन्न आए । नभन्दै हत्तनपत्त हेर्न जाँदा ती स्त्री हर्षको बहिनी राज्यश्री नै निक्लिन् । हर्ष र राज्यश्री दुवै दिवाकरको सत्सङ्गले गरेर बौद्ध बने । मनमनै आफू भिक्षु हुन चाहेर पनि हर्षवर्द्धनले पहिले आफ्नो राज्यको हालत ठीक गर्ने निधो गरे । अनि उनले एक माथि अर्को राज्य जिती महान् सम्राट बने । छिन्नभिन्न भइसकेको भारतका राज्यहरूलाई उनले पुनः एकसूत्रमा बाँधे । शशांकलाई उनले मार्न त सकेन, तर धपाएर पठाउनमा उनी सफल भए । उनको रोचक जीवनी लाई लिएर उनकै राजसभाको सदस्य प्रसिद्ध संस्कृत कवि **बाणभट्टले**

Downloaded from http://dhamma.digital

**हर्ष चरित**को रचना गरे ।

त्यतिबेला चीनमा बुद्ध-धर्म यथेष्ट प्रचलित भइसकेको थियो । त्यहाँ बुद्ध-धर्म सम्बन्धी थरी-थरी सिद्धान्तहरू देखेर **युआन च्वाङ्ग (हुयन साङ्ग)** (६०३–६६४) नामको विद्वान् भिक्षुलाई भारतमा गई शङ्का समाधान गर्ने विचार आयो । यसको लागि अनुमति माग्दा राजाले अनुमति नदिएकोले २६ वर्षीय सो भिक्षु आफ्ना देशबाट लुकी लुकी भागेर पश्चिमबाट अगाडि बढी भयङ्कर मरूभूमि पार गरी तुर्फान पुगे जुनकि बौद्ध राज्य थियो । त्यहाँका राजाले युआन च्वांगलाई त्यहि बस्न आग्रह गरेकोले युआनले भुख हडताल गर्नु पऱ्यो । तब राजाले उनलाई राजकीय परिचयपत्र दिई आफ्नो यात्रामा अगाडि बढ्न दियो । त्यहांबाट अगाडि कुचा पार गरिसकेपछि उनी माथि डाँका-हरूको हमला भयो । त्यहाँबाट उनी इरान हुँदै अफगानस्तान पुगे जहाँ बुद्ध–धर्म उन्नत अवस्थामा थियो । त्यहाँबाट उनी पाकिस्तानतिर पुग्दा पुनः डाँकाहरूको हमला भयो । पेशावरमा हूणहरूको आक्रमणको कारण विहार र स्तूपहरू नष्ट भ्रष्ट भइसकेको थियो । त्यहाँ हीनयान र महायान दुवै प्रचलित थियो, तर महायानले तान्त्रिक रूप धारण गर्दै थियो । सिन्धु नदी पार गरी तक्षशीला हुँदै उनी काश्मीर पुगे । त्यहाँ दुई वर्ष रही स्यालकोट, जालन्धर, मथुरा, कन्नौज हुँदै उनी अयोध्या पुगे जहाँ केही ठगहरूले उनलाई पक्रेर दुर्गाको अगाडि बलि दिन लगे । कसै गरी त्यहाँबाट बची उनी कौशाम्बी, श्रावस्ती, कपिल-वस्तु, लुम्बिनी, रामग्राम, कुशीनगर आदिको भ्रमण गर्न गए । त्यहाँबाट वैशाली, पटना हुँदै उनी नालन्दा पुगे । त्यहाँ नालन्दा

Downloaded from http://dhamma.digital

विश्व विद्यालयमा उनले १५ महिना बसी विज्ञानवादको अध्ययन गरे। भिक्षु शीलभद्र (५५५-६५०) त्यतिबेला विश्व विद्यालयका कुलपति थिए र उनले त्यहाँ पढाइने सबै विषयको गहन ज्ञान राख्दथे। त्यहाँबाट उनी राजगृह, बंगाल, चम्पा, उडिसा, आन्ध्र प्रदेश हुँदै वलभी पुगे। पश्चिम भारतमा रहेको वलभी विश्वविद्यालय त्यतिबेला हीनयानीहरूको अति प्रख्यात विद्यालय थियो। हीनयानको अध्ययनको लागि युआन च्वांङ श्रीलङ्का जान चाहन्थे तर त्यहाँ त्यतिबेला राजनैतिक अस्थिरता भएकोले उनी त्यहाँ गएनन्। उनी पुनः नालन्दा पुगे। त्यतिबेलासम्म सम्राट् हर्षवर्द्धनले मगधलाई जितेर पछि त्यहिंको राजपुत्र माधवगुप्तलाई शासन गर्न लगाइराखेको थियो। शीलभद्रले युआन च्वांङलाई न्याय शास्त्र सिक्न सुरथ जयसेन नामको प्रसिद्ध बौद्ध विद्वान् कहाँ पठाए। उक्त क्षेत्री गुरुसँग नै युआन च्वांङले बुद्ध गयामा बुद्धको धातु यात्रा पनि हेरे। त्यसपछि उनले भिक्षु शीलभद्रबाट बुद्ध-धर्मको गहन अध्ययन गरे। त्यतिबेला नालन्दा विश्वविद्यालयका संरक्षक सम्राट् हर्षवर्द्धन थिए। उनले त्यहाँ विहार पनि बनाएका थिए।

त्यहाँबाट आसामको राजा भास्कर वर्माको निमन्त्रणामा युआन च्वांङ आसाम गए। त्यसपछि उनको भेट उडिसा विजय गरेर फर्किरहेका सम्राट् हर्षवर्द्धनसँग भयो। हर्षवर्द्धन युआन च्वांङदेखि अति प्रभावित भई आफ्नो हीनयानी सिद्धान्त त्यागी महायानी बने। युआन च्वांङबाट प्रभावित भई हर्षवर्द्धनले कन्नौजमा एक महा धर्मसभाको आयोजना गरे ताकि युआन्ले आफ्नो सिद्धान्तको प्रचार गर्न सकोस्। सम्राट्द्वारा आयोजित १८ वा २१ दिनसम्म चलेको विभिन्न राज्यका हजारौं धर्म

Downloaded from http://dhamma.digital

गुरुहरूले भाग लिइएको सो सभामा युआन् च्वांगले महायानको सिद्धान्तको व्याख्या गरी सबैलाई निरूत्तर पारिदिए। प्रमुखतः युआन्लाई मात्र बोल्न लगाएको र अरूलाई राजाबाट प्रोत्साहन नमिलेकोले केही ब्राह्मणहरूले सभाको अन्तमा सम्राट्लाई मार्न षडयन्त्र गरे जुनकि विफल भयो। हुन त हर्षवर्द्धन बौद्ध भएता पनि ब्राह्मणहरूको पनि श्रद्धा गर्दथे तर पनि सायद उनी महायानका बढी पक्षपाति थिए। त्यसैले उनको ब्राह्मण कवि वाणभट्टले उनलाई छोडिसकेको थियो। वस्तुतः ब्राह्मण धर्ममा पुराणको युग शुरु भइसकेको थियो, जातिय भेदभाव झन कडा भइसकेको थियो। सो त्यतिबेला ब्राह्मण धर्म र बुद्ध–धर्म (महायान) को सम्बन्ध तनावपूर्ण थियो।

सम्राट् हर्षवर्द्धन महान् विजेता मात्र नभई अति दयालु पनि थिए। ठाउँ ठाउँमा उनले चिकित्सालय र आराम गृह बनाएका थिए। उनी बुद्धका पक्का अनुयायी भएता पनि शिव र सूर्यको परम्परागत पूजालाई पनि तिरस्कार गरेको थिएन। उनी आफैं एक साहित्यकार थिए। उनका तीन कृतिहरू मध्ये नागानन्द नामक बौद्ध नाटक पनि एक हो। उनी सायद दानीहरूमा सर्वश्रेष्ठ थिए। प्रत्येक पाँच वर्षमा उनी प्रयागमा महान् दान कार्य गर्दथे जसमा भिक्षु र ब्राह्मणहरूलाई यथेष्ट दान दिइन्थ्यो। भनिन्छ कि उक्त दान कार्यमा उनी आफ्नो लुगा समेत दान दिन्थे र बहिनीको हातबाट झुत्रो कपडा भिक्षा मागेर लाउँथे। सायद यी दानहरूमा हुने खर्चलाई बिभिन्न राजाहरूले परिपूर्ति गर्थे। यस्तै छैठौं दान सभा प्रयागमा हुँदा युआन च्वांङ्लाई पनि निमन्त्रणा गरिएको थियो जुनकि ७५ दिनसम्म चल्यो।

Downloaded from http://dhamma.digital

उक्त समारोहको दश दिन पछि युआन् च्वांङ सन् ६४५ तिर चीन फर्के। चीनको राजाले उनको खुब सम्मान गरे र मन्त्री बनाउन चाहे। तर युआन् च्वांङले आफ्नो बाँकि जीवन ग्रन्थहरू लेख्न र अनुवाद गर्नमा बिताए। नागार्जुन, आर्यदेव, कुमारलात र अश्वघोष– यी चारलाई संसारलाई प्रकाशित गर्ने चार सूर्य भनि युआन् च्वांङले मानेका थिए।

जब युआन् च्वांङ चीन फर्केका थिए त्यतिबेला चीनमा इ–त्सिग (६३५–७१२) नामको दश वर्षको बालकले बुद्ध–धर्ममा गहन रूचि लिन थाले। ३७ वर्षको उमेरमा सन् ६७१ मा भारत भ्रमणको इच्छाले उनले आफ्नो यात्रा शुरु गरे। उनले भारतको नालन्दा विश्वविद्यालयमा बसेर दश वर्षसम्म बुद्ध–धर्मको अध्ययन र ग्रन्थहरूको संग्रह गरे। २५ वर्षभित्र ३० भन्दा बढी देशहरू घुमी सन् ६९५ मा उनी चीन फर्कंदा जनताले उनको ठूलो स्वागत गरे। उनले करीब ४०० ग्रन्थहरू संकलन गरी चीन लगे। वस्तुतः चीन, कोरिया, जापानका थुप्रै जिज्ञासुहरूले भारत भ्रमण गरेका थिए ती मध्ये कोहीको मात्रै, जो आफ्नो जन्मभूमि फर्कन सफल भए र जसले आफ्नो यात्रा वृत्तान्त लेखे, हामीलाई ज्ञान छ।

त्यही समयतिर तिब्बतमा स्रोङ चङ गम्पो (६१७–६५०) नामको शक्तिशाली राजाको उदय भयो। त्यतिबेलासम्म तिब्बतिहरूको आफ्नो लिपि थिएन। फलतः छिमेकी देशहरूमा सांस्कृतिक विकास भएता पनि तिब्बत एक किसिमले सभ्यताबाट पिछडिएको थियो।

Downloaded from http://dhamma.digital

भनिन्छ कि केही भारतीय भिक्षुहरू पहिले नै तिब्बत पुगिसकेका थिए तर तिनीहरूको लिपी नहुँदा उनीहरूले धर्म प्रचार गर्न सकेन। श्रोङ्‌चङ्‌ गम्पोले नै सर्वप्रथम विद्वानहरूलाई अन्वेषण गर्न लगाएर तिब्बती लिपीको शुरुवात गरे। उनीसँग राम्रो सम्बन्ध राख्न चीनको नरेशले आफ्नो छोरी **बेचिन** र नेपालको नरेश अंशुवर्माले आफ्नो छोरी **भृकुटी**को उनीसँग विवाह गरिदिए। ती दुवै बुद्ध-धर्मका अनुयायी थिइन्। यसरी सन् ६४० तिर तिब्बतमा बुद्ध-धर्मको प्रवेश भयो जसको फलस्वरूप तिनीहरूलाई क्रमशः **स्वेततारा** र **हरिततारा**को नामले पूजा गरियो। नेपालको स्वयम्भू स्तूपमा ईशान कोणमा रहेको सात आँखा हुने **सप्तलोचनी** तारा वास्तवमा स्वेततारा (बेचिन्) हुन्।

तिब्बतमा यसरी बुद्ध-धर्मको शुरूवात भएता पनि धेरै समय-सम्म त्यहाँ त्यसले खास उन्नति गर्न सकेन। त्यसपछि पाँचौ पुस्ताको राजा **खि श्रोङ लदेवचन**ले तिब्वतमा बुद्ध-धर्म प्रचार गर्ने अठोट गरे। उनलाई तिब्बतको "अशोक" मानिन्छ। यसको लागि उनले भारतको प्रख्यात भिक्षु शान्तरक्षितलाई तिब्वत ल्याउने विचार गरे।

उता **चीन**मा त्यही शताब्दीमा भक्तिवादले जोड पकड्यो। अमिताभ बुद्धलाई प्रमुख मान्ने भक्ति सम्प्रदायले उनको नाउँ मात्रैले सबै कुरा परिपूर्ण हुने सिद्धान्त निकाले। यसमा दार्शनिक धरातल पनि थपिन थाल्यो। यही विचारधारा पछि जापानमा गएर अति लोकप्रिय भयो।

Downloaded from http://dhamma.digital

इ-त्सिंग नालन्दामा पढिरहेको बेला विद्वान् भिक्षु शान्त-रक्षित (सन् ६५० तिर जन्म) पनि त्यहिं अध्ययन गर्दै थिए। भागलपुरको ब्राह्मण कुलमा जन्मेका उक्त विद्वानको ख्याति तिब्बतसम्म पुगेको थियो। तिब्बतको राजाले आफ्नो देशमा धर्म प्रचार गर्न शान्त रक्षितलाई निमन्त्रणा पठाए। ७५ वर्षको उमेरमा शान्तरक्षित नेपाल हुँदै सन् ७२४ मा तिब्बत पुगे। उनको प्रयासले ल्हासामा खुब बुद्ध-धर्म प्रचार भइरहेको बेलामा त्यहाँ अनिकाल पऱ्यो। तिब्बतको भूत प्रेतलाई मान्ने पुरानो बोन धर्मका गुरुहरूले त्यसलाई बुद्ध-धर्म प्रचार गरेकोले भूतको प्रकोप भएको भनी हल्ला फैलाएपछि शान्तरक्षित नेपाल फर्के।

दुई वर्षपछि अनिकाल हटिसकेपछि तिब्बती राजाले शान्त-रक्षितलाई पुनः बोलाए। अनि शान्तरक्षितले नालन्दाका प्रख्यात तन्त्रयानका आचार्य **पद्म सम्भव** (७१०–७७०) लाई पनि आफूसँग तिब्बत लगे। पद्म सम्भव उडिसाका राजा **इन्द्रभूति** (६८७–७१७) का छोरा थिए। शान्तरक्षितसँग तिब्बतमा गई पद्म सम्भवले तन्त्रयानको यसरी प्रचार गरे कि भूतप्रेतमा आधारित बोन धर्म उनको अगाडि टिक्न सकेन। पद्म सम्भव दुई पल्ट तिब्बत गएका थिए। एकपल्ट उनी **भूटान** भई गए र उनको प्रभावले भूटानमा बुद्ध-धर्मको प्रचार भयो। उनी काठमाडौं पनि आएका थिए र शास्त्रार्थ गरी काष्ठमण्डप जितेका थिए भनिन्छ। उनको प्रभावले नै तिब्बतमा बुद्धको दर्शन, तान्त्रिक अनुष्ठान र बोन धर्मको प्रभाव समावेश भएको **लामावाद**को शुरूवात भयो जुनकि आजसम्म पनि तिब्बतीहरूको

Downloaded from http://dhamma.digital

मूल धर्म हो। लामा धर्मको प्रवर्तक पद्म सम्भवलाई तिब्बतीहरू बुद्ध सरह मान्दछन्। लामाहरूको गुम्बामा बुद्धसँगै राखिने दायाँ हातमा वज्र र बाँयामा खोपडी हुने मूर्ति पद्म सम्भवकै हो।

जहाँ एकातिर तिब्बतका सर्वसाधारणको मन पद्म सम्भवले जितेको थियो भने विद्वत् वर्गलाई शान्तरक्षितले प्रभावित पारेका थिए। शान्तरक्षितले तिब्बतमा करीब २५ वर्ष बसी थुप्रै ग्रन्थहरूको अनुवाद गरे र गराए। अनुवादको लागि उनले भारतबाट थुप्रै विद्वान्हरू बोलाए जसमा सुमतिसेन पनि प्रख्यात छ। तत्व संग्रह शान्तरक्षितको प्रसिद्ध ग्रन्थ हो।

शान्तरक्षितको मृत्युपछि तिब्बतको बुद्ध–धर्ममा केही विकृतता देखा पऱ्यो। यस्तै विकृत बुद्ध–धर्मका एक प्रभावशाली भिक्षुले सबैसँग वादविवाद गर्दै हिंड्दथे। उनको मुखलाई बन्द गर्न तिब्बतको राजाले नालन्दाका कमलशील नामक भिक्षुलाई तिब्बत बोलाए। कमलशीलले सबैको सामु उक्त घमण्डी भिक्षुलाई पराजित गरिदिए। कमशीललाई त्यसैले तिब्बतिहरूले बुद्धको अवतार माने। थुप्रै महत्वपूर्ण ग्रन्थहरूको रचना गरिसकेपछि घमण्डी भिक्षुका एक अन्ध भक्तले उनको हत्या गरिदियो। हत्याबाट दु:खित भई ती भारतिय भिक्षुहरू तिब्बत बोलाउनमा राजालाई उस्काउने तिब्बति भिक्षु ज्ञानेन्द्रले अनसन बसेर प्राण त्याग गरे।

ती विद्वान्हरूको प्रयासले तिब्बतमा बुद्ध–धर्मको जग कति बलियो भयो भन्ने कुरा तिब्बति सम्राट् मुनियचन् पो (७८०–७९७)

Downloaded from http://dhamma.digital

को जीवनीबाट थाहा हुन्छ। बोधिसत्वको आदर्शबाट प्रभावित भई उनले आफ्नो राज्यको धन सम्पत्ति जनताहरूमा समान रूपमा वितरण गरिदिएका थिए !

अर्कोतिर जापानमा "जेन" ("ध्यान") बुद्ध–धर्मले आफ्नो अलग्गै नियम बनाएर आठौं शताब्दीतिर आफ्नो स्वतन्त्र रूपमा विकास गर्‍यो। "काम नभए माम छैन" भन्ने उक्त सम्प्रदायले अनावश्यक दर्शन र अध्ययनलाई त्यागी दैनिक जीवनमा पनि जीवनको लक्ष्य प्राप्त गर्न सकिन्छ भनी प्रचारित गर्‍यो। कर्तव्य परायण र बहादुर बन्न सिकाउने उक्त सरल सम्प्रदायले योद्धा जापानीहरूलाई अतिनै प्रभावित पार्‍यो। सत्य ज्ञान कुनैपनि बेला ("मैनबत्ति निभाउँदा", "ढुङ्गा खस्दा") प्राप्त हुन सक्दछ भन्ने "जेन"हरूले बुद्ध जहाँपनि छ भन्छन्। यिनीहरू माछा समात्ने देखि बिरालो मार्ने काम सम्म पनि गर्छन्। कोरिया र चीनमा पनि "जेन" लोकप्रिय छ र वर्तमान् युरोपेलीहरू यस सम्प्रदायप्रति बढी आकर्षित छन्। जापानको विरतामा "जेन"को ठूलो हात छ।

तिब्बतमा धर्म प्रचारार्थ बौद्ध विद्वान्हरू गइरहेको बेला चीनमा भारतिय विद्वान्हरू जानु पनि जारि थियो। सन् ७१६ तिर शुभाकरसिंह आफ्नो ८० वर्षको आयुमा र त्यसपछि वज्रमति आफ्नो ५८ वर्षको आयुमा चीनमा धर्म प्रचारार्थ गए र गुह्य समाजको स्थापना गरे। वज्रमतिको शिष्य सुविख्यात अमोघवज्र २१ वर्षको आयुमा गुरुसँगै चीन गएका थिए। यिनीहरूले चीनमा अप्राप्य ५०० ग्रन्थहरू पनि सँगै लगेका थिए। अमोघवज्रले २५ वर्षसम्म यी ग्रन्थ–

Downloaded from http://dhamma.digital

हरूको अनुवाद गरी गुह्य सम्प्रदाय **मि–सुङ्ग**लाई सुदृढ पारे। यो सम्प्रदाय नरमपन्थी तन्त्रयान (दक्षिणाचारिन्) हो र यसमा दुई मण्डलहरू – गर्भधातु मण्डल र वज्रधातु मण्डल – को प्रमुख स्थान छ। पछि यो सम्प्रदाय जापानमा गई शिन–गोनको नामले प्रचलित भयो।

**जापान**मा सन् ७५२ तिर सम्राट् **सोमू**ले **नारा**को प्रसिद्ध बुद्ध मूर्तिको निर्माण गरे।

सम्राट् हर्षवर्द्धनको मृत्यु पछि **भारत**लाई एकताको सूत्रमा बाँध्न सक्ने अर्को सम्राट्को उदय भएन र फलतः विभिन्न राज्यहरू एक आपससँग झगडा गर्न थाले। गुप्तकालका अन्तिम राजा जीवित-गुप्तलाई सन् ७३३ मा काश्मीरको राजा मुक्तापीण्डले मारेपछि गुप्त कालको समाप्त भयो। मगधमा अराजकता फैलिएको सो बेला **गोपाल** भन्ने वीर पुरुष राजा भए र **पाल वंश**को शुरुवात भयो। स्वयं गोपाल बौद्ध थिए। पालवंशका करीब १७ राजाहरूले राज्य गरे। यिनीहरू प्रायः गरी तन्त्रयान रूचाउँथे।

राजा गोपालको पालोमा ओदन्तपुरमा विख्यात **ओदन्तपुर विश्वविद्यालय**को स्थापना भयो।

आठौं शताब्दीको अन्ततिर तन्त्रयानमा दर्शनको पक्ष बढी महत्त्वपूर्ण भयो। वज्रलाई महत्व दिने वामाचारिन् तन्त्रयानको यो सम्प्रदायलाई **वज्रयान** भनियो र दक्षिण भारतको धान्यकटकको श्री-पर्वतमा यसको शुरुवात भयो। वज्रयान तन्त्रयानको पर्यायवाची भयो र तन्त्रयानको स्वतन्त्र अस्तित्व रहेन।

Downloaded from http://dhamma.digital

वज्रको उल्लेख प्रख्यात तान्त्रिक ग्रन्थ गुह्य समाज तन्त्रमा पनि भएको छ। यसरी तन्त्रयानको कुरमै वज्रयानको जग बसेता पनि आठौं शताब्दीमा आएर वज्रयानले बृहद रूप लियो। वज्रको अर्थ कठोर वा दृढता हो। सत्यको प्रतिक वज्रले गऱ्यो। वज्र नै महासत्य हो र वज्र नै शून्य हो भनियो। यो कुरालाई बुझ्ने व्यक्ति नै वज्र-सत्व हो भनियो। वज्रसत्व बुद्धभन्दा महत्वपूर्ण भयो।

वज्रयानको प्रमुख गुरु नागार्जुन (द्वितीय) लाई मानिन्छ। यिनी दक्षिण भारतका आठौं शताब्दीका आचार्य थिए। यिनको नाम र ठाउँको सामञ्जस्यताले गर्दाले नै शून्यवाद प्रवर्तक नागार्जुन (प्रथम) संग यसको सम्बन्ध गर्ने प्रयास प्रायः प्राचीन ग्रन्थहरूले गरेको छ जसबाट नागार्जुन एक रहस्यमयी व्यक्ति हुन गयो। बुद्धले अति नै तिक्ष्ण बुद्धि हुनेहरूका लागि दक्षिणी भारतको धान्यकटकको श्रीपर्वतमा बुद्धत्व प्राप्तिको १६ औं वर्षमा वज्रयान सम्बन्धी तेस्रो धर्मचक्र प्रवर्तन गरेका थिए भनी वज्रयानीहरूले विश्वास गरे।

दक्षिणी भारतको द्रविड छत्रछायामा विकसित भएको वज्र-यानमा स्त्रीलाई प्रधानता प्रदान गरियो। स्त्रीलाई "शक्ति" भनियो। विना शक्ति सत्यता बोध हुँदैन भन्ने विश्वास गरियो। देउताहरूका, बुद्धहरूका पनि, शक्ति भएको भनियो र फलतः स्त्रीसँग आलिंगन गरिराखने बुद्धहरूको कल्पना गरियो। वज्रयानले नै भयङ्कर देवी देवताहरूको सृष्टि हुनुमा ठूलो मद्दत पुऱ्यायो। भैरव त्यस्तै एक देउता हुन्। मैथुन कर्म, मदिरा सेवन आदि अनैतिक मानिने कार्यहरू पनि निर्वाण प्राप्तिको साधन मानियो। पुरुषलाई 'उपाय' र स्त्रीलाई

Downloaded from http://dhamma.digital

'प्रज्ञा' भनियो र यी दुईको समागमले नै सत्यताको प्राप्ति हुन्छ भनियो। आफूमा भएको 'म' र 'मेरो' भावनालाई नाश गर्न ध्यानी योगीको भयङ्कर रूपको प्रतिक भयानक देवताहरूको कल्पना गर्न थालियो। मानिसले देहत्याग गर्ने स्थान, जगतबाट मानिस विछोड हुने स्थानको रूपमा मसानको महत्व बढ्यो। दिनको एक जना १२ वर्षकी चण्डाल (निम्न) जातकी कन्यासँग सहवास गर्नु पर्ने समेत भनियो। आफ्नो मनमा लागेको सबै इच्छाको पूर्ति गर्नमा जोड दिइयो। सबै प्रकारको मासु खानु हुने ठहऱ्याइयो। मदिरा मात्र होइन मल मूत्र पनि सेवन गर्नु पर्छ भनियो। इन्द्रिय वासनाका विषय-हरूसँग जानाजानी सेवन गरेर त्यसबाट वाक्क भइसकेपछि तिनको निस्सारता बुझ्ने विश्वास गरियो। सारा जगत शून्य हुनाले वासना पनि शून्य छ भनियो। निर्वाण र जगत दुवै शून्य हुन्, त्यसैले तिनमा भेद नभएकोले वासना पनि निर्वाण नै हो भनियो।

**हठयोग** वज्रयानको ध्यानमा प्रमुख हुन गयो। यसको अभि-प्राय सूर्य र चन्द्रलाई ध्यानद्वारा एकिकरण गर्नु हो। यी दुई तत्वहरू शरीरमै भएको र यिनीहरू नै प्राण र वायु हुन् भनियो। यिनीहरूको समागमले नै जगतको शृष्टि हुन्छ भनियो। स्त्री र पुरुष वा वाम र दक्षिणको समागम आवश्यक छ भनियो। यसैलाई प्रज्ञा र उपायको मिलन हो र यही नै निर्वाण हो भनी हठयोगीहरूले विश्वास गरे। हठयोगले योगीलाई आफ्नो शरीरमा ध्यान केन्द्रित गर्ने सल्लाह दिन्छ। यसको मूल रूप थेरवादको पालि साहित्यमा पनि पाइन्छ। हठयोग अनुसार शरीर भित्र विभिन्न नाडीहरू (Nerves) छन् र ठाउँ

Downloaded from http://dhamma.digital

ठाउँमा प्राण केन्द्रहरू छन् । ती प्राण केन्द्रहरू टाउकोमा, घाँटि मुनि, हृदयमा, नाइटोमा भएको विश्वास गरियो । नाडीहरूमा ढाडमा भएका तीन नाडीहरू महत्वपूर्ण मानियो । बीचको नाडी सुषुम्ना नाडी (Spinal cord) हो यसको बाँया तर्फको नाडीले प्रज्ञाको प्रतिनिधित्व गर्छ, दाँयाकोले उपायको प्रतिनिधित्व गर्छ भनियो । सुषुम्ना चाहीं यी दुईको समागम मानियो । दाँया र बाँयाका दुई नाडीहरूको मिलन, अर्थात् उपाय र प्रज्ञाको मिलनबाट नै बोधिसत्व उत्पन्न हुन्छ भनियो । र यो रहस्य गुरुबाट मात्र प्राप्त हुन्छ भनियो । यस सिद्धान्त अनुरूप वास्तविक परमार्थ सत्य आफ्नो शरीर भित्र नै छ र यसैबाट परमार्थ सत्यको ज्ञान हुन सक्दछ । बुद्ध यसै शरीरमा छ अर्थात् बुद्धको धर्मकाय आफ्नै शरीरमा छ भनियो ।

वज्रयानको उद्गम भएको समयमै ध्यानी बुद्धहरू प्रसिद्ध भए । यी ध्यानी बुद्धहरू, अन्य बुद्धहरूको विपरित, अनन्तकाल देखि सदैवको लागि बुद्ध नै रहन्छन् भनियो । तन्त्रयानका योग (ध्यान) को प्रभावले यी ध्यानी बुद्धहरूको उदय भएको हो । वज्रयान (वा तन्त्रयान) ले यसलाई दार्शनिक धरातलमा विकसित गरेको हुँदा यिनीहरू अति लोकप्रिय भए । भनिए कि यो जगत नै बुद्धको **धर्म काय** हो । यही नै महाशून्यता हो । त्यसैले हामी सबै बुद्ध हौं वा बुद्धांकुर हौं । जगत ५ स्कन्ध (तत्व) हरूद्वारा बनिएको हुनाले र बुद्ध नै जगत हुनाले प्रत्येक स्कन्ध (तत्व) पनि बुद्ध हो भनियो । र यसरी ५ ध्यानी बुद्धहरूको विकास भयो । ती हुन्–**वैरोचन** (जल), **अक्षोभ्य** (आकाश), **रत्नसम्भव** (पृथ्वी), **अमिताभ** (आगो) र **अमोघसिद्धि** (हावा) । यिनीहरू स्वतन्त्र रूपमा

Downloaded from http://dhamma.digital

पहिले नै प्रसिद्ध भइसकेका थिए। ध्यानी बुद्धको रूपमा यिनीहरूलाई दर्शनको गाँठोले एकिकृत गऱ्यो। ध्यानी बुद्धको रूपमा यी बुद्धहरू यति प्रसिद्ध भए कि पछि प्रकृतिका रंग, दिशा, इन्द्रिय, ऋतु, समय, स्वाद आदिको आधारमा पनि यिनीहरूको वर्गिकरण गरियो। यिनीहरूको पत्नी ("शक्ति"), छोरा (बोधिसत्व), छोरी, कुल, आदिको समेत कल्पना गरियो। यसरी सारा जगत नै पंच बुद्धले बनेको भनियो। यी मध्ये अमिताभ बुद्धको छोरो पद्मपाणी लोकेश्वर चाहिं **करूणामय**को नाउँले अति नै लोकप्रिय भयो।

क्रमश: यी पाँच बुद्धहरू मध्ये वैरोचनलाई प्रमुख मान्ने चलन चल्यो। वैरोचनले नै अन्य बुद्धहरू उत्पन्न भएको समेत भनियो। वैरोचन गर्भमा बस्दछ भनियो। त्यसैले पंचबुद्धलाई मान्ने नेवारहरूको चैत्यमा चार बुद्धहरूमात्र देखिन्छन्; वैरोचन चैत्यको गर्भमा भएको विश्वास गरिन्छ। वैरोचनलाई धर्मकाय मान्ने प्रवृत्ति चल्यो।

तर वैरोचनको सर्वश्रेष्ठता धेरै कालसम्म टिक्न सकेन। किनकि आठौं शताब्दीको अन्ततिर दार्शनिक धरातलमा महावैरोचन वा **आदिबुद्ध**को कल्पना भयो। **करण्डक व्यूह**मा आदिबुद्धको कल्पना गरी अध्यायहरू थपियो। आदिबुद्ध त्यो बुद्ध हो जो पाँच ध्यानी बुद्धहरूको पनि निर्माता हो; आदिबुद्ध नै जगतको महान् श्रृष्टि कर्ता हो, उनी नै प्रकृति हो भनियो। भक्तिको कारण श्रृष्टि कर्ता मानिने अवलोकितेश्वर पनि आदि बुद्धबाट उत्पन्न भएको मानियो। आदिबुद्धलाई **वज्रधारा** पनि भनिन्छ र यसको मूर्ति (रातो वा सेतो रंगको) मा गहना हुन्छ र साथै एक हातमा वज्र (शून्यताको प्रतिक)

Downloaded from http://dhamma.digital

र अर्कोमा घण्टी (प्रज्ञाको प्रतिक) लिएको हुन्छ ।

आदि बुद्धको कल्पनालाई बुद्धको मौलिक सिद्धान्तबाट धेरै अलग्गिएर गएको मान्न सकिन्छ । यतिबेलासम्म आएर बुद्धको व्यवहार-वादी दर्शन (अनावश्यक दर्शनको निन्दा) र ईश्वरको खण्डनको विपरित धारणा विकसित भइसकेको थियो । बुद्धले जगतको कल्पना यसबाट मुक्त हुनलाई दिनु भएको थियो, न त यसको कारण बुझ्नलाई । सारा जगत बुद्धबाट श्रृष्टि भएको, वा बुद्धको ध्यानबाट बनेको; जगत सबै महामाया भन्ने आदिको कल्पनाले हेतुबाट उत्पन्न हुनेहरूको हेतु बताउने बुद्ध स्वयंलाई नै हेतु बनाइदियो ।

अलौकिक शक्तिद्वारा परिपूर्ण तान्त्रिकलाई **सिद्ध** भनिन्छ । वज्रयानमा (तन्त्रयानमा) यस्ता ८४ **सिद्धहरू** प्रख्यात छन् । यी सिद्धहरूमा भिक्षु, ब्राह्मण, क्षेत्री, राजा, स्त्री आदिहरू समावेश छन् । यिनीहरू सबै एकै समयकालका थिएनन् । भारतमा मुस्लिम आक्र-मणका अगाडिका तान्त्रिकहरूसम्म यसमा सम्मिलित गरिएका छन् । यी सिद्धहरूले लोकप्रिय भाषामा, प्राय: गरी कविता र गीतद्वारा, आफ्नो सिद्धान्तको प्रचार गर्थे ।

पद्म सम्भवका पिता राजा **इन्द्रभूति** (६८७-७१७) र उनका फुफु **लक्ष्मींकरा** पनि प्रसिद्ध सिद्धहरू थिए । ८४ सिद्धहरूमा यिनीहरूको पनि गणना गरिएको छ । इन्द्रभूति एक विद्वान् तान्त्रिक थिए । उनले **ज्ञानसिद्धि** नामक तान्त्रिक ग्रन्थ लेखे ।

**लक्ष्मींकराले** चाहिं प्रचलित वज्रयानमा नया सम्प्रदायको स्थापना गरिन् । उनले तपस्या र मूर्ति पूजाको खण्डन गरिन् र सबै

Downloaded from http://dhamma.digital

देवताहरू आफनै शरीरभित्र छन् भनी प्रचार गरिन्। स्त्रीहरूलाई आदर गर्नु पर्दछ भनी उनी भन्थिन्। उनको त्यो वज्रयानी सम्प्रदायलाई सहजयान भनियो। स्वतन्त्र रूपले सहजयानले त्यति विकास गर्न सकेन।

वज्रयानलाई लोकप्रिय बनाउनमा ८४ सिद्धमध्ये सरहपाद नामको सिद्धको ठूलो हात रहेको छ। उनी सायद प्रथम सिद्ध थिए। विहारको पूर्वी भागमा ब्राह्मण कुलमा जन्मेका यी तान्त्रिक वाण बनाउने एउटी स्त्रीसँग जङ्गलमा बस्दथे। आठौं शताब्दीको अन्ततिर पालराजा धर्मपालको समयमा (७६८–८०९) यिनले सरल भाषामा गीत गाएर र आफ्नो अद्भूत रहन सहनले प्रभावित पारेर जनतामा वज्रयान लोकप्रिय बनाइदिए। वज्रयानमा प्रमुख आचार्य मानिने नागार्जुन द्वितीय पनि यिनका शिष्य मानिन्छ। यिनले थुप्रै वज्रयानी ग्रन्थहरू लेखेका थिए। सरहपादको शिष्य शबरपा प्रसिद्ध सिद्ध थिए जो जङ्गलमा आदिवासीहरूसँग बस्दथे। शबरपाको शिष्य लूहिपा जो राजा धर्मपालका लेखक थिए, पनि प्रख्यात तान्त्रिक सिद्ध भए र तान्त्रिक रचनाहरू रच्न थाले। यिनले उडिसाको राजा र मन्त्रीलाई भिक्षु बनाएका थिए। सरहपादको अर्को शिष्य लीलापा (लीलावज्र) भन्ने मगधको कायस्थ पनि प्रख्यात तान्त्रिक सिद्ध थिए। शबरपाको डोम जातिका शिष्य डोंगीपा, जो सदा वरद मुद्रा धारण गरिराख्थे, पनि तान्त्रिक सिद्ध भए। त्यस्तै लीलापाका शिष्य दारिकपा नामक तान्त्रिक सिद्धले बंगालिमा थुप्रै वज्रयानी साहित्यहरू लेखेका थिए। उनका स्त्री शिष्य सहजयोगिनि चिन्ता पनि तान्त्रिक सिद्ध थिइन्।

वज्रवज्र नामक प्रख्यात तान्त्रिकले प्रसिद्ध वज्रयानी ग्रन्थ

Downloaded from http://dhamma.digital

हेवज्रतन्त्रलाई आठौं शताब्दीको अन्तमा प्रचलित गरिदिए। सायद पद्मवज्र नै यसका लेखक थिए। यस ग्रन्थमा वज्रको आह्वान गरिएको छ। कसरी 'मुद्रा' नामक नारीसँग मैथुन गरेर सिद्धि प्राप्त गर्ने, कसरी नवयुवतीलाई वशमा पार्ने, आदिको व्याख्या छ। पद्मवज्रको शिष्य **अनङ्गवज्र** भन्ने तान्त्रिक सिद्ध, जो पहिले कुनै राजकुमार थिए, वज्रयानका प्रसिद्ध गुरु हुन्।

पालराजा धर्मपालको समयमा भागलपुरमा **विक्रमशीला विश्वविद्यालय**को स्थापना वर्तमान कहलगाउँतिर भयो। यस विशाल विश्व विद्यालयमा छ कलेजहरू थिए। यहाँभित्र ८ हजार मानिस बस्न सक्ने सभा भवन थियो। आवास र भोजन निःशुल्क थियो। यहाँ महायान, हीनयान, वेद, वेदाङ्ग, उपवेद, हेतुविद्या, सांख्य योग पनि सिकाइन्थ्यो, तर यहाँको मुख्य विषय तन्त्रयान थियो। नालन्दा जस्तै नै यसको ख्याति विश्वभर फैलियो र विभिन्न देशका विद्वान्हरू यहाँ पढ्न आएका थिए। वज्रयानको विकास पछि यो नालन्दा विश्वविद्यालयभन्दा प्रख्यात भयो। वज्रयानको मुख्य केन्द्र भयो। यसका द्वारहरूमा सुप्रसिद्ध आचार्यहरू बस्दथे जसका प्रश्नको उत्तर दिएपछि मात्रै भित्र पस्न दिइन्थ्यो। सायद यो प्रथा वज्रयानको गोप्यतालाई ध्यानमा राखेर पछि बनाएको थियो होला।

पालराजा धर्मपाल पछि **देवपाल** (८१०-८५१) को पालोमा पनि थुप्रै आचार्यहरू निस्के। यिनमा प्रसिद्धतम थिए – **शान्तिदेव**। यिनी सायद गुजरातका राजकुमार थिए जो आमाको आदेश अनुसार नालन्दामा अध्ययन गर्न आएका थिए। भनिन्छ कि यी महाविद्वान्

Downloaded from http://dhamma.digital

हेर्दा बुद्ध जस्तो देखिन्थ्यो त्यसैले भुसुक भनिन्थ्यो। भनिन्छ कि एकपल्ट एउटा विद्वान्हरूको सभामा ठट्टा गर्दै उक्त "बुद्ध" लाई सभापति बनायो र आफ्नो आशनबाट उनले यस्तो उपदेश दिए कि उनको विद्वता देखेर सबै तीन छक्क परे। उनका तीन प्रसिद्ध ग्रन्थहरू मध्ये बुद्धत्व प्राप्त गर्न बोधिसत्वले के के गर्नु गर्दछ भनि लेखिएको **बोधि-चर्यावतार** प्रसिद्धतम छ।

राजा देवपालकै पालोमा वज्रयानमा सहजयानी विचारधारा मान्ने तान्त्रिक सिद्ध **विरूपा**को उदय भयो। उनका शिष्य **डोम्भिपा** (डोम्बी हेरूक) पनि तान्त्रिक सिद्ध थिए र मगधको क्षेत्री (वा राजा) थिए। अर्को क्षत्री तान्त्रिक सिद्ध **घंटापा** चाहिँ आफूसँगै योगिनी पनि राख्दथे। डोम्भिपाको शिष्य राजवंशका **कण्हपा** पनि तान्त्रिक सिद्ध थिए। यिनका शिष्य **महीपा** नामको तान्त्रिक सिद्ध चाहिँ शुद्र थिए र घरमा बस्दथे। अर्को सिद्ध **चवरिपा** चाहिँ व्यापारी कुलमा जन्मेका र मन्दिरमा बस्ने तान्त्रिक सिद्ध थिए।

त्यस्तै **कंकालिपा** भन्ने शुद्र, **मेकोपा** भन्ने बनिया, सँधै एक हातमा त्रिशुल अर्कोमा मानव खप्पर बोक्ने **चेलुकपा** भन्ने शुद्र, सँधै टाउको पछाडि हात बाँधिराख्ने ब्राह्मण **लुचिकपा**, रूख मुनि बुद्धको पुतली बनाई पूजा गर्ने शुद्र **पुतुलीपा**, सुन्दरीहरू वरिपरि राखी हिँड्ने राजकुमार **कोकालिपा** आदि पनि तान्त्रिक सिद्ध मानिए र ८४ सिद्धमा समावेश गरिए।

वज्रयानको यसरी विकास भइरहेको बेला **मञ्जुश्री मूलकल्प** नामको प्रसिद्ध ग्रन्थको रचना भयो। यसमा बुद्धले मञ्जुश्रीलाई मन्त्र,

Downloaded from http://dhamma.digital

मुद्रा, मण्डल आदिको उपदेश दिएको वर्णन छ। यस ग्रन्थले धारणी मन्त्रहरू लोकप्रिय बनाइदियो। "ओं आ हुँ", "ओं तारे तुतारे स्वाहा", "ओं मुने मुने महामुने स्वाहा" जस्ता मन्त्र र धारणीहरू प्रति लोकप्रिय भए। फलस्वरूप मञ्जुश्री नामसंगिति ग्रन्थमा संगीतमय पद्यहरूको संकलन भयो। वर्तमान्मा पनि नेपालका वज्रयानी बौद्धहरू वर्षादको महिनामा खुब रूचि लिएर नाम संगितिको पाठ गर्दछन्।

वज्रयानको यसरी द्रुदगतिमा विकास भइरहेको बेलामै हिन्दूहरूको प्रख्यात अद्वैतवादी दार्शनिक शंकराचार्य (७८८–८२०) को आगमन भयो। वज्रयानीहरूले प्रकट गर्ने गरेको आडम्वर र उनीहरूले भन्ने गरेको तिनका गुह्य र दार्शनिक अर्थहरू शंकराचार्यको गहन अद्वैतवादको अगाडि टिक्न सकेन। फलतः सर्व साधारणमा पनि वज्रयान भित्री तवरमा खुकुलो रहेछ भन्ने भावना बढ्यो। तर शंकराचार्यले भारतबाट बुद्ध-धर्म गायब गरिदियो भन्नु अति ठूलो भ्रम हो। शंकराचार्यको अद्वैतवाद बौद्धहरूको विज्ञानवादबाट प्रभावित भएको र उनलाई हिन्दू धर्मके उनका विरोधीहरूले "प्रछन्न बौद्ध" भन्ने गरेको कुराको माथि नै उल्लेख गरिसकेको छु। शंकराचार्य स्वयंले पनि बुद्धलाई "योगीहरूमा चक्रवर्ति" भनी घोषणा गरेका थिए। स्वयं वज्रयान पनि शंकराचार्यको कालपछि फलिफुलिनै राखेको थियो।

सन् ८४६ मा वज्रयान श्रीलंकामा पनि पुग्यो। त्यतिबेला त्यहाँ राजा मतलबसेनको शासन थियो। तर श्रीलंकामा वज्रयानले धेरै प्रगति गर्न सकेन।

Downloaded from http://dhamma.digital

त्यही ताकातिर उडिसाका तान्त्रिक राजा प्रचण्ड देव काठमाडौंमा गई स्वयम्भूमा आफ्नो विहार बनाई बसे। उनी शान्तिकराचार्यको नामले प्रख्यात भए। वर्तमान् स्वरूपको स्वयम्भू स्तूपको निर्माण उनले नै गरेका थिए।

त्यही बेला बर्मा (म्यानमार) मा पनि वज्रयानको यथेष्ट प्रचार भयो। तर सो सम्प्रदाय बर्मेली जनताहरूले त्यति मन पराएनन्। र बाह्रौं शताब्दीको शुरुवातमा राजा अनुरुद्धको पालोमा सो सम्प्रदाय त्यहाँबाट लुप्त भयो र थेरवादको शुरूवात भयो।

चीनमा त्यति नै बेला एक क्रान्तिकारी आविष्कार भयो। सन् ८६८ मे ११ मा बौद्ध सूत्रहरू काठमा उल्टो अक्षर कुँदेर छापियो। यसरी विश्वमा मुद्रण क्रियाको शुरूवात भयो। त्यही नै ताकातिर बौद्ध धारणीहरू छाप्न चीनमा कागजको आविष्कार भयो।

तिब्बतमा चाहिं त्यतिबेला बुद्ध-धर्ममाथि आपत आइपरेको थियो। त्यहाँको राजा गलङ मरम (सन् ९११ तिर) ले बुद्ध-धर्ममाथि ठूलो अत्याचार गरे। अत्याचारको सीमा नाघेपछि भिक्षु दपल्ग्यिदोर्जेले भेष बदलेर गई उक्त राजाको हत्या गरिदिए।

जावामा चाहिं त्यतिबेला बुद्ध-धर्म उन्नत अवस्थामा थियो। नवौं शताब्दीतिरका शैलेन्द्र राजाहरूको पालोमा बुद्ध-धर्म जावा, सुमात्रा, बाली, मलक्का, बोर्नियो, सेलेवेस र मलायन पेनुन्सुलामा खुब प्रचार भयो। जावाको सुप्रसिद्ध बोरोबुदुर मन्दिर राजा समरतुंग (सन् ८२५) को पालोमा बन्यो।

Downloaded from http://dhamma.digital

भारतमा चाहिं नवौं शताब्दीको अन्तसम्ममा वैदिक धर्मका स्मृतिहरू र अग्नि, विष्णुधर्मोत्तर, गरुड पुराणहरूको रचना भइसकेको थियो। पुराणहरूले बुद्ध-धर्मको विकासलाई कम गर्न बुद्धका कतिपय सिद्धान्तहरू माथि जोड दिन थाल्यो। अहिंसा बलियो भयो। बुद्धलाई अवतार घोषणा गर्ने प्रथाको चलन वैदिक पुराणहरूमा चल्यो। बुद्ध-धर्म पनि यी पुराणहरूबाट अप्रभावित रहेन। स्वयम्भू महापुराण जस्ता स्वयम्भूको उत्पत्तिको वर्णन गर्ने ग्रन्थहरू पूर्णतः पुराणहरूबाट प्रभावित मान्न सकिन्छ।

नालन्दाका विद्वान् भिक्षु धर्मदेव सन् ९७१ मा चीन गए। उनले त्यहाँ ३० वर्षसम्म अथक प्रयत्न गरी धर्म प्रचार गरे। शयौं ग्रन्थ उनले आफैंले लेखे। कतिपय अनुवाद गरे। उनको कार्य देखी खुशी भएर चीन सम्राट्ले उनलाई "बुद्ध-धर्म प्रचारक महागुरु" भन्ने उपाधि दिए।

सन ९७५ मा राजा महिपाल प्रथम (९७५–१०२६) नामका शक्तिशाली पाल राजाको शासनको शुरुवात भयो। उनको पालोमा वज्रयान झन शक्तिशाली भयो।

सन ९८० तिर उज्जैनका भिक्षु दानपाल चीनमा धर्म प्रचारार्थ गए। त्यस्तै सन १००४ मा भिक्षु धर्मरक्ष ४४ वर्षको उमेरमा चीन गए र ६६ वर्षको आयुसम्म धर्म प्रचार गरे।

दशौं शताब्दीको अन्ततिर राजकुलबाट भिक्षु बनेका प्रज्ञाभद्र नामक भिक्षुले वज्रयानलाई मानी तिल पेल्ने काम गर्न थाले। त्यसैले तिलोपा नामको तान्त्रिक सिद्धको रूपमा प्रख्यात भए। उनको शिष्य

Downloaded from http://dhamma.digital

नारोपा (नरोपन्त) आफ्नो विद्वत्ताको कारण विक्रमशीला विश्वविद्यालयको एक द्वारका प्रधान भए।

त्यति नै बेला वज्रयानमा कालचक्रयान नामक नवीन सम्प्रदायको विकास भयो। सायद यसका संस्थापक नारोपा थिए। यस सम्प्रदायको विशिष्ट ग्रन्थ विमलप्रभाको रचनाकार नारोपा नै हुन्। कालचक्रयान अनुसार सारा ब्रह्माण्ड शरीर भित्र नै छ। यस सिद्धान्त अनुसार, सूर्य, चन्द्र, आकाश, पाताल, हिमालय, गङ्गा, सरस्वती आदि सबै शरीर भित्र नै छ र यसै रहस्यलाई बुझिलिनु आवश्यक छ। शरीरद्वारा नै सिद्धि प्राप्त गर्न सकिन्छ। त्यसैले शरीर शुद्ध हुनु जरूरी छ। करूणा र प्रज्ञा (शून्यता) को एकता नै परमतत्व हो, यही नै आदि बुद्ध हो, यही नै काल हो। चक्र विश्वको परिवर्तनशीलताको द्योतक हो। यी दुईको समन्वय नै कालचक्र हो। कालचक्रयानमा बुद्धका तीनैवटा काय शरीर भित्र नै भएको मानियो। यथा, निर्माणकाय जाग्रत अवस्था, सम्भोगकाय स्वप्न अवस्था, धर्मकाय सुषुप्त अवस्था हो भनियो। यी बाहेक बुद्धको चौथो काय —सहज काय—को कल्पना गरियो र यसलाई "तुरीय" अवस्था भनियो र यसैलाई परमार्थ सत्य मानियो। वज्रयानमा अनैतिक कार्यहरू अचाक्लि बढेकोले शरीर शुद्धिलाई प्राथमिकता दिने कालचक्रयानको विकास भएको हुन सक्दछ।

तिब्बतमा त्यही समयमा मिलारेपा नामको युवाको उदय भयो। आफ्नो बाबुसँग झगडा गरी, आफ्नो सम्पत्ति बेची ज्ञानको खोजीमा उनले नेपाल हुँदै भारत प्रवेश गरे। सन् १०७६ मा उनको

Downloaded from http://dhamma.digital

भेट नारोपासँग भयो र उनका शिष्य बने। १२ वर्षसम्म भारतमा रही नारोपासँग "महामाया"को ज्ञान हासिल गरी उनी तिब्बत फर्के र पछि विख्यात कवि र सिद्ध भए। तिब्बतमा यिनले आफ्नै सम्प्रदायको स्थापना गरे। त्यसपछि उनी पुन: भारत गएर ६ वर्ष रहेर नारोपासँग थप शिक्षा हासिल गरेर फर्के। तेस्रो पटक उनी भारत आउँदा नारोपाको देहान्त भइसकेको थियो। तीन वर्ष बसी उनी तिब्बत फर्के। मिलारेपाको गुरु कर्मापा पनि नारोपाका शिष्य थिए।

तन्त्रयानको विकासको क्रममा जालन्धरपा भन्ने प्रख्यात तान्त्रिक सिद्धको उदय भयो। यिनको शिष्य नै मछिन्द्रनाथ हो। मछिन्द्रनाथ आसाम (कामरूप) का सिद्ध पुरुष थिए। काठमाडौं उपत्यकामा लिच्छवी राजा गुणकामदेवको पालोमा अनावृष्टि हुँदा यिनलाई काठमाडौंको वज्रयानी आचार्य शान्तिकराचार्यको शिष्य बन्धुदत्त आचार्यले आसामबाट नेपाल लगेका थिए। जसको कारण नेपालको अनिकाल हट्यो। मछिन्द्रनाथ अनार्य जाति ("राक्षस") का थिए। मछिन्द्रनाथको यात्रा काठमाडौंमा अज्ज पनि लोकप्रिय छ। यहाँनिर यो कुरा पनि स्मरणीय छ कि रातो मछिन्द्रनाथको रथसँगै तानिने रथ मीन नाथको हो। मीन नाथ ८४ सिद्धहरूमा गनिने एक बौद्ध तान्त्रिक सिद्ध हुन्।

मछिन्द्रनाथ काठमाडौं लगेको समयतिर नै काठमाडौंमा रक्त काली, भद्रकाली आदि बौद्ध तान्त्रिक देवीहरूको स्थापना भयो। त्यतिबेला नेपालमा पनि तन्त्रयान र वज्रयानको ठूलो प्रभाव परिसकेको थियो। मछिन्द्रनाथको शिष्य प्रसिद्ध जोगी गोरखनाथ हो। गोरखनाथ

Downloaded from http://dhamma.digital

नेपालमा मात्र होइन बंगालमा पनि प्रसिद्ध थिए। वस्तुत: गोरखनाथलाई बौद्ध मान्न सकिन्छ।

८४ सिद्धहरूमध्ये नै कसैले नाथ सम्प्रदायको स्थापना गरेका थिए। ११ औं शताब्दीतिर यिनीहरू अति प्रख्यात थिए। यिनीहरूमा बौद्ध र शैव तन्त्र दुवैले प्रभावित पारे। बौद्ध तान्त्रिकहरू बुद्धलाई आदिनाथ (शुरुको नाथ) मान्छन् भने शैव तान्त्रिकहरू शिवलाई आदिनाथ मान्छन्। यिनीहरूको प्रभाव यतिसम्म थियो कि काठमाडौंका स्वयम्भू, बौद्ध र पशुपतिका पछाडि 'नाथ' राख्ने चलन चल्यो।

भारतमा चाहिं नयाँ नयाँ तान्त्रिक सिद्धहरू बन्दै थिए। रत्नाकार शान्ति नामको मगधको एक ब्राह्मण ओदन्तपुरी विश्वविद्यालयमा पढी हीनयानी भिक्षु भए। त्यसपछि विक्रमशीलामा अध्ययन गर्न जाँदा त्यहाँ नारोपाको सत्संगमा परी बज्रयानी आचार्य भए। पछि सिंहली राजाको निमन्त्रणामा श्रीलङ्का गई ६ वर्षसम्म धर्म प्रचार गरे। भारत फर्कंदा राजा महिपालको आग्रहमा उनी विक्रमशीला विश्वविद्यालयको पूर्वी द्वारको आचार्य भई बसे। ८४ सिद्धहरूमा यिनलाई शान्तिपाको नामले चिनिन्छ। जालन्धरपाको शिष्य तन्तिपा नामक बौद्ध तान्त्रिक सिद्ध यिनका समकालीन थिए। त्यस्तै सार्कीबाट बौद्ध तान्त्रिक सिद्ध हुने चमरिपा, शुद्र जातिकै तान्त्रिक सिद्ध शीलपा; संधै कान ढाक्ने टोपी लाउने सिद्ध धर्मपा पनि त्यही ताकाका थिए।

बौद्ध सिद्धहरूमा भरियाबाट तान्त्रिक सिद्ध बन्ने चम्पाका चर्पटीपा र चम्पाकै तान्त्रिक सिद्ध चम्पकपा पनि प्रसिद्ध थिए। मीनपा (मीननाथ) यिनीहरूकै शिष्य थिए।

Downloaded from http://dhamma.digital

त्यही कालमा सुप्रसिद्ध बौद्ध भिक्षु **दिपंकर श्रीज्ञान** (४८०—१०५३) वा **अतिश**को उदय भयो। यिनको जन्म चन्द्रगर्भको नामबाट भागलपुरमा राजा कल्याण श्री र प्रभावतीबाट भएको थियो। भनिन्छ कि ३१ वर्ष हुँदा नै व्याकरणाचार्य भइसकेपछि जितारि नामक बौद्ध विद्वान्ले उनलाई नालन्दा जाने सल्लाह दिए। अनि आफ्ना बौद्ध आमा-बाबुको आज्ञा लिई नालन्दामा गई उनी भिक्षु बोधिभद्रको शिष्य बने। त्यसपछि उनी बोधिभद्रको तान्त्रिक गुरु सिद्ध पुरुष मैत्रीपा (मैत्री गुप्त) सँग ६ वर्ष अध्ययन गरे। अतिशले त्यतिबेला विख्यात भइसकेको बुद्ध गयाको **वज्रासन महाविहार**मा पनि अध्ययन गरेका थिए। त्यहाँपछि **नारोपा**सँग ११ वर्षसम्म **विक्रमशीला**मा अध्ययन गरे। त्यही **शान्तिपा** (रत्नाकर शान्ति) र तर्कशास्त्रको महान् व्याख्याकार **ज्ञानश्री मित्र**सँग यिनको भेट भयो। तिनीहरूबाट त्यतिबेला सुमात्रा (इन्दोनेसिया) बस्ने आचार्य **धर्मपाल**को ख्याति सुनी सुमात्रा गई १२ वर्षसम्म उनी-कहाँ अध्ययन गरे। त्यतिबेला सुमात्रामा बुद्ध-धर्म अति प्रचलित थियो। ३४ वष छँदा उनी विक्रमशीला महाविहार फर्के। र त्यहाँका प्रमुख विद्वान्मध्ये एक भए। त्यतिबेला शान्तिपा त्यहाँको कुलपति थियो।

त्यहीबेला तिब्बतमा तन्त्रयान र वज्रयानको यस्तो विकृत विकास भयो कि त्यहाँका बुद्धिवादी तिब्बति राजकुमार **ज्ञानप्रभ**ले २१ भिक्षुहरूलाई काश्मीरमा अध्ययनको लागि पठाए, तर तिनमा मात्र दुई जीवित फर्कन सके। जसमध्ये महान् अनुवादक रत्नभद्र पनि थियो। भारतको जलवायु तिब्बतिहरूलाई अनुपयुक्त ठानी भारतको प्रख्यात अतिशको नाम सुनी उनलाई तिब्बत आउन निमन्त्रणा पठाए

Downloaded from http://dhamma.digital

जुन कि अस्वीकृत भयो तर पुनः अर्को सद्भावना दल पठाउने विचारले धन कमाउन उनी मानसरोवरतिर रहेको सुनको खानी तर्फ जाँदा त्यहाँको राजाले उनलाई बन्दी बनायो र उनलाई कैदबाट मुक्त गर्न ठूलो धनराशीको माग गरियो । तर आफ्नो छोरोलाई ज्ञानप्रभले उनलाई छोडाउनमा धन खर्च गर्नुभन्दा सो धन अतिशलाई तिब्बत बोलाउनमा लगाउनू भने र सो अनुरूप छोरो चाँहिले एक निमन्त्रण दल पुनः भारत पठाए । सम्पूर्ण घटना सुनी अतिशले १८ महिना पछि तिब्बत जाने स्वीकृति दिए ।

भारतमा राजा महिपाल पछि नयपाल (१०२६–१०४१) राजा भइसकेको थियो । सन् १०३० मा भिक्षु स्मृतिज्ञान तिब्बत गए । बाटोमै नेपालमा अनुवादक (दुभाषिय) को मृत्यु भए पनि उनी अगाडि बढे र तिब्बतमा भाषाको अज्ञानताको कारण एकजना तिब्बति कहाँ भेडा चराउन जाने नोकर भई बस्नु पर्‍यो । त्यहाँ आफ्नी मालिक्नीबाट उनले धेरै दुःख सहनु पर्‍यो । तर पछि गोठालाहरूसँग उनले तिब्बती भाषा सिके । अनि उनी विना अनुवादक तिब्बति भाषामा अनुवाद गर्ने प्रख्यात विद्वान् भए ।

सन् १०३० मा अतिश ५८ वर्षको आयुमा तिब्बत जान नेपालमा पुगे । नेपालमा यथेष्ठ धर्म प्रचार गरेपछि उनी तिब्बत पुगे जहाँ उनको भव्य स्वागत भयो । तिब्बतमा बुद्ध-धर्म प्रचारमा अतिशको महत्व अद्वितीय छ । उनले १३ वर्षसम्म धर्म प्रचार मात्र गरेको होइन, थुप्रै ग्रन्थहरूका अनुवाद पनि गरे र मौलिक ग्रन्थहरू पनि रचे ।

Downloaded from http://dhamma.digital

मैत्रीपाको शिष्य गयाधर भन्ने वैशालीका कायस्थ पनि विद्वान् व्यक्ति थिए। उनले सन् १०७५ तिर तिब्बत गई धर्म प्रचार गरे। त्यस्तै कालान्तरमा बुद्धकीर्ति, कर्णश्री, सूर्यध्वज आदिले पनि तिब्बत गई धर्म प्रचार गरे।

राजा रामपाल (१०५७-११०२) को समयमा रामावती नामको शहरमा जगद्दल विश्वविद्यालयको स्थापना भयो।

एघारौं शताब्दीमा आएर बुद्धलाई विष्णुको नवौं अवतारको रूपमा पूर्णतः मान्यता मिल्यो। पुराणकालदेखि नै बुद्धलाई आफ्नै धर्मको एक अंग भनी प्रकाशित गर्न कोशिशमा लागेका वैदिक धर्मलाई एक प्रकारको सफलता मिल्यो। हुन पनि त्यतिबेलासम्म वैदिक धर्म र वज्रयान (तत्कालिन बुद्ध-धर्म) मा धेरै फरक पनि देखिँदैनथ्यो। रामायण, गीता, महाभारतमा बुद्धको उल्लेख नभएको कुरा पहिले नै भनि सकेको छु। हुनत विष्णुका दश अवतारहरूको धारणा पुराणद्वारा नै प्रतिपादित गरेका थिए तर पनि कतिपय पुराणहरूले बुद्धलाई अवतार मानेको थिएन। दश अवतार नै भनिएता पनि वायु पुराणमा वराह, नरसिंह, वामन, दत्तात्रेय, मान्धता, परशुराम, राम, वेदव्यास, वासुदेव र कल्किलाई दश अवतार मानेको छ। ब्रह्माण्ड पुराणमा पनि दश अवतारको भिन्नै नाम छ। अन्य ग्रन्थहरूमा हरिवंशले वराह, नरसिंह, वामन, दत्तात्रेय, परशुराम, राम, कृष्ण र वेदव्यासलाई अवतार मानेको छ। यहाँ यो कुराको जानकारी पनि जरूरी छ कि त्यतिबेलाका र त्यसभन्दा पुराना कतिपय हिन्दू ग्रन्थहरूमा बुद्धलाई विरोधीको रूपमा प्रस्तुत गरिएको छ। केही पुराणहरूले चाहिं बुद्धलाई अवतार

Downloaded from http://dhamma.digital

मान्ने प्रयास गरेका थिए । जस्तै भागवत पुराणमा कहीँ २२, कहिँ २३ र कहिँ १६ अवतारहरूको कुरा भएता पनि बुद्ध सम्मिलित गरिएको थियो । सन् १७६६ तिर क्षेमेन्द्रबाट **दशावतार चरित**को रचना पछि **दश अवतार**को धारणा सुदृढ भयो जुन कि पछि कवि जयदेवले आफ्नो रचना **गीत गोविन्द**बाट लोकप्रिय बनाइदियो । वर्तमान दश अवतार-हरू – मत्स्य, कूर्म, वराह, नरसिंह, वामन, परशुराम, राम, कृष्ण, बुद्ध र कल्कि – को कल्पना त्यसैले धेरै पछि मात्रै, वैदिक धर्म र बुद्ध-धर्मको प्रतिस्पर्धा स्वरूप निस्केको थियो ।

बाह्रौं शताब्दीको अन्तमा **कम्बोडिया**मा बुद्ध-धर्म लोकप्रिय भयो । राजा **जयवर्मा सप्तम** (११८२–१२०२) लाई कम्बोडियाको "अशोक" मान्न सकिन्छ ।

त्यतिबेला भारतको पश्चिम तर्फबाट मुस्लिमहरूको बारबार आक्रमण भइरहेको थियो । पाल वंशको अन्तिम राजा **गोविन्द पाल** (११६१–११८०) को समय कालमा मुस्लिमहरूले उत्तर भारतलाई जिते । यी मुस्लिमहरू बुद्ध-धर्म र वैदिक धर्म दुवैका कट्टर विरोधी थिए । यिनीहरूले बंगालको सेन वंश, बिहारको पाल वंश र कन्नौज राजाहरूलाई सखाप पारी मुस्लिम राज्यहरूको स्थापना गरे । नालन्दा, ओदन्तपुरी र विक्रमशीला विश्वविद्यालयहरूमा धन सम्पत्ति लुट्ने विचारले हमला गरे । तर त्यहाँ त अनमोल पुस्तकहरू मात्र थिए । रिसको झोंकमा ती सारा पुस्तक जलाइए । ती विश्व प्रसिद्ध विश्व-विद्यालयहरू ध्वस्त गरिदिए । अनमोल ग्रन्थहरूको विशाल भण्डार-लाई ध्वस्त गरी मानो तिनीहरूले भारतको मस्तिष्कमा आगो लगाई

Downloaded from http://dhamma.digital

दिए। ज्ञान विज्ञान र सभ्यता संस्कृति भष्म गरिदिए। भारतको प्राचीन संस्कृति र गौरवशाली इतिहासको एक अध्यायको अन्त भयो।

सन् १२०० तिर **मुहम्मद बिन बख्तियार इख्तियार खिलजी**-को सो आक्रमणलाई भिक्षुहरूले पनि असफलता पूर्वक तलवार उठाई प्रतिरोध गरेका थिए। भिक्षुहरू खोजी खोजी मारिए। बाँकि रहेका भिक्षुहरू तिब्बत र नेपालमा भागे।

विक्रमशोला विश्वविद्यालयको प्रमुख आचार्य त्यतिबेला भिक्षु **शाक्यश्री भद्र** (११२७–१२२५) थिए। यी विद्वान् आचार्य भागेर नेपाल पसे। शाक्यश्री भद्र र त्यतिबेला भारतबाट भागेर आएका अन्य वज्रयानी भिक्षुहरूको कारण नेपाल (काठमाडौं उपत्यका) मा वज्रयान सुदृढ भयो। आज वज्रयान आफ्नो मौलिक रूपमा नेपालमा मात्रै बाँकि छ। वज्राचार्यहरू वज्रयानका आचार्य हुन्। पछि शाक्यश्री भद्र तिब्बतमा धर्म प्रचारार्थ गए।

यसरी भारतमा मुस्लिमहरूको कारण बुद्ध-धर्मको ह्रास शुरु भयो र अन्तमा आफ्नो जन्मभूमिबाट बुद्ध-धर्मको लोप भयो। बौद्ध विहारहरू, शिक्षण केन्द्रहरू सबै ध्वस्त गरिए। हुन त मुस्लिमहरूले वैदिक धर्म माथि पनि आक्रमण गरेका थिए। तर वैदिक धर्मका गुरुहरू – ब्राह्मणहरू – बाहिरबाट स्पष्टतः चिनिन्दैनथ्यो। भिक्षुहरू चीवरको कारणले स्पष्ट चिनिन्थ्यो। ब्राह्मणहरू घरमा बस्दथे भने भिक्षुहरू विहारमा बस्दथे। त्यसैले भिक्षुहरूलाई सजिलैसित सखाप पार्न सकियो।

Downloaded from http://dhamma.digital

मुस्लिमहरूको आक्रमणको बेला भारतका प्रायः सबै बौद्धहरू वज्रयानी थिए। र वज्रयानका अनैतिक क्रियाहरू सायद जनतामा आलोचित हुन थालिसकेको थियो। फलतः वज्रयानका आचार्यहरूको समूल नाश भइसकेपछि जनताले पनि बुद्ध-धर्म बिस्तारै भुल्दै गयो। वैदिक धर्मका ब्राह्मणहरूको हातमा सुवर्ण मौका पऱ्यो। दिशा रहित भइसकेका भारतीय बौद्ध जगतलाई ब्राह्मणहरूले आफ्नो धर्ममा ताने। बुद्धका मौलिक र व्यवहारिक शिक्षा महायान हुँदै वज्रयानसम्म पुग्दा पूर्णतः फरक भैसकेको थियो। ब्राह्मण धर्म र त्यसमा खास भिन्नता बाँकि रहेको थिएन। त्यसैले नेतृत्वहीन भारतका बौद्धहरूले आफ्नो धार्मिक आवश्यकता पूरा गर्न ब्राह्मण धर्म अंगिकार गरिलिन केही कठीन परेन।

ब्राह्मणहरूले पनि मौका छोपी बौद्ध संस्कृतिलाई निल्दै गये। मुस्लिम कालमा ब्राह्मणहरूले बुद्ध-धर्मको चर्चा पनि गर्न छोडिदिए। यजमानहरूको अगाडि बुद्ध-धर्मको कुरा भन्नु पनि अधर्म मानिन थालियो। बुद्ध-धर्मका धार्मिक स्थलहरू र देवताहरूलाई वैदिक धर्मका स्थल र देवता बनाइदिए। सीधा-साधा जनताले पत्याए पनि। बौद्ध देवी देवताहरूको त्यो दुर्दशा शुरू भयो जसको अर्को उदाहरण संसारमा अन्य कुनै धर्मलाई कहिल्यै भएको पाइँदैन। तारा र पारमिताहरूलाई हिन्दू देवी बनाइदियो। बोधिसत्वहरूलाई चुरी लगाई देवी बनाइ दियो। बुद्धगयामा रहेका बोधिसत्वका मूर्तिहरूलाई पञ्च पाण्डव भनी प्रचार गरियो। स्वयं बुद्धको मूर्तिलाई कतै भीमसेन, कतै जरासंध, कतै ढेलुवा बाबा, कतै तेलिया भैरव भनी पुजिन थालियो। हुँदा-हुँदा

Downloaded from http://dhamma.digital

कहीं-कहीं त बुद्धलाई "देवी मैयाँ" भनी टिका लगाई पूजा समेत गर्न थालियो। बुद्ध-धर्मको प्रणेता बुद्धलाई विष्णुको अवतार भनी गौण बनाइदियो। अवतार मानेपनि बुद्धको सिद्धान्त र शिक्षालाई ब्राह्मण-हरूले कहिल्यै प्रचार गरेन। उल्टो बुद्ध, बुद्ध-धर्म, त्यसका आचार्य र कृतिहरूको उल्लेखसम्म पनि उनीहरूले गरेनन्। यस्तो आभास पारियो मानो बुद्ध र बुद्ध-धर्मको गौरवशाली परंपरा भारतको इतिहासमा पहिले भएको थिएन। एउटा धर्मले अर्को धर्मलाई बिना हतियार, बिना तर्क यसरी आफूमा विलिन गराएको यो अनौठो उदाहरण हो। मुस्लिमहरूले शुरू गरेको भारतमा बुद्ध-धर्म विनाशको कार्य वैदिक धर्मको अप्रत्यक्ष सहयोगको कारण सफल भयो। यो कुरा रोचक छ कि बुद्ध-धर्मका विरोधीहरू पनि प्रायः ब्राह्मण छन् र बुद्ध-धर्मका प्रख्यात आचार्यहरू पनि प्रायः ब्राह्मण हुन्।

त्यही नै समय कोरियामा पनि बुद्ध-धर्मको दुर्दशा शुरू भयो। सन् ९१० मा स्थापित वांग वंशको पालोमा उन्नत अवस्थामा पुगेको बुद्ध-धर्म सन् १२५० मा वांग वंशको पराजय पछि ह्रास हुन थाल्यो। विहारहरू नष्ट गरिए। बुद्ध-धर्मको पठन-पाठन निषेध गरियो। कोरियामा बुद्ध-धर्म क्रमिक रूपमा कमजोर हुँदै गयो।

पश्चिममा चाहिं त्यही बेला क्रिश्चियन धर्मको प्रचार भइरहेको थियो। तेह्रौं शताब्दीमा लात्भिया र एस्टोनिया जस्ता पूर्व-यूरोपेली देशहरूमा क्रिश्चियनहरूले करोडौं बौद्धहरूलाई सखाप पारिदिए। यूरोपमा बुद्ध-धर्म निर्मूल भयो।

Downloaded from http://dhamma.digital

जापानमा भने त्यति बेला बुद्ध-धर्म उन्नति गर्दै थियो। ईसाई (११४१–१२१५) र दोगेन (१२००–१२५३) ले "जेन" बुद्ध-धर्म-लाई व्यवस्थित रूप दियो र जेनले वर्तमान स्वरूप धारण गऱ्यो। जेनले ध्यानमा जोड दिन्छ। तर जापानमा भक्तिमार्ग ("शिन") पनि अत्यन्त शक्तिशाली भएर निस्क्यो। "जोदो शिन" सम्प्रदायका स्थापकहरू होनेन (११३३–१२१२) र शोनिन (११७५–१२६२) ले भक्तिमार्गलाई लोकप्रिय बनाइदिए। यस सम्प्रदायले अमिताभ बुद्धको भक्तिद्वारा सजिलैसित मोक्ष प्राप्त हुन्छ भन्यो। कर्मकाण्ड, दर्शन आदि फिजुल मानियो। जस्तोसुकै पाप गर्नेले पनि अभिताभको भक्तिद्वारा पार हुन्छ भनियो। यस सम्प्रदायका गुरु विवाह गर्छन्. माछा मासु खान्छन्। सामाजिक जीवन मै बुद्धद्वारा प्रतिपादित जीवनको लक्ष्य प्राप्त गर्न सकिन्छ भनी यिनीहरू मान्छन्। वर्तमान युगमा पनि जापानको अति लोकप्रिय "शिन" सम्प्रदायले आधुनिक औद्योगिक युगमा बुद्ध-धर्म अनुकुल छ भनी सिद्ध गरेको छ।

तेह्रौं शताब्दीमा मङ्गोलिया शक्तिशाली भएर निस्क्यो। चीनलाई पनि मङ्गोलियाले जितिसकेको थियो। जापानमा पनि मङ्गोलियाको दृष्टि थियो। तब जापानी सैनिकहरूलाई उत्साहित पार्न देशभक्त भिक्षु निचिरेन (१२२२–१२८२) को उदय भयो। सद्धर्म पुण्डरिक सूत्रलाई यिनले बुद्ध-धर्मको सत्य सिद्धान्त माने। जापानीहरू नै विश्वलाई नेतृत्व दिने सर्वश्रेष्ठ जाति हो भनी प्रचार गरे। योद्धा जापानीहरूले निचिरेनलाई राष्ट्रलाई बचाउने बोधिसत्व माने। निचिरेन सम्प्रदाय लोकप्रिय भयो। यसमा जापानको प्राचीन शिन्तो

Downloaded from http://dhamma.digital

धर्मको सिद्धान्त (पूर्वजहरूको पूजा) पनि लिइएको छ। वर्तमानमा पनि "रेयुकाई" नामले विभिन्न देशहरूमा यो सम्प्रदाय सक्रिय छ।

शक्तिशाली मङ्गोलले चीन र आसपासका कतिपय राज्यहरूलाई जितिसकेको थियो। मङ्गोल सम्राट **कुवलाई खाँ** (१२६०–९४) बौद्ध थिए। हुन त उक्त सम्राट अन्य धर्म प्रति पनि चासो राख्दथे, तर बुद्ध-धर्मलाई उनले विशेष महत्व दिए जसको फलस्वरूप चीन र मंगोलियामा बुद्ध-धर्म झन सुदृढ भयो। तेह्रौं शताब्दीमा नै **लाओसमा** बुद्ध-धर्म प्रचारित भयो।

चौधौं शताब्दीमा **तिब्बतमा बुस्तोन** (१२९०-१३६४) भनिने प्रख्यात तिब्बति विद्वान्ले बुद्ध-धर्मको इतिहास सम्बन्धी थुप्रै ग्रन्थहरूको रचना गरे। उनले बुद्ध उपदेश सम्बन्धी ऐतिहासिक विचारधाराको सङ्कलन गरिएको **कंजुर** र बौद्धशास्त्र सम्बन्धित ग्रन्थ **तंजुरको** सम्पादन गरेर बौद्ध इतिहासमा अविस्मरणीय योगदान गरेको छ। त्यही शताब्दीमा **लामा तारानाथ** (जन्म १२७५) ले उनको प्रसिद्ध ऐतिहासिक ग्रन्थ "भारतमा बौद्ध-धर्मको इतिहास" को रचना गरे।

त्यही शताब्दीमा बङ्गालको सुल्तान **शमसुद्दीनले** सन् १३५० तिर नेपालको काठमाडौं उपत्यकामा हमला गरे। त्यतिबेला उनले ठूलो लुटपाट मच्चायो। स्वयम्भू र पशुपति भत्काइदियो र आगो लगाइदियो। २२ वर्ष पछि सन् १३७२ मा राजा राजहर्षले स्वम्यभूको पुनः निर्माण गरे।

थाइलैण्डमा बुद्ध-धर्म विकृत हुँदै गएको थियो। सो तत्कालिन थाइ नरेश श्री **सूर्यवंश रामले** सन् १३६२ मा श्रीलङ्काबाट भिक्षुहरू

Downloaded from http://dhamma.digital

झिकाएर धर्म सुधार गरे। थाइलैण्डमा थेरवाद सुदृढ भयो।

तर नेपालमा बुद्ध-धर्मको लागि शुभकाल थिएन। सन् १३७० तिर नेपाल (काठमाडौं) को राजा जयस्थिति मल्ल कट्टर हिन्दू धर्म अनुयायी थिए। उनले नेपालमा प्रचलित बुद्ध-धर्मको सम्प्रदाय वज्रयानका भिक्षुहरूलाई भिक्षु हुन नपाउने नियम बनाइदिए। ती वज्रयानी भिक्षुहरू नै वर्तमानका वज्राचार्यहरू हुन्। वज्राचार्यहरू अहिले पनि तीन दिनको लागि भिक्षु हुने गर्छन्।

पन्ध्रौं शताब्दीमा तिब्बतको एउटा विहारमा धर्म गुरु भनी दलाई लामाको चलन शुरु भयो। यसको शुरुवात सन् १४४७ मा टशील्हुन्पो महाविहारमा भयो।

तेस्रो दलाई लामा सत्रौं शताब्दीको शुरुवातमा मङ्गोलियामा पनि धेरै प्रख्यात भयो। फलतः चौथो दलाई लामा मङ्गोलियाका भिक्षु भए। त्यतिबेलासम्म चारै जना दलाई लामा अलग अलग व्यक्ति मानिन्थ्यो। पाँचौ दलाई लामाको पालादेखि अवतारवादको चलन चल्यो र त्यसपछिका सबै दलाई लामाहरू एकै दलाई लामाको अथवा अवलोकितेश्वरको अवतार भनी विश्वास गरियो। मङ्गोल सम्राट् गुश्री खाँले सन् १६४२ मा तिब्बतका शासक वर्गलाई हटाई तिब्बतमा पाँचौ दलाई लामाको शासन शुरु गर्न लगाए। तीन वर्ष पछि पाँचौ दलाई लामाले आफू बस्न विश्व प्रसिद्ध पोताला दरबारको निर्माण गर्न लगाए।

त्यही शताब्दीमा बर्मामा भिक्षुहरूले दायाँ काँध नदाख्ने गरी चीवर लगाउने वा छोप्ने गरी लगाउने भन्ने कुरामा ठूलो विवाद भयो।

Downloaded from http://dhamma.digital

जुन करिब शय वर्षसम्म चल्यो ।

अठारौं शताब्दीमा श्रीलङ्कामा देशमा ह्रास भएर गइरहेको बुद्ध-धर्मको पुनरूत्थान गराउन थाइलेण्डबाट भिक्षुहरू झिकाई बुद्ध-धर्मको पुनरूत्थान गरे ।

सन् १७७४ मा भारतमा अंग्रेजहरूको शासन हुन थालेपछि करिब ५५० वर्षसम्मको मुस्लिमकालको अन्धकार युगबाट बुद्ध-धर्म मुक्त भयो । ऐतिहासिक र पुरातात्विक महत्वलाई बुझ्ने अंग्रेजको सक्रियतामा उत्खनन र अन्वेषणको शुरुवात भयो । भारतमा इतिहासले छोपिसकेका बुद्ध-धर्म सम्बन्धित पानाहरू एक एक गरी पल्टन थालियो ।

बर्मामा राजा मिण्डोनको संरक्षणमा सन् १८७१ मा पाँचौ संगायना मांडलेको राजदरबारमा सम्पन्न भयो । २४०० भिक्षुहरूको सहभागिता रहेको र पाँच महिनासम्म चलेको सो महासम्मेलनमा सम्पूर्ण त्रिपिटक ७२९ वटा संगमरमरहरूमा कुँडियो । जुन आज पनि मांडले नजिकै स्थित छ । यही बेलामा बर्मामा अनगारिकाहरूको परम्परा शुरुवात भयो । थेरवादमा बुद्धदेखिको भिक्षुणी परम्परा नष्ट भइसकेको थियो । सो थेरवादमा नयाँ भिक्षुणीहरूको प्रवेश बन्द भइसकेको थियो । अनगारिकाको परम्पराले नौलो प्रकारले भिक्षुणी-हरूको शुरुवात भयो । अनगारिकाहरू मार्फत गृहत्याग गरी भिक्षुणी हुनेहरू हुन् । स्मरणीय छ थेरवाद (हीनयान) मा भिक्षुणी परम्परा लोप भइसकेता पनि चीनमा महायानको भिक्षुणी परम्परा भने लोप भएको छैन ।

Downloaded from http://dhamma.digital

सन् १८७९ मा इडविन आर्नोल्डद्वारा रचित काव्यमयी बुद्ध-जीवनी "द लाइट अफ एशिया" को प्रकाशनले पश्चिमी देशहरूमा बुद्धको आदर्शमयी जीवनी प्रस्तुत गरिदियो। बुद्ध एकजना समाजको लागि सर्वाधिक संघर्ष गर्ने महामानवको रूपमा चिनिन थालियो। यस अघि त युरोपेलीहरू बुद्धलाई मात्र एक रहस्यमयी देउता मान्दथे। यसै पुस्तकबाट प्रभावित भई बुद्ध-धर्मको पुनरूत्थान गर्ने उद्देश्यले श्रीलङ्कामा एक जना गृहस्थी घरबाट निस्के। अनगारिक धर्मपालको नामले चिनिने आधुनिक युगमा बुद्ध-धर्मको प्रणेता सो व्यक्तिले सन् १८९१ मा महाबोधि सोसाइटीको स्थापना गरे। यसको दुई वर्ष पछि सन् १८९३ मा वर्तमान युगका बुद्ध-धर्मका सुविख्यात विद्वान् राहुल सांकृत्यायनको जन्म भयो। राहुल भारतमा सबभन्दा बढी ग्रन्थ लेख्नेहरूमध्ये एक हुन्। उक्त विभिन्न भाषा र विभिन्न विषयका ज्ञाताले बुद्ध-धर्ममा जति अन्वेषण गरे, र अनुवाद, सङ्कलन र तार्किक निष्कर्षका ग्रन्थहरूको रचना गरे सो अद्वितीय छ।

सन् १९५४ मा बर्माको राजधानी रंगुनमा थेरवादको महाधिवेशन चल्यो। करिब २५०० भिक्षुहरूको सहभागिता रहेको सो सम्मेलन दुई वर्षसम्म चल्यो। छैठौं संगायनाको नामले प्रख्यात सो सम्मेलन राष्ट्रपति बा ऊको संरक्षणमा सम्पन्न भएको थियो।

आधुनिक भारतको संविधानको निर्माता डा. भीमराव अम्बेडकर दलित वर्गका लोकप्रिय नेता थिए। सन् १९५६ मा उनले आफ्ना लाखौं अनुयायीहरूका साथ बुद्ध-धर्मको अङ्गिकार गरे।

Downloaded from http://dhamma.digital

उनको प्रयासले गर्दा नै भारतको झण्डामा बुद्धको धर्मचक्र अङ्कित भयो।

नेपालमा थेरवादको पुनर्आगमन बीसौं शताब्दीमा मात्र हुन सक्यो। यसको श्रेय सन् १९२८ मा थेरवादी भिक्षु हुने नेपाली महाप्रज्ञालाई जान्छ। तर बौद्ध पुनर्जागरणबाट कुपित श्री ३ चन्द्र शम्शेरले सन् १९३२ मा बाहुनहरूलाई नढोगेको कारण देखाई बौद्ध कार्यकर्ताहरूलाई देश निकाला र नजरबन्द गरिदिए। उनले नै हिन्दूहरू बौद्ध बनाउन नपाउने नियम बनाए। उनले नै महाप्रज्ञा लगायत पाँच जनालाई देश निकाला गरे। त्यसपछि सन् १९३७ मा जुद्ध शम्शेरले पुनः महाप्रज्ञा र उनका शिष्य अमृतानन्दलाई देश निकाला गरे। उनले अमृतानन्दद्वारा रचित कतिपय पुस्तकहरू १९४३ तिर जफत गरे। सन् १९४४ मा पुनः ८ जना थेरवादी भिक्षुहरू देश निकाला गरियो। सन् १९४८ मा मोहन शम्शेरले बौद्धहरूको लागि मात्र वैशाख पूर्णिमाको दिन बिदा दिए। पछि १९५२ मा राजा त्रिभूवनबाट सो दिन सार्वजनिक बिदाको घोषणाको हुकुम भयो। सन् १९६२ तिर राजा महेन्द्रको पालोमा नेपाललाई "हिन्दू राष्ट्र" घोषित गरियो।

Downloaded from http://dhamma.digital

# अनुमानित समयक्रम

| ईसा पूर्व | घटना | पृष्ठ |
|---|---|---|
| ५०० | बुद्धकाल | ४ |
| | बुद्ध परिनिर्वाण (ई. पू. ४८३) | ५२ |
| ४०० | प्रथम संगायना (ई. पू. ३८३); थेरवाद र महासांघिक छुट्टिए | ६६ |
| | भारतमा सिकन्दरको हमला (ई. पू. ३२५) | ७९ |
| ३०० | सर्वास्तिवादको उदय; सम्मितियको उदय; भिक्षु उपगुप्त | ७७,७६ |
| | मानुषी बुद्धहरू लोकप्रिय भए | ७८,९० |
| | सम्राट् अशोकको राज्य (ई. पू. २६५) | ८०,८२ |
| | तेस्रो सङ्गायना (ई. पू. २४८); सर्वास्तिवाद छुट्टिए | ८३ |
| | श्रीलङ्का, पाकिस्तान, काश्मीर, नेपाल, बर्मा बङ्गलादेशमा बुद्ध-धर्मको प्रवेश (ई. पू. २४८–२४७) | ८४,८५,८६ |
| | खोतनमा बुद्ध-धर्म (ई. पू. २११) | ८१ |
| २०० | शुङ्ग कालको स्थापना (ई. पू. १८४) | ८८ |
| | मैत्रेय बुद्ध लोकप्रिय भए | ८६ |

Downloaded from http://dhamma.digital

| ईसा पूर्व | घटना | पृष्ठ |
|---|---|---|
| | मिलिन्द र नागसेनको युग (ई. पू. १५० तिर); मिलिन्द प्रश्नको रचना | ८७ |
| | साँचीमा बौद्ध कलाको शुरुवात | ८६ |
| | भक्ति मार्गको लोकप्रियता; हिन्दू धर्ममा विष्णु प्रमुख भए | ९१ |
| | "महावस्तु"को रचना | ९५ |
| | बुद्धको निर्माण काय र धर्म कायको कल्पना | ९५ |
| १०० | "प्रज्ञा पारमिता"को रचना; "महायान"शब्दको प्रथम प्रयोग | ९६ |
| | बुद्ध-क्षेत्रको कल्पना | ९७ |
| | बोधिसत्व महत्त्वपूर्ण भयो; करुणाको महत्त्व बढ्यो | ९९ |
| | अक्षोभ्य र अमिताभ बुद्ध लोकप्रिय भए | १०१ |
| | "सुखावति व्यूह"को रचना | १०२ |
| | अवलोकितेश्वर, मञ्जुश्री आदि लोकप्रिय भए | १०३ |
| | "ललित विस्तर"को रचना | १०४ |
| | श्रीलङ्कामा चौथो सङ्गायना (ई. पू. ७९); त्रिपिटक लिपिबद्ध गरियो | १०५ |
| | मङ्गोलियामा बुद्ध-धर्मको प्रवेश | १०५ |

**ईस्वी सम्वत्**

| | | |
|---|---|---|
| ● | "सद्धर्म पुण्डरिक सूत्र"को रचना | १०६ |

Downloaded from http://dhamma.digital

| ईस्वी सम्वत् | घटना | पृष्ठ |
|---|---|---|
| | महायानी आचार्य नागार्जुन (७७-१८१) को उदय | १०८ |
| | शून्यवाद (माध्यमिक सम्प्रदाय) को स्थापना | १०८ |
| १०० | सम्राट् कनिष्कको काल | १११ |
| | आचार्य अश्वघोषले "बुद्ध चरित" लेखे | ११२ |
| | काश्मीरमा बौद्ध सङ्गायना; मध्य एशियामा बुद्ध-धर्म प्रचार | ११२ |
| | महायान हीनयानको स्पष्ट विभाजन | ११२ |
| | प्रथम बुद्ध मूर्ति निर्माण | ११३ |
| | "विभाषा" को रचना; वैभाषिकहरूको उदय | ११३ |
| | "समाधि राजसूत्र", "दशभूमिक सूत्र", "रत्नकूट सूत्र" को रचना | ११५ |
| | "गण्डव्यूह" को रचना | ११६ |
| | थेरवादी आचार्य कुमारलात (१८० तिर)को उदय; सौतान्त्रिक लोकप्रिय भयो | ११६ |
| २०० | शून्यवादी आचार्य आर्यदेव | ११० |
| | महायानी आचार्य मैत्रेयनाथद्वारा विज्ञानवाद (योगाचार) को संस्थापना | ११७ |
| | गुप्तकालको शुरूवात (२७५ तिर) | ११८ |
| ३०० | विज्ञानवादी आचार्य असंगको उदय; दश भूमिको कल्पना | ११८ |

Downloaded from http://dhamma.digital

| ईस्वी सम्बत् | घटना | पृष्ठ |
|---|---|---|
| | आचार्य बसुबन्धुको उदय; "अभिधर्मकोष" को रचना | ११८ |
| | "लङ्कावतार सूत्र" को रचना; बुद्धको सम्भोग कायको कल्पना | १२०,१२३ |
| | "सुवर्ण प्रभास सूत्र" को रचना | १२३ |
| | आचार्य कुमारजीव (३४४-४१३)को उदय; चीनमा बुद्ध-धर्मको प्रचार | १२४ |
| | चीनबाट कोरियामा बुद्ध-धर्मको प्रवेश (सन् ३७२) | १२४ |
| | आचार्य गुणवर्मनको उदय; जावामा बुद्ध-धर्मको प्रचार | १२४ |
| | मध्यकालीन न्याय शास्त्रको जन्मदाता दिग्नाग (३४४-४२५) को उदय | १२५ |
| ४०० | चीनियाँ यात्री फाहियान (३७०-४५८)को भारत भ्रमण | १२५ |
| | नालन्दा विश्व विद्यालयको स्थापना | १२७ |
| | थेरवादी आचार्य बुद्धघोषद्वारा पालि त्रिपिटक र अर्थकथाहरूको अनुवाद; "विशुद्धि मार्ग"को रचना | १२८,१२९ |
| | मन्त्रयानको शुरुवात | १३० |

Downloaded from http://dhamma.digital

| ईस्वी सम्वत् | घटना | पृष्ठ |
|---|---|---|
| ५०० | तन्त्रयानको शुरुवात; हिन्दू धर्ममा शिव लोकप्रिय भए | १३१ |
| | "गुह्य समाज तन्त्र"को रचना | १३२ |
| | आचार्य परमार्थ (४९८-५६९) द्वारा चीनमा धर्म प्रचार | १३६ |
| | जापानमा बुद्ध-धर्मको प्रवेश (सन् ५३८) | १४१ |
| | "करण्डक व्यूह" को रचना; "ॐ मणी पद्मे हुँ" को शुरुवात | १४२ |
| | थेरवादी धर्मकथाचार्य धर्मपालको उदय | १४२ |
| ६०० | सम्राट् हर्षवर्द्धन (६०६-६४७) को उदय | १४४,१४७ |
| | ह्वेन च्वाङ (६०३-६६४) को भारत भ्रमण | १४५ |
| | प्रख्यात बौद्ध तार्किक धर्मकीर्ति (६२९-६९८) को उदय | १४३ |
| | इ-त्सिग (६३५-७१३) को भारत भ्रमण | १४८ |
| | तिब्बतमा बुद्ध-धर्मको प्रवेश | १४८ |
| | भिक्षु शान्त रक्षित (६८०-) को जन्म; तिब्बतमा धर्मको प्रचार | १५० |
| ७०० | पद्म सम्भव (७१०-७७०) ले तिब्बतमा लामावाद को स्थापना गरे; भूटानमा बुद्ध-धर्मको प्रवेश | १५० |
| | जापानमा "जेन" बुद्ध-धर्मको स्वतन्त्र विकास भयो | १५२ |
| | आचार्य अमोघवज्रद्वारा चीनमा तन्त्रयानको प्रचार | १५२ |

Downloaded from http://dhamma.digital

| ईस्वी सम्वत् | घटना | पृष्ठ |
|---|---|---|
| | पाल वंशको शुरुवात (सन् ७३३ तिर) | १५३ |
| | ओदन्तपुर विश्वविद्यालयको स्थापना | १५३ |
| | वज्रयानको शुरुवात; नागार्जुन (द्वितीय)को उदय | १५३ |
| | पञ्चध्यानी बुद्धहरूको लोकप्रियता | १५६ |
| | आदि बुद्धको लोकप्रियता | १५७ |
| | ८४ सिद्धहरूको परम्पराको शुरुवात; सरहपादको उदय | १५८,१५९ |
| | सहजयानको शुरुवात | १५९ |
| | बिक्रमशीला विश्व विद्यालयको स्थापना | १६० |
| ८०० | "बोधिचर्यावतार"को रचना | १६१ |
| | "मञ्जुश्री मूलकल्प"को रचना; "मञ्जुश्री नामसंगिति"को लोकप्रियता | १६१ |
| | हिन्दू दार्शनिक शंकराचार्यको उदय | १६२ |
| | वर्मामा वज्रयानको प्रचार | १६३ |
| | जावामा बोरोबुदुर मन्दिरको निर्माण (सन् ८२५) | १६३ |
| | श्रीलङ्कामा वज्रयानको प्रवेश (सन् ८४७) | १६२ |
| | चीनमा कागज र मुद्रण विद्याको आविष्कार (सन् ८६८ तिर) | १६३ |
| ९०० | तन्त्रयानी आचार्य नारोपाको उदय | १६४ |
| | कालचक्रयानको शुरुवात | १६५ |
| | तिब्बतमा मिलारेपा सम्प्रदायको लोकप्रियता | १६५ |

Downloaded from http://dhamma.digital

| ईस्वी सम्वत् | घटना | पृष्ठ |
|---|---|---|
| १००० | दिपंकर श्री ज्ञान (९८०–१०५३) का प्रतिशद्वारा तिब्बतमा धर्मप्रचार | १६७ |
| | मछिन्द्रनाथ, मीननाथ, गोरखनाथको उदय | १६६ |
| ११०० | जगद्दल विश्वविद्यालयको स्थापना | १७० |
| | बुद्धलाई विष्णुको नवौं अवतारको रूपमा पूर्ण मान्यता | १७० |
| १२०० | उत्तरी भारतमा बख्तियार खिलजीको आक्रमण (१२००); बुद्ध–धर्मको पतन । | १७१ |
| | आचार्य शाक्यश्री भद्र (११२७–१२२५) बाट नेपालमा वज्रयानको प्रचार | १७२ |
| | जापानमा "जेन" बुद्ध–धर्मको लोकप्रियता; साथै भक्तिमार्ग ("शिन")को पनि लोकप्रियता | १७५ |
| | जापानमा भिक्षु निचिरेन (१२२२–१२८२) को उदय | १७५ |
| | मंगोल सम्राट् कुबलाई खां (१२६०–१२९४)को उदय | १७६ |
| १३०० | तिब्बतमा "कंजुर" र "तंजुर"को रचना | १७६ |
| | शमस्सुद्दिनद्वारा काठमाडौंमा लुटपाट (१३५० तिर); स्वयम्भू र पशुपति ध्वस्त गरियो | १७६ |
| | काठमाडौंको जयस्थिति मल्लले बौद्ध भिक्षु बस्न निषेध गरिदिए (१३७० तिर) | १७७ |

Downloaded from http://dhamma.digital

| ईस्वी सम्वत् | घटना | पृष्ठ |
|---|---|---|
| १४०० | तिब्बतमा दलाई लामाको शुरुवात (सन् १४४७) | १७७ |
| १५०० | | |
| १६०० | पाँचौं दलाई लामा तिब्बतको शासक भए (सन् १६४२); पोताला दरबारको निर्माण (सन् १६४५); दलाई लामाको अवतारवादको प्रचलन शुरु | १७७ |
| | बर्मामा चीवर लगाउने तरिका बारे भिक्षुहरूको ठूलो विवाद | १७७ |
| १७०० | भारतमा अंग्रेज शासन शुरु (सन् १७७४) | १७८ |
| १८०० | बर्मामा पाँचौं संगायना (सन् १८७१); त्रिपिटक संगमरमरमा कुँडियो | १७८ |
| | "दि लाइट अफ एशिया" को रचना (सन् १८७९) | १७९ |
| | अनगारिक धर्मपालद्वारा महाबोधि सोसाइटीको स्थापना (सन् १८९१) | १७९ |
| | राहुल सांकृत्यायनको उदय (जन्म १८९३) | १७९ |
| १९०० | बर्मामा छैठौं संगायना (सन् १९५४) | १७९ |
| | डा. अम्बेडकरद्वारा बुद्ध-धर्म ग्रहण (सन् १९५६) | १७९ |
| | नेपाल "हिन्दू राष्ट्र" घोषित गरियो (सन् १९६२) | १८० |

★

Downloaded from http://dhamma.digital

बुद्ध को थिए ? कस्ता थिए ?
बुद्धको विचारधारा के थियो ?
महायान, हीनयान, तन्त्रयान, बज्रयान के हुन् ? कसरी आएका हुन् ?

प्रसिद्ध बौद्ध ग्रन्थहरू के के हुन् ?
बुद्ध-धर्मका प्रख्यात विद्वानहरू को को हुन् ? कस्ता हुन् ?
चिनीया यात्रीहरूको के देन छ ?
बुद्ध-धर्म र हिन्दू धर्मको सापेक्षिक विकास कसरी भयो ?
प्रसिद्ध बौद्ध विश्वविद्यालयहरूको भूमिका के रह्यो ?
कुन देशमा कहिले र कसरी बुद्ध-धर्म भित्रियो ?
बौध्द कला, संस्कृति, देवी देवता के हुन् ? कस्ता हुन् ?
शून्यवाद, विज्ञानवाद आदि बौध्द दर्शनहरू के हुन् ?
बौद्ध सम्राटहरू कस्ता थिए ?

... आदि जस्ता थुप्रै जिज्ञासाहरूको उत्तर दिने प्रयास यस पुस्तकमा गरिएको छ। बुद्ध-धर्मको उत्पत्ति र विकासलाई यस पुस्तकमा सिलसिलेवार ढङ्गमा प्रस्तुत गरिएको छ।

प्रकाश बज्राचार्य नेपालको बौद्ध जगतमा नौलो व्यक्ति होइन। उहाँले लेख्नु भएका थुप्रै बौध्द ग्रन्थहरूमा "बौध्द दर्पण" र "मानव महामानव" प्रख्यात छन्। उहाँ कम्प्यूटर प्रोग्रामरको रूपमा नेपालको कम्प्यूटर क्षेत्रमा पनि प्रसिद्ध हुनुहुन्छ। उहाँ विज्ञानमा स्नातकोत्तर हुनुहुन्छ। उहाँ बौद्ध मासिक पत्रिका "धर्मकीर्ति"का एक सम्पादक हुनुहुन्छ।

Downloaded from http://dhamma.digital